# अनुसूची

अनुसूची - १

# संविधानसभा

## मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समितिका माननीय सदस्यहरू

| सि.नं. | नाम | पद |
|---|---|---|
| १ | मा. श्री बिन्दा पाण्डे | सभापति |
| २ | मा. श्री अकलबहादुर थिङ | सदस्य |
| ३ | मा. श्री अरविन्द साह | सदस्य |
| ४ | मा. श्री आङदावा शेर्पा | सदस्य |
| ५ | मा. श्री उमा रेग्मी | सदस्य |
| ६ | मा. श्री उर्मिला थापा | सदस्य |
| ७ | मा. श्री उर्मिला देवी साह | सदस्य |
| ८ | मा. श्री उषाकला राई | सदस्य |
| ९ | मा. श्री कर्णजीत बुढाथोकी | सदस्य |
| १० | मा. श्री कमला रोक्का | सदस्य |
| ११ | मा. श्री कुमार राई | सदस्य |
| १२ | मा. श्री गगन थापा | सदस्य |
| १३ | मा. श्री गणेश तिवारी नेपाली | सदस्य |
| १४ | मा. श्री चन्द्रप्रसाद गजुरेल | सदस्य |
| १५ | मा. श्री चन्द्रिकाप्रसाद यादव | सदस्य |
| १६ | मा. श्री तिलकबहादुर थापा मगर | सदस्य |
| १७ | मा. श्री दालकुमारी सुनवार | सदस्य |
| १८ | मा. श्री धर्मराज निरौला | सदस्य |
| १९ | मा. श्री धिरेन्द्रबहादुर श्रेष्ठ | सदस्य |
| २० | मा. श्री नन्दनकुमार दत्त | सदस्य |
| २१ | मा. श्री परशुराम रम्तेल | सदस्य |
| २२ | मा. श्री पूजा खनाल | सदस्य |
| २३ | मा. श्री प्रदीपकुमार ज्ञवाली | सदस्य |
| २४ | मा. श्री भूपेन्द्र चौधरी | सदस्य |
| २५ | मा. श्री मणि (खम्बु) किराती | सदस्य |
| २६ | मा. श्री महा नेपाली | सदस्य |
| २७ | मा. श्री महालक्ष्मी अर्याल उपाध्याय | सदस्य |
| २८ | मा. श्री मोहम्मद सफिक मिया | सदस्य |

| | | |
|---|---|---|
| २९ | मा. श्री रमेश लेखक | सदस्य |
| ३० | मा. श्री राजकाजी महर्जन | सदस्य |
| ३१ | मा. श्री राजेन्द्र महतो | सदस्य |
| ३२ | मा. श्री रामकृष्ण यादव | सदस्य |
| ३३ | मा. श्री रामप्रित पासवान | सदस्य |
| ३४ | मा. श्री लालमणी चौधरी | सदस्य |
| ३५ | मा. श्री लीला न्याइच्याँई | सदस्य |
| ३६ | मा. श्री विष्णुप्रसाद चौधरी थारु | सदस्य |
| ३७ | मा. श्री शिवचन्द्र प्रसाद कुशवाहा | सदस्य |
| ३८ | मा. श्री सत्य पहाडी | सदस्य |
| ३९ | मा. श्री सावित्रीकुमार काफ्ले | सदस्य |
| ४० | मा. श्री सीतादेवी बौडेल | सदस्य |
| ४१ | मा. श्री सीता पोखरेल | सदस्य |
| ४२ | मा. श्री सुनीलबाबु पन्त | सदस्य |
| ४३ | मा. श्री हेमराज भण्डारी | सदस्य |

नोटः

१. मा.श्री बिन्दा पाण्डे मिति २०६५।९।२९ मा सभापति पदमा निर्विरोध निर्वाचित हुनु भएको हो ।
२. मा. श्री रेणु भट्ट (चन्द) मिति २०६५।९।२६ मा हेरफेर हुँदा यस समितिबाट संवैधानिक समितिमा पर्नु भै जानु भएको ।
३. मा. श्री चुनबहादुर थामी मिति २०६५।९।२६ मा हेरफेर हुँदा यस समितिबाट अल्पसंख्यक तथा सीमान्तकृत समुदायको हक, अधिकार संरक्षण समितिमा पर्नु भै जानु भएको ।
४. मा. श्री आङदावा शेर्पा मिति २०६५।९।२६ मा हेरफेर हुँदा अल्पसंख्यक तथा सीमान्तकृत समुदायको हक, अधिकार संरक्षण समितिबाट यस समितिमा आउनु भएको ।
५. मा. श्री सत्य पहाडी मिति २०६५।९।२६ मा हेरफेर हुँदा संवैधानिक समितिबाट यस समितिमा आउनु भएको ।

# अनुसूची - २

## समितिको कार्यक्षेत्र, कार्यक्षेत्रको विस्तृतीकरण, कार्य विवरण र कार्यतालिका

**क. समितिको कार्यक्षेत्र**
**(संविधानसभा नियमावलीको नियम ६६ अनुसार)**

- मौलिक अधिकारको पहिचान
- मौलिक अधिकारमा बन्देजका आधारहरू
- मौलिक अधिकारको कार्यान्वयन सम्बन्धी व्यवस्था
- राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरू
- महिला, बालबालिका, युवा, मजदूर, किसान, मधेशी, आदिवासी जनजाती, दलित, पिछडिएको क्षेत्र, अपाङ्ग, मुस्लिम लगायत सबै अल्पसंख्यक समुदायको हक हितको विशेष संरक्षण सम्बन्धी व्यवस्था
- नागरिकता सम्बन्धी व्यवस्था
- मौलिक कर्तव्य - सम्माननीय अध्यक्षज्यूबाट मिति २०६५।१०।१४ मा भएको निर्देशनबाट थप भएको ।
- राज्यको दायित्व - सम्माननीय अध्यक्षज्यूबाट मिति २०६५।१०।१४ मा भएको निर्देशनबाट थप भएको ।
- समितिको कार्यक्षेत्रसँग सम्बन्धित अन्य आवश्यक कुराहरू ।

प्रस्तुत कार्यक्षेत्र अन्तर्गत रही नियमावलीको नियम ७३(१) (घ) बमोजिम अवधारणापत्र सहितको प्रारम्भिक मस्यौदा तयार पारी सो सहितको प्रतिवेदन संविधानसभा समक्ष प्रस्तुत गर्ने समितिको कार्यक्षेत्र रहेको छ ।

## ख. कार्यक्षेत्रको विस्तृतीकरण
**(संविधानसभा नियमावली, २०६५ को नियम ८६ सँग सम्बन्धित)**

**१. मौलिक अधिकारको पहिचान**

- नागरिक तथा राजनैतिक प्राकृतिका मौलिक अधिकार
- आर्थिक, सामाजिक तथा सांस्कृतिक प्राकृतिका मौलिक अधिकार
- व्यक्तिगत तथा सामुदायिक प्राकृतिका मौलिक अधिकार
- नागरिकलाई प्राप्त हुने तथा व्यक्तिलाई प्राप्त हुने मौलिक अधिकार
- मौलिक अधिकारमा सकारात्मक विभेदसम्बन्धी व्यवस्था
- मौलिक अधिकारसम्बन्धी विश्वका केही उदाहरणीय मुलुकहरूको संवैधानिक व्यवस्थाको अध्ययन र समीक्षा
- संविधानमा रहनु पर्ने विभिन्न मौलिक अधिकारको पहिचान

**२. मौलिक कर्तव्य**

- मौलिक कर्तव्यको पहिचान
- मौलिक कर्तव्य सम्बन्धी केही उदाहरणीय मुलुकहरूको संवैधानिक व्यवस्थाको अध्ययन
- संविधानमा मौलिक कर्तव्य सम्बन्धी व्यवस्था

**३. मौलिक अधिकारमा बन्देजका आधारहरू**

- मनासिब बन्देज लाग्ने मौलिक अधिकारको पहिचान
- बन्देज नलाग्ने मौलिक अधिकारको पहिचान
- मौलिक अधिकारमा उचित बन्देजका आधारहरू
- संकटकालीन अवस्थामा मौलिक अधिकारको प्रचलन
- मौलिक अधिकारमा उचित बन्देज सम्बन्धी संवैधानिक व्यवस्था

**४. मौलिक अधिकारको कार्यान्वयन सम्बन्धी व्यवस्था**

- मौलिक अधिकारको कार्यान्वयन र प्रचलन सम्बन्धी प्रकृयाको पहिचान
- मौलिक अधिकारको प्रचलनका लागि उपचार सम्बन्धी व्यवस्था
- राज्यको संघीय संरचनामा मौलिक अधिकारको प्रचलन सम्बन्धी व्यवस्था
- मौलिक अधिकारको प्रचलनका लागि उपचार प्राप्त गर्ने माध्यम
- मौलिक अधिकारको कार्यान्वयन/प्रचलनसम्बन्धी संविधानमा रहने व्यवस्था

**५. मौलिक अधिकारमा विशेष संरक्षण सम्बन्धी व्यवस्था**

- महिला, बालबालिका, युवा, मजदूर, किसान, मधेसी, आदिवासी जनजाति, दलित, पिछडिएको क्षेत्र, अपांग, मुस्लिम लगायत सबै अल्पसंख्यक समुदायको हक हितको विशेष संरक्षण सम्बन्धी मौलिक अधिकारको पहिचान
- मौलिक अधिकारमा सकारात्मक विभेद सम्बन्धी व्यवस्था
- संविधानमा समेट्नुपर्ने विशेष संरक्षण सम्बन्धी मौलिक अधिकारको व्यवस्था

**६. लैङ्गिक तथा यौनिक विषय र मौलिक अधिकार सम्बन्धी व्यवस्था**

- लैङ्गिक तथा यौनिक विषय सम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धिहरूको अध्ययन र समीक्षा
- लैङ्गिक तथा यौनिक विषय सम्बन्धी मौलिक अधिकारको पहिचान
- लैङ्गिक तथा यौनिक विषय सम्बन्धी संविधानले समेट्नुपर्ने मौलिक अधिकारको व्यवस्था

७. राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरू

- राज्यको दायित्व पहिचान
- राज्यका प्रमुख राजनैतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, अन्तर्राष्ट्रिय सम्बन्ध समेतका निर्देशक सिद्धान्तहरूको पहिचान
- राज्यका क्षेत्रगत नीतिहरूको पहिचान
- राज्यका निर्देशक सिद्धान्त र नीतिहरूको कार्यान्वयन सम्बन्धी व्यवस्था
- निर्देशक सिद्धान्त र नीतिहरूको कार्यान्वयनको अनुगमन सम्बन्धी संयन्त्र पहिचान
- संविधानमा समेट्नुपर्ने राज्यको दायित्व, निर्देशक सिद्धान्त तथा नीतिहरूको व्यवस्था

८. नागरिकता सम्बन्धी व्यवस्था

- नागरिकताका किसिम र पहिचानका आधारहरू
- राज्यको संघीय संरचनामा नागरिकता सम्बन्धी व्यवस्था
- नागरिकता प्राप्ति र समाप्तिका आधारहरू
- गैरआवासीय नेपाली र नागरिकता
- सम्मानार्थ नागरिकता
- संविधानमा रहने नागरिकता सम्बन्धी व्यवस्था

# ग. समितिको कार्यविवरण

**(संविधासभा नियमावली, २०६५ को नियम ८६ सँग सम्बन्धित)**

१. नागरिक सम्बन्ध समिति, संविधानसभा सचिवालय, नागरिक समाज, गैरसरकारी संघ, संस्था, विभिन्न पेशागत तथा व्यवसायिक संघ संस्थाहरू समेतको समन्यव र सहकार्यमा समितिको कार्यक्षेत्र अन्तर्गतका विभिन्न विषयमा अन्तरक्रिया, गोष्ठि, छलफल, कार्यशाला जस्ता कार्यक्रमहरू आयोजना गर्ने ।

२. क्षमता अभिबृद्धि तथा स्रोत व्यवस्थापन समिति एवं संविधानसभा सचिवालयको समन्यव र सहकार्यमा समितिका माननीय सदस्यहरू तथा समिति सचिवालयमा कार्यरत कर्मचारीहरूको क्षमता तथा व्यवसायिक दक्षता अभिबृद्धिका लागि संवैधानिक विधिशास्त्र, राजनैतिक दर्शन, संविधान निर्माणसम्बन्धी अभ्यास, संविधान मस्यौदा विधि र प्रकृया तथा समितिको कार्यक्षेत्र भित्रका विषयमा कार्यशाला, गोष्ठि, अभिमुखिकरण, अध्ययन अवलोकन भ्रमण लगायतका कार्यक्रमहरू सञ्चालन गर्ने ।

३. संविधानसभा सचिवालय र क्षमता अभिबृद्धि तथा स्रोत व्यवस्थापन समितिसँगको समन्वयमा समिति सचिवालयलाई आवश्यक पर्ने अध्ययन एवं सन्दर्भ सामग्री संकलन गरी समिति सचिवालयमा लघु पुस्तकालय स्थापनागर्ने तथा समितिका माननीय सदस्यहरूलाई आवश्यकतानुसार सन्दर्भ सामग्रीहरू उपलब्ध गराउने ।

४. समितिको कार्यक्षेत्र भित्रका विषयमा संविधानको अवधारणापत्र तयार गर्ने सन्दर्भमा विभिन्न जात जाति, पेशा, वर्ग, क्षेत्र, लिङ्ग, समुदाय लगायतका स्वदेश तथा विदेशमा रहेका नेपाली जनताहरूको संविधान निर्माणको कार्यमा व्यापक सहभागीता सुनिश्चित गर्न नागरिक सम्बन्ध समिति तथा संविधानसभा सचिवालय समेतको समन्वय र सहयोगमा सुझाव संकलनको प्रभावकारी संयन्त्र तयार गरी सुझावहरू संकलन गर्ने, प्राप्त सुझावहरूलाई व्यवस्थित रुपमा अभिलेखन तथा अध्ययन गर्ने ।

५. समितिको कार्यक्षेत्र अन्तर्गतका विषयमा विभिन्न उपसमितिहरू गठन गरी सम्बन्धित विषयमा विस्तृत अध्ययन, अनुसन्धान गर्ने ।

६. समितिका कामकारवाहीहरूलाई पारदर्शी र प्रभावकारी बनाउन तथा आम सञ्चारका माध्यम मार्फत सुझाव संकलन गर्न समेत सहयोग पुग्ने गरी समितिका गतिविधि तथा सूचनाहरू नागरिक सम्बन्ध समितिसमेत मार्फत जनतामा सम्प्रेषण गर्ने ।

७. अल्पसंख्यक, सीमान्तकृत र बहिष्करणमा परेका समुदाय र वर्गको विशेष संरक्षणसम्बन्धी विषयमा अल्संख्यक तथा सीमान्तकृत समुदायको हक अधिकार संरक्षण समितिसँग एवं समितिको कार्यक्षेत्रभित्र पर्ने अन्य विषयमा संविधानसभाका अन्य समितिहरूसँग समेत समन्वय गर्ने ।

८. समितिको कार्यक्षेत्र अन्तर्गतका मौलिक अधिकार र कर्तव्यको पहिचान, मौलिक अधिकारमा मनासिब बन्देजका आधारहरू, महिला, बालबालिका, युवा, मजदूर, किसान, मधेशी, आदिवासी जनजाति, दलित, पिछडिएको क्षेत्र, अपाङ्ग, मुस्लिम लगायत सबै अल्पसंख्यक समुदायको हक हितको विशेष संरक्षण सम्बन्धी व्यवस्था, मौलिक अधिकारको कार्यान्वयन र प्रचलनसम्बन्धी व्यवस्था, राज्यको दायित्व तथा निर्देशक सिद्धान्त एवं नीतिहरू, नागरिकतासम्बन्धी व्यवस्था तथा समितिको कार्यक्षेत्रसँग सम्बन्धित अन्य आवश्यक विषयमा अवधारणापत्र तयार गर्ने ।

९. समितिमा प्राप्त भएका सुझावहरू तथा अवधारणापत्र समेतका आधारमा मस्यौदा उपसमिति गठन गरी समितिको कार्यक्षेत्र अन्तर्गतका मौलिक अधिकार र कर्तव्यको पहिचान, मौलिक अधिकारमा मनासिब बन्देजका आधारहरू, महिला, बालबालिका, युवा, मजदूर, किसान, मधेशी, आदिवासी जनजाति, दलित, पिछडिएको क्षेत्र, अपाङ्ग, मुस्लिम लगायत सबै अल्पसंख्यक समुदायको हक हितको विशेष संरक्षण सम्बन्धी व्यवस्था, मौलिक अधिकारको कार्यान्वयन र प्रचलनसम्बन्धी व्यवस्था, राज्यको दायित्व तथा

निर्देशक सिद्धान्त एवं नीतिहरू, नागरिकतासम्बन्धी व्यवस्था तथा समितिको कार्यक्षेत्रसँग सम्बन्धित अन्य आवश्यक विषयमा संविधानको प्रारम्भीक मस्यौदा तयार गर्ने ।

१०. समितिमा प्राप्त सुझावहरू, समितिका सम्पूर्ण निर्णय, सम्बद्ध गतिविधि तथा कृयाकलापहरू समेत संलग्न गरी मस्यौदा सहितको प्रतिवेदन संविधानसभामा पेश गर्ने ।

११. समितिको मस्यौदासहितको प्रतिवेदन संविधानसभामा पेश भएपश्चात सो विषयमा उठेका प्रश्न, जिज्ञासा वा सन्दर्भहरूमा समितिकोतर्फबाट स्पष्ट पार्ने ।

## घ. समितिको कार्यसूची र कार्यतालिका

| विषय शिर्षक | सि.नं. | कृयाकलाप | कार्य अवधि | विधि | व्यवस्था गर्ने निकाय | समानान्तर कार्य | समानान्तर कार्य सम्पन्न गर्ने अवधि | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| सभापति चयन, कार्यतालिका र उप समिति सम्बन्धी | १. | **समितिका सभापतिको निर्वाचन**<br>सम्माननीय अध्यक्षबाट निर्वाचन मिति तोकिए पछि | २०६५।९।१५ सम्म | नियमावली अनुसार | सचिवालय | | | |
| | २. | **संविधानसभा कार्यतालिका अनुरुप समितिको कार्यतालिकाको मस्यौदा तयार गर्ने** | २०६५।९।१३ | समितिको निर्णयानुसार | समिति | | | |
| | ३. | **उपसमिति पहिचान, कार्यविवरण तयारी र उप समिति गठन**<br>-उप समिति पहिचान<br>-उप समितिको कार्यविवरण तयार गर्ने<br>- उप समिति गठन गर्ने<br>-विज्ञहरूसँग सामान्य सैद्धान्तिक परामर्श गर्ने | २०६५।९।२५ सम्म<br>२०६५।९।१३<br>२०६५।९।२०<br>०६५।९।२५<br>०६५।९।२१-२५ | समितिले सचिवालयसँग परामर्श गरी कार्यविवरण निर्धारण गर्ने ।<br>समितिको वैठकमा वोलाएर | समितिले सबै उपसमितिको कार्यविवरणको मस्यौदा समेटी समन्वय गर्ने<br>सचिवालय | मानव संशाधन व्यवस्थित गर्ने | क्रमशः निरन्तर | समिति सदस्यहरूको माग/सुझाव अनुसार |
| विज्ञको सेवा क्षेत्र पहिचान र कार्यविवरण | ४ | **<u>विज्ञको सेवा क्षेत्र पहिचानः</u>**<br>- मौलिक अधिकारको व्यवस्था, प्रचलन र वन्देज विषय विज्ञ<br>- सामाजिक न्याय, समावेशीकरण तथा विशेष संरक्षण विषय विज्ञ<br>- राज्यका निर्देशक सिद्धान्त र नीति विषयका विज्ञ<br>- नागरिकता मामला विज्ञ<br>**<u>सामाजिक विभेद विज्ञहरू:</u>**<br>- मानव अधिकार विज्ञ<br>- लैङ्गिक र यौनिक विषय विज्ञ<br>- दलित अधिकार विज्ञ<br>- आदिवासी जनजाति अधिकार विज्ञ<br>- अपाङ्ग अधिकार विज्ञ<br>- मुश्लिम संस्कृति तथा अधिकार विज्ञ | २०६५।९।१३ सम्म | सचिवालयले प्रचलित कानून नियम अवलम्वन गरी चयन र नियुक्ति गर्ने | सचिवालय | सबै विज्ञको कार्यविवरण तयारी तथा आवेदनको मूल्यांकन गर्दै नियुक्ति गर्ने | निरन्तर जारी राखी आवश्यकतानुसार मस्यौदा अवधिभर | सैद्धान्तिक र अन्तर्राष्ट्रिय अनुभव आदान प्रदान गर्ने तथा मुलुक भित्रको स्थिति बुझाउने विज्ञ नियुक्ति गर्ने । कार्यविवरण तयारीको काम गर्न समय लाग्छ तसर्थ निरन्तर भैरहनु पर्छ किनकि विशेष ज्ञाताको आवश्यकता महशुस कामको प्रगतिसँगै हुन सक्तछ । यो काम निरन्तर हुनु पर्छ।<br>विज्ञको संख्या थपघट हुन सक्छ । |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | - भाषिक अधिकार विज्ञ<br>- अल्पसंख्यक अधिकार विज्ञ<br>- आदिवासी जनजाति अध्ययन विज्ञ<br>- बाल अधिकार विज्ञ<br>- युवा अधिकार विज्ञ<br>- उत्पीडित क्षेत्रको अधिकार विज्ञ<br>- मुक्त कमैया अधिकार विज्ञ<br>- श्रमिक अधिकार विज्ञ<br>- सांस्कृतिक मानवशास्त्री<br>- सकारात्मक विभेद तथा आरक्षण विज्ञ<br>- मधेशी अधिकार विज्ञ<br>- महिला अधिकार विज्ञ<br>- धार्मिक मामिला विज्ञ<br>- अन्य विज्ञ | | | | | | |
| | ५ | **विज्ञको कार्यविवरण तयार गर्ने** | २०६५।९।२० देखि आवश्यकतानुसार | | सचिवालय | आवश्यकतानुसार गर्ने | निरन्तर | अन्य समितिसँगको समन्वयबाट पनि गर्ने |
| नागरिक सम्बन्ध र जनमत संकलन | ६ | **नागरिक सम्वन्ध र जनमत संकलन कार्य**<br>- जनमत संकलन (स्वदेश)<br><br>- सरोकारबाला, लक्षित समूह लगायत नागरिक समाजसँग अन्तरकृया गर्ने<br>- विभिन्न माध्यमबाट प्राप्त राय सुझाव संकलन गर्ने<br>- प्रवासमा वस्ने नेपालीसँग सुझाव संकलन | २०६५।११।१४ सम्म<br><br>समय मिलाई<br><br>निरन्तर<br><br>निरन्तर | उप समितिहरूको भ्रमण कार्यक्रम निर्धारण गर्ने<br><br>छलफल र अन्तरकृया<br><br>संचार माध्यम एवं पत्राचार संचार माध्यम | समितिले नागरिक सम्वन्ध समितिसँग मिलेर गर्ने<br><br>सचिवालय<br><br>सचिवालय<br><br>सचिवालय | विज्ञको विज्ञापन र मूल्यांकन क्रमशः गर्दै जाने | निरन्तर<br><br>आवश्यकतानुसार<br><br>निरन्तर<br><br>निरन्तर | अन्य समितिसँग समन्वय गर्ने<br><br>नेपाली राजदूतावास वा वाणिज्य दूतावास मार्फत |
| क्षमता अभिवृद्धि | ७ | **क्षमता अभिवृद्धि**<br>-गोष्ठी, सेमिनार, तालीम र कार्यशाला<br><br>- संविधानको यस समितिसँग सम्वद्ध विषय सम्वन्धी अध्ययन भ्रमण | यथाशीघ्र<br><br>अवधारणापत्र तयार गर्नु अगावै | अभिमुखीकरण, छलफल एवं अन्तरकृया<br><br>समिति सदस्यको विषय/विषय अनुसारको टोली वनाई जाने | समिति स्वयम र क्षमता अभिवृद्धि समितिसँग मिलेर<br><br>सचिवालय | सचिवालय र क्षमता अभिवृद्धि तथा श्रोत व्यवस्थापन समिति<br><br>विदेश भ्रमण समेतको तयारी कार्य गर्ने तथा भ्रमण पश्चात प्रतिवेदन तयार गर्ने । | आवश्यकतानुसार<br><br>६ हप्ता | कर्मचारीलाई पनि आवश्यकता हेरी समावेश गर्ने ।<br><br>मौलिक अधिकार र समावेशीकरणको प्रचलनको उदाहरणीय मुलुकको भ्रमण गर्ने । |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| नयाँ संविधानको अवधारणा र मस्यौदा | ८ | **नयाँ संविधानको अवधारणा र मस्यौदा**<br>- अवधारणापत्रको प्रारम्भिक मस्यौदा तयार गर्ने<br>- मस्यौदा उपसमिति गठन गर्ने<br>- अवधारणापत्रहरूको संयोजन र छलफल गर्ने<br>- संविधानको प्रारम्भिक मस्यौदा तयार गर्ने | २०६५।११।२० सम्म<br>२०६५।११।२०<br>२०६५।११।३०सम्म<br>२०६५।१२।१ देखि<br>२०६५।१२।३० सम्म | उपसमितिहरूले छुट्टा छुट्टै<br>निर्णयद्वारा<br>नियमानुसार | समितिको समन्वयमा उपसमितिले गर्ने<br>समिति<br>समिति<br>समिति | विद्यमान संवैधानिक व्यवस्थाको समीक्षा गर्ने । | निरन्तर | विगतका संविधानका सम्वन्धित खण्डहरूको<br>आलोचनात्मक अध्ययन जारी राख्दै अघिबढ्ने । |
| | ९ | अवधारणापत्र र प्रारम्भिक प्रतिवेदन सहितको मस्यौदा संविधान सभामा पेश गर्न तयारी र छलफल समेत गर्ने | २०६५ चैत्र मसान्त | उपसमितिले विस्तृत जानकारी गराउदै समितिमा क्रमशः अनुमोदन गर्दै जाने | समिति/उपसमिति सचिवालय | क्रमशः संविधानसभामा पेश गर्ने । | ०६६।१।१ देखि जेठ २० सम्ममा | सबै उपसमितिको प्रतिवेदन हेरी अवधारणापत्रहरू एकिकृत गरी पेश गर्न योग्य बनाउने । |
| संचार सम्पर्क | १० | आम संचारसँग सम्पर्क | निरन्तर | समिति/उपसमितिको निर्णय वारे जानकारी गराउने | सचिवालय | निर्णय वारे सूचित गर्ने | निरन्तर | प्रेश कटिङ्ग संकलन गर्ने |
| प्रशासनिक कार्यहरू | ११ | सन्दर्भ सामाग्री माग गर्ने अध्ययन गर्ने र आदान प्रदान गर्ने | निरन्तर | खरिद र अन्य तरिका | पुस्तकालय | सचिवालयले सम्वद्ध पाठ्य सामाग्री, राय र सुझाव संकलन गर्ने र प्राप्त सुझावहरू लिदै अवधारणा समेत पुनरावलोकन गर्ने। | निरन्तर | |
| | १२ | फर्निचर, फर्निशिङ्ग र उपकरण व्यवस्थापन | क्रमशः निरन्तर | खरिद र अन्य तरिका | सचिवालय | लेखापढी गर्ने | प्राप्त गर्ने | सचिवालय मार्फत |

## अनुसूची - ३
# जनमत संकलनका लागि समितिबाट पारित भएको प्रश्नावली

## संविधानसभा, मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समिति
सुझाव संकलनका लागि तयार पारिएको प्रश्नावली

### नागरिकता सम्बन्धी

१. नेपालको नागरिकता प्राप्त गर्ने के कस्ता आधारहरू संविधानमा व्यवस्था गर्नु पर्ला ?

२. नेपाली नागरिकसँगको वैवाहिक सम्बन्ध भएका विदेशीलाई के कस्ता आधारमा नागरिकता दिन उपयुक्त होला ?

३. नागरिकता सम्बन्धमा संविधानमा के कस्ता व्यवस्था गरिनु उपयुक्त होला ?

### मौलिक अधिकार र कर्तव्यसम्बन्धी

४. मौलिक हकको रुपमा संविधानमा व्यवस्था गर्नुपर्ने विषयहरू के के हुन सक्दछन् ?

५. मौलिक कर्तव्यको वारेमा केही कुरा राख्नु जरुरी छ वा छैन ? छ भने कस्ता कुरा राखिनुपर्ला ?

६. मौलिक अधिकारउपर बन्देजका आधारहरू के के हुनुपर्ला ?

### राज्यको दायित्व, निर्देशक सिद्धान्त तथा नीतिसम्बन्धी

७. संविधानमा राज्यको दायित्वको रुपमा के कस्ता व्यवस्थाहरू गरिनु पर्ला ?

८. राज्यका विभिन्न क्षेत्रगत नीतिहरू के र कस्ता हुनु पर्ला ?

*(कृषि, भूमिसुधार,सामाजिक सुरक्षा, समावेशीकरण, सशक्तिकरण, बन, बनस्पति खनिजजस्ता प्राकृतिक साधन श्रोतको संरक्षण, उपयोग र बाँडफाँड, दिगो र सुरक्षित वातावरण, विज्ञानप्रविधि, उद्योग, लगानी, गैरसरकारी तथा निजीक्षेत्रसम्बन्धी, युवा जनशक्ति परिचालन, परराष्ट्र आदि)*

सामाजिक न्याय, समावेशीकरण र विशिष संरक्षणसम्बन्धी

९. सामाजिक संरक्षण अन्तरगत के कस्ता वर्ग समुदायलाई समेट्नुपर्ला र त्यस सम्बन्धमा के के र कस्तो कस्तो व्यवस्था गरिनुपर्ला ?

१०. समावेशीकरणको सन्दर्भमा कस्ता कस्ता वर्ग र समुदायलाई समेटिनुपर्ला ? र, त्यसको प्रभावकारिताको लागि संविधानमा के के व्यवस्था हुनु पर्ला ?

११. दलित/महिला/आदिवासी/जनजाती/युवा/बालबालिका/श्रमिक/किसान/अपाङ्ग/मधेसी/वृद्धवृद्धा/मुस्लिम लगायत अल्पसंख्यकको सन्दर्भमा संविधानमा के कस्तो विशेष व्यवस्था गर्नुपर्ला ?

लैङ्गिक तथा यौनिक विषयसम्बन्धी

१२. महिला वा लैगिक अल्पसंख्यक भएकै कारणले भोग्नु परेका समस्या र विभेद अन्त्य गर्न संविधानमा कस्तो व्यवस्था गर्नुपर्ला ?

१३. महिलाले प्राकृतिक दायित्वका रुपमा पूरा गर्दै आएको प्रजनन दायित्व/बच्चा जन्माउने भूमिका र घरायसी दायित्वको मूल्यांकन गर्न संविधानमा कस्तो व्यवस्था गरिनु पर्ला ?

१४. लैंगिक समान समाज निर्माणको लागि संविधानमा के कस्तो व्यवस्था गरिनुपर्ला ?

# अनुसूची - ४

## २०६५ फागुन-चैत्रमा जनमत संकलन समिति मार्फत तथा सोझै समितिमा जनताबाट प्राप्त राय सुझावको सारसंक्षेप

### नागरिकता सम्बन्धी

**प्रश्न नं. १ नेपालको नागरिकता प्राप्त गर्ने के कस्ता आधारहरू संविधानमा व्यवस्था गर्नु पर्ला ?**

| | |
|---|---|
| १. | प्रत्येक नेपालीलाई नागरिकता प्राप्त गर्ने हक हुनुपर्ने, कसैलाई पनि बिनाकारण नागरिकता पाउने हकबाट बञ्चित गर्ननहुने । |
| २. | नेपाली भाषी, नेपाली संस्कृति स्वीकार गरेको, नैतिक रुपमा खोट नलागेको |
| ३. | आदिवासीलाई जन्मसिद्ध र अरुलाई बंशज, अंगिकृत र सम्मानार्थ |
| ४. | १२ वर्ष उमेर पुगेको/१५ वर्ष उमेर पुगेको र पुरुष १८ वर्ष र महिला २० वर्ष पुगेपछि/२१ वर्ष पुगेको/१६ वर्ष उमेर पुगेको |
| ५. | १४ वर्ष देखि अस्थायी नागरिकता दिनुपर्ने |
| ६. | आमा वा बावुबाट नागरिकता पाउने |
| ७. | बुवा आमाको नाम खुल्ने जुनसुकै प्रमाणपत्रको आाधारमा |
| ८. | मातृ सत्तात्मक र पितृ सत्तात्मक आधारमा |
| ९. | बुवाको ठेगाना नभएपनि आमाको नामबाट दिने |
| १०. | दिदी, दाजु, बाजे, बजैको नागरिकताको आधारमा दिने, देवर वा जेठाजुको नाममा नागरिकता पाउनुपर्ने, घरको जोसुकैको नामबाट नागरिकता पाउनुपर्ने |
| ११. | बसाईको आधारमा नेपालमा कम्तीमा दुईपुस्ता बसोबास गरेको/तीनपुस्ता बसोबास गरेको र तीनपुस्ते नाता प्रमाणित भएमा/पाँचपुस्ता नाता प्रमाणित भएमा/सातपुस्ता नाता प्रमाणित भएमा |
| १२. | नागरिकतामा तीनपुस्ते नाम उल्लेख गर्ने |
| १३. | नेपालको संविधानलाई निशर्त मान्ने |
| १४. | नेपालको सार्वभौमसत्ता र स्वायत्तताको सम्मान गर्ने |
| १५. | नेपाल नागरिकता ऐन, २०२० वमोजिम, |
| १६. | स्थानीय नागरिकले नेपाली भनि प्रमाणित गरेमा |
| १७. | मतदाता नामावलीको आधारमा |
| १८. | नेपालमा जन्मेको र नेपाल बाहिर जन्मेकोलाई फरक नागरिकता |
| १९. | नेपालभित्र गाभिने गरी प्राप्त कुनै क्षेत्रभित्र बसोबास गरिरहेका व्यक्ति |
| २०. | तेश्रोलिङ्गीलाई पहिचान सहितको नागरिकता पाउने अधिकार दिने |
| २१. | पैसाको भरमा विदेशीलाई नागरिकता दिनु हुन्न |
| २२. | स्थानीय तहको सिफारिसमा, स्थानीय संघसंस्थाको प्रतिनिधिको सिफारिसमा |

| | |
|---|---|
| २३. | नेपालीभई नेपालमा स्थायी बसोवास गरिरहेको |
| २४. | अनाथलाई पनि गा.वि.स.को सिफारिसमा, अनाथालयको सिफारिसमा |
| २५. | सडक बालबालिकालाई ८ जना नेपाली नागरिकको सिफारिसमा, समाजको भद्र भलादमीहरू कम्तीमा १५/२० जनाको सिफारिसमा दिने |
| २६. | राम्रो काम गरेर १५ वर्ष नेपालमा बसेको नेपाली भाषा बोल्न जान्नेलाई सम्मानार्थ नागरिकता दिने |
| २७. | बसोवासको आधारमा कम्तीमा ५ वर्ष स्थायी बसोवास गरेको/२० वर्ष स्थायी बसोवास गरेको/ ५० वर्ष बसोवास गरेको |
| २८. | २५ बर्ष लगातार नेपालमा बसेको र कृषि तथा जलविद्युत क्षेत्रमा ५० करोड भन्दा माथि लगानी गरि ५० जना नेपालीलाई रोजगारी दिएको |
| २९. | कुनै व्यक्तिको आफ्नो मान्छे नभएपनि स्थायी बसोवास गरेको आधारमा समाजका कुनै ४ व्यक्तिको सिफारिसको आधारमा दिने । |
| ३०. | नागरिकता लिने व्यक्ति नेपाली भएको स्थानीय सरकारका निर्वाचित पदाधिकारीको २/३ बाट पारित भई प्रमुखले स्वीकृत दिनुपर्ने |
| ३१. | आप्रवासी नेपालीको हकमा ४५ वर्ष बसेको |
| ३२. | नेपाली भाषा लेख्न, पढ्न र बोल्न जान्ने, अनैतिक कार्य नगरेको |
| ३३. | आप्रवासीले यस देशको नागरिकसँग विवाह गरेको छ भने उसले नागरिकताको आधारमा |
| ३४. | वंश नखुलेको व्यक्ति भए बेग्लै केही व्यवस्था गरि नागरिकता दिने |
| ३५. | नेपालमा व्यवसाय गरी बसेको र अचल सम्पत्ति भएको |
| ३६. | नयां प्राप्त भूमिमा बसोवास गर्ने |
| ३७. | विशिष्ट व्यक्तिलाई मानार्थ नागरिकता दिने |
| ३८. | नेपालको लागि बलिदान दिने विदेशीलाई सम्मानार्थ नागरिकता |
| ३९. | नेपाली पोशाक लगाएको फोटो हुनुपर्ने |
| ४०. | दोहोरो नागरिकता नदिने, गैर नेपालीले लिएको नागरिकता खारेज हुनुपर्ने |
| ४१. | बसाई सराई दर्ता र वैवाहिक सम्बन्धको आधारमा |
| ४२. | नयाँ संविधान घोषणा भएका दिनसम्म स्थायी बसोवास गर्ने |
| ४३. | ने.क.पा.माओवादीको संविधानखाका अनुसार मान्य हुने |
| ४४. | हिन्दु धर्म मान्ने |
| ४५. | विद्यालयको सिफारिसको आधारमा |
| ४६. | नेपालीसँग विवाहित विदेशी महिलाले पाउनु पर्ने |
| ४७. | विवाह दर्ता गरी गा.वि.स./न.पा. ले प्रमाणित गरेको आधारमा |
| ४८. | जन्म प्रमाणपत्रका आधार अस्पतालको कार्ड भएमा नेपाली नागरिकताको प्रमाणपत्र पाउनु पर्ने । |
| ४९. | भूमिसुधारको लगत हेरेर वास्तविक भुमिपुत्रलाई नागरिकता दिने |
| ५०. | परिचयपत्रको आधारमा, सेवाको आधारमा |

| | |
|---|---|
| ५१. | राष्ट्रसेवामा लागि पर्नेलाई मात्र नागरिकता |
| ५२. | विवाहको आधारमा सम्बन्ध विच्छेद नगर्ने कबुलियतमा |
| ५३. | अन्य देशको नागरिकता नलिएको वा त्यागेको भएमा |
| ५४. | नेपाल राष्ट्रप्रति माया ममता भएको |
| ५५. | नाम, थर, ठेगाना र उमेर त्रुटी भए सजिलै सच्चाउन पाउने व्यवस्था हुनुपर्ने |
| ५६. | अपराधीलाई नदिने |
| ५७. | नागरिकता हराएमा वा आगलागी भएर जलेमा तुरुन्त प्रतिलिपि निकाल्न सकिने वा अर्को नागरिकता दिने व्यवस्था हुनुपर्ने । |
| ५८. | विवाहित भएपछि पनि छोरीले बाबुआमाको नामबाट नागरिकता बनाउन पाउनुपर्ने |
| ५९. | श्रीमानको नामबाट श्रीमतीले र श्रीमतीको नामबाट श्रीमानले पाउनुपर्ने |
| ६०. | विकट ठाउँमा नागरिकता बनाउने कार्यालय खोल्नु पर्ने, |
| ६१. | गा.वि.स. अन्तर्गत नागरिकता दिने, इलाकामा नागरिकता दिने व्यवस्था गर्नुपर्ने |
| ६२. | नागरिकताटोली मार्फत गाँउ गाँउमा वितरण गर्ने व्यवस्था १/१ बर्षमा गर्नुपर्ने, |
| ६३. | सरल र सहज रुपमा नागरिकता पाउने व्यवस्था हुनुपर्ने |

**प्रश्न नं. २ नेपाली नागरिकसँगको वैवाहिक सम्बन्ध भएका विदेशीलाई के कस्ता आधारमा नागरिकता दिन उपयुक्त होला ?**

| | |
|---|---|
| १. | विदेशीलाई नागरिकता दिनु हुदैन । |
| २. | विदेशीलाई नागरिकता दिने सम्बन्धमा कडा नीति बनाउनु पर्दछ । |
| ३. | अर्ध नेपाली स्वीकार गरी त्यस्तै नागरिकता दिनुपर्ने, कृत्रिम नागरिकता दिनुपर्ने, अगिंकृत नागरिकता दिन नहुने । नेपाली नागरिकसँग विवाह हुँदैमा विदेशीलाई नागरिकता हैन बस्न पाउने परिचयपत्र मात्र दिनुपर्ने । |
| ४. | अंगीकृत नागरिकता मात्र दिनुपर्ने । |
| ५. | वैवाहिक सम्बन्ध भएको प्रमाणित हुनुपर्ने । |
| ६. | विवाह दर्ता गरी नेपालमा बसोबास गरेको हुनुपर्ने । |
| ७. | नेपाली नागरिककै हैसियतमा नागरिकता पाउनुपर्ने । |
| ८. | विदेशीसित विवाह भएपनि नेपालमा नै बसोबास हुनुपर्ने । |
| ९. | नेपालमा बसोबास गरी व्यवसाय गरेको हुनुपर्ने । |
| १०. | विदेशी पुरुषलाई नागरिकता नदिने, महिलालाई अंगिकृत दिने । श्रीमानको नाताबाट मात्र नागरिकता दिनुपर्ने । विदेशी महिलालाई अस्थायी नागरिकता मात्र दिनुपर्ने । विदेशी पुरुष भए ५ वर्षपछि, विदेशी महिला भए तुरुन्तै । |
| ११. | विवाहित नेपाली महिला वा पुरुषको सम्बन्धको आधारमा समान हक दिनुपर्ने । |

| | |
|---|---|
| १२. | नेपालमा बसोबास गरेको मितिबाटै, २ वर्ष बसोबास गरेको, ५ वर्ष बसोबास गरेको, १० वर्ष बसोबास गरेको, १५ वर्ष बसोबास गरेको, २० वर्ष बसोबास गरेको, ४० वर्ष बसोबास गरेको हुनुपर्ने, स्थायी बसोबास गर्नेलाई मात्र । |
| १३. | अंगिकृत, कम्तिमा २५ वर्ष नेपालमा बसेर काम गरेको । |
| १४. | नेपाली नागरिकसँग विवाह सम्बन्ध भएका विदेशीलाइ सम्बन्धीत देशको नागरिकता त्यागी कम्तिमा १० वर्ष नेपालमा नै बसोबास गरेको हुनुपर्ने । २० वर्ष बसोबास र तल्लो निकायबाट सिफारिस हुनुपर्ने । |
| १५. | कम्तिमा १ जना बच्चा जन्माएको हुनुपर्ने/२ बच्चा भएपछि/बच्चा जन्मिएको तीन वर्ष भएपछि मात्र । |
| १६. | विवाह दर्ता अनिवार्य हुनुपर्ने/अदालती दर्ता विवाहलाई अनिवार्य गर्ने/गाउ सरजमिन/ नाता प्रमाणित सरजमिन/वैवाहिक सम्बन्ध भएको १५ वर्षपछि । |
| १७. | नयाँ सरकारको निर्णयअनुसार । |
| १८. | विदेशको नागरिकता परित्याग गरेर पनि राम्रोसँग नेपाली लेखपढ गर्न जानेको हुनुपर्ने । |
| १९. | नेपालमा नै बसोबास गर्ने शर्तमा वा विदेशमा कमाएको धनलाई नेपालमा प्रयोग गर्ने शर्तमा । |
| २०. | अन्य राज्यको नागरिकता त्यागेको प्रमाणको आधारमा । |
| २१. | नेपालको राष्ट्रभाषा स्पष्ट लेख्न र बोल्न जानेको आधारमा । |
| २२. | देश र जनताको हितमा काम गर्न तत्पर भएमा |
| २३. | आवश्यकीय नागरिकता दिई परीक्षणमा राख्ने । |
| २४. | विवाह भएको कम्तिमा दुईवर्षपछि/विहे भएको ३ वर्ष पछि/विवाह गरेको (५/१०) वर्षपछि / विवाह भई सँगै बसेको ५ वर्ष हुनुपर्ने । |
| २५. | बसाई सराईको प्रमाण हुनुपर्ने । |
| २६. | विवाह हुने वित्तिकै राजनैतिक हिसावले नागरिकता दिन नहुने । |
| २७. | छोरीले आफ्नो नाममा जग्गा घर केही नभई विदेशी ल्याई माइतीमा राख्ने आधारमा दिन हुन्न । |
| २८. | दोहोरो नागरिकता दिननहुने । |
| २९. | नैतिकता राम्रो भएको हुनुपर्ने / नेपाली र नेपालप्रति प्रेम भएकोलाई/जन्मेको राष्ट्रमा छबी नबिग्रिएको हुनुपर्ने/उसको देशको कानून अनुसार कुनै कसुर नलागेको । |
| ३०. | नाबालक छोराछोरीसहित नेपालमा बसोबास गर्नेलाई मात्र । |
| ३१. | स्थानीय निकायमा पञ्जिकरण हेरी स्थानीय निकायमा भएको छलफल र निर्णयका आधारमा । |
| ३२. | सबै नागरिकलाई समान प्राकृतिको व्यवस्था गरी नागरिकता दिनुपर्ने । |
| ३३. | पैत्रिक सम्पत्तिमा विदेशीको अधिकार नहुने गरी । |
| ३४. | हालको चलन राम्रो छ । २०४७ सालको संविधानमा उल्लेख भए बमोजिम गर्ने । अन्तरिम संविधान, २०६३ बमोजिम गर्ने । कानून बनाएर व्यवस्था गर्नुपर्ने । |
| ३५. | नेपाली नागरिक भै बस्न चाहने विदेशीलाई मात्र नेपाली नागरिकता दिनुपर्ने । |

| | |
|---|---|
| ३६. | सम्बन्ध विच्छेद पश्चात नागरिकता पनि स्वतः समाप्त हुने गरी । |
| ३७. | अस्थायी नागरिकता दिने/ ग्रिन कार्ड दिने/ स्थायी वसोवास परिचयपत्र मात्र दिने । |
| ३८. | विवाह पश्चात स्थायी बसोबास गरेको/ स्थायी रुपमा नेपालमा जीवन विताउन चाहने |
| ३९. | नेपाली नागरिकको थर आफ्नो नामसँग स्वीकार गरेमा |
| ४०. | विवाह दर्तापछि श्रीमानको नागरिकताको आधारमा । |
| ४१. | विवाह पछि कम्तीमा श्रीमानको घरमा ५ वर्ष बसेको / विवाह गरेको १० वर्ष र बसोवास गरेको ५ वर्षपछि / महिला नेपाली भएमा श्रीमान ५ वर्ष अगाडिदेखि नेपालमा बसोबास गरेको । |
| ४२. | नेपालमा पेशा गरि वर्षौ देखि बस्दै आएको हुनुपर्ने । |
| ४३. | ५-६ पुस्ता नेपालमा बसेको हुनुपर्ने । |
| ४४. | नागरिकताको वर्गीकरण गरी अस्थायी नागरिकता दिनुपर्ने । |
| ४५. | विदेशी महिला नेपाल आए विदेशी नागरिकता त्याग्नु पर्छ, नेपाली महिला विदेश गए नेपाली नागरिकता त्याग्नु पर्छ । |
| ४६. | पति वा पत्नीको नागरिकताको आधारमा |
| ४७. | अचल सम्पत्ति हुनुपर्ने |
| ४८. | नेपालको लागि केही योगदान गरेको हुनुपर्ने । |
| ४९. | वडा कार्यालय समेत र गा.वि.स.को भेलाबाट सर्जमिन गरी पहिचान गर्ने/बच्चा प्राप्त भएपछि नियमित १० वर्ष बसोबास गरेको/कुटनीतिक नियोगको कर्मचारी विदेशीलाई नदिने |
| ५०. | पहिला अस्थायी रुपमा नागरिकता दिने र ५ वर्ष परीक्षणमा राख्ने । |
| ५१. | नेपालको राष्ट्रियताप्रति सचेत र जिम्मेवार हुनुपर्ने । |
| ५२. | अस्थायी नागरिकता दिएर केही समय बुझेर स्थायी नागरिकता दिनुपर्ने । |
| ५३. | विवाह पश्चात विदेशी महिलाबाट बच्चा जन्मेपछि मात्र नागरिकता दिने । |
| ५४. | महिलाले विदेशी पुरुषसँग विवाह गरेको खण्डमा विदेशी पतिलाई नागरिकता दिनु हुँदैन । |
| ५५. | नेपालमा स्थायी रुपमा बस्ने आधार, कुनै पेशा, व्यवसाय गरेको । |
| ५६. | नेपाली महिलाले विदेशी पुरुषसँग विवाह गरेमा नागरिकता नदिने, नेपाली पुरुषले विदेशी महिलासँग विवाह गरेमा मात्र नागरिकता दिने । |
| ५७. | नेपालको धर्म, सँस्कृति, परम्पराप्रति कुनै भेदभाव नराखी सम्मानभाव राख्ने । |
| ५८. | विदेशीसँग विवाह गर्ने परम्पराको अन्त्य गर्नुपर्ने, नागरिकता दिननहुने । |
| ५९. | नेपालको संविधान कानून स्वीकार गरेमा । |
| ६०. | मताधिकार प्रयोग गर्न नपाउने, उम्मेदवार बन्न नपाउने शर्तसहित । |
| ६१. | कुनै न कुनै रुपमा नेपालमा बस्ने र आयको केही अंश नेपालमा लगानी गर्ने । |
| ६२. | संरक्षणपूर्ण आवधिक कोटा निर्धारण गरी समावेश गर्नुपर्ने । |
| ६३. | माथिल्लो वर्ग र तल्लो वर्गलाई समान व्यवहार । |

| | |
|---|---|
| ६४. | पुरुष भए अंगिकृत, महिला भए वंशज । |
| ६५. | आफ्नो देशको नागरिकता त्यागेमा, विवाह गरि १० वर्ष भन्दा बढी बसेमा |
| ६६. | विदेशी नागरिकता त्यागेको, नेपाली भाषा बोल्न र लेख्न जानेको, राम्रो व्यवसाय गरी बसेको |
| ६७. | दश जनाको उपस्थितिमा विवाह दर्ता भएको कागजको आधारमा, बैवाहिक प्रमाण जुटाई कार्यान्वयन गर्ने अधिकार स्थानीय निकायलाई दिने । |
| ६८. | बैवाहिक सम्बन्ध भएको विदेशीलाई ५ वर्षमा नागरिकता दिने । |
| ६९. | दई देशको नागरिकता कडाई साथ बन्द गर्ने । |
| ७०. | नेपाली महिलाले विदेशीसँग विवाह गरे नागरिकता दिनु हुदैन । |
| ७१. | विवाह गरी विदेशीले सम्बन्ध विच्छेद गरेमा नागरिकता बदर हुने । |

**प्रश्न नं. ३ नागरिकता सम्वन्धमा संविधानमा के कस्ता व्यवस्था गरिनु उपयुक्त होला ?**

| | |
|---|---|
| १. | नागरिकता आयोगको व्यवस्था । |
| २. | गलत नागरिकता दिनेलाई कडा कारवाही गरिनु पर्ने । |
| ३. | वंशज, अंगिकृत, वैवाहिक, आमा र बुवाको नाममा नागरिकता प्राप्ती । |
| ४. | खारेजी र पुनः दिनसक्ने व्यवस्था । |
| ५. | स्थानीयस्तर मै नागरिकता दिने व्यवस्था । |
| ६. | सच्चाउने प्रक्रिया । |
| ७. | संघिय राज्यलाई पुरै अधिकार दिनुपर्ने । |
| ८. | दोहोरो नागरिकता दिनेलाई विशेष कारवाही गर्नुपर्ने । |
| ९. | अङ्गिकृत नागरिकतामा कडाई गर्नुपर्ने । |
| १०. | गलत सनाखत गर्नेलाई कडा कारवाहीको व्यवस्था हुनुपर्ने । |
| ११. | छलकपट गरि नागरिकता लिएमा थाहा पाएको मितिबाट बदर हुने सो नागरिकताबाट आर्जन भएको सम्पत्ति राष्ट्रियकरण गर्ने र त्यस्तो सिफारिस गर्नेलाई आजीवन कारवासको व्यवस्था गर्ने । |
| १२. | गैर नेपाललाई नागरिकता दिन नहुने गरी व्यवस्था गर्नुपर्ने । |
| १३. | वंशजको आधारमा तल्लो तह अन्य अधिकार प्रान्तीय सरकारको आधारमा । |
| १४. | जन्मदर्ता र विवाहदर्ता अनिवार्य गर्नुपर्ने । |
| १५. | २०६३ मा वितरित नागरिकता रद्द गर्नुपर्ने । |
| १६. | गैर नागरिकलाई सिफारिस गर्नेलाई फाँसीको व्यवस्था हुनुपर्ने । |
| १७. | नागरिकता सम्बन्धी छुटै निकाय हुनुपर्ने । |
| १८. | नागरिकता स्थनिय भाषा र नेपाली कागजमा उपलब्ध गराउने । |
| १९. | लैङ्गिक विभेद गर्न नहुने । |

| | |
|---|---|
| २०. | देशको सार्वभौमिकता, अखण्डताप्रति आँच पुऱ्याउने कामगरेमा त्यस्तो व्यक्तिलाई नागरिकताबाट बञ्चित गर्नुपर्ने । |
| २१. | नागरिकतामा परिचयपत्र जस्तो विस्तृत सूचना हुनुपर्ने । |
| २२. | पुरुष भए पुरुषपट्टिको तीनपुस्ते र महिला भए आमा पट्टीको तीनपुस्ते लेख्ने व्यवस्था हुनुपर्ने । |
| २३. | नेपाली सरहदभित्र फेला परेका बाबुआमाको टुङ्गो नभएको व्यक्तिलाई जन्मको आधारमा नागरिकता दिनुपर्छ । प्रत्येक नेपालीलाई नागरिकता लिनबाट वञ्चित गरिने छैन भन्ने व्यवस्था हुनुपर्ने । |
| २४. | गलत सिफारिस गरेमा सिफारिस कर्ताको पद समाप्त हुने व्यवस्था गर्ने । |
| २५. | महिलाको एकल अधिकारले नागरिकता पाउनु पर्ने |
| २६. | विदेशी पुँजीपति, बैज्ञानिकहरूलाई आकर्सित गर्न नयाँ मोडलको नागरिकता ऐनको व्यवस्था हुनुपर्ने । |
| २७. | अधिकृत तहको कर्मचारीले सिफारिस गर्ने । |
| २८. | अन्तर्राष्ट्रिय आतंकवादको समर्थन गरेमा नागरिकता बदर गर्ने । |
| २९. | विदेशीलाई नागरिकता दिन बन्द गर्नुपर्ने, घर जग्गा किन्नमा पनि बन्देज लगाउनु पर्ने । |
| ३०. | नागरिकताको लागि निश्चित कोड नं राख्ने । |
| ३१. | नागरिकता कुनैपनि कार्यको लागि अनिवार्य शर्त हुनुपर्ने । |
| ३२. | नागरिकता नै सबैखाले मतदानको परिचयपत्र हुने व्यवस्था । |
| ३३. | नागरिकता प्रमाणपत्रमा नेपाली झण्डा पृष्ठभूमिमा देखिने गरि ए.टि.एम. कार्ड जस्तै हुनुपर्ने । |
| ३४. | नागरिकता दिने कानूनमा बाँझिने हुनुहुदैन । |
| ३५. | लगातार १० वर्ष भन्दा बढी देश छोडेको प्रमाणित भएमा नागरिकता रद्द गर्नुपर्ने । |
| ३६. | देशका लागि घात गर्ने व्यक्तिको नागरिकता खोस्नु पर्छ । |
| ३७. | नागरिकता अवधी १० वर्षको हुने फेरि १० वर्षपछि पुनः अर्को नागरिकता दिने । |
| ३८. | कुनै कर्मचारीले घुस खाएर विदेशीलाई नागरिकता दिएमा २५ वर्ष जेल सजाय हुनुपर्छ । |
| ३९. | बिना शुल्क नागरिकता उपलब्ध गराउने । |
| ४०. | किर्ते नागरिकता बनाएमा उसको सम्पत्ति सरकारले जफत गर्नुपर्छ । |
| ४१. | प्रथम र दोस्रो नाम मात्रै लेख्ने र थर नलेख्ने । |
| ४२. | नागरिकता प्राप्ती र समाप्तिको आधार किटान गरिनु पर्ने । |
| ४३. | भारतीय लगायत विदेशीहरूले सहज रुपमा नागरिकता पाउन नसक्ने गरी बन्देज लगाउने । |
| ४४. | विदेशी नघुस्ने कानूनी प्रावधान राख्ने । |
| ४५. | नागरिकतामा प्र.जि.अ. को एकाधिकार समाप्त गर्नुपर्ने । |
| ४६. | स्थानीय निकायमा केन्द्र खोली त्यही नागरिकता दिनुपर्ने । |
| ४७. | नागरिकता दिदा स्थानीय गा.वि.स.को सिफारिस सहित प्रमाण हेर्ने । |

| | |
|---|---|
| ४८. | नागरिकता वितरण गर्न टोली खटाई गाँउ घरमा नै दिनुपर्ने । |
| ४९. | आमाको नामबाट नागरिकता दिने । |
| ५०. | नागरिकतामा तिनपुस्ते उल्लेख गर्ने व्यवस्था गर्ने । |
| ५१. | शारीरिकरुपले अशक्तलाई विशेष किसिमको नागरिकता दिने । |
| ५२. | नागरिकताको दुरुपयोग गर्नेलाई नागरिकताबाट बञ्चित गर्ने । |
| ५३. | नागरिकतामा झुठो विवरण दिने र सनाखत गर्नेलाई मृत्युदण्ड वा जन्म कैद हुनुपर्ने । |
| ५४. | नागरिकताको उमेर तल माथि भए सच्याउन पाउनुपर्ने । |
| ५५. | तेस्रो लिङ्गीले पनि पहिचानको आधारमा नागरिकता पाउनु पर्छ । |
| ५६. | गलत नागरिकता दिनेलाई कडा कारवाही गर्नुपर्ने । |

## मौलिक अधिकार र कर्तव्यसम्बन्धी

**प्रश्न नं. ४ मौलिक हकको रुपमा संविधानमा व्यवस्था गर्नुपर्ने के के हुन सक्दछन् ?**

| | |
|---|---|
| १. | स्वतन्त्रताको हक |
| २. | न्यायिक हक |
| ३. | गाँस, बास, कपास, शिक्षा, स्वास्थ्य र रोजगारीको हक |
| ४. | बेरोजगारी भत्ताको हक |
| ५. | धर्मको हक (धर्म निरपेक्षिताको हक । स्वेच्छाले धर्म संस्कृति अपनाउने वा नअपनाउने अधिकार । धर्म निरपेक्षा हैन, हिन्दु र बौद्ध धर्म राष्ट्रको धर्म हुनुपर्ने) |
| ६. | छुवाछुतको अन्त्य |
| ७. | जातीय भेदभाव विरुद्धको हक |
| ८. | लैंङ्गिक भेदभावको अन्त्यको हक |
| ९. | मनोरन्जनको हक |
| १०. | भाषा, संस्कृति र जाति सम्बन्धी अधिकार (रीतिरिवाज र भेषभूषाको प्रयोग र संरक्षण) |
| ११. | फौजदारी न्याय सम्बन्धी हक |
| १२. | मानवअधिकारको हक |
| १३. | अन्तर्राष्ट्रिय सन्धि अनुसारको हक |
| १४. | प्रजनन स्वास्थ्य र उपचार सम्बन्धी हक |
| १५. | सम्पत्तिको हक |
| १६. | आत्मसम्मानको हक |
| १७. | महिला विरुद्ध हिंसा, बलात्कार जस्ता आपराधिक क्रियाकलाप विरुद्ध उचित कानूनको व्यवस्थाको हक । |

| | |
|---|---|
| १८. | स्वतन्त्र सार्वभौसत्ता संरक्षणको हक |
| १९. | २०४७ को संविधानले व्यवस्था गरेका हकहरू |
| २०. | सम्मानीत नागरिक भएर बस्न पाउने अधिकारको हक |
| २१. | धनी, गरिब र महिला, पुरुषको समान हक |
| २२. | बैचारिक स्वतन्त्रताको हक |
| २३. | सूचनाको हक |
| २४. | क्षतिपूर्तिको हक |
| २५. | आर्थिक स्वतन्त्रताको हक |
| २६. | समानुपातिक सहभागिताको हक |
| २७. | धनीलाई कम अवसर गरिबलाई बढी अवसर प्रदान गर्नुपर्ने |
| २८. | व्यापार व्यवसाय, शान्ति, छापाखाना, पत्रपत्रिकाको हक |
| २९. | देशनिकाला विरुद्धको हक |
| ३०. | शोषण विरुद्धको हक |
| ३१. | श्रम सम्बन्धी हक । |
| ३२. | बालबालिका सम्बन्धी हक (बालबालिकाले आमाबाबुबाट माया पाउने हक) |
| ३३. | खानेपानी सम्बन्धी हक |
| ३४. | विधुवाको हक |
| ३५. | गोपनियताको हक |
| ३६. | मृत्युदण्ड विरुद्धको हक |
| ३७. | समान सहभागीताको हक |
| ३८. | हड्ताल, सडक जाम गर्नेलाई कारवाही (निर्वाध रुपमा सडक प्रयोग गर्न पाउनु पर्ने हक) |
| ३९. | प्रान्त विभाजन भएतापनि मौलिक हक राष्ट्रियस्तरमा समान रुपमा लागू गर्नुपर्ने । |
| ४०. | अभिव्यक्ति स्वतन्त्रताको हक |
| ४१. | बन्दी प्रत्यक्षिकरणको हक |
| ४२. | मतदानको हक (बालमताधिकारको हक । जेलका कैदीहरूले नागरिकता बिना भोट हाल्न पाउनुपर्ने हक । गोप्य मतदानको हक । १६ वर्ष पुरा भएपछि भोट हाल्न पाउने हक । ) |
| ४३. | शान्तिपूर्णरुपमा भेला हुन पाउनुपर्ने हक |
| ४४. | दल तथा संस्था खोल्न पाउनु पर्ने |
| ४५. | शिक्षाको हक (१०+२ सम्म निःशल्क शिक्षा । स्नातक सम्मको शिक्षा निःशुल्क । व्यवसायिक एंवम् जनवादी शिक्षा । कम्प्यूटर शिक्षाको व्यवस्था ) |
| ४६. | विद्रोहको अधिकारको हक |
| ४७. | यातायात, विद्युत, खाद्य र संचार सम्बन्धी हक |
| ४८. | व्यक्तिगत हक |

| | |
|---|---|
| ४९. | वाक स्वतन्त्रताको हक |
| ५०. | समानताको हक |
| ५१. | बाँच्न पाउने हक (बाँच र बाँच्न देउ । ) |
| ५२. | पिछडिएको वर्गलाई गाँस र बासको हक |
| ५३. | राजनीतिक, सामाजिक,साँस्कृतिक र व्यवसायिक स्वतन्त्रताको हक |
| ५४. | सुरक्षाको हक |
| ५५. | कानूनी उपचारको हक |
| ५६. | सरसफाइको हक |
| ५७. | एच.आइ.भि. एड्स उपचारको हक |
| ५८. | सबै नेपाली नागरिकता प्राप्त व्यक्तिलाई समान मौलिक अधिकारको हक |
| ५९. | राष्ट्रसेवक कर्मचारीले मतदान गर्न पाउने अधिकारको हक |
| ६०. | राष्ट्रसेवक कर्मचारीले निर्वाचित भई प्रतिनीधित्व (निर्वाचिन) गर्न पाउनुपर्ने हक |
| ६१. | जग्गा भोग र चलन गर्न पाउने अधिकारको हक |
| ६२. | स्वास्थ्य अन्तर्गत सामान्य औषधी देखि मुटु, फोक्सो, ब्लड क्यान्सर सम्मको सम्पूर्ण उपचारको हक |
| ६३. | पत्रकारिता सम्बन्धी हक |
| ६४. | १८ वर्ष पुगेपछि रोजगारीको व्यवस्था ( एकघर एक रोजगारीको व्यवस्था) |
| ६५. | जग्गा स्थानान्तर |
| ६६. | सीमान्तकृत समुदायको हक |
| ६७. | टुहुराको अधिकार |
| ६८. | झुमा प्रथाको अन्त्य |
| ६९. | सबै किसिमका कुप्रथाको अन्त्य |
| ७०. | सुशासनको हक |
| ७१. | बैंक ब्यालेन्स, अचल सम्पत्ति, शेयरमा श्रीमान श्रीमतिको बराबर अधिकार |
| ७२. | समान विकासको अवसरको हक |
| ७३. | कुनैपनि अवस्थामा मौलिक हक निलम्बित हुन नहुने ग्यारेण्टी |
| ७४. | पैतृक सम्पत्ति स्वेच्छाले प्रयोग गर्न पाउने हक |
| ७५. | महिलाको स्वआर्जन सम्पत्तिमा कसैको हक नलाग्ने व्यवस्था |
| ७६. | यौन स्वतन्त्रताको हक (रेड लाइट एरियाको व्यवस्था ।) |
| ७७. | आफ्नो शरीरमाथि आफ्नो हक |
| ७८. | सिर्जनात्मक क्षमता र पहिचान सम्बन्धी हक |
| ७९. | स्थानीय स्रोतको सदुपयोग सम्बन्धी हक |
| ८०. | युवाको हक |

| | |
|---|---|
| ८१. | मदिरा उत्पादन, लागुपदार्थ ओसार पसारमा पूर्ण रुपमा प्रतिबन्ध लगाउन पाउने हक |
| ८२. | ऋण लिन पाउने अधिकार |
| ८३. | आत्म निर्णयको अधिकार र परिवारको सुरक्षाको अधिकार |
| ८४. | ज्यानको बदलामा ज्यान लिन पाउने व्यवस्था |
| ८५. | समान श्रमको समान ज्याला |
| ८६. | कृषकको उत्पादनमा कृषकले मूल्य तोक्न पाउनु पर्ने अधिकार |
| ८७. | आत्मरक्षाको अधिकार |
| ८८. | देश विकासतिर जाँदाको बेलामा वाक स्वतन्त्रताको पूर्ण अधिकार दिनहुदैन । |
| ८९. | "द रुल अफ द रोड" विरुद्धको हक । |
| ९०. | नजरबन्द विरुद्धको हक |
| ९१. | देश रक्षाको अधिकार |
| ९२. | स्तनपानको अधिकार |
| ९३. | जन्मिन पाउनु पर्ने अधिकार (भ्रुण हत्या विरुद्धको अधिकार) |
| ९४. | राज्यको संरचनामा समान पहुँचको हक |
| ९५. | सार्वजनिक स्थलको निर्विवाद प्रयोगको व्यवस्था |
| ९६. | २०६३ को संविधानमा उल्लेखित मौलिक हक कायम राखी रोजगारीको हक थप्ने |
| ९७. | निर्वाचित प्रतिनिधि भ्रष्ट, जनघाती र राष्ट्रघाती काम गरेमा फिर्ता बोलाउने |
| ९८. | आदिवासी जनजातिको हक |
| ९९. | डाक्टरले सबैको समान रुपले उपचार गर्नुपर्ने, डाक्टरको तलब सरकारले व्यहोने । |
| १००. | राष्ट्रियताको संरक्षणको हक |
| १०१. | कामको अधिकार (पेशा, रोजगार, उद्योग, व्यापार गर्न पाउने । व्यक्तिले जुन काम गर्न इच्छा छ त्यही काम गर्न पाउने कसैले रोकतोक गर्न नपाउने) |
| १०२. | जुनसुकै तरिकाबाट कमाएपनि कमाइको स्रोत देखाउन नपर्ने |
| १०३. | फरक मतको हक |
| १०४. | सिंचाइ, बाटो र नहरको अधिकार |
| १०५. | प्राकृतिक स्रोतको अधिकार |
| १०६. | न्यूनतम मानवअधिकारको रक्षा गर्दै पिडितको मौलिक हकको रक्षा गर्न गम्भीर अपराध गर्नेहरूका विरुद्ध मृत्युदण्डको सजायको व्यवस्था |
| १०७. | शान्तिसँग बाँच्न पाउने अधिकार |
| १०८. | शोषण विरुद्धको हक, |
| १०९. | न्याय प्रणाली सर्व सुलभ, देश भित्र हिड्डुल गर्ने अधिकार |
| ११०. | यातायात सम्बन्धी अधिकार |
| १११. | सामाजिक सुरक्षा हक |

| | |
|---|---|
| ११२. | भूमिको हक |
| ११३. | पिछिडिएका क्षेत्रको हक |
| ११४. | विवाह र परिवारको हक (इच्छा अनुसार विवाह गर्न पाउनुपर्ने अधिकार । समलिङ्गी विवाहलाई मान्यता दिनुपर्ने । बालविवाह विरुद्धको हक) |
| ११५. | मौलिक हकको कार्यान्वयनमा जोड |
| ११६. | जेष्ठ नागरिकको हक (सम्मानपूर्वक जीउन पाउने) |
| ११७. | राज्यको संरचनामा समान पहुँचको हक |
| ११८. | मातृभाषामा शिक्षा लिन पाउने हक |
| ११९. | शहीद परिवारको हक |
| १२०. | खेलकुद र शारीरिक शिक्षाको हक |
| १२१. | सैन्य तालिमको हक |
| १२२. | यौनिक तथा लैङ्गिक अल्पसंख्यकको हक |
| १२३. | धर्म सम्बन्धी हक |
| १२४. | स्थानीय स्वशासनको हक |
| १२५. | व्यक्तित्व विकासमा समान अवसरको हक |
| १२६. | खाद्य सम्प्रभुताको अधिकार |
| १२७. | आवाशको हक |
| १२८. | अपाङ्गको हक |
| १२९. | साँस्कृतिक हक |
| १३०. | किसानको हक |
| १३१. | मजदूरको हक |
| १३२. | स्वच्छ वातावरणको हक |
| १३३. | खाद्य सम्प्रभूताको हक - यो हक किसान वा किसान समूह वा समुदायको लागि व्यवस्था हुनु पर्छ । |
| १३४. | भोकमरी विरुद्धको हक |
| १३५. | किसान समूह वा किसान समुदायलाई परापूर्वकाल देखि प्रयोग गर्दै आएका बिउ बिजन उत्पादन, संरक्षण, संबद्धन, प्रयोग, उपयोग, संचय, बेचबिखन, वितरण गर्ने हक । |
| १३६. | जलजन्य प्राकृतिक स्रोतमा स्थानीय समुदायको अधिकार । |
| १३७. | किसान, किसान समूह, किसान समुदायलाई जैविक विविधता, आणुवंशिक स्रोत र सो को उपभोगद्वारा हुने लाभबाट आर्थिक, सामाजिक, पर्यावणीय साँस्कृतिक विकासको हक । |
| १३८. | किसान, किसान समूह वा समुदायलाई कृषि मजदूर, मत्सपालन र जमिनको व्यवस्था गर्ने हक । |
| १३९. | गम्भीर प्राकृतिका अपराधमा मृत्यु दण्डको व्यवस्था गरी अपराधलाई कम गराउने । |

**प्रश्न नं. ५. मौलिक कर्तव्यको वारेमा केही कुरा राख्नु जरुरी छ वा छैन ? छ भने कस्ता कुरा राखिनुपर्ला ?**

| | |
|---|---|
| १. | राष्ट्र र राष्ट्रियताप्रति वफादार |
| २. | रीतिरिवाज पालन गर्ने |
| ३. | कानूनी राज्यको पूर्णपालना |
| ४. | मौलिक हकको सुनिश्चित हुनुपर्ने |
| ५. | छाउपडी प्रथाको अन्त्य |
| ६. | सार्वभौमिकता, अखण्डता, आर्थिक अनियमिता र साम्प्रदायिकतामा खलल नपुऱ्याउने |
| ७. | कर तिर्ने दायित्व |
| ८. | राज्यलाई कम्तिमा १ वर्ष निःशुल्क सेवा गर्ने प्रतिवद्धता |
| ९. | संविधानको सर्वोच्चता |
| १०. | राष्ट्रका विरुद्ध जथाभावी बोल्न नहुने |
| ११. | सार्वजनिक सम्पत्तिको संरक्षण |
| १२. | प्राकृतिक सम्पत्तिको संरक्षण र विकास |
| १३. | सेवा सुरक्षा |
| १४. | नागरिकको आचारसंहिता पालना गर्ने |
| १५. | सामाजिक मर्यादा कायम राख्ने |
| १६. | अन्तरिम संविधानको धारा १२ देख ३२ सम्मको पूर्ण पालन |
| १७. | संविधानले दिएको अधिकारको सीमाभित्र रहनुपर्ने |
| १८. | सार्वजनिक ठाउँलाई अपराधमुक्त बनाउनु पर्ने |
| १९. | धुम्रपान र मद्यपान सार्वजनिक ठाउँमा निषेध गर्नुपर्ने । |
| २०. | राष्ट्रिय संरक्षण |
| २१. | सीमा सुरक्षा |
| २२. | देशमा आतंक सिर्जना गर्न नपाउने |
| २३. | सार्वजनिक क्षेत्रमा सहयोग पुऱ्याउनु पर्ने |
| २४. | राष्ट्रलाई आर्थिक सहयोग |
| २५. | राष्ट्रिय स्वतन्त्रताको रक्षा |
| २६. | सार्वजनिक महत्वका विषयहरूको संरक्षण |
| २७. | वनजंगल फडानी रोक्ने उपाय अपनाउने |
| २८. | कमलहरी राख्न नपाउने |
| २९. | श्रम शोषण अन्त्य गुर्नपर्ने र भइ हालेमा दण्डनीय हुने |
| ३०. | राष्ट्रप्रति वफादार, असल र शिक्षित नागरिक, कानूनको पालक |
| ३१. | देशले आव्हान गरे बमोजिम काम गर्नुपर्ने |

| | |
|---|---|
| ३२. | राज्यको गोपनियता कायम गर्नुपर्ने |
| ३३. | प्रत्येक नेपालीले प्रतिमहिना १ दिनको आफनो कमाई देशलाई राजस्व तिर्नुपर्ने |
| ३४. | सामाजिक कुकृत्य, विसङ्गती जस्ता क्रियाकलापमा संलग्न हुन नहुने |
| ३५. | प्राकृतिक स्रोतको संरक्षण गर्नुपर्ने |
| ३६. | मौलिक हक जस्तै मौलिक कर्तव्य पनि राख्नु पर्छ, कानून मान्ने कर्तव्य, राज्यले तोकेको पोशाक लगाउने, भाषा बोल्ने कर्तव्य, पदको दुरुपयोग गर्न नपाउने कर्तव्य |
| ३७. | राज्यलाई अहित हुने गरि कुनैपनि सन्धि सम्झौता नगर्ने |
| ३८. | आफ्नो जागिरको ५०% सरकारलाई बुझाउने |
| ३९. | जग्गा जमिन्दारको नाममा होइन राष्ट्रको नाममा राखिनुपर्ने |
| ४०. | २० लाख भन्दा बढी व्याङ्क ब्यालेन्स गर्न नपाउने |
| ४१. | छोराछोरीले आमाबाबुलाई हेला गर्न नपाउने |
| ४२. | युवायुवतीले देश निर्माणका लागि ५०% समय दिनुपर्ने । |
| ४३. | चन्दा आतंक, बन्द हड्ताल रोक्नुपर्ने |
| ४४. | ५० वर्ष भित्रका प्रत्येक नेपालीले ८ देखि १० घण्टा काम गर्नैपर्ने |
| ४५. | तास, जुवा, जाँड रक्सी, वेभिचार गर्नेलाई कडा कारवाही गर्ने |
| ४६. | जागिरबाट १५ वर्षपछि स्वतः अवकास हुने |
| ४७. | स्वतन्त्रताको नाममा उच्छ्रीङखंलता हुनु हुदैन |
| ४८. | सडक आन्दोलन गर्ने व्यक्तिलाई गोली हान्ने आदेश |
| ४९. | धर्म, संस्कृति, नैतिकतामा रहेर विधिको विधानमा रहनुपर्ने |
| ५०. | हातहतियार प्रदर्शन गर्न नपाउने, विस्फोटक पदार्थ आयात र निर्यात गर्न नपाउने |
| ५१. | राज्य मेरो हो भन्ने ठानी राष्ट्र निर्माणमा सहयोग गर्नुपर्ने |
| ५२. | अरुको अधिकारको सम्मान गर्नुपर्ने । |
| ५३. | राष्ट्रिय हितमा वाधापार्न नपाइने |
| ५४. | राष्ट्रिय अस्मिता, अखण्डताको रक्षा गर्नुपर्ने । |
| ५५. | मताधिकारको प्रयोग गर्ने । |
| ५६. | राष्ट्रिय अखण्डता, प्रादेशिक एकतालाई सम्मान गर्नुपर्ने । |
| ५७. | राष्ट्रियता र गणतन्त्रको संरक्षण र सम्मान गर्नुपर्ने । |
| ५८. | सार्वजनिक सम्पत्तिको संरक्षण गर्नु, प्रदूषण हुन नदिनु, वातावरण स्वच्छ राख्नुपर्ने । |
| ५९. | अरुको धर्म, संस्कृति, परम्परामा आँच पुर्‍याउन नहुने । |
| ६०. | मौलिक हकको पालना गर्नु, मौलिक कर्तव्य पूरा गर्नुपर्ने । |
| ६१. | नैतिक, नागरिक र कानूनी तथा सामाजिक कर्तव्य पूरा गर्नुपर्ने । |
| ६२. | हरेक क्षेत्रमा संलग्न व्यक्तिहरूले छिटो, छरितो, पारदर्शि ढंगले काम गर्ने वातावरण बनाउने । |
| ६३. | आफ्नो कर्तव्य विपरित क्रियाकलाप गर्नेलाई यथाशिघ्र कारवाही गर्ने कानूनको निर्माण गर्ने । |
| ६४. | पत्रकारले चौथो अंगको फुर्ती देखाएर न्यायाधिस र न्यायपालिका बन्न नखोज्ने । |

| | |
|---|---|
| ६५. | राज्यप्रतिको दायित्व वारे संविधानको पूर्णपालनाका शर्तहरू लोकतन्त्र प्राप्तीको आस्था अनुकूल आचरण, सबै किसिमको निरंकुशतन्त्र उन्मूलन, समानता र समन्वयप्रति प्रतिवद्धता |
| ६६. | पत्नीको पति सरहको हक हुनुपर्ने र पत्नीले घर संरक्षण गर्ने जिम्मा लिनुपर्ने । |
| ६७. | राष्ट्रप्रति वफादार हुनुपर्ने, राष्ट्रियताको पहिचान कहि कतैबाट हनन हुन नदिन सम्पूर्ण नागरिकहरूले आफ्नो पहिचान जोगाउन संर्घष गर्नुपर्ने । |
| ६८. | नागरिक दायित्व बोध हुने खालको सार्वजनिक स्थल, संरक्षण, सरसफाई वातावरण संरक्षण काम प्रति उत्तरदायित्व, जवाफदेहिता, समाजप्रति स्पष्ट किटान हुनुपर्ने । |
| ६९. | हरेक जनतालाई नैतिक शिक्षा र अनुशासनको पाठ अनिवार्य रुपमा दिनुपर्ने । |
| ७०. | अधिकारभन्दा कर्तव्य माथि बढी जोड दिनुपर्ने । |
| ७१. | प्राकृतिक स्रोत साधनको उपयोग र अधिकार संरक्षण गर्ने कर्तव्य हुनुपर्ने । |
| ७२. | हरेक नेपालीले सार्वजनिक सम्पत्तिको समान उपयोग र संरक्षण गर्नुपर्ने । |
| ७३. | आफ्नो र राज्यको मूल्य मान्यताको संरक्षण गर्नुपर्ने । |
| ७४. | लैङ्गिक समानता कायम गर्ने वा सकारात्मक विभेदको नीति अवलम्बन गर्ने । |
| ७५. | महिला, दलित र अपाङ्गलाई विशेष व्यवस्था गरी राज्यको विकास मूलधारमा ल्याउने । |
| ७६. | १८ वर्षको हरेक नेपालीलाई सैनिक तालिम दिने । |
| ७७. | नागरिक अधिकारको प्रत्याभूति । |
| ७८. | घरेलु हिंसा तथा महिला हिंसा अन्त्य गर्ने । |
| ७९. | सम्मान पूर्वक बाँच्न पाउने हकको सम्मान गर्ने । |
| ८०. | स्वतन्त्र र अभिभाज्य देश नेपाललाई विखण्डन हुनबाट जोगाउने । |
| ८१. | विकासको लागि श्रमदान । |
| ८२. | साम्प्रदायिक सद्भावना कायम गर्ने । |
| ८३. | क्षेत्रीय भावना नराख्ने, साम्प्रदायिक भाव नराख्ने, लोकतन्त्रको विकास गर्ने । |
| ८४. | आफैले गर्ने शोषणको अन्त्य, नेपाली नागरिकले सम्पत्ति विदेश लग्न नपाइने । |
| ८५. | संविधानको सर्वोच्चता अनिवार्य स्वीकार गर्नुपर्ने, अनिवार्य राष्ट्रसेवा गर्नुपर्ने । |
| ८६. | मौलिक हकको प्रयोग गर्दा अर्काको हकमा अवरोध सिर्जना गर्नेलाई दण्डित गर्ने व्यवस्था गर्नुपर्ने । |
| ८७. | असहाय, अपाङ्ग र गरिब निमुखालाई सेवा गर्नु कर्तव्य ठान्ने । |
| ८८. | स्वदेश र विदेशमा रहने हरेक नेपाली नागरिकले आफ्नो देश र जनताको निम्ति योगदान दिन तत्पर रहने । |
| ८९. | देश र जनताको हितको निम्ति आफ्नो क्षेत्र वा बल बुद्धि मार्फत योगदान गर्ने । |
| ९०. | नागरिकले राज्यले अपेक्षा गरे बमोजिम कर्तव्यनिष्ठ भई अगाडी बढ्ने । |
| ९१. | आफ्ना बुबा-आमालाई छोरीले पनि छोरा सरह पाल्नुपर्ने । |
| ९२. | अधिकार कर्तव्य एउटै सिक्काको दुई पाटो हुन् । अधिकार खोज्नेले कर्तव्यको पनि पालना गर्न पर्दछ । |
| ९३. | टुहुरा, अनाथ, अपाङ्ग, असहाय, जेष्ठ नागरिक, विरामीको सेवाको लागि तत्पर रहने । |
| ९४. | राष्ट्रिय एकता, अखण्डता कायम गर्न राज्यले भनेको बेला अनिवार्य रुपमा सैनिक सेवा |

| | |
|---|---|
| | उपलब्ध गराउने प्रत्येक नागरिकको मौलिक कर्तव्य हो । |
| ९५. | राष्ट्रलाई आत्मनिर्भर बनाउन प्राविधिक, राष्ट्रिय पूँजीपतिले औद्योगिक कलकारखाना खोल्ने, देशमा भएका वस्तुहरूको पहिचान र प्रशोधन गरी स्वरोजगार प्रदान गर्ने । |
| ९६. | टोल छिमेकमा रहेका सार्वजनिक वस्तु जस्तै पाटी, पौवा, वरविपल चौतारा, पानी पधेरो आदिको संरक्षण । मन, कर्मले सबैको सेवा गर्नुपर्ने । |
| ९७. | सम्पन्न नागरिकले विपन्न नागरिकलाई सघाउनु नै मौलिक कर्तव्य हो । |
| ९८. | सबैले अनिवार्य रुपले काम गर्नुपर्ने, बसेर बाबु बाजेको सम्पत्ति प्रयोग गर्न नपाउने । |
| ९९. | मौलिक कर्तव्यको सीमाक्षेत्र र अधिकार संविधानमा नै उल्लेख गरिनु पर्दछ । |
| १००. | धार्मिक, सामाजिक, यातायात, पिउने पानी, विद्युत जस्ता अति आवश्यक सामानको संरक्षण गर्ने, त्यस्ता ठाउँमा हडताल गर्न नहुने । |
| १०१. | समतामूलक समाजको निर्माणमा योगदान । |
| १०२. | जल जमिन जग्गाको सही सदुपयोग गर्नुपर्ने । |
| १०३. | सरकारले सञ्चालन गरेका कार्यक्रम सहि रुपले चलाउने । |
| १०४. | समाज सेवामा अनिवार्य लाग्नुपर्ने । |
| १०५. | दिगो शान्ति र भौगोलिक अखण्डता कायमगर्ने । |
| १०६. | लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गरी व्यवहारिक रुप दिन र शान्तिलाई समर्थन गर्दै देश विकासमा अग्रसर हुने । |
| १०७. | राज्यका नीति नियमको पालना गर्ने, अदालतको निर्णय स्वीकार गर्ने |
| १०८. | राज्यले घोषणा गरेका सार्वजनिक काममा सहभागी बन्ने । |
| १०९. | देशलाई संकट परेको अवस्थामा, बाह्य हस्तक्षेप भएको अवस्थामा भौतिक, आर्थिक र नैतिक सहयोग गर्ने । |
| ११०. | महिला, बालबालिका, अपाङ्गलाई घर/ सार्वजनिक स्थानमा पहिलो प्राथमिकता सहित मर्यादित व्यवहार गर्ने । |
| १११. | दुई भन्दा बढी सन्तान जन्माउन नपाउने । |
| ११२. | राष्ट्रले चाहेको खण्डमा राष्ट्रहितको निम्ति उपलब्ध हुनुपर्ने । |
| ११३. | बिना हस्तक्षेप आफ्नो धर्म संस्कृति सदाचार अवलम्बन गर्नुपर्ने । |
| ११४. | शासक र जनता एक अर्का प्रति उत्तरदायी हुनुपर्ने । |
| ११५. | सामाजिक सद्भाव राख्न सदा चिन्तनशिल हुनुपर्ने । |
| ११६. | नेपालको अन्तरिम संविधान, २०६३ मा व्यवस्था गरिएका अन्य सम्पूर्ण कर्तव्यहरू । |
| ११७. | प्रत्येक नागरिकले स्याट्रिक पास गर्नै पर्ने । |
| ११८. | मौलिक हकको कार्यान्वयनमा नेता र जनतामा विभेद हुनुहुन्न । |

### प्रश्न नं. ६. मौलिक अधिकार उपर बन्देजका आधारहरू के के हुनुपर्ला ?

| | |
|---|---|
| १. | संकटकालको अवस्थामा |
| २. | विदेशीले आक्रमण गरेमा |
| ३. | आर्थिक संकट परेमा |

| | |
|---|---|
| ४. | गृह युद्धको सम्भावना देखिएमा |
| ५. | संकटकाल/राष्ट्रिय विपत्ति/राष्ट्रिय अखण्डताको रक्षा/नजरवन्द |
| ६. | क्षेत्रीय संकटकाल घोषणा भएमा- शिक्षा, स्वास्थ्य, रोजगारी, खाद्य सम्प्रभूता र बन्दी प्रत्यक्षीकरण बन्देज नहुने गरी । |
| ७. | मानसिक वा शारीरिक श्रम नगर्ने |
| ८. | राज्य विपल्व गर्ने कार्य गरेमा |
| ९. | सामन्तवाद र साम्रराज्यवादको पक्षपोषण गरेमा |
| १०. | नेपाली नागरिकता त्यागेमा स्वतः बन्देज लाग्ने व्यवस्था हुनुपर्छ |
| ११. | लागुपदार्थ, हातहतियार बेचविखन |
| १२. | एकपुस्ता भन्दा बढी विदेशमा बसी देशको लागि लगानी नगरेमा |
| १३. | विदेशी महिलासँग विवाह गरी विदेशिएमा |
| १४. | जबरजस्ती धर्म परिवर्तन गराउने र अर्काको अधिकारको हनन गरेमा |
| १५. | संविधान र विद्यमान ऐन, नियमको गम्भीर उल्लङ्घन गरेमा |
| १६. | महिलामाथि यौन शोषण र दलितमाथि जातीय शोषण गरेमा |
| १७. | जुवा, तास, चोरी र भ्रष्टाचारमा संलग्न रहेमा |
| १८. | नैतिक पतन भएको, फौजदारी अभियोग लागेको भएमा |
| १९. | हड्ताल, तोडफोड र चक्काजाम गरेमा ती व्यक्ति उपर बन्देज लगाउने |
| २०. | राज्य विरुद्ध गम्भीर अपराध गरेमा |
| २१. | साम्प्रदायिक दंगा भ्रल्कने खालको बहस, भाषण वा क्रियाकलाप गरेमा |
| २२. | राष्ट्रिय हित विरोधी काम गर्नेलाई मौलिक हकबाट बञ्चित गर्ने |
| २३. | लैङ्गिक विभेद गर्नेलाई जनताको निर्णय अनुसार कडा कारवाही |
| २४. | राष्ट्रघात गरेमा, विखण्डनकारी गतिविधि गरेमा उक्त व्यक्ति संस्था वा समूहको मौलिक हक बन्देज गर्न सक्ने हुनुपर्ने । |
| २५. | व्यक्तिगत स्वार्थ, आफूले पाएको अधिकारको दुरुपयोग, हत्या, हिंसा, तोडफोड, भष्ट्राचार गरेमा |
| २६. | आन्तरिक तथा वाह्य रुपले राष्ट्रलाई खलल पुऱ्याउन खोजिएमा । |
| २७. | राष्ट्रिय दायित्व बहन नगर्नेलाई अधिकारबाट वञ्चित गर्नुपर्छ । |
| २८. | मौलिक अधिकारमाथि बन्देज लगाउनको लागि विशेष समिति गठन हुनुपर्ने । |
| २९. | लागुपदार्थ सेवन गर्ने, भ्रष्टाचारी, कमिशनखोर, ठग, बलात्कारी, चोर, डाँका, लुटेरा, जालसाजी, नक्कल गर्नेहरूलाई नागरिक अधिकारबाट बन्देज लगाउनु पर्ने । |
| ३०. | देशको स्वतन्त्रतामाथि आँच आउने भएमा अधिकार उपर बन्देज हुनुपर्ने । |
| ३१. | राष्ट्र र राष्ट्रियताको अहित हुने कुरा लेख्ने पत्रपत्रिकालाई बन्देज गरिनु पर्ने । |
| ३२. | कर्तव्य र अनुशासनको पालना नगरेमा । |
| ३३. | भ्रष्टाचार, चेलीवेटी बेचविखन र महिलामाथि हिंसा गरेमा । |

| | |
|---|---|
| ३४. | अन्तरिम संविधानको मौलिक हकको दफा ४ र ५ को अधिकारको दुरुपयोग गरेमा त्यस्ता व्यक्तिलाई मौलिक हक बन्देज गर्नुपर्ने । |
| ३५. | दुराग्राही, भ्रष्टाचारी र नैतिक पतन भएकाहरूलाई मौलिक अधिकार दिनु नहुने । |
| ३६. | मौलिक अधिकार अपहरणिय भएकाले बन्देज लाउन नपाइने । |
| ३७. | सार्वजनिक ठाउँमा होहल्ला, लुटपाट, गुण्डागर्दी, मादक पदार्थ सेवन, नचाहिएको वादविवाद, चोरी डकैति गर्ने गराउने व्यक्तिलाई मौलिक अधिकारबाट बन्देज लगाउन सकिने । |
| ३८. | प्राकृतिक विपत्तिको बेलामा । |
| ३९. | राष्ट्र विरुद्ध विदेशी नीति अनुरुप गुप्त सँगठनमा संलग्न भएमा । |
| ४०. | नागरिकले कर्तव्य पालना नगरेमा बन्देज लगाउने |
| ४१. | धार्मिक सहिष्णुता कायम नगरेमा, देशको हित विपरित कार्य गरेमा |
| ४२. | मौलिक हकको दुरुपयोग गरेमा |
| ४३. | नागरिकको कर्तव्य पालना नगरेमा |
| ४४. | संकटकालको बेला संवैधानिक उपचार बांच्न पाउने अधिकार बाहेक |
| ४५. | देश टुक्राउने, सम्प्रदायिकता फैलाउने, स्वतन्त्रताको हनन गराउने कार्य गरेमा |
| ४६. | छुट्टै राज्य मागेमा |
| ४७. | संकटकाल, संक्रमणकाल र दैवी विपत्ती घोषणा भएमा |
| ४८. | कर छल्ने, अवैध व्यापार गर्ने, राष्ट्रघात र देशद्रोह गर्ने, बलात्कार गर्ने, देहव्यापारमा लाग्ने र जाँडरक्सी खाएर सामाजिक मर्यादा नाघ्ने गतिविधि गर्नेलाई |

## राज्यको दायित्व, निर्देशक सिद्धान्त तथा नीति सम्बन्धी

**प्रश्न नं. ७. संविधानमा राज्यको दायित्वको रुपमा के कस्ता व्यवस्थाहरू गरिनु पर्ला ?**

| | |
|---|---|
| १. | समाजवाद उन्मूख राज्य व्यवस्था |
| २. | जस्तोसुकै स्वास्थ्योपचार निःशुल्क हुनुपर्ने |
| ३. | बहुविवाह विरुद्ध कडा कानून बनाउन पर्ने |
| ४. | महिलालाई स्तानक तहसम्म निःशुल्क शिक्षा |
| ५. | किसान अस्पतालको व्यवस्था |
| ६. | मातृशिशु मृत्युदर घटाउने |
| ७. | देशमा हत्या, हिंसा र बन्द हडताल तत्काल हटाउनु पर्ने |
| ८. | सेना, प्रहरी, अदालत र प्रशासनको अधिकार प्रयोग गर्ने र तिनलाई जनताबाट नियन्त्रण गर्ने विधि बसाल्ने |
| ९. | अन्तर्राष्ट्रिय सन्धि समयानुकूल परिमार्जन गर्ने वा खारेज गर्ने, पञ्चशीलको सिद्धान्तमा आधारित बैदेशिक नीति |
| १०. | राज्यले जनताको आधारभूत आवश्यकता सहज ढंगले उपलब्ध गराउदै जाने । |

| | |
|---|---|
| ११. | साम्राज्यवाद विरोधी जनताको गणतन्त्र स्थापना गर्ने |
| १२. | लाभको पदमा बसेर पदको दुरुपयोग गरेको खण्डमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगद्वारा कडा भन्दा कडा कारवाही गर्ने |
| १३. | बहुदलिय प्रतिस्पर्धा, लोकतान्त्रिक गणतान्त्रिक प्रणाली |
| १४. | स्वच्छ प्रशासन |
| १५. | जनयुद्ध र जनआन्दोलनका अपराधी र भ्रष्टाचारीहरूलाई कारवाही गर्ने |
| १६. | समयमा निर्वाचन गर्ने |
| १७. | न्यायमा पहुँच, विकासमा पहुँच, राज्यको स्रोत साधनमा आम नागरिकको समान पहुँच |
| १८. | विद्यार्थीका लागि निःशुल्क शिक्षा र निःशुल्क यातायात |
| १९. | बैचारिक आस्थाको सम्मान |
| २०. | संविधान कार्यान्वयनमा जोड र पटक पटक संविधान निर्माण गर्नुपर्ने अवस्थाको अन्त्य |
| २१. | जनजीविकाको सुनिश्चितता |
| २२. | लोपोन्मुख र अति सिमान्तकृतप्रति विशेष दायित्व |
| २३. | अपाङ्गहरूप्रति आर्थिक दायित्व |
| २४. | बाह्य हस्तक्षेपको अन्त्य |
| २५. | राष्ट्र विकास र गरिबी उन्मूलन |
| २६. | सम्पदाको संरक्षण र सम्बर्धन |
| २७. | पिछडिएका वर्ग जाति लिङ्गको संरक्षणमा विशेष पहल |
| २८. | आधारभूत आवश्यकताको परिपूर्ति |
| २९. | शान्ति सुरक्षा अमन चयन कायम |
| ३०. | मौलिक हक र मानव अधिकारको संरक्षण |
| ३१. | खनिज पदार्थ, सैनिक, मुद्रा र परराष्ट्र नीति केन्द्रीय तहलाई र अरु सबै कामको जिम्मेवारी प्रान्तीय सरकारलाई दिनुपर्ने |
| ३२. | समानुपातिक विकास प्रणाली, असमान सन्धि र व्यवस्थाको अन्त्य गर्ने |
| ३३. | संघीय राज्यभन्दा जनताको हितको लागि प्रान्तीय राज्यलाई चुस्त दुरुस्त बनाउनु पर्ने |
| ३४. | दुर्गम र सुगममा बजेटमा भेदभाव गर्ननहुने |
| ३५. | आन्तरीक सुरक्षा प्रहरी र बाह्य सुरक्षा नेपाली सेना प्रयोग गर्ने |
| ३६. | राष्ट्रको सीमा संरक्षण सम्बन्धी दायित्व |
| ३७. | सबै जनताको विश्वासिलो अभिभावकत्व सम्बन्धी दायित्व |
| ३८. | राज्यमा हुने द्वन्द्व पूर्णरुपमा समाप्त हुनुपर्ने |
| ३९. | पार्टी-पार्टीको विदेश नीति नभै, एउटै परराष्ट्र नीति हुनुपर्ने |
| ४०. | शान्ति सुरक्षा कायम गर्नुपर्ने |
| ४१. | राष्ट्रिय एकताको सुदृढिकरण गर्ने । |
| ४२. | सरकार परिवर्तन हुँदाँ नयाँ सरकारले निवर्तमान सरकारका जनमुखी कार्यक्रमहरूलाई निरन्तरता दिनुपर्ने व्यवस्था |

| | |
|---|---|
| ४३. | एउटै शिक्षा प्रणाली, प्राविधिक शिक्षामा गरिब, दलित र उत्पीडितको पहुँच |
| ४४. | हरेक युबालाई प्राविधिक, वैज्ञानिक, रोजगार मूलक, उत्पादनमुखी शिक्षा दिने |
| ४५. | जाति, धर्म, लिङ्ग र क्षेत्रको प्रतिनिधित्व गर्ने |
| ४६. | संविधानको कार्यान्वयन |
| ४७. | क्षतिपूर्तिको अधिकार |
| ४८. | दलित, महिला आदिवासी जनजातिको अधिकार सुनिश्चित गर्ने |
| ४९. | नागरिकको बीचमा समानता |
| ५०. | सम्पत्तिको समानुपातिक वितरण |
| ५१. | रोजगार र सामाजिक सुरक्षा |
| ५२. | स्वास्थ्य, यातायात, सिंचाइ, विजुलीमा सबैको पहुँच |
| ५३. | नेपाली जनतालाई स्वदेशमै बस्न सक्ने वातावरण वनाउने |
| ५४. | गाँस, बास, शिक्षा, स्वास्थ्यमा राज्यको दायित्व |
| ५५. | महिला बालबालिकाको अधिकारको सुनिश्चिता |
| ५६. | महिलालाई विशेष ग्राहयता |
| ५७. | दण्डहीनताको अन्त्य |
| ५८. | प्रत्येक क्षेत्रमा खाद्यन्न डिपोको व्यवस्था |
| ५९. | जल, जमीन र वनको संरक्षण |
| ६०. | वृद्ध, एकल महिला, टुहुरा, बालबालिका र अपाङ्गहरूलाई राष्ट्रले संरक्षण र पालन गर्नुपर्ने |
| ६१. | नेपालभरी प्राकृतिक श्रोतको बाँडफाँड समान र क्षेत्रीय सन्तुलन कायम गर्नुपर्ने |
| ६२. | सार्वजनिक, सहकारी, निजी माध्यमबाट तीव्रतम आर्थिक वृद्धी र सामाजिक विकासमा जोड |
| ६३. | महिला पुरुषलाई जुनसुकै रुपमा पनि समान अधिकार |
| ६४. | सबैलाई समान अधिकार, संविधान, कानूनको पालना |
| ६५. | विशेष क्षमता प्रतिभा भएका नागरिकलाई अवसर दिने |
| ६६. | योग्यता क्षमता सिपको आधारमा रोजगारको व्यवस्था |
| ६७. | रोजगारीको अवसर र बेरोजगारी भत्ताको व्यवस्था गर्ने |
| ६८. | सबै जाती, भाषा, धर्म र संस्कृतिलाई समान अवसर र व्यवहार |
| ६९. | सबै किसिमका भेदभावको अन्त्य |
| ७०. | श्रमिकलाई श्रमको व्यवस्था |
| ७१. | स्वदेशी उत्पादन प्रणालीमा जोड |
| ७२. | अन्तरिम संविधानमा झैं |
| ७३. | विगत, वर्तमान र भविष्य हेरेर निर्णय लिने । १९५० को सन्धि र सुगौली सन्धि खारेज गर्ने |
| ७४. | यातायात, विद्युत र खानेपानीको प्रवन्ध गर्ने । |
| ७५. | जोताहालाई जमीन हुने गरी बैज्ञानिक र क्रान्तिकारी भूमिसुधार, राष्ट्रिय पूँजीको विकास, अग्रगामी परिवर्तनलाई सुनिश्चित गर्ने, मानवीय र प्राकृतिक श्रोतको राष्ट्रिय हितमा अधिकतम प्रयोग, |

| | |
|---|---|
| ७६. | वन र वनस्पतिको विकास, कृषिको व्यवसायिकरण र बैज्ञानिकीकरण, जग्गाको हदबन्दी कायम |
| ७७. | किसानलाई उद्योगी व्यवसायिकरण गर्ने |
| ७८. | बेपत्ताको खोजी, सहिद परिवारलाई राहत, विस्थापितलाई पुनर्स्थापना र ध्वस्त संरचना पुनर्निर्माण |
| ७९. | जनताका राजनीतिक, आर्थिक, नागरिक, शैक्षिक, वातावरणीय, सामाजिक, सांस्कृतिक, खाद्य सुरक्षा, नागरिक सुरक्षा, शिक्षा, स्वास्थ्य र रोजगारीको हकको प्रत्याभूति गर्ने |
| ८०. | सम्पत्तिको सीमा तोकेर प्रगतिशील कर प्रणाली लागू गर्ने, विदेशमा सम्पत्ति राख्न नपाउने, जेष्ठ नागरिकलाई भत्ता, शिशु स्याहार केन्द्रको स्थापना |
| ८१. | दिगो विकासको नीति, भावी पिढीलाई समेत हेरी प्राकृतिक श्रोतको उपयोग, युवा शक्ति परिचालन । भूमिको पुनर्सर्वेक्षण र वितरण । वनको सुरक्षा । स्वदेशी विद्यार्थीका विज्ञान प्रविधिसम्बन्धी आविष्कारलाई प्रोत्साहन |
| ८२. | गम्भीर प्राकृतिका अपराधमा मृत्यु दण्डको व्यवस्था गरी अपराधलाई कम गराउने |

**प्रश्न नं. ८. राज्यका विभिन्न क्षेत्रगत नीतिहरू के र कस्ता हुनु पर्ला ?**

| | |
|---|---|
| १. | जनतालाई उचित सेवा र राहत दिने |
| २. | पारदर्शी र समावेशी राज्य व्यवस्था हुनुपर्ने |
| ३. | बैज्ञानिक भूमि सुधार, भूमि वितरण, कृषिमा आधुनिकिकरण र बैज्ञानिकिकरण |
| ४. | राष्ट्रहित विपरित वैदेशिक सहायता नलिने |
| ५. | हदबन्दी भन्दा बढी जग्गा राष्ट्रिकरण |
| ६. | सामाजिक सुरक्षाको प्रत्याभूति |
| ७. | प्राकृतिक श्रोत साधनको परिचालन |
| ८. | व्यवहारिक, बैज्ञानिक र सिपमूलक शिक्षा |
| ९. | उद्योगधन्दाको विकासबाट रोजगारीको व्यवस्था |
| १०. | सरकार परिवर्तन भएपनि परराष्ट्र सम्बन्धको वारे स्थायी नीति हुनुपर्ने |
| ११. | भारतसँग राहदानीको व्यवस्था |
| १२. | विकास क्षेत्रमा बैज्ञानिक प्रयोगशाला स्थापना |
| १३. | सिंचाईको व्यवस्था |
| १४. | समावेशी राज्य व्यवस्था, राष्ट्रिय पूँजीको बृद्धि, पूँजिको समानुपातिक वितरण |
| १५. | राष्ट्रिय सुरक्षाको प्रत्याभूति, समदूरीको परराष्ट्र नीति, |
| १६. | खनिज पदार्थ प्रान्तीय सरकारको नियन्त्रणमा (केन्द्रमा पनि रकम) |
| १७. | सहकारीको माध्यमबाट जनताको जीवनस्तरमा बृद्धि |
| १८. | संघिय लोकतान्त्रिक गणतन्त्रको मूल्य र मान्यताको संरक्षण |
| १९. | गैर सरकारी संस्था बन्द गर्ने |
| २०. | विकेन्द्रीकरण अवधारणा आउनुपर्ने र माथिबाट तल हस्तक्षेप बन्द हुनुपर्ने |

| | |
|---|---|
| २१. | स्थानीय आवश्यकताको पहिचानमा राज्यको ध्यान |
| २२. | असंलग्न र संयुक्त राष्ट्र संघको बडापत्र अनुसार परराष्ट्र नीतिको अवलम्वन |
| २३. | प्राकृतिक स्रोत साधनबाट सम्बन्धित क्षेत्रलाई अधिकाधिक लाभ पुग्ने गरि व्यवस्था गर्नुपर्ने |
| २४. | प्राकृतिक सम्पदाका संरक्षण, सदुपयोग र जनताको अधिकार स्थापित |
| २५. | जमिन्दारका जमिन सुकुम्वासीलाई वितरण गर्नुपर्ने |
| २६. | शिक्षामा सरकारको लगानी, युवा र पिछडिएकालाई स्रोत र साधनमा पहुँच |
| २७. | महिला सशक्तिकरण |
| २८. | वनलाई सामुदायिक बनाउने |
| २९. | वैदेशिक लगानीकर्तालाई प्रोत्साहन |
| ३०. | उद्योगलाई निजीकरण |
| ३१. | अर्को विद्रोह नजन्माउने दिगो हुनुपर्छ |
| ३२. | जग्गाको हदबन्दी तोकी कार्यान्वयन |
| ३३. | जडीवुटी प्रशोधन केन्द्रको स्थापना |
| ३४. | प्राकृतिक स्रोतको बाँडफाँड र उपयोग राष्ट्रिय सहमति अनुसार गर्ने |
| ३५. | लगानीकर्तालाई कर छुट गर्ने |
| ३६. | गैरसरकारी र निजीक्षेत्रलाई सरकारी दायराभित्र ल्याउने |
| ३७. | युवा जनशक्ति परिचालन गर्ने |
| ३८. | नेपालको कच्चा पदार्थ नेपालमै सदुपयोग गर्ने |
| ३९. | सामाजिक समावेशीकरण |
| ४०. | गुणस्तर शिक्षा |
| ४१. | अपाङ्गलाई भत्ताको व्यवस्था |
| ४२. | दलितको कोटा व्यवस्था |
| ४३. | श्रमिकको सामाजिक सुरक्षाको व्यवस्था |
| ४४. | वन, वनस्पति, खनिज जस्ता प्राकृतिक स्रोतको संरक्षण |
| ४५. | भूमिको समान रुपले वितरण |
| ४६. | विज्ञान प्रविधि जस्ता क्षेत्रमा युवा जनशक्तिको परिचालन |
| ४७. | सिंचाइ |
| ४८. | जसको जोत उसको पोतको आधारमा भूमिसुधार |
| ४९. | कृषिमा अनुदान |
| ५०. | राज्यले घरघडेरीको व्यवस्था मिलाउन पर्ने |
| ५१. | प्रत्येक गा.वि.स.मा कृषि सेवा केन्द्र हुनुपर्ने |
| ५२. | कृषि मन्त्री कृषकनै हुनुपर्ने |

| | |
|---|---|
| ५३. | जग्गा पुनः नापी गर्नुपर्ने |
| ५४. | मुक्त कमैयाहरूले खाइपाइ आएको भूमि आफ्नै नाममा हुनुपर्ने |
| ५५. | कृषि, भूमिसुधार र वन पैदावारको स्थानीय निकायलाई जिम्मेवारी दिनु पर्ने |
| ५६. | वन, वनस्पति, खनिज स्रोतमा प्याटेन्ट राइटको सुनिश्चिता |
| ५७. | दैनिक उपभोग्य वस्तुमा अनुदान दिने |
| ५८. | विलासिताका सामानमा बढी कर लगाउने |
| ५९. | आदिवासी जनजातिहरूको परम्परागत सीपलाई वैज्ञानिकरण गरेर प्रवर्द्धन गर्ने |
| ६०. | जल, जमिन र जंगलमा महिलाको व्यवहारिक अधिकार |
| ६१. | कलकारखाना, उद्योगमा महिलालाई प्राथमिकता दिनु पर्ने |
| ६२. | भूमिपतिलाई उद्योगपतिमा परिणत गर्ने नीति |
| ६३. | किसानहरूको सूचि तयार कृषि योग्य भूमि वितरण |
| ६४. | प्रत्येक गा.वि.स. मा सुरक्षा चौकीको व्यवस्था गर्ने |
| ६५. | विज्ञान प्रविधिको विकास विश्व परिवेश अनुसार गर्ने |
| ६६. | अनकण्टार बस्तीलाई सुगम ठाउँमा सार्नु पर्ने |
| ६७. | किसानको उत्पादन राज्यले बेचविखन गर्ने व्यवस्था गर्नुपर्ने |
| ६८. | वनस्पति र जडिवुटीको उचित प्रयोग |
| ६९. | हरेक स्थानीय तहमा सामाजिक सुरक्षा समिति र प्रहरीको सहकार्य हुने व्यवस्था हुनु पर्ने |
| ७०. | स्थानीय तह देखि केन्द्रीय तहसम्म समावेशीको सिद्धान्त अपनाउनु पर्ने |
| ७१. | सामाजिक सुरक्षा बल गठन गर्ने, खानी पहिचान गरि परिचालन गर्ने, उद्योग धन्दा खेती योग्य जमिनमा नराखी पाखो जमिनमा राख्ने, वन्यजन्तुको संरक्षणगर्ने |
| ७२. | कृषि क्षेत्रमा गरेको योगदानलाई राष्ट्रको आम्दानीमा गणनागर्ने |
| ७३. | सहकारीकरण |
| ७४. | वैज्ञानिक नापी प्रणाली, गुठी जग्गालाई रैकरमा परिणतगर्ने |
| ७५. | स्वदेशी उद्योगलाई आरक्षण, सबै युबालाई सैनिक तालिम |
| ७६. | प्राविधिक शिक्षा नि.मा.वि. देखि लागू गर्ने |
| ७७. | बाँझो नाँगो डाँडा नराख्ने |
| ७८. | धेरै भूमि भएका व्यक्तिबाट कटौती गरी सर्वहारा वर्गलाई समान रुपले वितरण गर्ने |
| ७९. | उद्योग, भूमिको हक श्रीमान श्रीमतिका नाममा राख्न पाउने |
| ८०. | हिमाली र पहाडी भेगमा पर्यटन उद्योग व्यवस्था |
| ८१. | जनतालाई उचित सेवा र राहत दिने |
| ८२. | शिक्षा, स्वास्थ्य, आवास, रोजगारी, खाद्यसम्प्रभूतामा सबै नागरिकको अधिकार स्थापित गर्ने र निश्चित समयको लागि आरक्षणको व्यवस्था गर्ने । |

## सामाजिक न्याय, समावेशीकरण र विशेष संरक्षण सम्बन्धी

**प्रश्न नं. ९ सामाजिक संरक्षण अन्तरगत के कस्ता वर्ग समुदायलाई समेट्नु पर्ला र त्यस सम्बन्धमा के के र कस्तो व्यवस्था गरिनुपर्ला ?**

| | |
|---|---|
| १. | महिला, दलित, आदिवासी जनजाती, बालबालिका |
| २. | तेस्रोलिङ्गी, एकल महिला र समलिङ्गी |
| ३. | मुस्लिम र इसाई धर्मावलम्बी |
| ४. | विधवा, विदुर, वृद्ध, अपाङ्ग, अशक्त, अनाथ, महिला |
| ५. | लोप हुन लागेका वर्ग, समुदायलाई समेट्ने, रोजगार दिने |
| ६. | अपाङ्ग, बालबालिका र निमुखा |
| ७. | गरिबीलाई मूल आधार बनाउने |
| ८. | जातीय, संघिय, वर्गीय सबैलाई समेट्नुपर्ने |
| ९. | गर्भवती र सुत्केरीलाई समेट्ने |
| १०. | मजदूर, किसान, सुकुम्वासी, हलिया, कमैया, महिला समेट्नुपर्ने |
| ११. | गरिब, निमुखा, सुकुम्वासीलाई संरक्षण गर्ने |
| १२. | ६० वर्ष उमेर पुगेकालाई वृद्धाश्रममा राख्ने |
| १३. | असक्त, अपाङ्ग, असहाय, बालबालिकालाई गाँस, बास र कपास |
| १४. | गरिब र अपहेलितलाई प्राथमिकता दिने |
| १५. | दोहोरो हानिको सिद्धान्त हेरी वास्तविक पिछडिएकोलाई संरक्षण दिनुपर्ने |
| १६. | समुदायको बनोट, जात, धर्म, लिङ्ग, भौगोलिकता अनुसार प्रतिनिधित्व गराउनुपर्ने |
| १७. | एकल महिलाको सामाजिक संरक्षण गरिनुपर्ने |
| १८. | कुसुण्डा, साधु संन्यासी, भगवा, फिरन्तेलाई सामाजिक संरक्षण दिनुपर्ने |
| १९. | उत्पीडित, दलित, महिला, जनजाति, अपाङ्ग, पिछिडिएका वर्ग, लोपोन्मुख र अल्पसंख्यकलाई समान अवसर |
| २०. | सकारात्मक विभेदको व्यवस्था |
| २१. | पिछडिएका, कमजोर, शक्तिहीनलाई समिति बनाएर समेट्नुपर्ने र त्यस्ता समितिमा पिछिडिएका वर्गको निश्चित प्रतिनीधित्व हुनुपर्ने |
| २२. | समावेशीकरणको व्यवस्था गर्न नहुने |
| २३. | क्षमता र योग्यताको आधारमा सहभागी गराउनुपर्ने |
| २४. | सामाजिक सुरक्षाको व्यवस्था |
| २५. | राउटे र गाइने जस्ता जातिलाई गाँस, बांसको व्यवस्था सरकारले गर्नुपर्ने |
| २६. | सबै समुदाय, वर्ग ,क्षेत्र र धर्मलाई समेट्नु पर्ला |
| २७. | महिला, जनजाति, दलित, पिछिडिएको क्षेत्र, विपन्न र असहाय, अशक्त, शैक्षिक बेरोजगार, दुर्गम क्षेत्रमा अध्ययन गरेकालाई प्राथमिकता |

| | |
|---|---|
| २८. | सामाजिक स्वास्थ्यमा नागरिकको पूर्णसुरक्षा |
| २९. | विशेष कोटा र आरक्षण |
| ३०. | शिक्षा र स्वास्थ्यमा विशेष प्राथमिकता |
| ३१. | युबालाई रोजगार |
| ३२. | राजामामा, राउटे, कुसुन्दा, जिरेल, मधेशी, दनुवार, धानुकलाई समेट्ने |
| ३३. | क्षेत्री बाहुन लगायत सबैलाई समावेशी गर्नुपर्छ |
| ३४. | प्रतिभा पलायनलाई रोक्ने व्यवस्था पक्षपात रहित सामाजिक संरक्षण मार्फत गर्ने |
| ३५. | गरिबीका रेखामुनी रहेका सबै समुदायलाई |
| ३६. | आत्मनिर्भरताको आधारमा |
| ३७. | पहिचानको मापदण्ड तयार गर्ने |
| ३८. | मापदण्डको सूचनाको आधारमा परिचयपत्र प्रदान गर्ने |
| ३९. | आरक्षण र विशेष व्यवस्थाका कार्यक्रमहरू संचालन गर्ने |
| ४०. | सत्य सनातन हिन्दुधर्म संस्कार सहितको व्यवस्थापन |
| ४१. | सबै आध्यात्मिक चिन्तनमननको व्यवस्था गर्ने |
| ४२. | महिला, जनजाति, दलित र अपाङ्गलाई ४० वर्ष देखि वृद्ध भत्ता दिनुपर्छ |
| ४३. | सामाजिक संरक्षण कोषको व्यवस्था गर्ने |
| ४४. | सकारात्मक विभेद हुनु नहुने |
| ४५. | वातावरण संरक्षण |
| ४६. | तिलक प्रथा हटाउने |
| ४७. | दलितको परिभाषा किटान गरिनुपर्ने, ब्राहमण जातिका पनि दलित हुन सक्ने |
| ४८. | जातीय आधार होइन भौगोलिक आधारमा संरक्षण गर्नुपर्छ |
| ४९. | एकल महिलाको उमेर हद तोकिनु हुदैन |
| ५०. | कार्यालय प्रमुखमा महिला पुरुष बराबरी हुनुपर्ने |
| ५१. | यौनकर्मीको पनि संरक्षण हुनुपर्ने |
| ५२. | यातायातको समस्या भएको ठाउँमा यातायातको व्यवस्था |
| ५३. | कर्मचारीको हत्या भएमा/मरेमा श्रीमतीले योग्यता अनुसार त्यही कार्यालयमा रोजगारी पाउनु पर्ने |
| ५४. | संघसंस्थामा पनि आरक्षण कोटा लागूगर्ने |
| ५५. | धर्म संस्कृति, रीतिरिवाज, चालचलन, परम्पराको संरक्षण सम्बर्द्धन गर्ने |
| ५६. | भयानक रोग लागेका रोगीहरूलाई सामाजिक संरक्षण हुनुपर्छ |
| ५७. | वृद्धवृद्धा, अपांङ्गको लागि जीउन पुग्ने भत्ताको व्यवस्था |
| ५८. | पुरुषको हकमा ६० वर्ष, महिलाको हकमा ६५ वर्ष भत्ताको व्यवस्था |
| ५९. | जातीय भन्दा वर्गीय अधिकारको संरक्षणमा प्राथमिकता दिने |

| | |
|---|---|
| ६०. | न्यायालयको पुनर्सरचना गरी छुट्टै महिला र दलित न्यायलयको गठन गरिनु पर्छ |
| ६१. | जिल्लामा कम्तिमा २ स्थानमा वृद्धाश्रमको व्यवस्था गरिनु पर्छ |
| ६२. | बहुलाएका, घरवारविहीन भएका, अन्धा, टुहुरा र फालिएका बच्चाहरूको पालनपोषण र शिक्षाको व्यवस्था गर्ने र सबैले 'समयदान' दिने व्यवस्था हुनुपर्ने |

**प्रश्न १० समावेशीकरणको सन्दर्भमा कस्ता कस्ता वर्ग र समुदायलाई समेट्नुपर्ला ? र, त्यसको प्रभावकारीताको लागि संविधानमा के के व्यवस्था हुनुपर्ला ?**

| | |
|---|---|
| १. | गरिब, महिला, पछौटेपन, लोपोन्मुख समुदायलाई विशेष व्यवस्था |
| २. | उत्पीडित, महिला, जनजातीलाई समावेश गर्ने |
| ३. | पिछडिएका, एक्लीएका, अतिसीमान्तकृत, बहिष्करणमा परेकालाई समेट्नु पर्ने |
| ४. | पेशा र शिक्षाको आधारमा |
| ५. | कदमजम तथा विपन्न वर्गको आर्थिक उन्नतीका लागि व्यवस्था गर्ने |
| ६. | शारीरिक र मानसिक रुपले पिछडिएकालाई समेट्नु पर्ने |
| ७. | महिला, अपाङ्ग, पिछिडिएको वर्ग संरक्षण र आरक्षणको व्यवस्था |
| ८. | पछाडी पारिएका, जमिन नभएका, सीप नभएका, शिक्षाबाट बञ्चित |
| ९. | जातको आधारमा नभै पिछिडिएको क्षेत्रको आधारमा |
| १०. | बाहुन, क्षेत्री, ठकुरीलाई पनि समावेशीमा बराबर राख्नु पर्ने |
| ११. | समावेशीकरणमा जातीयतालाई मात्र ध्यान नदिई गरिबीलाई समावेशीकरणको आधार बनाउनु पर्ने |
| १२. | सर्वहारा वर्ग |
| १३. | वर्ग पिच्छे प्याकेजको व्यवस्था |
| १४. | श्रमिक/मजदूर, महिला, थारु, दलित सबैको समान अधिकार हुनु पर्ने |
| १५. | जंगलमा डुल्ने, एच.आई.भि. पिडितलाई समेट्नुपर्ने |
| १६. | पिछिडिएका, लापोन्मुख समुदाय, अपाङ्ग, विपन्न, सीमान्कृत विपन्न, महिला, जनजाति, दलित, उपेक्षित, उत्पीडित |
| १७. | समावेशीको आधार लिङ्ग र भूगोल |
| १८. | नौ जात छत्तीस वर्णलाई समावेश गर्नुपर्ने |
| १९. | सबै वर्ग र समुदाय |
| २०. | दलित परिवार र आर्थिक रुपमा निम्न वर्गलाई, परिवारको संरचनाको आधारमा समेट्नुपर्ने |
| २१. | धार्मिक अल्पसंख्यकलाई समेट्ने |
| २२. | द्वन्द्व पीडितलाई समेटिनु पर्ने |
| २३. | गरिबीको रेखामुनि रहेका जनतालाई मात्र समेट्ने |
| २४. | समावेशीकरण आयोग राज्यको हर अंगमा समावेशी भए नभएको निगरानी गर्नुपर्ने |

| | |
|---|---|
| २५. | प्रगतिशील आरक्षणको व्यवस्था |
| २६. | समावेशीको नाममा देशलाई विखण्डीकरण गर्नु नहुने |
| २७. | पाठ्यक्रममा समावेश गरेको महिला पुरुषको भिन्नता लेखन प्रणाली हटाउनु पर्ने (जस्तै : बुवा अफिस जानुहुन्छ र आमा खाना पकाउनु हुन्छ) |
| २८. | ५५ वर्षमा वृद्धभत्ता दिने |
| २९. | सम्पूर्ण उत्पीडित उपेक्षित वर्ग, जाति, क्षेत्र, लिङ्ग तथा समुदायलाई राज्यका सबै संयन्त्रहरूमा समानुपातिक प्रतिनिधित्व सहित विशेषाधिकारको व्यवस्था गरिनु पर्ने |
| ३०. | हरेक मन्त्रालयमा 'समावेशी डेस्क' को व्यवस्था गरिनु पर्छ |

**प्रश्न ११ दलित/महिला/आदिवासी जनजाति/युवा/बालबालिका/श्रमिक/किसान/अपाङ्ग/मधेसी/वृद्धवृद्धा/मुस्लिम लगायत अल्पसंख्यकको सन्दर्भमा संविधानमा के कस्तो विशेष व्यवस्था गर्नुपर्ला ?**

| | |
|---|---|
| १. | रोजगारी र अरु कार्यक्रममा आरक्षण |
| २. | अल्पसंख्यकको अधिकारको सुनिश्चितता |
| ३. | भेदभावको अन्त |
| ४. | एक मधेश एक प्रदेश जस्ता नारा हटाउनुपर्छ |
| ५. | एकल महिलालाई विशेष सुरक्षा दिने |
| ६. | सबै सार्वजनिक पदमा ५० प्रतिशत महिला हुनुपर्ने |
| ७. | महिलालाई सम्पत्तिमा राजश्व मिन्हा गर्नुपर्ने |
| ८. | किरातलाई सू.प. र मधेशीलाई पहाडमा बसाई सराई गर्ने |
| ९. | ब्राह्मण र क्षेत्रीलाई पनि समेट्नुपर्ने |
| १०. | दलितको परिभाषा जातको आधारमा नगरि आर्थिक हैसियतमा गर्ने |
| ११. | रोजगारीको व्यवस्था |
| १२. | राजनीतिमा समावेशी कोटा |
| १३. | लैङ्गिक समानता |
| १४. | सबैको समान पहुँच |
| १५. | महिला, आदिवासी जनजाति, दलित, युवा, बालबालिका, श्रमिक, किसान, मधेशी, वृद्धवृद्धा, मुस्लिम लगायत अल्पसंख्यकको विशेष अधिकार |
| १६. | अवसरमा पहुँच |
| १७. | सशक्तिकरणको माध्यम (चेतनामूलक कार्यक्रम, भ्रमण, क्षमता बृद्धिका लागि तालिम र स्वरोजगारीको व्यवस्था) |
| १८. | दलित मन्त्रालयको व्यवस्था |
| १९. | प्रशासकीय काममा पनि आरक्षण |
| २०. | युवा, महिला, बालबालिकालाई देशको मूल आधार मान्ने |

| | |
|---|---|
| २१. | अपाङ्गलाई सीप र रोजगारीको ग्यारेण्टी |
| २२. | खाना, बस्न र स्वास्थ्य उपचारको ग्यारेण्टी |
| २३. | अल्पसंख्यकलाई जनसंख्याको आधारमा आरक्षण |
| २४. | समान अवसर, मान सम्मान |
| २५. | सहज वातावरण शान्ति सुरक्षा, स्वास्थ्य र रोजगारीको प्रत्याभूति |
| २६. | दलित, महिला र आदिवासीलाई विशेष आरक्षण |
| २७. | उत्पिडनमा परेका गरिब, पिछिडिएका वर्गका लागि विशेष कार्यक्रम |
| २८. | एकल महिला, बालबालिका, अपाङ्ग र वृद्धवृद्धालाई सामाजिक सुरक्षा |
| २९. | प्रतिभा प्रर्दशन |
| ३०. | छोराछोरी नपढाउने अभिभावकलाई कारवाही |
| ३१. | निःशुल्क शिक्षा |
| ३२. | दलित, महिला र आदिवासीलाई विशेष आरक्षण, आर्थिक सामाजिक शैक्षिक र राजनीतिमा अगाडी |
| ३३. | घर छाप्रो नभएकालाई बासको ग्यारेण्टी |
| ३४. | केही समयसम्म आरक्षण दिने |
| ३५. | बिनाधितो बैंकबाट कर्जा पाउने |
| ३६. | वैदेशिक रोजगारीमा आरक्षण कोटा |
| ३७. | सरकारमा सहभागी गराएर |
| ३८. | राजनैतिक तथा आर्थिक रुपले सहभागी गराउने |
| ३९. | सिपमूलक शिक्षा, रोजगारी र भत्ताको व्यवस्था |
| ४०. | आत्मनिर्भर बनाउने |
| ४१. | आरक्षणको नाममा टिके जागिर हैन, क्षमता विकास गरी रोजगारीको व्यवस्था । |
| ४२. | जातीयता धर्म र लिङ्ग भन्दा आर्थिक अवस्था, चेतनास्तर, व्यक्तिगत तथा शारीरिक अशक्तता, वृद्ध, नाबालकपनका आधारमा विशेष व्यवस्था गर्नुपर्ने |
| ४३. | अपाङ्गलाई पहिलो सूचिमा राख्ने |
| ४४. | पारिवारिक तथा बालबालिका अदालत गठन हुनुपर्ने |
| ४५. | योग्यता अनुसार काम, काम अनुसारको दाम हुनुपर्ने |
| ४६. | ५ वर्षका लागि विशेषाधिकारको व्यवस्था |
| ४७. | “वसुधैव कुटुम्वकम” सिद्धान्त अनुसार |
| ४८. | मजदूरको लागि खाद्य वस्तुमा ५० % छुट हुनुपर्ने |
| ४९. | योगी, जोगी, पुरी, भारती र नाथ जातिको संरक्षण हुनुपर्ने |
| ५०. | बालबालिका ६ वर्ष नपुग्दासम्म राज्यले पौष्टिक आहार उपलब्ध गराउनु पर्ने |
| ५१. | वृद्धवृद्धा ६० वर्षको उमेर पुगेपछि मासिक भत्ता दिनुपर्ने |
| ५२. | जनसंख्याको आधारमा कोटा निर्धारण |

| | |
|---|---|
| ५३. | भत्ताको उचित प्रबन्ध गर्नुपर्ने |
| ५४. | ५० वर्ष नाघेपछि वृद्ध भनिनुपर्छ र वृद्ध भत्ता दिनुपर्ने |
| ५५. | तेस्रो लिङ्गीलाई राज्यले संरक्षण गर्नुपर्ने र अपहेलना हुन नपाउने व्यवस्था |
| ५६. | बालबालिकाको संरक्षण, सम्बर्द्धन, शिक्षा र स्वास्थ्यको दायित्व राज्यको हुनुपर्ने |
| ५७. | खेत नभएका किसानलाई खेत बाँड्नु पर्ने |
| ५८. | बालश्रमको बन्देज |
| ५९. | राज्यसत्तामा समानुपातिक प्रतिनिधित्व |
| ६०. | आत्मनिर्भरताको लागि तालिमको व्यवस्था |
| ६१. | अपाङ्गलाई ५० प्रतिशत छुट |
| ६२. | दलित भन्ने शब्द हटाउनु पर्ने |
| ६३. | छुवाछुतको अन्त्य गर्न मृत्युदण्डको व्यवस्था गरिनु पर्ने |
| ६४. | मधेशी भनेर आरक्षण गरिए पहाडी भनेर पनि गरिनु पर्ने |
| ६५. | Semi Sex लाई पनि यो प्रश्नावलीमा समेटिनु पर्ने । |
| ६६. | मधेशीलाई समावेशीकरण गर्दा मिश्र, ठाकुर, राजपुत जातका उच्च वर्गीय मधेशीलाई आरक्षणको व्यवस्थामा बन्देज गरिनु पर्ने |

## लैङ्गिक तथा यौनिक विषय सम्बन्धी

**प्रश्न नं. १२ महिला वा लैङ्गिक अल्पसंख्यक भएकै कारणले भोग्नु परेका समस्या र विभेद अन्त्य गर्न संविधानमा कस्तो व्यवस्था गर्नुपर्ला ?**

| | |
|---|---|
| १. | विभेद अन्त्यका लागि विशेष व्यवस्था गर्ने । |
| २. | चेलीबेटी बेचविखन र यौनशोषणको अन्त्य |
| ३. | दाईजो प्रथाको अन्त्य, छोरा छोरीलाई समान व्यवहार |
| ४. | रोजगारीको अवसरमा प्राथमिकता, महिला शिक्षामा जोड |
| ५. | क्षतिपूर्ति सहित विशेषाधिकारको व्यवस्था |
| ६. | महिला, बाल र पारिवारिक अदालत गठन |
| ७. | शिशु स्याहार केन्द्रको व्यवस्था |
| ८. | यौनकर्मी महिलालाई पुनर्स्थापना र रोजगारीको व्यवस्था |
| ९. | विवाह पछि पतिलाई पत्नीको घर जाने अधिकार सुरक्षित गर्ने |
| १०. | विभेद गर्नेलाई दण्डको व्यवस्था गर्नु पर्ने |
| ११. | नैतिक शिक्षाको विकास गर्ने |
| १२. | घरेलु महिलाको श्रमको मूल्याकंन हुनुपर्ने |
| १३. | अधिकार सुनिश्चित गर्नुपर्ने |
| १४. | भावनाको कदर हुनुपर्ने |
| १५. | रोजगारीको अवसर दिनुपर्ने |

| | |
|---|---|
| १६. | आर्थिक अधिकार सुनिश्चित गरिनुपर्ने |
| १७. | कानूनी उपचारको ग्यारेण्टी हुनुपर्ने |
| १८. | घरेलु हिंसाको अन्त्यको लागि शिक्षा र चेतना |
| १९. | महिला वा लैङ्गिक अल्पसंख्यकलाई तालिम, शिक्षा वा सीप दिएर पुरुषको दाँजोमा पुऱ्याउनु पर्ने |
| २०. | कानून र नीतिको कार्यान्वयन र अनुगमनको व्यवस्था |
| २१. | कानून उल्लङघन गर्नेलाई दण्डको व्यवस्था गर्नुपर्ने |
| २२. | घरमूलीलाई घरको जेष्ठ नागरिक मान्नुपर्ने |
| २३. | महिलालाई पुरुष भन्दा बढी अधिकार दिनुपर्ने |
| २४. | गाँउगाँउमा चेतनामूलक तालिम, शिविर बनाउनु पर्ने |
| २५. | महिला शिक्षामा जोड दिनु पर्ने |
| २६. | विवाहको उमेर तोकिनु पर्ने |
| २७. | छाडा यौन संस्कार बन्द हुनुपर्छ, लैङ्गिक विभेद अन्त्य हुनुपर्ने |
| २८. | महिला पुरुष नभनेर नेपाली नागरिक भन्ने |
| २९. | अन्तरजातीय विवाहलाई कानूनमा नै पुरस्कृत गर्ने व्यवस्था गर्ने, सामाजिक बहिष्कार गर्नेलाई दण्डित गर्ने |
| ३०. | वादी प्रथा र कमलहरी प्रथा हटाउनुपर्ने |
| ३१. | महिला विरुद्धको विभेद र अत्याचारको अन्त्य |
| ३२. | घरायसी कामको बोझ कम गर्ने |
| ३३. | चाहेभन्दा बढी सन्तान जन्माउन नपाउने |
| ३४. | उच्च मातृ तथा बाल मृत्यु रोक्न पर्ने |
| ३५. | महिलाको थप शारीरिक समस्या |
| ३६. | महिला शिक्षालाई व्यवसायमूलक बनाउनुपर्ने |
| ३७. | अल्पसंख्यक र महिलालाई प्रोत्साहनको नीति |
| ३८. | समान कामको समान पारिश्रमिक |
| ३९. | महिलालाई सम्बन्ध विच्छेदको अधिकार |
| ४०. | महिलालाई राज्यको सुविधामा अग्रपंक्तिमा राख्ने |
| ४१. | हक र अधिकारको लागि लड्न सिक्न पाउनुपर्ने अधिकार |
| ४२. | पैतृक सम्पत्तिमा छोराछोरीको समान हक |
| ४३. | कानूनमा कडाई, प्रभावकारी अनुगमन |
| ४४. | महिलालाई आत्मनिर्भर बनाउने कार्यक्रम संचालन गर्ने |
| ४५. | सन्तान नपाएकै कारणबाट श्रीमानले अर्को विवाह गर्ने संस्कारको अन्त्य गरिनु पर्ने |
| ४६. | कानूनी उपचारको निःशुल्क व्यवस्था |
| ४७. | अन्धविश्वासको अन्त्य |
| ४८. | लैङ्गिक अल्पसंख्यकहरूले आत्मनिर्णयको अधिकार पाउनु पर्ने |
| ४९. | छोरीलाई निःशुल्क उच्च शिक्षा र रोजगारी दिने व्यवस्था |
| ५०. | विवाह दर्ता हुनासाथ श्रीमानको आधा अंश महिलाको नाममा दर्ता हुने |
| ५१. | बलात्कारीलाई ज्यान मारेको सरह सजाय दिनुपर्छ |
| ५२. | महिलाद्धारा महिलामाथि हुने हिंसामा रोक लगाउनु पर्ने |
| ५३. | सक्रिय महिला आयोगको गठन |

| | |
|---|---|
| ५४. | महिला विरुद्ध विभेद गर्ने जोसुकैलाई पनि मृत्युदण्ड दिने |
| ५५. | बोक्सीको आरोप लगाउनेलाई कडा कारवाही |
| ५६. | लैङ्गिक अल्पसंख्यक वा महिलाको विभेद समाप्त गर्न संवैधानिक आयोगको व्यवस्था गर्ने |
| ५७. | आफ्नो शरीरमाथि अरु कसैको अधिकार लागू नहुने |
| ५८. | पुरुषले बहुविवाह गर्न नपाउने, महिलाले अर्को विवाह गर्न नपाउने, विधुबाले विवाह गर्न पाउनुपर्ने |
| ५९. | बलात्कार गर्ने र चेलीबेटी बेचविखन गर्नेलाई जन्म कैद र यौन दुरव्यवहार तथा यौन शोषण गर्नेलाई कडा जरिवाना |
| ६०. | महिला मेसिन होइन महिला शक्ति हो |
| ६१. | समस्या सुन्ने संकलन गर्ने संयन्त्रको विकास गर्ने |
| ६२. | महिला कर्मचारीको आमाबुवाको निधन हुँदाँ १३ दिन क्रिया बिदा पाउनुपर्ने |
| ६३. | मजदूर महिलाहरूका बच्चाहरूलाई शिशु स्याहार केन्द्रको व्यवस्था |
| ६४. | 'Law of equal and equity in gender base depending on social welfare' बनाइनु पर्ने |
| ६५. | बच्चा जन्माउने उमेर २० वर्ष पूरा हुनुपर्छ भनेर तोकिनु पर्ने |
| ६६. | महिलालाई यातना दिने महिला हिंसा, यौन शोषण जस्ता क्रियाकलाप गरेमा दोषीलाई मृत्युदण्डको व्यवस्था गरिनु पर्ने |
| ६७. | महिला हितको पक्षमा भारतीयनाका सील गरी पासपोर्टको व्यवस्था गर्ने |
| ६८. | पुरुषको तुलनामा महिलालाई १०% बढी अधिकार दिइनु पर्ने |
| ६९. | छुट्टै महिला कानून बनाइनु पर्ने |
| ७०. | अन्तरजातीय विवाहलाई खुल्ला गरिनु पर्ने |

**प्रश्न नं. १३ महिलाले प्राकृतिक दायित्वका रुपमा पूरा गर्दै आएको प्रजनन दायित्व/बच्चा जन्माउने भूमिका र घरायसी दायित्वको मूल्यांकन गर्न संविधानमा कस्तो व्यवस्था गरिनु पर्ला ?**

| | |
|---|---|
| १. | देश र समाज सुहाउँदो हुनुपर्छ। |
| २. | संविधानमा आवश्यक छैन कानूनमा राख्नु पर्ने |
| ३. | गर्भवती हुँदाँ महिलाका सुरक्षाको ग्यारेण्टी |
| ४. | महिलालाई पूर्ण अधिकार |
| ५. | प्रजनन कार्यमा करकाप गरे दण्डनीय |
| ६. | घरायसी काममा पुरुषको अनिवार्य सहभागिता |
| ७. | स्वस्थ ठाउँमा स्वस्थ तरिकाले बच्चा जन्माउन पाउनु पर्ने |
| ८. | प्रजनन दायित्व महिलाको इच्छा बिपरित हुन नपर्ने |
| ९. | महिला नभई केही पनि हुन्न भन्ने कुरा राख्नु पर्ने |
| १०. | राजनीतिक र सामाजिक क्षेत्रमा महिलाको समान अधिकार |
| ११. | गाउँगाउँमा सुत्केरी केन्द्र बनाउनु पर्ने |
| १२. | घरायसी दायित्व मूल्याङ्कन गर्न संविधानमा महिलालाई हेर्ने नयाँ निकाय गठन गर्नुपर्ने |
| १३. | बच्चा जन्माउन महिलाले विवाह गर्न नपर्ने |
| १४. | जनसंख्या धेरै भएकोले बच्चा जन्माउन रोक लगाउन पर्ने |
| १५. | मातृसत्ता र पितृसत्ता दुवैको प्रत्याभूति हुने गरी संवैधानिक व्यवस्था गर्ने |

| | |
|---|---|
| १६. | सुत्केरी महिलालाई सुत्केरी भत्ताको व्यवस्था |
| १७. | महिलाको आत्मरक्षा र जीवन निर्णयको अधिकार दिनुपर्ने |
| १८. | सुत्केरी अवस्थामा घरघरमा स्वास्थ्यकर्मीको व्यवस्था गर्ने |
| १९. | महिला र पुरुषको विवाहको उमेर २२ वर्ष तोकिनु पर्ने |
| २०. | महिलाले चाहेमा गर्भपतन गराउन पाउनु पर्ने |
| २१. | सन्तान नभएका महिलाहरूको हक सुनिश्चित गर्ने |
| २२. | घरको अधिकार सबै महिलालाई दिनु पर्ने |
| २३. | महिलाले बच्चा करले होइन रहरले जन्माउन पाउनु पर्ने |
| २४. | पुरुषलाई भन्दा महिलालाई बढी हक दिनु पर्ने |
| २५. | महिलाको दिनभर घरको काम र पुरुषको अफिसको काम बराबर हुने कानून बन्नु पर्ने |
| २६. | हरेक गा.वि.स.मा निःशुल्क प्रसूति गृहको व्यवस्था |
| २७. | क्यालोरीयुक्त खाना सुत्केरी अवस्थामा र कम्तीमा ३ महिना सम्मकोलागि व्यवस्था |
| २८. | नागरिकता र लालपूर्जामा महिला पुरुष दुवैको नाम उल्लेख हुनु पर्ने |
| २९. | महिला गर्भवती अवस्था आफ्नो इच्छा अनुसार कामकाज गर्ने नियम बनाउनु पर्ने |
| ३०. | स्थानीय निकायलाई जिम्मेवारी दिने |
| ३१. | दुई भन्दा बढी बच्चा जन्माउनेलाई कारवाही |
| ३२. | लैङ्गिक समानता |
| ३३. | स्याहारसुसार र सुत्केरी अवस्थाको पालनपोषण |
| ३४. | महिला र पुरुषलाई बराबरी जिम्मेवारी |
| ३५. | सेवा, सुविधा र विशेष अधिकार |
| ३६. | महिला हिंसा विरुद्ध कानूनको उचित कार्यान्वयन |
| ३७. | केन्द्रीय प्रदेश र स्थानीय तहमा जनचेतना जगाउने कार्यालयको व्यवस्था |
| ३८. | प्रजननमा सहयोग नगर्ने घरपरिवारका सदस्यलाई कानूनी सजाय |
| ३९. | राज्यको हरेक संयत्रमा समान सहभागिता |
| ४०. | घरेलु हिंसा विरुद्ध कानून |
| ४१. | उच्चा शिक्षा र प्राज्ञिक क्षमता प्राप्तीको अधिकार |
| ४२. | महिलालाई शिपमूलक र आय आर्जनको काम |
| ४३. | स्वास्थ्य चौकीमा बच्चा जन्माउन पाउने अधिकार |
| ४४. | उचित स्याहार संभार र हेरचाहको व्यवस्था गर्ने, पर्याप्त पोषणको व्यवस्था गर्ने, स्वास्थ्य परीक्षणको व्यवस्था गर्ने, माया ममता र स्नेह दिने र सुत्केरी अधि र पछि पर्याप्त आरामको व्यवस्था गर्ने |
| ४५. | महिला स्वास्थ्य कमजोर छ भनेर प्रमाणित भएमा बच्चा जन्माउन बन्देज गर्ने अधिकार महिलालाई दिनुपर्ने |
| ४६. | सुत्केरी हुँदाँ महिलालाई कम्तीमा ६ महिना विदा दिने व्यवस्था |
| ४७. | महिला बाहेक बच्चा जन्माउन अरुले नसक्ने भएकोले आमा बन्ने कुरालाई पनि राष्ट्रलाई योगदान पुऱ्याएको कुरा संविधानमा लेख्नु पर्छ । |
| ४८. | महिलाले गरेका घरायसी दायित्वलाई पनि आय वा आम्दानीमा गणना गर्नुपर्ने |
| ४९. | सम्मानित मातृत्वको हक |
| ५०. | १ मात्र बच्चा जन्माउनेलाई उचित पुरस्कार, २ वटा जन्माउनेलाई ठीक पुरस्कार |
| ५१. | गाउँस्तरमै प्रसूती सेवा व्यवस्था |
| ५२. | जन्मान्तर महिलाको निर्णयबाट हुनुपर्छ |

| | |
|---|---|
| ५३. | एक सन्तान सुखी नारा लागू गर्ने सो भन्दा बढी सन्तान भएमा कारवाही गर्ने |
| ५४. | श्रीमानलाई १५ दिन सुत्केरी बिदा |
| ५५. | छोरी जन्माउँदा हेला हुने परिपाटी हटाउन दण्डको व्यवस्था गर्ने |
| ५६. | जुम्लाहा बच्चा भएमा सरकारले भरणपोषणको पूर्ण व्यवस्था गर्नुपर्ने |
| ५७. | बच्चा पेटमा भएको अवस्था देखि सुत्केरी भएको १ वर्ष सम्म जोखिमपूर्ण र गरुङ्गो काम गर्न नपाउने नियम हुनुपर्छ |
| ५८. | जीवनको अन्तीम अवस्थामा राज्यले भरण पोषण गर्ने |
| ५९. | सुरक्षित मातृत्व तथा प्रजनन अधिकार, स्वास्थ सेवा निःशुल्क |
| ६०. | महिलाको सांगठनिक संजाल निर्माण गर्ने |
| ६१. | महिलालाई सुत्केरी भत्ता, सुत्केरी बिदा कम्तीमा ३ महिना दिनुपर्ने |
| ६२. | महिलालाई सुत्केरीमा पौष्टिक आहारको व्यवस्था गर्नुपर्ने |
| ६३. | पूरुष महिला दवैले बहुविवाह गर्न नपाउने |
| ६४. | श्रीमानलाई पनि ९० दिन सुत्केरी विदा दिने व्यवस्था गरिनु पर्ने |
| ६५. | दुई सन्तानमात्र जन्माउनेलाई पुरस्कारको व्यवस्था गर्नुपर्ने |
| ६६. | समान अधिकार 'ऐच्छिक प्रजनन' को नीति अख्तियार गरिनु पर्ने |
| ६७. | लैङ्गिक अधिकारको सुनिश्चितता हुनुपर्ने |
| ६८. | प्रत्येक नागरिकलाई वंशको अधिकार स्थापित हुनुपर्ने |

## १४. लैङ्गिक समान समाज निर्माणको लागि संविधानमा के कस्तो व्यवस्था गरिनुपर्ला ?

| | |
|---|---|
| १. | महिलाको इच्छा बमोजिम सन्तान जन्माउनु पर्ने अधिकारको सुनिश्चितता |
| २. | महिला र पुरुषको आधारमा कोटा हुनुहुदैन प्रतिस्पर्धाको आधारमा छानिनु पर्ने |
| ३. | महिलालाई हेप्ने शब्दहरू नेपाली शब्दकोषबाट हटाउने व्यवस्था हुनुपर्ने |
| ४. | लैङ्गिक बजेट हुनुपर्ने |
| ५. | निर्णयक तहमा महिलालाई समावेश गर्ने |
| ६. | महिला र पुरुष दुई जात मात्र हुने |
| ७. | कसैले थिचोमिचो गऱ्यो भने समाजले नै कारवाही गर्ने |
| ८. | दाइजो प्रथाको अन्त्य गर्ने |
| ९. | समानतामा आधारित कानून |
| १०. | महिला विरुद्धका सम्पूर्ण विभेद अन्त्य गर्ने यूएनको महासन्धी १९७९ लाई कार्यान्वयन गर्नु पर्ने, महिलालाई केही समय सकारात्मक विभेदको आधारमा आरक्षण गर्नु पर्ने |
| ११. | पुरुष प्रधान देश नभई महिला पुरुष समानता हुनु पर्ने |
| १२. | स्थानीय स्तरमा लैङ्गिक समानताको आयोगको स्थापना गर्ने |
| १३. | धार्मिक अन्धविश्वासलाई तिरस्कार गर्ने |
| १४. | निर्णायक तहमा ५० प्रतिशत महिलाको उपस्थिती अनिवार्य हुनुपर्ने |
| १५. | समान अधिकार र कार्य विभाजन गरि सबल परिवारको नमूना देखाउनेलाई राष्ट्रबाट नै पुरस्कारको व्यवस्था गर्नु पर्ने |
| १६. | लैङ्गिक विभेद गर्नेलाई कारवाही |
| १७. | समानताका लागि ठोस व्यवस्था |
| १८. | विभेदकारी राजनीति, आर्थिक, सामाजिक, सांस्कृतिक, परम्परा र मान्यतालाई दण्डनीय |

| | |
|---|---|
| | बनाउनु पर्ने |
| १९. | महिला पुरुषलाई समान सहभागिता |
| २०. | महिलालाई विशेष आरक्षण |
| २१. | क्षमता अनुसार राज्यको सबै अंगमा समान सहभागिता |
| २२. | मदिरा रक्सीको अन्त्य |
| २३. | जनचेतना जगाउने |
| २४. | एक छोरा एक छोरी जन्माउन पर्ने कडा व्यवस्था |
| २५. | दण्ड र पुरस्कारको व्यवस्था |
| २६. | प्राथमिकता देखि उच्च मा.वि. सम्म लैङ्गिक समानता सम्बन्धी पाठ्य पुस्तकमा व्यवस्था गर्नुपर्ने |
| २७. | महिलालाई सरकारी अंगमा ३३ प्रतिशतको व्यवस्था |
| २८. | रुढीवादी परम्परागत विकृति एंव विसङ्गतीलाई समाप्त गर्ने ऐन कानूनको निर्माण गर्नैपर्ने अनिवार्य व्यवस्था |
| २९. | ५० प्रतिशत अनिवार्य आरक्षण |
| ३०. | समान अधिकार, समान व्यवहार, समान अवसर र सुविधा |
| ३१. | महिला र पुरुषको समान साझेदारिता |
| ३२. | राज्यको अंगमा महिला र पुरुषको हक समान हुनुपर्ने |
| ३३. | जातीय तथा लैङ्गिक विभेद गर्नेलाई सर्वश्व सहित आजीवन जेल सजाय गर्नु पर्ने |
| ३४. | मेलमिलाप केन्द्र खोल्ने |
| ३५. | सहकार्यमा जोड |
| ३६. | यौनकर्मीलाई रोजगारी |
| ३७. | सम्पूर्ण सामाजिक कार्यको जिम्मा महिलालाई दिनु पर्ने |
| ३८. | महिला माथि कुटपीट गर्नेलाई फाँसीको सजाय |
| ३९. | जनसंख्या नियन्त्रण गर्ने वैज्ञानिक नीति बनाउन पर्ने। |
| ४०. | सेना, पुलिस, प्रशासनमा समान भर्ना हुनुपर्ने |
| ४१. | वच्चा जन्माएपछि भत्ता दिनुपर्ने |
| ४२. | विवाह गर्दा दुवैको इच्छा भएमा मात्रै गर्ने |
| ४३. | लैङ्गिक समानताको कुरा विद्यालय कोर्समा राख्नु पर्ने |
| ४४. | मानवहित, मानवता, लैङ्गिक समानता पाठ्यक्रम राखी कक्षा १ देखि नै शिक्षा दिनुपर्ने |
| ४५. | सम्बन्ध विच्छेदको अधिकार महिला पुरुष दुवैलाई |
| ४६. | महिलालाई अधिकार र रोजगार |
| ४७. | श्रीमानले श्रीमती र श्रीमतीले श्रीमानको मर्म सम्झेर काम गर्नु पर्ने |
| ४८. | महिलाबाट पुरुषमाथि हुने शोषणलाई पनि नजरअन्दाज गर्नु पर्ने |
| ४९. | सुश्री र श्रीमती लेख्नु हुन्न |
| ५०. | आ-आफ्नो धर्म अनुसार लैङ्गिक समाजको व्यवस्था गरिनु पर्ने |
| ५१. | बिहानको घरायसी काम महिलाले र बेलुकीको पुरुषले गर्ने व्यवस्था हुनु पर्ने |

# अनुसूची - ५

## उपसमितिहरूको गठन तथा कार्य विवरण

**(समितिको मिति ०६५।९।४ को बैठकबाट पारित)**

☞ कार्यसूची तथा कार्यतालिका निर्माण उपसमिति

उपसमितिमा रहनु हुने मा.सभासद्हरूको नामावली :

| | | |
|---|---|---|
| मा.श्री उषाकला राई | - | संयोजक |
| मा.श्री गणेश तिवारी नेपाली | - | सदस्य |
| मा.श्री तिलकबहादुर थापा मगर | - | ,, |
| मा.श्री दाल कुमारी सुनवार | - | ,, |
| मा.श्री भूपेन्द्र चौधरी | - | ,, |
| मा.श्री रामकृष्ण यादव | - | ,, |
| मा.श्री लीला न्याइच्याई | - | ,, |
| मा.श्री सावित्रीकुमार काफ्ले | - | ,, |
| मा.श्री सीता पोखरेल | - | ,, |
| मा.श्री सुनीलबाबु पन्त | - | ,, |

कार्य विवरण-

- कृयाकलाप, कार्यअवधि र विधि समेतको कार्यविवरण र कार्यसूची तयार गरी समिति समक्ष पेश गर्ने ।

मौलिक अधिकार उपसमिति(**समितिको मिति ०६५।१०।६ को बैठकबाट पारित**)

☞ मौलिक अधिकार उपसमिति

उपसमितिमा रहनु हुने मा.सभासद्हरूको नामावली :

| | | |
|---|---|---|
| मा.श्री कर्णजीत बुढाथोकी | - | संयोजक |
| मा.श्री कुमार राई | - | सदस्य |
| मा.श्री गणेश तिवारी नेपाली | - | ,, |
| मा.श्री तिलकबहादुर थापा मगर | - | ,, |
| मा.श्री धिरेन्द्रबहादुर श्रेष्ठ | - | ,, |
| मा.श्री प्रदीपकुमार ज्ञवाली | - | ,, |
| मा.श्री भूपेन्द्र चौधरी | - | ,, |
| मा.श्री महा नेपाली | - | ,, |
| मा.श्री रमेश लेखक | - | ,, |
| मा.श्री लीला न्याइच्याई | - | ,, |
| मा.श्री सावित्रीकुमार काफ्ले | - | ,, |
| मा.श्री सीतादेवी बौडेल | - | ,, |
| मा.श्री हेमराज भण्डारी | - | ,, |

कार्य विवरण-

- मौलिक अधिकारको अवधारणा
- नेपाल पक्ष भएका मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिहरूमा व्यवस्थित मानव अधिकारको अध्ययन र समीक्षा
- नेपालका विभिन्न संविधान तथा संवैधानिक दस्तावेजहरूको अध्ययन र समीक्षा
    - नेपाल सरकार वैधानिक कानून, २००४,
    - नेपालको अन्तरिम शासन विधान, २००७,
    - नेपाल अधिराज्यको संविधान, २०१५,
    - नेपालको संविधान, २०१९,
    - नेपाल अधिराज्यको संविधान, २०४७,
    - प्रतिनिधि सभाको घोषणा, २०६३
    - नेपालको अन्तरिम संविधान, २०६३
- जनआन्दोलन-२ पश्चात नेपाल सरकार र विभिन्न पक्षसँग भएका समितिको कार्यक्षेत्रसँग सम्बन्धित संझौता र प्रतिबद्धताहरूको अध्ययन र समीक्षा
- मौलिक अधिकारसम्बन्धी विश्वका केही उदाहरणीय मुलुकहरूको तुलनात्मक समीक्षा
- नेपाली नागरिकलाई प्राप्त हुने मौलिक अधिकार
- व्यक्तिलाई प्राप्त हुने मौलिक अधिकार
- मौलिक अधिकार र सकारात्मक विभेद
- मौलिक अधिकारको कार्यान्वयन/प्रचलन
- मौलिक अधिकारउपर उचित बन्देज र बन्देजका आधारहरू
- संकटकालीन अवस्थामा मौलिक अधिकार
- मौलिक कर्तव्यसम्बन्धी व्यवस्था
- मौलिक अधिकारको नवीनतम् अवधारणा र अभ्यास
- संविधानमा समावेश गर्नुपर्ने मौलिक अधिकार एवं कर्तव्यको पहिचान र व्यवस्था
- उपसमितिले आवश्यक ठानेका अन्य विषयहरू

## ☞ निर्देशक सिद्धान्त र नीति उपसमिति

**उपसमितिमा रहनु हुने मा.सभासद्हरूको नामावली :**

| | | |
|---|---|---|
| मा.श्री राजकाजी महर्जन | - | संयोजक |
| मा.श्री अकलबहादुर थिङ | - | सदस्य |
| मा.श्री कमला रोक्का | - | ,, |
| मा.श्री चन्द्रप्रसाद गजुरेल | - | ,, |
| मा.श्री चन्द्रिकाप्रसाद यादव | - | ,, |
| मा.श्री धर्मराज निरौला | - | ,, |
| मा.श्री रामकृष्ण यादव | - | ,, |

कार्य विवरण-

- निर्देशक सिद्धान्त तथा नीतिको अवधारणा
- राज्यको दायित्वसम्बन्धी व्यवस्था
- सामाजिक न्यायका लागि राज्यले अपनाउनु पर्ने विशेष संरक्षणात्मक नीति
- राज्यका प्रमुख क्षेत्रगत नीतिहरू

- निर्देशक सिद्धान्त र मौलिक अधिकारबीचको भिन्नता र अन्तरसम्बन्ध
- नेपालका विभिन्न संविधान तथा संवैधानिक दस्तावेजहरूको अध्ययन र समीक्षा
    - नेपाल सरकार वैधानिक कानून, २००४,
    - नेपालको अन्तरिम शासन विधान, २००७,
    - नेपाल अधिराज्यको संविधान, २०१५,
    - नेपालको संविधान, २०१९,
    - नेपाल अधिराज्यको संविधान, २०४७,
    - प्रतिनिधि सभाको घोषणा, २०६३
    - नेपालको अन्तरिम संविधान, २०६३
- राज्यका निर्देशक सिद्धान्त तथा नीतिको कार्यान्वयन
- राज्यका निर्देशक सिद्धान्त तथा नीति सम्वन्धी उदाहरणीय मुलुकहरूको तुलनात्मक समीक्षा
- राज्यका निर्देशक सिद्धान्त तथा नीति सम्वन्धी नविनतम अवधारणा
- संविधानमा समेटिनु पर्ने राज्यका प्रमुख निर्देशक सिद्धान्त र नीतिहरूको पहिचान
- उपसमितिले आवश्यक ठानेका अन्य विषयहरू

☞ **नागरिकता सम्बन्धी उपसमिति**

**उपसमितिमा रहनु हुने मा.सभासद्हरूको नामावली :**

| | | |
|---|---|---|
| मा.श्री विष्णुप्रसाद चौधरी थारु | - | संयोजक |
| मा.श्री उमा रेग्मी | - | सदस्य |
| मा.श्री नन्दनकुमार दत्त | - | ,, |
| मा.श्री पूजा खनाल | - | ,, |
| मा.श्री रामप्रित पासवान | - | ,, |
| मा.श्री शिवचन्द्रप्रसाद कुशवाहब | - | ,, |

कार्य विवरण-

- नागरिकता सम्वन्धी अवधारणा
- नागरिकता र राष्ट्रियता वीचको भिन्नता र अन्तर सम्वन्ध
- नागरिकताका किसिम र यसको पहिचान
- दोहोरो नागरिकता
- राज्यको संघीय संरचनामा नागरिकता सम्वन्धी व्यवस्था
- नागरिकता प्राप्तिका आधारहरू
- नागरिकता समाप्तीका आधारहरू
- नागरिकको राज्यप्रतिको दायित्व र राज्यले नागरिकप्रति गर्नुपर्ने संरक्षणात्मक व्यवस्था
- नेपालको नागरिकता संवैधानिक र कानूनी अभ्यासको अध्ययन र समीक्षा
    - नेपाल सरकार वैधानिक कानून, २००४,

- नेपालको अन्तरिम शासन विधान, २००७,
- नागरिकता ऐन, २००९
- नेपाल अधिराज्यको संविधान, २०१५,
- नेपालको संविधान, २०१९
- नागरिकता ऐन, २०२०
- नेपाल अधिराज्यको संविधान, २०४७,
- प्रतिनिधि सभाको घोषणा, २०६३
- नेपालको अन्तरिम संविधान, २०६३
- नागरिकता ऐन, २०६३

- नागरिकता सम्बन्धी विभिन्न अध्ययन प्रतिवेदनहरू ।
- नागरिकता सम्वन्धी उदाहरणीय मुलुकको तुलनात्मक समिक्षा
- गैरआवासीय नेपाली र नागरिकताको प्रश्न
- बालबालिकाको नागरिकता सम्वन्धी विषय
- नागरिकता सम्वन्धमा विभिन्न समयमा देखा परेका समस्या र समाधानका उपायहरू
- महिला र तेश्रो लिङ्गीको नागरिकताको विषय
- संविधानमा समेटिनु पर्ने नागरिकता सम्वन्धी विषय र क्षेत्रको पहिचान र व्यवस्था
- उपसमितिले आवश्यक ठानेका अन्य विषयहरू

### ☞ लैङ्गिक तथा यौनिक विषय उपसमिति

**उपसमितिमा रहनु हुने मा.सभासद्हरूको नामावली :**

मा.श्री उषाकला राई - संयोजक
मा.श्री मणि (खम्बु) किराती - सदस्य
मा.श्री महालक्ष्मी अर्याल उपाध्याय - ,,
मा.श्री सीता पोखरेल - ,,
मा.श्री सुनीलबाबु पन्त - ,,

**कार्य विवरण-**

- लैङ्गिक तथा यौनिक विषयको अवधारणा
- नेपाली समाजको लैङ्गिक विश्लेषण
- लैङ्गिक अधिकारको लेखाजोखा
- लैङ्गिक तथा यौनिक दृष्टिले नेपालका विभिन्न संविधान र संवैधानिक दस्तावेजहरूको अध्ययन र समीक्षा
  - नेपाल सरकार वैधानिक कानून, २००४,
  - नेपालको अन्तरिम शासन विधान, २००७,
  - नेपाल अधिराज्यको संविधान, २०१५,
  - नेपालको संविधान, २०१९,
  - नेपाल अधिराज्यको संविधान, २०४७,
  - प्रतिनिधि सभाको घोषणा, २०६३
  - नेपालको अन्तरिम संविधान, २०६३

- मौलिक अधिकारमा लैङ्गिक तथा यौनिक विषय
- लैङ्गिक तथा यौनिक दृष्टिले नेपाल पक्ष भएका मानव अधिकार सम्वन्धी अन्तर्राष्ट्रिय अभिसन्धिहरूको अध्ययन र समीक्षा
- लैङ्गिक तथा यौनिक दृष्टिले विश्वका केही उदाहरणीय मुलुकको संवैधानिक व्यवस्थाको अध्ययन
- नेपालको संविधानमा लैङ्गिक तथा यौनिक अधिकारका सम्वन्धमा गरिनु पर्ने व्यवस्थाहरूको पहिचान
- उपसमितिले आवश्यक ठानेका अन्य विषयहरू

☞ **सामाजिक न्याय, समावेशीकरण र विशेष संरक्षण उपसमिति**

**उपसमितिमा रहनु हुने मा.सभासद्हरूको नामावली :**

| | | |
|---|---|---|
| मा.श्री गगन थापा | - | संयोजक |
| मा.श्री अरविन्द साह | - | सदस्य |
| मा.श्री आङदावा शेर्पा | - | ,, |
| मा.श्री उर्मिला थापा | - | ,, |
| मा.श्री उर्मिला देवी साह | - | ,, |
| मा.श्री दालकुमारी सुनवार | - | ,, |
| मा.श्री परशुराम रम्तेल | - | ,, |
| मा.श्री मोहमद सफिक मिया | - | ,, |
| मा.श्री लालमणी चौधरी | - | ,, |
| मा.श्री सत्य पहाडी | - | ,, |

कार्य विवरण-

- सामाजिक न्याय, समावेशीकरण र विशेष संरक्षण सम्वन्धी अवधारणा
- मौलिक अधिकारमा समावेशीकरणको आवश्यकता, औचित्य र महत्व
- समावेशीकरण गरिनु पर्ने वर्ग, क्षेत्र र समुदायको पहिचानका आधार
- समावेशीकरणका क्षेत्रको पहिचान
- समावेशीकरण, राज्यको दायित्व र सामाजिक न्यायका लागि अपनाउनु पर्ने संवैधानिक व्यवस्था
- मौलिक अधिकारमा विशेष संरक्षणको आवश्यकता, औचित्य र महत्व
- मौलिक अधिकारमा विशेष संरक्षण गर्नुपर्ने क्षेत्र, वर्ग वा समुदायको पहिचानका आधार
- विशेष संरक्षण गरिनु पर्ने र नपर्ने मौलिक अधिकारको पहिचान
- राज्यका निर्देशक सिद्धान्त र नीतिमा विशेष संरक्षणको आवश्यकता, औचित्य र महत्व
- राज्यका निर्देशक सिद्धान्त र नीतिमा विशेष संरक्षण गर्नुपर्ने क्षेत्र, वर्ग वा समुदायको पहिचानका आधार
- विशेष संरक्षणले सामाजिक न्याय र राज्यको दायित्वमा पार्ने प्रभावको पहिचान
- सामाजिक न्याय, समावेशीकरण र विशेष संरक्षणका क्षेत्रमा केही उदाहरणीय मुलुकहरूको संवैधानिक व्यवस्था सम्वन्धी अध्ययन र समीक्षा
- संविधानमा सामाजिक न्याय, समावेशीकरण र विशेष संरक्षण प्रदान गरिनु पर्ने क्षेत्र, वर्ग र समुदायको मौलिक अधिकारको पहिचान र व्यवस्था
- उपसमितिले आवश्यक ठानेका अन्य विषयहरू ।

☞ अवशिष्ट विषय तथा अन्तर समिति समन्वय उपसमिति

**उपसमितिमा रहनु हुने मा.सभासद्हरूको नामावली :**

मा.श्री सुनीलबाबु पन्त - संयोजक
मा.श्री अकलबहादुर थिङ - सदस्य
मा.श्री आङदावा शेर्पा - ,,
मा.श्री गगन थापा - ,,
मा.श्री धर्मराज निरौला - ,,
मा.श्री तिलकबहादुर थापा मगर - ,,
मा.श्री पूजा खनाल - ,,

कार्य विवरण-

- समितिको कार्यसम्पादनको सिलसिलामा अन्य विषयगत र प्रकृयागत समितिसँग समन्वय गर्नुपर्ने विषय निर्धारण गर्ने
- जनमत संकलन, अन्तरकृया, गोष्ठी र छलफल कार्यक्रम आयोजना गर्न अन्य उपसमितिसँग समन्वय गर्ने
- सामाजिक न्याय, समावेशीकरण र विशेष संरक्षण सम्वन्धमा तत्सम्वन्धी विषयगत समितिसँग समन्वय गरी मौलिक अधिकारमा समेट्नु पर्ने विषय पहिचान गरी मौलिक अधिकार सम्वन्धी उपसमितिसँग समन्वय गर्ने
- समितिको कार्यक्षेत्रसँग सम्वन्धित अन्य समितिले निर्धारण गरेका विषयमा सरोकार राखी समन्वय गर्ने ।
- समितिको कार्यक्षेत्रसँग सम्वन्धीत अन्य विषय पहिचान गर्ने ।
- उपसमितिले आवश्यक ठानेका अन्य कार्यहरू गर्ने ।

☞ संविधानको अवधारणापत्र र मस्यौदा उपसमिति

**उपसमितिमा रहनु हुने मा.सभासद्हरूको नामावली :**

मा.श्री चन्द्रप्रसाद गजुरेल - संयोजक
मा.श्री अरविन्द साह - सदस्य
मा.श्री चन्द्रिकाप्रसाद यादव - ,,
मा.श्री तिलकबहादुर थापा मगर - ,,
मा.श्री प्रदीप कुमार ज्ञवाली - ,,
मा.श्री रमेश लेखक - ,,
मा.श्री लीला न्याइच्याई - ,,
मा.श्री उषाकला राई - ,,
मा.श्री कर्णजीत बुढाथोकी - ,,
मा.श्री गगन थापा - ,,
मा.श्री राजकाजी महर्जन - ,,
मा.श्री विष्णुप्रसाद चौधरी थारु - ,,
मा.श्री सुनिलबाबु पन्त - ,,

कार्य विवरण-

- उपसमितिहरूबाट प्राप्त भएका प्रतिवेदन र अन्य सन्दर्भ सामग्रीहरूको अध्ययन विश्लेषण गरी समितिले सभामा पेश गर्नुपर्ने अवधारणापत्र, व्याख्यात्मक टिप्पणी सहितको प्रारम्भिक मस्यौदा तयार गरी छलफलका लागि समिति समक्ष पेश गर्ने ।
- उपसमितिलाई आवश्यक परेमा कार्यदल गठन गरी कार्य सम्पादन गर्ने ।

# अनुसूची - ६

## संविधानसभा, समिति सचिवालयसँग आबद्ध पदाधिकारी तथा कर्मचारीहरूको नामावली

**संविधानसभा**

सम्माननीय श्री सुवासचन्द्र नेम्वाङ्ग अध्यक्ष
माननीय श्री पूर्णकुमारी सुवेदी उपाध्यक्ष

**मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समिति**

माननीय श्री बिन्दा पाण्डे सभापति

**संविधानसभा सचिवालय**

| सि.नं. | नाम | पद |
|---|---|---|
| १ | श्री मनोहरप्रसाद भट्टराई | कार्यवाहक महासचिव |
| २ | श्री कृष्णप्रसाद पाण्डे | सचिवालय-सचिव |

**समिति सचिवालयका कर्मचारीहरू**

| सि.नं. | नाम | पद |
|---|---|---|
| १ | श्री तोयनाथ भट्टराई | समिति सचिव |
| २ | श्री हिराकाजी तण्डुकार | उप सचिव |
| ३ | श्री धर्मराज पौडेल | उप सचिव (कानून) |
| ४ | श्री दुर्गाप्रसाद ढुङ्गेल | उप सचिव (कानून) |
| ५ | श्री सहदेव रायमाझी | शाखा अधिकृत |
| ६ | श्री चिरीकाजी महर्जन | शाखा अधिकृत |
| ७ | श्री रमेशप्रसाद गौतम | शाखा अधिकृत |
| ८ | श्री शर्मिला सुवेदी | नायव सुब्बा |
| ९ | श्री हिराध्वज कार्की | कम्प्युटर अपरेटर |
| १० | श्री विजयकृष्ण श्रेष्ठ | टाइपिष्ट नायव सुब्बा |
| ११ | श्री ठाकुरप्रसाद प्याकुरेल | खरिदार |
| १२ | श्री उद्धवप्रसाद सापकोटा | खरिदार |
| १३ | श्री कृष्णमुरारी आचार्य | ह.स.चा. |
| १४ | श्री धम्मे कुमाल | कार्यालय सहयोगी |
| १५ | श्री बिन्दा भट्टराई | कार्यालय सहयोगी |
| १६ | श्री बालकुमारी सुनार | कार्यालय सहयोगी |

**मुद्रण शाखाका कर्मचारीहरू**

| सि.नं. | नाम | पद |
|---|---|---|
| १ | श्री पुष्पमुनि बज्राचार्य | प्रमुख मुद्रण अधिकृत |
| २ | श्री जगदीश्वरलाल श्रेष्ठ | मुद्रण अधिकृत |
| ३ | श्री प्रेमलाल तण्डुकार | मुद्रण अधिकृत |
| ४ | श्री सागरकुमार तुलाधर | मुद्रण अधिकृत |
| ५ | श्री दिपकप्रसाद न्यौपाने | सिनियर प्रेस टेक्निसियन |
| ६ | श्री गम्विरमान सिंह | सिनियर प्रेस टेक्निसियन |
| ७ | श्री राजेन्द्र लामिछाने | सिनियर प्रेस टेक्निसियन |
| ८ | श्री प्रेमबहादुर चन्द | प्रेस टेक्निसियन |
| ९ | श्री मदन गिरी | कार्यालय सहयोगी |

# अनुसूची - ७

# समितिका बैठक र निर्णयहरूको संक्षेपीकरण

## संविधानसभा

## मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समिति

## बैठकका निर्णयको संक्षिप्त विवरण

| क्र. सं. | बैठक संख्या | मिति | समय | निर्णय विवरण |
|---|---|---|---|---|
| १ | १ | २०६५।९।१ | १५:००-१८:०० | • समितिका जेष्ठ सदस्य मा. श्री दालकुमारी सुनवारद्वारा सभापतित्व गरी बैठक प्रारम्भ ।<br>• समितिले गर्नुपर्ने कामको विवरण तयार गर्न एक उपसमिति गठनको लागि सो उपसमितिमा रहने मा.सदस्यहरूको नाम आगामी बैठकमा पेश गर्ने । |
| २ | २ | २०६५।९।४ | ११:००-१४:०० | • समितिको कार्यसूची तथा कार्यतालिका निर्माणका लागि मा.श्री उषाकला राई संयोजक, मा.श्री गणेश नेपाली तिवारी, मा.श्री तिलक बहादुर थापामगर, मा. श्री दालकुमारी सुनवार, मा.श्री भुपेन्द्र चौधरी, मा.श्री रामकृष्ण यादव, मा.श्री सावित्रीकुमार काफ्ले, मा. श्री लीला न्याइन्याई, मा.श्री सीता पोखरेल र मा.श्री सुनीलबाबु पन्त सदस्य रहनु भएको एक उपसमिति गठन भयो । |
| ३ | ३ | २०६५।९।९ | ११:००-१४:०० | • कार्यतालिका तथा कार्यविवरण तयार गर्न गठित उपसमितिका संयोजक मा.श्री उषाकला राईले मस्यौदा प्रतिवेदन पेश गर्नु भयो र समितिको बैठकले उक्त मस्यौदा प्रतिवेदन उपर छलफल प्रारम्भ गऱ्यो । |
| ४ | ४ | २०६५।९।१३ | ११:००-१४:०० | • समितिको कार्यक्षेत्र सम्बन्धी विषयमा स्वदेश तथा विदेशमा रहेका नेपालीहरूबाट भावी संविधान निर्माणको लागि आफ्नो राय, सुझाव दिन विभिन्न संचार माध्यम तथा नेपाली नियोगहरू समेतको सहयोग लिन सचिवालयलाई निर्देशन दिइयो । साथै समितिको कार्य विवरण तथा कार्यतालिका सर्वसम्मतिले पारित भयो ।<br>• समितिलाई परामर्श दिन विज्ञहरूको कार्यविवरण तयार गर्न सचिवालयलाई निर्देशन दिइयो ।<br>• समितिका मा. सदस्यहरूलाई आवश्यक पर्ने सन्दर्भ सामाग्रीहरूको सूची उपलब्ध गराउन सचिवालयलाई निर्देशन दिइयो ।<br>• प्रचार प्रसारको लागि आवश्यकता अनुसार सःशुल्क |

| | | | | |
|---|---|---|---|---|
| | | | | सामाग्री प्रसारित गर्ने व्यवस्था मिलाउन सचिवालयलाई निर्देशन दिइयो ।<br>● समितिको लागि आवश्यक पर्ने भौतिक सामाग्री उपलब्ध गराउन सचिवालयलाई निर्देशन दिइयो । |
| ५ | ५ | २०६५।९।२२ | ११:००-१३:०० | ● विज्ञ अधिवक्ता श्री मिहिरकुमार ठाकुरद्वारा भावी संविधानमा राज्यका निर्देशक सिद्धान्त तथा नीति विषयमा समावेश गर्नुपर्ने विषयमा प्रस्तुतीकरण र छलफल भयो । |
| ६ | ६ | २०६५।९।२३ | ११:००-१३:०० | ● बैठक समक्ष नागरिकता सम्बन्धी विषयमा पूर्व सचिव श्री बालकृष्ण प्रसाईद्वारा प्रस्तुतीकरण र छलफल भयो । |
| ७ | ७ | २०६५।९।२४ | ११:००-१३:०० | ● सामाजिक न्याय, समावेशीकरण र विशेष संरक्षण अन्तर्गत महिला अधिकार विषयमा विज्ञ श्री इन्दु तुलाधरद्वारा प्रस्तुतीकरण र छलफल भयो । |
| ८ | ८ | २०६५।९।२५ | ११:००-१४:०० | ● मौलिक अधिकार यसको कार्यान्वयन र बन्देजका आधार सम्बन्धी विषयमा विज्ञ अधिवक्ता डा.विपिन अधिकारीद्वारा प्रस्तुतीकरण र छलफल भयो । |
| ९ | ९ | २०६५।९।२९ | ८:००-११:०० | ● बैठकले समितिका सदस्य मा. श्री बिन्दा पाण्डेलाई समितिको सभापति पदमा निर्विरोध निर्वाचित गऱ्यो । |
| १० | १० | २०६५।१०।३ | १३:००-१५:०० | ● बैठकमा समितिका जेष्ठ सदस्य मा.श्री दालकुमारी सुनवारज्यूले समितिको नवौं बैठकसम्मको सभापतित्व सफलतापूर्वक सम्पन्न गर्नु भएकोमा समितिको बैठकले मा.श्री दालकुमारी सुनवारलाई धन्यवाद ज्ञापन गरियो । |
| ११ | ११ | २०६५।१०।६ | ११:००-१६:०० | ● समितिको काम कारवाहीलाई व्यवस्थित रुपमा अघि बढाउन विभिन्न ६ वटा उपसमितिहरू गठन ।<br>● उल्लेखित उपसमितिका कार्य विवरण पारित । |
| १२ | १२ | २०६५।१०।११ | ११:००-१३:०० | ● विभिन्न उपसमितिका संयोजक चयन गर्ने मिति तय गरियो । |
| १३ | १३ | २०६५।१०।२६ | १३:००-१५:३० | ● बैठकमा विज्ञ अधिवक्ता श्री हरि फुयाल र अधिवक्ता श्री राजु चापागाईद्वारा मौलिक अधिकार सम्बन्धी विषयमा प्रस्तुतीकरण र छलफल भयो । |
| १४ | १४ | २०६५।१०।२८ | १३:००-१५:३० | ● बैठकमा विज्ञ अधिवक्ता डा. शंकर कुमार श्रेष्ठ र विज्ञ अधिवक्ता श्री सविता भण्डारीद्वारा पीडितहरूको अधिकार विषयमा प्रस्तुतीकरण र छलफल भयो । |
|---|---|---|
| १. | विष्णुपुकार श्रेष्ठ | CAHURAST NEPAL |
| २. | कृष्ण गौतम | INSEC |
| ३. | ज्योति दनुवार | NEFIN |
| ४. | विष्णु नेपाल | रा.स.स. |
| ५. | दल रावल | गै.स.स.महासंघ |
| ६. | सुदीप पाठक | नेपाल मानव अधिकार सँगठन |
| ७. | खेमराज सेढाई | नेपाल मानव अधिकार सँगठन |
| ८. | महामुनिश्वर आचार्य | CSF |
| ९. | रेणु राजभण्डारी | महिला, मानव अधिकार रक्षक मण्डल |
| १०. | धन लामा | महिला एकता समाज |
| ११. | कमला शर्मा | |
| १२. | शर्मिला कार्की | जागरण नेपाल/गै.स.महासंघ नेपाल |
| १३. | संगीता थापा | युनिफेम |
| १४. | दुर्गा कार्की | WOREC |
| १५. | सविन श्रेष्ठ | FWIL |
| १६. | जीवन शर्मा | FWID |
| १७. | गीता पाठक सँग्रौला | Kathmandu School of Law |
| १८. | जेनी जैन | |
| १९. | यमुना घले | स्वीस सरकार विकास सहयोग |
| २०. | मीरा ढुंगाना | महिला कानून र विकास मञ्च |
| २१. | रञ्जना सरकार | मानव अधिकार अलायन्स |
| २२. | दुर्गा सोव | दलित महिला संघ |
| २३. | सलोनी सिंह | दिदी बहिनी |
| २४. | यसोदा तिम्सीना | FNJ/Nepal Magazine |
| २५. | रमा ढकाल | नेपाल अपाङ्ग महिला संघ |
| २६. | अमुदा श्रेष्ठ | राष्ट्रिय महिला आयोग |
| २७. | अधिवक्ता शर्मिला ढकाल | नील हिरा समाज |
| २८. | बद्री पुन | नील हिरा समाज |
| २९. | मिलन साह | नील हिरा समाज |
| ३०. | भूमिका श्रेष्ठ | नील हिरा समाज |

| | | |
|---|---|---|
| ३१. | सन्ध्या लामा | नील हिरा समाज |
| ३२. | अस्तुप पुनमगर | नील हिरा समाज |
| ३३. | प्रदीप खड्का | नील हिरा समाज |
| ३४. | प्रमेल कुमार खनाल | पेशागत महासंघ |
| ३५. | विष्णु लामिछाने | पेशागत महासंघ |
| ३६. | सीता लामा | नेपाल ट्रेड युनियन महासंघ (जिफण्ट) |
| ३७. | हरिदत्त जोशी | नेपाल ट्रेड युनियन महासंघ (जिफण्ट) |
| ३८. | पुष्पा ठाकुर | तराई मधेश लोकतान्त्रिक पाटी |
| ३९. | रानी शर्मा | सद्भावना पार्टी |
| ४०. | खिलानाथ दाहाल | नेपाल ट्रेड युनियन कांग्रेस स्वतन्त्र |
| ४१. | लक्ष्मणदेव पाण्डे | अखिल नेपाल जनवादी यूवा संघ |
| ४२. | कमल कार्की | अखिल नेपाल जनवादी यूवा संघ |
| ४३. | रामबहादुर बुढा | अखिल नेपाल जनजाती सम्मेलन |
| ४४. | नारायण सापकोटा | अखिल नेपाल ट्रेड युनियन महासंघ |
| ४५. | निमबहादुर बुढाथोकी | अखिल नेपाल जनवादी सम्मेलन केन्द्रीय समिति |
| ४६. | घनश्याम न्यौपाने | अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन ( छैठौं) |
| ४७. | सन्तुमाया राई | अखिल नेपाल महिला संघ के.स.स. |
| ४८. | मीना पुन | अखिल नेपाल महिला संघ केन्द्रीय महासचिव |
| ४९. | मनिषा | यौनिक तथा लैङ्गिक अल्पसंख्यक महासंघ |
| ५०. | शुसिला लामा | यौनिक तथा लैङ्गिक अल्पसंख्यक महासंघ |
| ५१. | अस्तुप पुन मगर | यौनिक तथा लैङ्गिक अल्पसंख्यक महासंघ |
| ५२. | किशोरकुमार यादव | विद्यार्थी मञ्च केन्द्रीय समिति |
| ५३. | श्यामप्रसाद गुप्ता | तराई मधेश युवा फण्ट (उपाध्यक्ष) |
| ५४. | पिंकी साह | विद्यार्थी मञ्च |
| ५५. | खगेन्द्र प्याकुरेल | स्वतन्त्र प्रजातान्त्रिक ट्रेड युनियन महासंघ |
| ५६. | शान्ता न्यौपाने | स्वतन्त्र प्रजातान्त्रिक ट्रेड युनियन महासंघ |
| ५७. | विकल प्रजापति | नेपाल क्रान्तिकारी किसान संघ (नेमकिपा) |
| ५८. | फुपु छेम्बे शेर्पा | नेपाल बौद्ध महासंघ |
| ५९. | महेन्द्र यादव | नेपाल तरुण दल |
| ६०. | गोविन्द सिंह थापा | रा.ज.मो. |
| ६१. | रोशन राना | ने.प्र.ट्रे.यु.(फि) |
| ६२. | धनकुमारी मगर | ने.प्र.ट्रे.यु.(फि) |
| ६३. | प्रकाश श्रेष्ठ | नेपाल क्रान्तिकारी युवा संघ (सचिव) |
| ६४. | कमल मैया सुबाल | नेपाल क्रान्तिकारी किसान संघ |

| | | |
|---|---|---|
| ६५. | जगतराम धुख्वा | नेपाल क्रान्तिकारी विद्यार्थी संघ |
| ६६. | श्रीमति मीना सुब्वा | ने.म.संघ |
| ६७. | सरस्वती वजीमय | नेपाल महिला संघ (कोषाध्यक्ष) |
| ६८. | जया पाठक | सचिव, नेपाल महिला संघ |
| ६९. | वशन्ती घिमिरे | नेपाल किसान संघ |
| ७०. | भानु सिग्देल | ने.कि.सं. |
| ७१. | चन्दा चौधरी | तमलोपा |
| ७२. | बविता यादव | तमलोपा युवा फ्रण्ट |
| ७३. | कुलान्द झा | नेपाल प्रजातन्त्र सेनानी संघ |
| ७४. | महादेवप्रसाद यादव | नेपाली कांग्रेस |
| ७५. | लोकेश ढकाल | नेपाली कांग्रेस |
| ७६. | नीभा शाह | सदभावना पार्टी |
| ७७. | राधा कायस्थ | सदभावना पार्टी |
| ७८. | शैल महतो | सदभावना पार्टी |
| ७९. | ममता महासेठ | सदभावना पार्टी |
| ८०. | रोशन मैया सुबाल | नेपाल क्रान्तिकारी युवा संघ |
| ८१. | सजना सुबाल | नेपाल क्रान्तिकारी महिला संघ |
| ८२. | गीता गुरुङ | अखिल नेपाल ट्रेड युनियन महासंघ |
| ८३. | भीमनाथ शर्मा | युवा संघ (नेपाल) |
| ८४. | इश्वर खडका | रा.प्र.पार्टी ट्रेड युनियन |
| ८५. | अम्बु सिंह राठौर | रा.प्र.पा.ट्रेड युनियन |
| ८६. | सुमन यादव | मधेसी विद्यार्थी फोरम, नेपाल |
| ८७. | छत्रदेव पण्डित | ने.वि.मञ्च |
| ८८. | मोहम्मद युसुफ साफी | मधेशी युवा फोरम नेपाल |
| ८९. | अनिता उप्रेती | काठमाडौं कपन |
| ९०. | लक्ष्मी परियार | नेपाली कांग्रेस सभासद |
| ९१. | डा.गौरीशंकर लाल दास | राष्ट्रिय ज्येष्ठ नागरिक संस्था सञ्जाल |
| ९२. | कमला पराजुली | संकल्प नेपाल |
| ९३. | छत्र प्रधान | राष्ट्रिय ज्येष्ठ नागरिक संस्था |
| ९४. | रीता पन्त | राष्ट्रिय ज्येष्ठ नागरिक संस्था |
| ९५. | अम्बिका के.सी. | राष्ट्रिय ज्येष्ठ नागरिक संस्था |
| ९६. | बद्रीप्रसाद तिमल्सिना | राष्ट्रिय ज्येष्ठ नागरिक संस्था |
| ९७. | श्रीधर लामिछाने | राष्ट्रिय ज्येष्ठ नागरिक संस्था |
| ९८. | उत्तम भण्डारी | राष्ट्रिय ज्येष्ठ नागरिक संस्था |
| ९९. | मनोहर उप्रेती | राष्ट्रिय ज्येष्ठ नागरिक संस्था |

| | | |
|---|---|---|
| १००. | इश्वरीप्रसाद खतिवडा | तेज बिनायक जेष्ठ नागरिक समुह, गोठाटार |
| १०१. | कृष्णभक्त श्रेष्ठ | आशपुरेश्वर जेष्ठ नागरिक समूह |
| १०२. | अगाथा थापा | सेतो गुराँस राष्ट्रिय बाल विकास सेवा |
| १०३. | मीनाक्षी दाहाल | दिव्य अङ्कुर बाल विकास प्र. अनुसन्धान केन्द्र |
| १०४. | छविलाल विश्वकर्मा | सभासद् |
| १०५. | सुनितादेवी राम | MDDF |
| १०६. | लखनलाल रजक | MDDF |
| १०७. | बोमबहादुर विश्वकर्मा | DNF |
| १०८. | चुडामणी जंगली | GEFONT |
| १०९. | जीवन परियार | LANCAU NEPAL |
| ११०. | गोविन्द नेपाली | सभासद |
| १११. | पुष्कर खाती | WLEG |
| ११२. | मीन विश्वकर्मा | नेपाल दलित संघ |
| ११३. | रेणु सिजापति | दलित महिला संघ |
| ११४. | चक्रमान विश्वकर्मा | दलित सेवा संघ |
| ११५. | मोतीलाल नेपाली | दलित कल्याण संघ |
| ११६. | गजाधर सुनार | दलित सेवा संघ |
| ११७. | भक्त विश्वकर्मा | नेपाल राष्ट्रिय दलित समाज कल्याण संघ |
| ११८. | जगत विश्वकर्मा | ने.क.पा.एमाले |
| ११९. | तिलक परियार | ए.ने.क.पा.माओवादी, दलित मुक्ति मोर्चा ( सभासद्) |
| १२०. | पद्मलाल विश्वकर्मा | सभासद् |
| १२१. | लालबहादुर विश्वकर्मा | मुक्ति समाज नेपाल |
| १२२. | रामलाल वि.क. | रा.द.आयोग |
| १२३. | जानकी बराह | रा.द.आयोग |
| १२४. | डा.श्याममणि अधिकारी | नेपाल आयुर्वेद चिकित्सक संघ |
| १२५. | डा.दामोदर अधिकारी | स्वास्थ्य क्षेत्र सुधार सहयोग कार्यक्रम |
| १२६. | डा.अमित भण्डारी | जि.टि.जेड (स्वास्थ्य कार्यक्रम) |
| १२७. | देवी बहादुर श्रेष्ठ | स्वतन्त्र |
| १२८. | बुवाराम हुमागाई | नेपाल फर्मास्यूतिकल एसोसियसन |
| १२९. | ओमप्रसाद उपाध्याय | नेपाल स्वास्थ्यकर्मी संघ |
| १३०. | रामजी घिमिरे | नेपाल स्वास्थ्यकर्मी संघ |
| १३१. | सरला के.सी. | नेपाल नर्सिङ संघ |
| १३२. | बसन्ती थापा | नेपाल नर्सिङ संघ |
| १३३. | जुब्वा सोरेन | सभासद् |

| | | |
|---|---|---|
| १३४. | डा.बद्रीराज पाण्डे | जन स्वास्थ्य विज्ञ, नेपाल स्वास्थ्य अर्थशास्त्र संघ |
| १३५. | के.के.सिंह | जि.टी.जेड. |
| १३६. | परशुराम श्रेष्ठ | ने.ज.स्वास्थ्य संघ |
| १३७. | सुदिप पोखरेल | जि.टि.जेड |
| १३८. | डा.केदार नरसिंह के.सी. | नेपाल चिकित्सक संघ |
| १३९. | अर्जुन कार्की | पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान |
| १४०. | केदारप्रसाद बराल | पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान |
| १४१. | डा.सुरज माथेमा | नेपाल डेन्टल एसोसियसन |
| १४२. | डा.भगवान कोइराला | त्रि.वि.शिक्षण अस्पताल |
| १४३. | टेकबहादुर रैका | दलित गैरसरकारी संस्था महासंघ |
| १४४. | तीर्थ विश्वकर्मा | दलित गैरसरकारी संस्था महासंघ |
| १४५. | रन्जीत कनौजिया | दलित गैरसरकारी संस्था महासंघ |
| १४६. | गोविन्द धवल | दलित गैरसरकारी संस्था महासंघ |
| १४७. | संजय कुमार पासी | दलित गैरसरकारी संस्था महासंघ |
| १४८. | इन्द्रप्रसाद हरिजन | दलित गैरसरकारी संस्था महासंघ |
| १४९. | परशुराम हरिजन | दलित गैरसरकारी संस्था महासंघ |
| १५०. | सुभावति धवल | दलित गैरसरकारी संस्था महासंघ |
| १५१. | मेनका सि. | दलित गैरसरकारी संस्था महासंघ |
| १५२. | राजा कुमारी | दलित गैरसरकारी संस्था महासंघ |
| १५३. | सुमन पौडेल | दलित गैरसरकारी संस्था महासंघ |
| १५४. | राजेन्द्र विश्वकर्मा | दलित गैरसरकारी संस्था महासंघ |
| १५५. | तीलक श्रीपाइली | दलित गैरसरकारी संस्था महासंघ |
| १५६. | राजमनप्रसाद हरिजन | दलित गैरसरकारी संस्था महासंघ |
| १५७. | भरतप्रसाद हरिजन | दलित गैरसरकारी संस्था महासंघ |
| १५८. | गोरखनाथ हरिजन | दलित गैरसरकारी संस्था महासंघ |
| १५९. | रामशरण रैदास | दलित गैरसरकारी संस्था महासंघ |
| १६०. | ओमप्रकाश दुसाद | दलित गैरसरकारी संस्था महासंघ |
| १६१. | अर्जुन वगाले | दलित गैरसरकारी संस्था महासंघ |
| १६२. | विश्वेश्वर रजक | दलित गैरसरकारी संस्था महासंघ |
| १६३. | बुवाराम प्यासी | दलित गैरसरकारी संस्था महासंघ |
| १६४. | माला गोतामे | दलित गैरसरकारी संस्था महासंघ |
| १६५. | महातम चमार | दलित गैरसरकारी संस्था महासंघ |
| १६६. | भुषण सागर श्रेष्ठ | लुमन्तिः आवासको लागि सहयोग समुह |
| १६७. | बिना वज्राचार्य | नेपाल महिला एकता समाज |
| १६८. | समा बज्राचार्य | लुमन्ति |

| | | |
|---|---|---|
| १६९. | राजु तामाङ | नेपाल बसोबास वस्ती संरक्षण समाज |
| १७०. | हकुमबहादुर लामा | नेपाल बसोबास वस्ती संरक्षण समाज |
| १७१. | लालबहादुर कार्की | नेपाल बसोबास वस्ती संरक्षण समाज |
| १७२. | राजेन्द्र खेतान | सभासद |
| १७३. | भाष्करराज राजकर्णिकार | FNCCI |
| १७४. | भीमार्जुन आचार्य | विज्ञ |
| १७५. | पशुपति मुरारका | FNCCI |
| १७६. | मेघनाथ न्यौपाने | FNCCI |
| १७७. | कुमुद दुगड | FNCCI |
| १७८. | कुलप्रसाद पाण्डे | FNCCI |
| १७९. | लोक बिक्रम थापा | FNCCI |
| १८०. | इन्द्र प्रसाद आचार्य | नेपाल वान टि.भी. |
| १८१. | सविन महर्जन | नेपाल वान टि.भी. |
| १८२. | शुकदेव चापागाई | ए.बि.सी.टि.भी. |
| १८३. | मोहन ढुङ्गेल | ए.बि.सी.टि.भी. |
| १८४. | सुरेश आलेमगर | सभासद् |
| १८५. | रामबहादुर थापामगर | सभासद् |
| १८६. | सोमा राई | रा.आ.ज.महिला महासंघ |
| १८७. | सुनील कुमार मिश्र | भाषा संरक्षण तथा प्रर्बद्धन केन्द्र नेपाल |
| १८८. | नुर्बु शेर्पा | |
| १८९. | फुपुछेम्बे शेर्पा | नेपाल बौद्ध महासंघ |
| १९०. | शंकर लिम्बु | लोकुनीप |
| १९१. | हितेश घले | लोकुनीप |
| १९२. | मनप्रसाद सुनुवार | सुनुवार सेवा समाज |
| १९३. | लोकप्रिय सुनुवार | सुनुवार सेवा समाज |
| १९४. | श्रृजना सुनुवार | सुनुवार सेवा समाज |
| १९५. | भरत कुमार श्रेष्ठ | नेपाल आदिवासी जनजाति युवा संघ |
| १९६. | सुदर्शन चौधरी | नेपाल आदिवासी जनजाति युवा संघ |
| १९७. | डा.चुन्दा कलाचार्य | लोकतान्त्रिक नेवाःमिसा |
| १९८. | दिल कुमार सुनुवार | सुनुवार सेवा समाज |
| १९९. | विमलकुमार फुयाँल | एक्सनएड नेपाल |
| २००. | मनप्रसाद वाग्ले | काठमाडौं विश्वविद्यालय |
| २०१. | केदारभक्त माथेमा | पूर्व उपकूलपति, त्रि.वि.वि. |
| २०२. | बाबुराम अधिकारी | नेपाल राष्ट्रिय शिक्षक सँगठन |
| २०३. | कृष्णप्रसाद ढकाल | नेपाल शिक्षक युनियन |

| | | |
|---|---|---|
| २०४. | राजेश हमाल | एक्सनएड नेपाल |
| २०५. | बसन्त कुमार पोखरेल | एक्सनएड नेपाल |
| २०६. | प्रताप पौडेल | त्रिभुवन विश्वविद्यालय, विद्यार्थी |
| २०७. | लक्ष्मण लम्साल | अनेरास्ववियु |
| २०८. | विद्यानाथ कोइराला | त्रि.वि.शिक्षाशास्त्र |
| २०९. | प्रदीप पौडेल | ने.वि.संघ |
| २१०. | लुमकान्त भण्डारी | ने.का.गुल्मी |
| २११. | तिर्थ लामा | ने.वि.संघ |
| २१२. | हेमबहादुर बिष्ट | प्रेस तथा समाचार संस्थासँग आबद्ध |
| २१३. | गोकुलप्रसाद पौडेल | प्रेस तथा समाचार संस्थासँग आबद्ध |
| २१४. | सुरेश आचार्य | प्रेस तथा समाचार संस्थासँग आबद्ध |
| २१५. | घर्मेन्द्र झा | प्रेस तथा समाचार संस्थासँग आबद्ध |
| २१६. | विष्णु शर्मा (ज्ञवाली) | प्रेस तथा समाचार संस्थासँग आबद्ध |
| २१७. | पदम सिंह कार्की | प्रेस तथा समाचार संस्थासँग आबद्ध |
| २१८. | रामकृष्ण मानन्धर | प्रेस तथा समाचार संस्थासँग आबद्ध |
| २१९. | कैलाश सिरोरिया | प्रेस तथा समाचार संस्थासँग आबद्ध |
| २२०. | तारानाथ दाहाल | प्रेस तथा समाचार संस्थासँग आबद्ध |
| २२१. | सुशिलकाजी वानियाँ | उपभोक्ता हित संरक्षण मञ्च |
| २२२. | ऋषिकेश दाहाल | नागरिक दैनिक |
| २२३. | रामबहादुर गौतम | उपभोक्ता हित संरक्षण मञ्च |
| २२४. | रामचन्द्र सिम्खडा | उपभोक्ता हित संरक्षण मञ्च |
| २२५. | डा.गोपालप्रसाद दाहाल | उपभोक्ता हित संरक्षण मञ्च |
| २२६. | ज्योति वानिया | उपभोक्ता हित संरक्षण मञ्च |
| २२७. | भोला पोखरेल | उपभोक्ता हित संरक्षण मञ्च |
| २२८. | भूषण सागर श्रेष्ठ | लुमन्ति : आवासको लागि सहयोग समुह |
| २२९. | विना वज्राचार्य | नेपाल महिला एकता समाज |
| २३०. | समा वज्र | लुमन्ति |
| २३१. | राजु तामाङ | नेपाल बसोबास बस्ती संरक्षण समाज |
| २३२. | हुकुम बहादुर लामा | नेपाल बसोबास बस्ती संरक्षण समाज |
| २३३. | लाल बहादुर कार्की | नेपाल बसोबास बस्ती संरक्षण समाज |
| २३४. | Dr. Amena Mohin | Professor, Dept, Int' Relatioin Dhaka, Bangladesh |
| २३५. | Sushmita S. Preetha | |
| २३६. | Kumkum Sengeri | |
| २३७. | Fawzia Khondker | |

| | | |
|---|---|---|
| २३८. | Amirita N. Joshi | |
| २३९. | Nimalka Fernando | |
| २४०. | Dr. V. Rukmairoo | |
| २४१. | Dr. Amrita Chhachhi | |
| २४२. | Meghana Gulathelanka | |
| २४३. | Dr. D. Gabriele | |
| २४४. | Kamla Bhasin | |
| २४५. | Dina Siddiqi | |
| २४६. | Khushi Kabir | |
| २४७. | V. Geetha | |
| २४८. | Meera Chandhoke | Delhi University |
| २४९. | Parbati Rasaili | |
| २५०. | Mohammadi Siddiqi | |
| २५१. | Shmila Abeysekera | |
| २५२. | Padma Aryal | |
| २५३. | Onasari Gharti Magar | |
| २५४. | जुनेली श्रेष्ठ | नारी सीप सृजना केन्द्र, हेटौडा |
| २५५. | सुनिता दनुवार | एटविन |
| २५६. | इन्द्रमाया गुरुङ्ग | एटविन |
| २५७. | बेनुमाया गुरुङ्ग | एटविन |
| २५८. | जानुका बराल | शक्ति समुह |
| २५९. | रामलाल श्रेष्ठ | |
| २६०. | डा. सरोज प्रसाद | शिक्षण अस्पताल |
| २६१. | मातृका देवकोटा | कोशिश |
| २६२. | बेबी नकर्मी | मा.स्वा.स्या.म.नं. |
| २६३. | डा.पशुपति महत | |
| २६४. | डा.सुरेन्द्र शेरचन | मानसिक अस्पताल |
| २६५. | नवराज उपाध्याय | टि.पि.ओ.नेपाल |
| २६६. | संगम परियार | सामुदायिक मा.स्व.सेवा केन्द्र |
| २६७. | सेरकाजी गुरुङ्ग | सामुदायिक मा.स्व.सेवा केन्द्र |
| २६८. | आङ पुटी शेर्पा | |
| २६९. | Dr. En Perera | National Mental Heath Network |
| २७०. | Rupak Gautam | National Mental Heath Network |
| २७१. | नारायण बेल्बासे | IUCN |
| २७२. | प्रा.डा.प्रमोद कुमार झा | त्रि.वि., कीर्तिपुर |

| | | |
|---|---|---|
| २७३. | अधिवक्ता एन.वि.थापा | IUCN |
| २७४. | रमेश प्रसाद भुसाल | |
| २७५. | प्रमोद कुमार टण्डन | |
| २७६. | झलक शर्मा सापकोटा | स्याङजा |
| २७७. | धनिश्वर पौडेल | अघाँखाँची |
| २७८. | रमेशप्रसाद गौतम | कृषि तथा सहकारी मन्त्रालय |
| २७९. | दीपक आर्चार | रेडियो सगरमाथा |
| २८०. | प्रकाश कुमार शर्मा | रेडियो सगरमाथा |
| २८१. | अमृत खरेल | रेडियो मिर्मिरे |
| २८२. | नारायण न्यौपाने | रासस |
| २८३. | धर्मेन्द्र झा | नेपाल पत्राकार महासंघ |
| २८४. | शिखा श्रेष्ठ | Water Aid Nepal |
| २८५. | राजेन्द्र अर्याल | FEDWASUN |
| २८६. | सञ्जय अधिकारी | Water Aid |
| २८७. | रविन लाल श्रेष्ठ | Water Aid |
| २८८. | भूषण तुलाधर | वातावरण र जनस्वास्थ्य सस्था |
| २८९. | लजना मानन्धर | लुमन्ति |
| २९०. | त्रिरत्न मानन्धर | NGO Forum |
| २९१. | अनमिका सिंह | NEWAH |
| २९२. | रतन बुढाथोकी | NEWAH |
| २९३. | रामजी दाहाल | FNJ |
| २९४. | प्रेमप्रसाद भट्टराई | रेडियो नेपाल |
| २९५. | बसन्त प्रसाद अधिकारी | Pro Public |
| २९६. | महेश रसाइली | NEWAH |
| २९७. | राजेश दाहाल | गोरखापत्र |
| २९८. | भरत अधिकारी | NEWAH |
| २९९. | दीपक आचार्य | CIN |
| ३००. | दिलिप थापा मगर | नेपाल टेलिभिजन |
| ३०१. | सुमन श्रेष्ठ | S.T.V. |
| ३०२. | बासुदेव तिमलसिना | S.T.V. |
| ३०३. | अनिल बोगटी | K.T.V. |
| ३०४. | राजु तिमलसीना | K.T.V. |
| ३०५. | उमेश पाण्डे | नेवा |
| ३०६. | भानुभक्त आचार्य | राष्ट्रि मावन अधिकार आयोग |
| ३०७. | पोषण के.सी. | नेपाल पत्रकार महासंघ |

| | | |
|---|---|---|
| ३०८. | रामजी दाहाल | नेपाल पत्रकार महासंघ |
| ३०९. | गोविन्द आचार्य | नेपाल पत्रकार महासंघ |
| ३१०. | तारानाथ आचार्य | नेपाल पत्रकार महासंघ |
| ३११. | सुरेश आचार्य | नेपाल पत्रकार महासंघ |
| ३१२. | श्री आचार्य | राष्ट्रिय सूचना आयोग |
| ३१३. | उजिर मगर | नेपाल पत्रकार महासंघ |
| ३१४. | विनय कुमार कसजु | राष्ट्रिय सूचना आयोग |
| ३१५. | सविता भण्डारी वराल | राष्ट्रिय सूचना आयोग |
| ३१६. | नारायण न्यौपाने | रासस |
| ३१७. | सुरज भट्टराई | नेपाल पत्रकार महासंघ |
| ३१८. | दीपक आचार्य | सामुदायिक सूचना नेटवर्क |
| ३१९. | शिव लम्साल | नेपाल प्रेस युनियन |
| ३२०. | रमेश वाग्ले | सगरमाथा टेलिभिजन |
| ३२१. | तेजकुमार शर्मा | |
| ३२२. | नविन मुनी स्थापित | इमेज टेलिभिजन |
| ३२३. | अमृत भट्ट | सगरमाथा टेलिभिजन |
| ३२४. | दुर्गा खनाल | कान्तिपुर दैनिक |
| ३२५. | फणिन्द्र दाहाल | द काठमाण्डौं पोष्ट |
| ३२६. | सूर्य किरण | जनदिशा दैनिक |
| ३२७. | इश्वरी सुवेदी | राजधानी दैनिक |
| ३२८. | अशोक दाहाल | एबिसी टि.भी. |
| ३२९. | पवनवर्षा शाह | नेपाल टि.भी. |
| ३३०. | महेन्द्र विष्ट | इमेज च्यानल |
| ३३१. | बलराम पाण्डे | कारोवार दैनिक |
| ३३२. | बोमलाल गिरी | उज्यालो नेटवर्क |
| ३३३. | शोमा श्रेष्ठ | नेपाल टेलिभिजन |
| ३३४. | दिवाकर बागचन्द | नेपाल पत्रकार महासंघ |
| ३३५. | Tine Johanne Margrethe Erecius | 3F, Denmark |
| ३३६. | Hanne Nielsen | 3F, Denmark |
| ३३७. | Chenette Ena Hansen | 3F, Denmark |
| ३३८. | Hanne Jensen | 3F, Denmark |
| ३३९. | Hanne Elisabeth Sandager | 3F, Denmark |
| ३४०. | Pernille Moesgard Gundestrup | 3F, Denmark |

| | | |
|---|---|---|
| ३४१. | Tine Villsen Eshoj | 3F, Denmark |
| ३४२. | Inge Kristine Hyldahl | 3F, Denmark |
| ३४३. | Elisabeth Bertelsen | 3F, Denmark |
| ३४४. | Jette Hedegaard | 3F, Denmark |
| ३४५. | Else Rahbek Warming | 3F, Denmark |
| ३४६. | Anita Marianne Grosen | 3F, Denmark |
| ३४७. | Henriette Pedersen | 3F, Denmark |
| ३४८. | Lotte Jensen | 3F, Denmark |
| ३४९. | Belimaya Ghale | Gefont |
| ३५०. | Sita Lama | Gefont |
| ३५१. | डमिन्द्र दाहाल | जलवायु परिवर्तन शोधकर्ता |
| ३५२. | केशवकुमार शर्मा | |
| ३५३. | प्रतिभा श्रेष्ठ | एक्सन एड नेपाल |
| ३५४. | प्रज्वल आचार्य | नेपाल रेडक्रस |
| ३५५. | दयाराम पोखरेल | Nepal Christian Relief Services |
| ३५६. | एल.वि.थापा | आइ.यु.सि.एस |
| ३५७. | नारायण वेल्वासे | भाई यू.सि.एन. |
| ३५८. | Jackie Macphevson | FNI |
| ३५९. | Brian Peniston | TMI |
| ३६०. | Abdullah Miya | Kantipur Daily |
| ३६१. | Bishnu Hari Wagle | Co-Action Nepal |
| ३६२. | Babin Lamichanne | Mission East |
| ३६३. | Jeolare Josse | British Embassy |
| ३६४. | Dev Man Hirachan | NRNA-ICC |
| ३६५. | Ganesh Ijam | NRNA ICC |
| ३६६. | ऋषि शाह | नास्ट |
| ३६७. | डा. उदयराज शर्मा | सचिव, वातावरण मन्त्रालय |
| ३६८. | केदारचन्द्र शर्मा | सल्लाकार, वातावरण मन्त्रालय |
| ३६९. | मदन मोहन चौधरी | |
| ३७०. | पदम जोशी | नेपाल रा.वि.फेडरेशन |
| ३७१. | अभिनव कुमार चौधरी | नेपाल राष्ट्रिय विद्यार्थी फेडेरेशन |
| ३७२. | प्रदिप खड्का | हाम्रो संविधान |

## अनुसूची - १२

# संविधानसभा सदस्यहरूको (२०६५ फागुण-चैत्र) राय सुझाव संकलन टोलीबाट प्राप्त मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समितिसँग सम्बन्धित सुझावहरू

**टोली नं. १**

- रोजगारीको ग्यारेन्टी गरिनुपर्ने ।
- कृषि बजारको व्यवस्था गरिनुपर्ने ।
- महिला, आदिवासी जनजाति, दलित, मधेशी, पिछडिएको क्षेत्रको लागि विशेष आरक्षण गरिनुपर्ने ।
- विगतको नागरिकता वितरण प्रकृया त्रुटिपूर्ण भएकोले सो सच्चाउनु पर्ने ।
- विरोध प्रदर्शनको रुपमा हुने चक्काजाम र उद्योगधन्दा कलकारखाना तथा शैक्षिक संस्था बन्द गर्ने परिपाटीको अन्त्य गर्नुपर्ने ।
- दण्डहीनताको अन्त्य गर्नुपर्ने ।
- महिला विरुद्ध हिंसाको अन्त्य हुनुपर्ने ।
- मानव बेचविखन तथा बलात्कार सम्बन्धी कानून कडा प्राकृतिको बनाउनु पर्ने ।
- राज्यको हरेक अंगमा महिलाको ५० प्रतिशत प्रतिनिधित्वको व्यवस्था हुनपर्ने ।
- दाइजो प्रथा लगायत यस प्रकारमा कुप्रथाहरूको अन्त्य हुनुपर्ने ।
- सबै किसिमका अपाङ्गहरूका लागि भत्ताको व्यवस्था हुनुपर्ने ।
- अपाङ्गहरूका लागि योग्यता र क्षमताका आधारमा रोजगारीको व्यवस्था हुनुपर्ने ।
- स्वास्थ्य, शिक्षा र रोजगारीलाई मौलिक अधिकारको रुपमा व्यवस्था गरिनुपर्ने ।
- एकल (विधवा) महिलालाई एकल हुनासाथ भत्ताको व्यवस्था गर्नुपर्ने ।
- वृद्ध/जेष्ठ नागरिकहरूका लागि विशेष नीति तय गर्नुपर्ने ।
- बाल श्रमशोषणको अन्त्य हुनुपर्ने ।
- यौन शोषणको अन्त्य हुनुपर्ने ।
- सबै प्रकारका विभेदको अन्त्य हुनुपर्ने ।
- सबैको हक अधिकारको संरक्षण हुनुपर्ने ।
- दोहोरो नागरिकताको अन्त्य गर्ने व्यवस्था गर्नुपर्ने ।
- मातृभाषामा प्रारम्भिक शिक्षा पाउने व्यवस्था गर्नुपर्ने ।
- छोरा सरह छोरीलाई पैतृक सम्पत्तिको अधिकार हुनुपर्ने ।
- लैङ्गिक विभेदको अन्त्य हुनुपर्ने ।
- आमाको नामबाट समेत नागरिकता पाउने व्यवस्था हुनुपर्ने ।
- दलित गैरदलित नामाकरणको अन्त्य हुनुपर्ने ।
- गाँस, बास र कपासको ग्यारेन्टी हुनुपर्ने ।
- किसानलाई आफ्नो उत्पादनको मूल्य आफै तोक्ने अधिकार हुनुपर्ने ।
- खानेपानी र सिंचाईको अधिकार सुनिश्चित हुनुपर्ने ।
- युवा सम्बन्धी छुट्टै विशेष नीति तय गर्नुपर्ने ।
- सबै नागरिकहरूको मानव अधिकारको रक्षा हुनुपर्ने ।
- न्यूनतम एक घर एक रोजगारको नीति लागू गरिनुपर्ने ।
- धार्मिक अधिकारको सुनिश्चित हुनुपर्ने ।
- रोजगारमूलक व्यवसायिक शिक्षाको व्यवस्था गरिनुपर्ने ।

## टोली नं. २

- शिक्षा, स्वास्थ्य, गाँस, बास, कपास, रोजगारी, सुरक्षा मौलिक हकको रुपमा रहनु पर्ने ।
- सबैखाले विभेदहरूको अन्त्य हुनुपर्ने ।
- बाँच्न पाउने हक सुरक्षित गर्नका लागि चाहिने न्यूनतम शर्त राज्यले पूरा गर्नुपर्ने ।
- जनताका लागि नागरिक तथा राजनैतिक अधिकार तथा आर्थिक, सामाजिक, साँस्कृतिक लगायत आधारभूत मानवअधिकारलाई नयाँ संविधानमा कार्यान्वयन गराउने प्रकृया र पद्धति सहित व्यवस्था गनुपर्ने ।
- कृषिलाई आधुनिकीकरण गरी औद्योगिक राष्ट्रमा रुपान्तरण गराउने नीति अवलम्बन गरिनुपर्ने ।

## टोली नं. ३

- गाँस, वास, कपास, शिक्षा, स्वास्थ्य, रोजगार, शान्ति सुरक्षा, विकास, सामाजिक सुरक्षाका मान्यतालाई मौलिक अधिकार र राज्यको निर्देशक सिद्धान्तभित्र समेटिनु पर्ने ।
- जनताको राज्यप्रतिको कर्तव्यको पनि व्यवस्था गरिनु पर्ने ।

## टोली नं. ४

- जमीन/क्षतिपूर्ति/सट्टाभर्ना उपलब्ध गराउनुपर्ने र जमीन बाँझो राख्नेलाई दण्ड जरिवाना गरिनु पर्ने ।
- आर्थिक क्रान्तिलाई मुख्य कार्यभार बनाई कृषि, जलस्रोत, पर्यटन क्षेत्रको विकासलाई प्राथमिकतामा राखी औद्योगिक विकासमा जोड दिनुपर्ने ।
- श्रमिकको आर्थिक वृद्धी र सामाजिक सुरक्षाको बन्दोबस्त गर्दै विपन्न वर्गको जीवनस्तर उकास्ने कामलाई राज्यले प्राथमिकतामा राख्नुपर्ने ।
- मौलिक अधिकारको ग्यारेण्टी, संघ सँगठन गर्ने स्वतन्त्रता, मानव अधिकारको प्रत्याभूति, भेला सम्मेलन, विरोध प्रदर्शन गर्ने स्वतन्त्रता, सुरक्षाको प्रत्याभूति, आवधिक निर्वाचन, प्रेस तथा प्रकाशन स्वतन्त्रता, बहुलवाद, बहुदलीय व्यवस्थाको पूर्णरुपले प्रत्याभूति गर्दै विधिको शासन स्थापित गर्नुपर्ने ।
- बाल अधिकारको ग्यारेण्टी गर्दै सबै खाले बालश्रम निषेध गरिनुपर्ने ।
- लिङ्गभेदको पूर्ण समाप्ती, महिला माथि हुने सबै खाले विभेदको अन्त्य, सबै क्षेत्रमा महिला सहभागिताको ग्यारेण्टी, दाइजो प्रथामा कडाईका साथ प्रतिवन्ध, महिला विरुद्ध हिंसाको अन्त्यको व्यवस्था गरिनुपर्ने ।
- क्यान्सर, मृगौला, हेपाटाइटिस, मुटु, एड्स, व्रेन ट्यूमर जस्ता ठूला रोगको उपचारको सम्पूर्ण जिम्मा राज्यले लिने र आधारभूत स्वास्थ्य सेबालाई पूर्ण रुपमा निःशुल्क बनाइनुपर्ने ।
- समान श्रमको समान ज्याला हुनुपर्ने, श्रमिकको न्यूनतम ज्याला निर्धारण गर्नुपर्ने र शारीरिक तथा मानसिक श्रम बीच रहेको विभेदलाई न्यूनतम विन्दुमा झार्नुपर्ने ।

## टोली नं. ५

- प्राकृतिक श्रोत साधन र जलसम्पदामाथि जनताको अधिकार र पहुँचको संवैधानिक व्यवस्था हुनुपर्ने ।
- बलात्कारी, भ्रष्टाचारी, चेलीवेटी बेचविखन गर्ने, राष्ट्रद्रोही, जनद्रोहीलाई मृत्युदण्डको सजाय दिने व्यवस्था हुनुपर्ने ।
- बन्द, हडताल, चक्काजाम, निषेधित राष्ट्र घोषणा गर्नुकासाथै दण्डहिनताको अन्त हुनुपर्ने ।
- १२ कक्षासम्म मातृभाषामा सरकारी तवरबाट पठनपाठन गर्ने व्यवस्था हुनुपर्ने । मातृभाषाको शिक्षालाई अनिवार्य बनाइनुपर्ने ।
- महिलालाई ५० प्रतिशत अधिकार सुनिश्चित गर्नुपर्ने ।
- विश्व विद्यालयसम्म विभिन्न जातजातिको भाषाबाट पठन पाठन गर्न पाउनुपर्ने ।
- दैवी प्रकोपमा परेकालाई पुनरवासको संवैधानिक व्यवस्था हुनुपर्ने ।

- शिक्षकलाई पनि कर्मचारी सरहको सेवा सुविधाको व्यवस्था गरिनुपर्ने ।
- पैतृक सम्पत्तिमा महिलालाई पुरुष सरह समान अधिकारको ग्यारेण्टी हुनुपर्ने ।
- दोहोरो शिक्षा नीतिको अन्त्य गर्दै शिक्षालाई वैज्ञानिक, व्यवसायिक र रोजगारमुलक बनाइनुपर्ने ।
- गाँस, बाँस, कपास, शिक्षा, स्वास्थ्य, रोजगार, खाद्य सम्प्रभुता र सुरक्षा मौलिक अधिकारको रुपमा ग्यारेण्टी हुनुपर्ने ।
- सम्पूर्ण असमानता, जातीय भेदभाव, छुवाछुत र सबैखाले उत्पिडनको अन्त्यसहित समान अवसरको ग्यारेण्टी हुनुपर्ने ।
- वृद्धवृद्धा, अपाङ्ग र अनाथ बालबालिकाका लागि विशेष व्यवस्था हुनुपर्ने ।
- त्रिभाषी नीति लागू हुनुपर्ने ।
- आमाको नामबाट नागरिकता प्राप्त गर्ने व्यवस्थाको ग्यारेण्टी हुनुपर्ने ।
- घरेलु हिंसाको अन्त्य गर्न संवैधानिक व्यवस्था हुनुपर्ने ।
- एकल महिलाको लागि संविधानमा विशेष व्यवस्था हुनुपर्ने ।

**टोली नं. ६**

- जनजीविकासँग प्रत्यक्ष सरोकार राख्ने गांस, वास, कपास, शिक्षा, स्वास्थ्य, रोजगार, शान्ति सुरक्षा, विकास र सामाजिक सुरक्षाका मान्यतालाई समेटी देशमा अग्रगामी राजनैतिक, आर्थिक र सामाजिक परिवर्तन सुनिश्चित गर्न निर्देशक सिद्धान्त तथा राज्यको नीतिहरू कार्यान्वयनका लागि जनताको राज्यप्रतिको कर्तव्यको बारेमा संविधानमा नै किटान हुनुपर्ने ।
- महिला हिंसा विरुद्ध कडा कारवाही मृत्यूदण्ड समेतको व्यवस्था हुनुपर्ने ।
- वैज्ञानिक भूमिसुधार, आधुनिक कृषि प्रणाली एवं कृषिमा आधारित उद्योगको स्थापना गर्ने बारेमा संविधानमा नै उल्लेख हुनुपर्ने ।

**टोली नं. ७**

- मौलिक अधिकारको पूर्ण ग्यारेन्टी गर्नुपर्ने ।
- गाँस, बास, कपास र शिक्षा, स्वास्थ्य, संचार तथा सूचना र रोजगारीको व्यवस्था गर्नुपर्ने ।
- सामाजिक न्याय, महिला, दलित, अपाङ्ग र अल्पसंख्यक जातजातीको हकहित स्पष्ट रुपमा उल्लेख हुनुपर्ने ।
- राज्यका निर्देशक सिद्धान्त तथा नीति प्रभावकारी रुपमा कार्यान्वयन गरिनुपर्ने ।
- स्वच्छ वातावरणमा बाँच्न पाउने र भावी पुस्तालाई, प्राकृतिक सम्पदा हस्तान्तरण गर्न पाउने कुराको ग्यारेन्टी हुनुपर्ने ।
- मातृभाषामा शिक्षा, आफ्नो धर्म संस्कार जोगाउने र विकास गर्ने अधिकार हुनुपर्ने ।
- शान्ति, सुरक्षा, खाद्य सम्प्रभुता र सबैखाले विकासको सुविधा निर्देशक सिद्धान्तले ग्यारेन्टी गर्नुपर्ने ।

**टोली नं. ८**

- राज्यका निर्देशक सिद्धान्तमा स्थानीय श्रोत र साधनको उपयोगलाई बढावा दिने कुरा उल्लेख गर्नुपर्ने ।
- महिला, दलित, युवा, वृद्ध र अपाङ्गहरूको हक सुरक्षित हुनुपर्ने ।
- महिला सम्बन्धी हक पैतृक सम्पत्तीमा समान अधिकार व्यवहारमा लागू हुनुपर्ने,
- महिलालाई विज्ञापनको साधन बनाउन नपाइने व्यवस्था हुनुपर्ने,
- महिला (पारिवारिक) अदालतको व्यवस्था हुनुपर्ने ।
- बलात्कारीलाई जन्मकैदको सजाय हुनुपर्ने ।
- चेलीवेटी वेचविखन जस्तो अपराधीलाई कडा कारवाहीको व्यवस्था हुनुपर्ने ।

- एकल महिलालाई श्रीमानको मृत्यु भएकै मितिबाट विधुवा भत्ताको व्यवस्था हुनुपर्ने ।
- घरेलु हिंसाको अन्त्य हुनुपर्ने ।
- बाल विवाह र अनमेल विवाह विरुद्ध कडा कानून बनाउनु पर्ने ।
- दाइजो प्रथा र घुम्टो प्रथालाई रोक लगाइनुपर्ने ।
- उच्च शिक्षासम्म महिलालाई निःशुल्क गर्नुपर्ने ।
- राज्यको सम्पूर्णतहमा महिलाहरूको सम्मानजनक प्रतिनिधित्वको ग्यारेण्टी गरिनुका साथै आरक्षण र विशेषाधिकार लागू हुनुपर्ने ।
- कामको पारिश्रमिकतामा समानताको ग्यारेण्टी गर्नुपर्ने ।
- आमाको नामबाट नागरिकता पाउने व्यवस्था संविधानमै उल्लेख हुनुपर्ने ।
- स्वास्थ्य, शिक्षा र रोजगार महिलाको विशेष अधिकारको रुपमा स्थापित गर्नुपर्ने ।
- दलित विरुद्ध छुवाछुत गर्नेलाई राज्यले कडा कारवाही गर्नुपर्ने ।
- भावी संविधानमा दलित शब्द हटाइनु पर्ने ।
- दलितको आर्थिक अवस्था हेरिकन एक घर एक रोजगारीको व्यवस्था हुनुपर्ने ।
- दलित छात्रवृत्ति पनि आर्थिक अवस्थाका आधारमा वितरण गरिनु पर्ने ।
- अन्तरजातीय विवाहलाई मान्यता दिईनुपर्ने ।
- पुर्खौली पेशालाई कदर गर्दै समय अनुसार परिमार्जन गरी औद्योगिकिकरण गरिनु पर्ने ।
- युवा रोजगारीको ग्यारेण्टी हुनुपर्ने ।
- वेरोजगारी युवाहरूलाई भत्ताको व्यवस्था हुनुपर्ने ।
- कामको लागि विदेश जाने नीतिको अन्त्य गरिनुपर्ने ।
- वृद्ध, अपाङ्ग, मानसिक सन्तुलन गुमाएका, असहाय र अनाथहरूलाई गास, बास, कपासको व्यवस्था राज्यले गर्नुपर्ने ।
- मौलिक अधिकारको पूर्ण ग्यारेन्टी, गाँस, वास र रोजगारीको व्यवस्थाको सुनिश्चितता तथा सामाजिक न्यायको प्रत्याभूति हुनुपर्ने ।
- राज्यका निर्देशक सिद्धान्त तथा नीति प्रभावकारी रुपमा कार्यान्वयन हुनुपर्ने ।
- राष्ट्रभरी एकै किसिमको निःशुल्क शिक्षा प्रणाली अपनाइनु पर्ने ।
- मातृभाषामा शिक्षा लिन पाउने व्यवस्था हुनुपर्ने ।
- प्राविधिक तथा शिपमूलक शिक्षा प्रणालीको ग्यारेण्टी राज्यले गर्नुपर्ने ।
- शिक्षक अस्पतालको व्यवस्था हुनुपर्ने ।
- जग्गाको निश्चित हदवन्दी तोकिनुका साथै भूमिहीनलाई राज्यले भूमिको व्यवस्था गर्नुपर्ने ।
- उत्पादनका साधनहरू बिउ, विजन र कृषि औजार राज्यले उपलब्ध गराउनु पर्ने ।
- निर्व्याजी रुपमा कृषि ऋण उपलब्ध गराउनुपर्ने ।
- विशिष्ट किसिमका रोग लागेका व्यक्तिहरूलाई राज्यबाटै निःशुल्क उपचारको व्यवस्था हुनुपर्ने ।

**टोली नं. ९**

- आरक्षण दिदा गरिबीलाई एउटा प्रमुख आधार बनाईनुपर्ने ।
- राज्यले गाँस, बास, शिक्षा, स्वास्थ्य, रोजगार आदि आधारभूत आवश्यकताको ग्यारेण्टी गर्नुपर्ने ।
- घरेलु हिंसा, महिलामाथि हुने भेदभाव, दहेज प्रथाको अन्त्य गर्न कानूनी व्यवस्थासहित प्रभावकारी कार्यान्वयन गरिनुपर्ने ।
- हत्या, अपहरण, सार्वजानिक स्थलमा बम विष्फोट गरी हानि नोक्सानी गर्नेलाई मृत्युदण्डको सजाय हुने गरी कानून बन्नुपर्ने ।
- नागरिकताको सम्बन्धमा प्रदेशले जारी गर्न सक्ने वा नसक्ने भन्ने कुरा स्पष्ट उल्लेख गरिनुपर्ने ।

**टोली नं. १०**

यस समितिले जनताको सुझाव टिपोट प्रतिवेदनमा उल्लेख गरेको छैन ।

**टोली नं. ११**

- शिक्षा, स्वास्थ्य र रोजगारीको ग्यारेण्टी हुनुपर्ने ।
- माछा मार्ने जातिले खोलानालामा निर्वाध रुपले माछा मार्न पाउनु्पर्ने ।
- यौन व्यवसायलाई व्यवसायिक दायरामा ल्याउनुपर्ने ।
- स्थानीय भाषामा सरकारी कामकाज गर्न गराउन पाउनुपर्ने ।
- सरकारले पठाउने बैदेशिक रोजगारीमा कोटा प्रणालीको व्यवस्था गरिनुपर्ने ।
- जोखिमपूर्ण काम गर्नेलाई विशेष सुरक्षाको व्यवस्था हुनुपर्ने ।
- वर्गीय आरक्षण राज्यका सबै क्षेत्रमा आवश्यक पर्ने तर निश्चित अवधिका लागि मात्र हुनुपर्ने ।
- मुख्य राजमार्ग, शिक्षण संस्थाहरू, स्वास्थ्य संस्थाहरूलाई शान्ति क्षेत्र घोषित गरी बन्द हडताल निषेधित क्षेत्र बनाउनुपर्ने ।
- मुस्लिम कानून बनाउनु पर्ने ।
- संविधानमा नागरिकका कर्तव्य पनि उल्लेख हुनुपर्ने ।
- प्रत्येक नेपालीलाई नागरिकताको हक हुने व्यवस्था गर्ने ।
- गम्भीर अपराधमा मृत्युदण्डको व्यवस्था हुनुपर्ने ।
- पूँजिगत दण्डको व्यवस्था हुनुपर्ने ।
- शिक्षक, विद्यार्थी, कर्मचारी लगायत सरकारी तलव खाने कुनै पनि व्यक्ति/समुदाय राजनीतिबाट मुक्त हुनुपर्ने तर भोट हाल्न भने पाउनु पर्ने ।
- सरकारी डाक्टरले क्लिनीक चलाउन नपाउने व्यवस्था गरिनुपर्ने ।
- कृषि बजारको व्यवस्था हुनुपर्ने ।

**टोली नं. १२**

- गाँस, बास, कपास, शिक्षा, स्वास्थ्य रोजगारी लगायतका विषयलाई मौलिक अधिकारको रुपमा संविधानमा नै व्यवस्था गर्नुपर्ने ।
- विधबालाई दिइने भत्ता विधवा भएको अवस्था देखि नै र वृद्ध भत्ता नेपालको औसत आयुलाई आधार मानेर उपलब्ध गराउने व्यवस्था हुनुपर्ने ।
- नागरिकता वितरण प्रक्रियालाई अझ वढी व्यवस्थित गर्नुपर्ने ।

**टोली नं. १३**

- शिक्षा, स्वास्थ्य, गाँस, बास, कपास, रोजगारी, सुरक्षा मौलिक हकको रुपमा रहनुपर्ने ।
- कर तिर्ने प्रणालीलाई मौलिक कर्तव्यको रुपमा राख्नुपर्ने ।
- विभेद अन्त्य गर्न संविधानमा नै सामाजिक चेतना संवन्धी कार्यक्रम र प्रभावकारी कानूनी व्यवस्था गर्नुपर्ने ।
- मौलिक कर्तव्यको रुपमा सबै नागरिक शिक्षित, समानताको व्यवहार, भेदभावको अन्त्य गर्ने ।
- सबै वर्गलाई नेपाली भन्ने भावना जगाउनुपर्ने ।
- राज्यको हरेक अंगमा समानुपातिक सहभागी हुनुपर्ने ।
- राष्ट्रको हितको लागि सदैव क्रियाशील रहनुपर्ने ।

**टोली नं. १४**

- यस समितिको प्रतिवेदनमा वितरीत प्रश्नावली संख्या उल्लेख भएको तर, जनताले के राय दिए भन्ने वारे उल्लेख नभएको ।

**टोली नं. १५**

भक्तपुर

- भक्तपुर जिल्लालाई सांस्कृतिक सम्पदा क्षेत्र घोषणा गरी पौराणिक कलायुक्त बसोवास क्षेत्र बनाउनुपर्ने ।
- उपभोक्ताको स्वास्थ्यमा प्रतिकूल असर पर्ने गरी विषादीको अत्यधिक प्रयोग भै रहेको कुरा किसानहरूबाटै आएकोले यसको प्रयोग स्वास्थ्यमा प्रतिकूल असर नपर्ने गरी गर्न कृषकलाई विषादी प्रयोग सम्वन्धी नियमित तालिम र जन चेतनामूलक कार्यक्रम अभियानको रुपमा तत्काल सञ्चालन गरिनुपर्ने साथै जैविक खेतीको विकास गरिनु पर्ने ।
- भक्तपुर जिल्लामा रहेका अल्पसंख्यक जातिको पहिचान गरी उनिहरूका लागि विशेष कार्यक्रम लागू गर्नुपर्ने ।
- सवारी दुर्घटना लगायत अन्य विभिन्न कारणले अपाङ्ग हुन विवश नागरिकहरूको संख्या पनि बढ्दो देखिएकोले अपाङ्ग पुनरस्थापना केन्द्र खोल्नु पर्ने साथै अन्य लोक कल्याणकारी अपाङ्ग मैत्री कार्यक्रम संचालन गरिनु पर्ने ।

ललितपुर

- घरेलु हिंसा रोक्नु पर्ने ।
- महिला र बच्चालाई मार्नेलाई मृत्युदण्डको व्यवस्था संविधानमा गर्नुपर्ने ।
- ठूला ठूला आयोजना संचालन गर्दा जनजाति लाभान्वित हुनुपर्ने ।
- जनतालाई खाना, नाना र छानाको ग्यारेन्टी हुनुपर्ने ।
- रोजगारीमा महिलालाई प्राथमिकता दिनुपर्ने ।
- जाति र भाषाको कुरा मानवीयताको कुरा भएकोले यसको रक्षा हुनुपर्ने ।
- महिलालाई विशेष हक अधिकार दिने वारेमा संविधानमा स्पष्ट उल्लेख गर्नुपर्ने ।
- महिलालाई यातना दिने र बेचविखन गर्नेलाई कठोर दण्डको व्यवस्था हुनुपर्ने ।
- पुरुष र घरपरिवारबाट अपहेलित महिलाका लागि संरक्षणको व्यवस्था हुनुपर्ने ।
- नेपाली नागरिकता बसाईको आधारमा होइन, वंशजको आधारमा मात्रै दिइनुपर्ने ।
- अबको व्यापक लगानी जलस्रोतमा गर्नुपर्ने ।
- मानिसमानिसमा विभेद हुने टिकाटिप्पणी बन्द हुनुपर्ने ।
- देश मेरो हो भन्ने भावना विकास गरिनुपर्ने ।
- छुवाछुत गर्ने विरुद्ध कडा दण्ड सजायको व्यवस्था हुनुपर्ने ।
- महिला, दलित र जनजातिलाई संविधानद्वारा विशेष संरक्षण दिइनुपर्ने ।
- शिक्षा, स्वास्थ्य निःशुल्क हुनुपर्ने ।
- नेपालमा जन्मेको व्यक्ति नेपाली नागरिक हुनुपर्ने ।
- मजदूरको जीवनयापनको व्यवस्था, क्रान्तिकारी भूमिसुधारको कार्यान्वयन, दण्डहिनताको अन्त्य र सबै जातजातिलाई संरक्षणको व्यवस्था हुनुपर्ने ।
- संविधानले जातजाति र भाषाको संरक्षण गर्नुपर्ने ।
- गरिब, सीमान्तकृत र निमुखाको मुद्दा न्याय कोष मार्फत गरिनुपर्ने ।
- दलितलाई योग्यताको आधारमा नोकरीको व्यवस्था गरिनुपर्ने ।

- महिलामाथि हुने भेदभावको, नातावाद र कृपावादको अन्त्य गरी दलितलाई पछाडि पार्ने संस्कारको अन्त्य गरिनुपर्ने ।
- वैदेशिक रोजगारीमा युवाहरू पठाउने काम रोकिनुपर्ने ।
- अपांगको अधिकार सुनिश्चित हुनुपर्ने ।
- अपांगलाई राज्यको माथिल्लो निकायमा पठाउने नीति बन्नुपर्ने ।
- सबैका लागि एउटै शैक्षिक नीति बनाई हरेक भाषाको विश्वविद्यालय खोल्नुपर्ने ।
- गाउँस्तरीय वृद्धाश्रमको व्यवस्था गरी अपांग भत्ता खारेजी गर्ने ।
- तेस्रो लिङ्गीले पहिचानसहित नेपाली नागरिकताको प्रमाणपत्र पाउनु पर्ने ।
- पुरातात्विक वस्तुको संरक्षण हुनुपर्ने ।

### काठमाडौं

- समानताको सुनिश्चितता हुनुपर्ने ।
- वैयक्तिक अधिकारको उपभोगमा स्वतन्त्रता हुनुपर्ने ।
- भेदभाव विरुद्धको अधिकार हुनुपर्ने ।
- आधारभूत शिक्षा, स्वास्थ्य र रोजगारको प्रत्याभूती हुनुपर्ने ।
- गाँस, बास र कपासको सुनिश्चितता हुनुपर्ने ।
- महिला, दलित, आदिवासी, जनजाती, अल्पसंख्यक, कर्णाली क्षेत्रको विशेष अधिकार हुनुपर्ने ।
- शोषण विरुद्धको हक हुनुपर्ने ।
- ट्रेड युनियन र सामुहिक सौदावाजीको हक हुनुपर्ने ।
- बाध्यकारी श्रम विरुद्धको हक हुनुपर्ने ।
- बालश्रमको अन्त्य हुनुपर्ने ।
- सामाजिक सुरक्षाको व्यवस्था हुनुपर्ने ।
- आरक्षण आर्थिक सूचकको आधारमा हुनुपर्ने ।
- राष्ट्रप्रमुख पनि दण्डभागी हुने व्यवस्था गर्दै दण्डहिनताको अन्त्य हुनुपर्ने ।
- सबै विकास योजना सहभागितामूलक रुपमा संचालन हुनुपर्ने ।
- निःशुल्क र समान किसिमको व्यवसायिक शिक्षाको व्यवस्था हुनुपर्ने ।
- निजी विद्यालयलाई सरकारी शिक्षामा रुपान्तरित गर्नुपर्ने ।
- जग्गा र सम्पत्तीमा हदवन्दी लगाउनुपर्ने ।
- पुरुष सरह अगाडी आउन महिलाका लागि विशेष अधिकारको व्यवस्था गरिनुपर्ने ।
- जसको जोत उसको पोत हुनुपर्ने ।
- गा.वि.स.मा महिलाको निम्ति रकम छुट्याउनु पर्ने ।
- शिक्षा अनिवार्य र निःशुल्क गर्नुपर्ने ।
- शिक्षकका अधिकार समानताको आधारमा स्थापित हुनुपर्ने ।
- शिशु अवस्थामा बालबालिकाको हक सुरक्षित हुनुपर्ने ।
- महिला र पुरुषको ज्याला (समान कामको लागि) बराबर हुनुपर्ने ।
- तँ तिमी तपाई हजुर को सामन्ती संस्कार हटाइनुपर्ने ।
- किसानको हित र भूमिसुधारमाथि ध्यान दिनुपर्ने ।
- गम्भीर अपराध गर्नेलाई मृत्युदण्ड राख्नुपर्ने ।
- मातृभाषामा शिक्षा दिनुपर्ने ।
- उत्पीडकहरूको मानसिकता बदल्ने कुरामा जोड दिनुपर्ने ।

## टोली नं. १६

- शिक्षा स्वास्थ्य, रोजगार र खाद्य सम्प्रभुता मौलिक हकमा राखिनुपर्ने ।
- रोजगारीको ग्यारेण्टी नहुँदासम्म बेरोजगारी भत्ताको व्यवस्था हुनुपर्ने ।
- शिक्षा वैज्ञानिक, व्यवहारिक, सीपमूलक हुनुपर्ने ।
- द्वैध शिक्षा प्रणालीको अन्त्य गर्दै शिक्षामा निजीकरण र व्यापारिकरणको अन्त्य गरी समान अवसर कायम गर्दै १२ कक्षासम्म अनिवार्य तथा निःशुल्क शिक्षा हुनुपर्ने ।
- अल्पसंख्यक तथा सीमान्तकृत समुदायलाई स्नातक तहसम्म निःशुल्क शिक्षा हुनुपर्ने ।
- महिला, दलित, अपाङ्ग र पिछडिएका वर्गलाई राज्यसत्ताको हरेक निकायमा विशेष अधिकार दिनुपर्ने ।
- महिलाको प्रजनन अधिकार मौलिक हकमा राखिनुपर्ने ।
- पैतृक सम्पत्तिमा महिला र पुरुषलाई समान अधिकार हुनुपर्ने ।
- समान कामको समान ज्याला हुनुपर्ने ।
- सबै जनजातिले आफ्नो मातृभाषामा शिक्षा लिन पाउनुपर्ने ।
- राष्ट्रियताको रक्षाको लागि १८ वर्ष पुगेका सबै नागरिकलाई फौजी तालीम दिनुपर्ने ।
- वृद्धहरूको उचित संरक्षणको लागि राज्यबाट व्यवस्था हुनुपर्ने ।
- छोरीलाई पनि वंशको मान्यता दिनुपर्ने ।
- दाइजो प्रथालाई उन्मूलन गर्नुपर्ने ।
- जातीय छुवाछुत गर्नेलाई दण्डसजायको व्यवस्था हुनुपर्ने ।

## टोली नं. १७

- गाँस बास कपास, शिक्षा, स्वास्थ्य जस्ता मानिसका आधारभूत कुराहरूको ग्यारेन्टी हुनुपर्ने ।
- प्रेश स्वतन्त्रता राज्यको चौथो अङ्गको रुपमा उल्लेख हुनुपर्ने ।
- महिलालाई सबैक्षेत्रमा ३३% देखि ५०% को अधिकार हुनुपर्ने ।
- आमाको नामबाट पनि नागरिकता पाउने व्यवस्था हुनुपर्ने ।
- महिला शिक्षा निःशुल्क हुनुपर्ने ।
- शिक्षा, स्वास्थ्य, र रोजगार नैसर्गिक अधिकारभित्र राखिनुपर्ने ।
- बालगृहका बालबालिकाहरूलाई बालगृह भएकै जिल्लाबाट नागरिकता उपलब्ध हुनुपर्ने ।
- १८ वर्ष पुगका नागरिकलाई अनिवार्य सैनिक तालिमको अधिकार हुनुपर्ने ।
- छुवाछुत विरुद्धको कार्यान्वयन पक्ष दरिलो हुनुपर्ने ।
- बालबालिकाको हक अधिकारको व्यवहारमा कार्यान्वयनको सुनिश्चितता हुनुपर्ने ।
- "विद्यालय शान्तिक्षेत्र" घोषणा हुनुपर्ने ।
- आदिवासी, जनजातीलाई गरिने सबै खाले भेदभाव, अपहेलना, घृणा र उत्पिडनको अन्त्य भई सम्मानीत जीवन बिताउन सक्ने अधिकार सुनिश्चित हुनुपर्ने ।
- धार्मिक स्वतन्त्रता हुनुपर्ने ।
- ग्रामीण केन्द्रित विकास नीति लागू हुनुपर्ने ।
- सबैलाई समान अवसरको अधिकारको सुनिश्चिता हुनुपर्ने ।
- छोरा छोरीलाई बराबर अंशको अधिकार हुनुपर्ने ।
- बाँच्न पाउने अधिकारको ग्यारेन्टी हुनुपर्ने ।
- जल, जमिन र जंगलमा नागरिकहरूको पूर्ण अधिकार हुनुपर्ने ।
- लोकतन्त्रका मूल्य र मान्यताहरू पूर्णरुपमा स्थापना हुनुपर्ने ।
- १६ वर्षकालाई मताधिकारको व्यवस्था हुनुपर्ने ।

- शिक्षालाई व्यवहारिक र रोजगारमूलक बनाई मौलिक अधिकारको रुपमा राख्नुपर्ने ।
- विदेशीलाई नागरिकता दिन नहुने ।
- महिला र दलितलाई विशेषाधिकारको व्यवस्था हुनुपर्ने ।

## टोली नं. १८

- विश्वव्यापी मानवअधिकार घोषणाका प्रावधान अब बन्ने संविधानमा राख्नुपर्ने ।
- मौलिक अधिकारमाथि कुनै पनि हालतमा बन्देज लगाउन नपाइने प्रावधान हुनुपर्ने ।
- शिक्षा, स्वास्थ्य, रोजगारलाई मौलिक हकमा राखेर ती हक अधिकार राज्यबाट प्रदान गर्ने सुनिश्चित हुनुपर्ने ।
- बालबालिका, महिला, दलित, अपाङ्ग, लोपोन्मुख, सीमान्तकृत, पिछडिएका जाति, क्षेत्र, वर्गका नागरिकको अधिकार राज्यले संरक्षण दिनुपर्ने ।
- विद्यमान नागरिकता वितरण प्रणालीलाई पुनः विचार गरी नागरिकता वितरण प्रणालीलाई वैज्ञानिक र व्यवस्थित गर्नुपर्ने । नेपालीले नागरिकता सरल र सहज रुपमा पाउनु पर्ने व्यवस्था राख्ने ।
- अन्तरिम संविधानमा व्यवस्था गरिएका प्रावधान यथावत राख्ने ।
- दलित, महिला, उत्पीडित, आर्थिक, सामाजिक दृष्टिले पिछडिएका जातलाई प्रतिस्पर्धी क्षमता नमर्ने र प्रतिभा पलायन हुन नपाउने गरी आरक्षण र विशेषाधिकारको व्यवस्था गर्ने ।

## टोली नं. १९

- आधारभूत नागरिक अधिकार र स्वतन्त्रताको प्रत्याभूति हुनुपर्ने ।
- महिला, बालबालिका, युवा, मजदूर, किसान, मधेशी, आदिबसी, जनजाती, दलित, पिछडिएको क्षेत्र, अपाङ्ग, मुस्लिम लगायत सबै अल्पसंख्यक समुदायको हक, अधिकार संरक्षण गरिनुपर्ने ।
- मौलिक अधिकारको कार्यान्वयन सम्बन्धी व्यवस्था सरल, सहज र छिटोछरितो हुनुपर्ने ।
- नागरिकहरूको मौलिक कर्तब्य पनि संविधानमा उल्लेख गरिनुपर्ने ।

## टोली नं. २०

- छुवाछुत तथा जातीय विभेद विरुद्धको हक उल्लेख हुनुपर्ने ।
- दलितहरूलाई सबै किसिमका शिक्षा र तहमा छात्रवृत्तिसहित निःशुल्क शिक्षाको हक हुनुपर्ने ।
- शिक्षा, स्वास्थ्य, रोजगार र खाद्य सम्प्रभुताकासाथै रोजगारीको ग्यारेन्टी नहुँदासम्म वेरोजगारी भत्ताको व्यवस्था हुनुपर्ने ।
- एक घर एक रोजगारको व्यवस्था लागू गरिनुपर्ने ।
- महिलाको प्रजनन अधिकार सुनिश्चित हुनुपर्ने ।
- दम्पतिको स्वीकृति वेगर गर्भपतन गराएमा रु.५०,०००।- जरीवाना गर्नुपर्ने ।
- महिला, दलित, अपाङ्ग र पिछडिएका वर्गलाई राज्यसत्ताको हरेक अङ्ग वा निकायमा सहभागी गराउन विशेष अधिकारको व्यवस्था हुनुपर्ने ।
- पैतृक सम्पत्तिमा महिला र पुरुषलाई समान अधिकार हुनुपर्ने ।
- समान कामको लागि समान ज्याला हुनुपर्ने र महिलाहरूलाई सम्पत्तिमाथिको अधिकारको प्रत्याभूत गराउन अचल सम्पत्ति बेचविखन गर्दा श्रीमान र श्रीमती दुवैको सहमति चाहिने व्यवस्था गरिनुपर्ने ।
- सबै जातजातीले आफ्नो मातृभाषामा शिक्षा लिन पाउनुपर्ने ।
- क्षतिपूर्तिको हक हुनुपर्ने ।
- शुद्ध पिउने पानी र सरसफाई सम्बन्धी हक हुनुपर्ने ।
- दलितहरूले आधारभूत स्वास्थ्य शिक्षा पाउने हक हुनुपर्ने ।

- सडक, सञ्चार, विद्युत, सिंचाई जस्ता आधारभूत पूर्वाधार र स्रोत साधनको समान उपभोग गर्न पाउने हक सुनिश्चित हुनुपर्ने ।
- अन्तर्राष्ट्रिय सन्धि, सम्झौताको नेपाल पक्ष भएपछि सिर्जना भएका अधिकारको उपभोग गर्न पाउने हक हुनुपर्ने ।
- दण्डहीनताको अन्त्य हुनुपर्ने ।
- महिला, अपाङ्ग, सीमान्तकृत समुदाय, भूमिहिन, दलित बालबालिकाको लागि विशेष अधिकारको सुनिश्चितता महिलालाई दिइने आरक्षणमा दलित महिलालाई पहिलो प्राथमिकता दिनुपर्ने ।
- हरेक महिलालाई पहिलो र दोस्रो बच्चा पाउँदा प्रसूति खर्चको व्यवस्था हुनुपर्ने ।
- मानव अधिकारको प्रत्याभूति हुनुपर्ने ।
- सबै समुदायको धर्म, भाषा र संस्कृतिको संरक्षण एवं सम्बर्धन हुनुपर्ने ।

**टोली नं. २१**

- बंशजको नागरिकता जन्मको आधार र विदेशी दम्पतिको हकमा आफ्नो देशको नागरिकता त्यागेपछि दिने व्यवस्था गरिनुपर्ने ।
- आमाको नामबाट पनि नागरिकता प्राप्त गर्न पाउनुपर्ने ।
- सन्तानले नागरिकता प्राप्त गरेको अवस्थामा बाबुआमालाई पनि नागरिकता दिने ।
- नागरिकताको किसिम जन्मसिद्ध र सम्मानार्थ हुनुपर्ने ।
- स्थानीय निकायबाट नागरिकता पाउने व्यवस्था गरिनुपर्ने ।
- निःशुल्क शिक्षा, स्वास्थ्य, रोजगारी, गाँस, बास र कपासको मौलिक अधिकार हुनुपर्ने ।
- सम्मानपूर्वक वांच्न र स्वतन्त्रपूर्वक हिड्डुल गर्न पाउनुपर्ने ।
- आफूले चाहेको पेशा, व्यवसाय गर्न पाउनुपर्ने ।
- आफनो धर्म, संस्कृति र परम्परा अनुसार कार्य गर्न पाउनुपर्ने ।
- वाक तथा प्रकाशन तथा प्रेस स्वतन्त्रता हुनुपर्ने ।
- सम्पत्ति आर्जन गर्न पाउनुपर्ने ।
- सुकुम्वासी तथा घरवार विहिनलाई घर र जग्गाको व्यवस्था गर्नुपर्ने ।
- अल्पसंख्यक तथा सीमान्तकृत समुदाय, बालबच्चा, असहाय, अपाङ्ग, तेश्रो लिङ्गी तथा वृद्धहरूको लागि विशेष संरक्षणको व्यवस्था हुनुपर्ने ।
- सामाजिक संरक्षण जातीय हिसावले नदिई वर्गीय हिसावले पछाडि पारिएकालाई दिईनुपर्ने ।
- सीमान्तकृत, अल्पसंख्यक, दलित, महिला, मुस्लिम र आदिबासीलाई आर्थिक र सामाजिक संरक्षण दिनुपर्ने ।
- सबै जात जाति, धर्म र लिङ्गको समावेसीकरण हुनुपर्ने ।
- आर्थिक रुपले विपन्न वर्गलाई समावेशीकरणको माध्यमद्वारा समेट्नु पर्ने ।
- दाईजो प्रथालाई अन्त्य गरिनुपर्ने ।
- घरेलु हिंसाको अन्त्य गर्नुपर्ने ।
- महिला सशक्तिकरण र सहभागितामा वृद्धि गर्नुपर्ने ।
- सबै एकल महिलालाई उमेरको हद नराखी सम्मान गरिनु पर्ने र सुविधा दिनुपर्ने ।
- नागरिकता, राहदानी जस्ता सेवा स्थानीयस्तरमा नै प्रवाह गर्ने व्यवस्था गरिनुपर्ने ।
- सबै नागरिकलाई राज्यले समान व्यवहार र अवशर उपलव्ध गराउनुपर्ने ।
- कुनै पनि नागरिक माथि भाषा, धर्म, संस्कृति, जातजाति, लिङ्ग, वर्ण वा क्षेत्रको आधारमा भेदभाव गर्न नहुने ।
- शान्ति सु-व्यवस्था कायम गर्नुपर्ने र व्यक्तिको धन सम्पत्ति तथा ज्यानको सुरक्षा हुनुपर्ने ।

- अर्न्तराष्ट्रिय रुपमा स्वीकृत मानव अधिकारको प्रत्याभूति हुनुपर्ने ।
- कानूनको शासन स्थापित हुनुपर्ने ।
- उपभोक्ताको अधिकारलाई मौलिक अधिकारको रुपमा राख्नुपर्ने ।
- मौलिक अधिकार हनन भएमा क्षतिपूर्तिको व्यवस्था हुनुपर्ने ।
- समानताको हक र गोपनीयताको हक हुनुपर्ने ।
- छोरीले छोरा सरह पैतृक सम्पति पाउनुपर्ने ।
- कुनै पनि निहुँमा बन्द, हड्ताल, चक्काजाम गर्न नपाउने व्यवस्था हुनुपर्ने ।
- नागरिकको कर्तव्यका रुपमा देश र राष्ट्रियता प्रति वफादार हुनुपर्ने ।
- देशको कर्तव्यका रुपमा राष्ट्र राष्ट्रियता र जनताको रक्षा गर्नुपर्ने, लोक कल्याणकारी र समावेशी राज्यको स्थापना गर्नुपर्ने, कानूनी शासन र शान्ति सुरक्षा कायम व्यवस्था गरिनुपर्ने ।

**टोली नं. २२**

- शिक्षा, स्वास्थ्य (प्रजनन स्वास्थ्य समेत) र रोजगारीलाई मौलिक हकको रुपमा राखिनु पर्ने ।
- खाद्य सम्प्रभुताको हक (गाँस), आवास, लुगा लगाउने अधिकार (कपास), शिक्षा, स्वास्थ्य, रोजगारीको हक, सूचनाको हक, सुरक्षाको हक, विकासको हक र मनोरञ्जनको हकलाई मौलिक हकको रुपमा राखिनु पर्ने ।
- मल, बीउ र औजारमा सहुलियत र उत्पादित सामानको उचित मूल्यमा बिक्रीको लागि बजारको ग्यारेन्टी गरिनु पर्ने ।
- कक्षा १२ सम्म अनिवार्य र निःशुल्क शिक्षाको व्यवस्था हुनुपर्ने ।
- महिला, आदिवासी जनजाती, दलित, मधेशी, मुस्लिम र पिछडिएको क्षेत्र लगायतको लागि विशेष आरक्षण गरिनु पर्ने । यस व्यवस्था अन्तरगत विशेष वर्ग भन्दा पनि निश्चित मापदण्ड भन्दा तल रहेका सबैलाई आरक्षण गरिनुपर्ने ।
- विगतको नागरिकता वितरण प्रकृया त्रुटिपूर्ण रहेको हुँदा यसलाई सुधार गरिनुपर्ने ।
- विरोध प्रदर्शनको रुपमा हुने चक्काजाम र शैक्षिक संस्था बन्द गर्ने परिपाटीको अन्त्य गरि आन्दोलनको नयाँ तरिका अवलम्बन गरिनुपर्ने ।
- दण्डहिनताको अन्त्य गरिनुपर्ने ।
- विदेशमा रहेका नेपालीहरूको मताधिकारको सुनिश्चितता गरिनुपर्ने ।
- अपाङ्गहरूको लागि विशेष आरक्षणको व्यवस्था गरिनुपर्ने ।
- राज्यका सबै निकायलाई समानुपातिक समावेश बनाइनुपर्ने ।
- एक परिवार एक रोजगारको ग्यारेन्टी गरिनुपर्ने ।
- बालविवाह, बहुविवाह र महिला विरुद्ध हिंसा सम्बन्धी कानून कमजोर र अप्रभावकारी भएको हुँदा प्रभावकारी बनाइनुपर्ने ।
- घरेलु हिंसा विरुद्ध कठोर कानून बनाउनु पर्ने ।
- मौलिक हकको प्रभावकारी कार्यान्वयनको व्यवस्था गरिनुपर्ने ।
- लालपूर्जामा श्रीमान श्रीमति दुबैको संयुक्त नाम समावेश गरिनुपर्ने ।
- वृद्धवृद्धाको पालनपोषण र स्वास्थ्य उपचारको जिम्मा राज्यले लिनुपर्ने ।
- बालबालिकाको शिक्षा लगायत हकको सुनिश्चतता गरी श्रम शोषणको अन्त्य गरिनुपर्ने ।
- अन्तरिम संविधान प्रदत्त महिलाका हक कायम राख्दै राज्य संयन्त्रका सम्पूर्ण क्षेत्रमा महिलाको समान सहभागिता गरिनुपर्ने ।
- आमाको नामबाट पनि नागरिकता प्राप्त गर्ने हक हुनुपर्ने ।

- विदेशी नागरिकसँग नेपाली नागरिक महिला वा पुरुषले विवाह गरी जन्मेका सन्तानको नागरिकको हक समान हुनुपर्ने ।
- राज्य संयन्त्रको सम्पूर्ण क्षेत्रमा महिलाको समान सहभागिता हुनुपर्ने ।
- तेस्रो लिङ्गीहरूको अधिकार सुनिश्चित हुनुपर्ने ।
- विपन्न वर्गलाई विशेष आरक्षण गरिनुपर्ने ।

**टोली नं. २३**

- मौलिक अधिकारका विषयमा अन्तरिम संविधानमा व्यवस्था भए वाहेक शिक्षा, स्वास्थ्य, खाद्य सम्प्रभुता, रोजगार, आवासको हक सुनिश्चित हुनुपर्ने ।
- सामाजिक न्याय, महिला, दलितका हकहित जस्ता विषयमा संविधानमा स्पष्ट व्यवस्था हुनुपर्ने ।
- राज्यका निर्देशक सिद्धान्त तथा नीति प्रभावकारी कार्यान्वयन हुनुपर्ने ।
- नागरिकता सम्वन्धी व्यवस्थाको दुरुपयोग नहुनेगरी संविधानमा नै व्यवस्था गर्नुपर्ने ।

**टोली नं. २४**

- मौलिक अधिकारको पूर्णग्यारेण्टी, गाँस, बास र रोजगारीको व्यवस्था, सामाजिक न्याय, महिला, दलित अपाङ्गका हकहित जस्ता विषयमा स्पष्ट व्यवस्था हुनुपर्ने ।
- राज्यका निर्देशक सिद्धान्त तथा नीति प्रभावकारी रुपमा कार्यान्वयन हुनुपर्ने ।
- शिक्षा, स्वास्थ्य, रोजगारी र खाद्य सम्प्रभुता जनताका मौलिक अधिकार हुनुपर्ने ।
- चक्काजाम, हड्ताल जस्ता कार्य बन्द गरिनु पर्ने ।
- शिक्षा, स्वास्थ्य र शान्ति सुरक्षाका जस्ता विषय प्रस्तावनामा राखिनुपर्ने ।
- वैज्ञानिक तथा रोजगारमूलक शिक्षाको व्यवस्था हुनुपर्ने ।
- प्राकृतिक स्रोत साधनमाथि सबैको अधिकार हुनुपर्ने ।
- अपाङ्गलाई रोजगारी भत्ता हुनुपर्ने र वर्गिकरण गर्नुपर्ने ।
- एक परिवार एक रोजगारको व्यवस्था कार्यान्वयन हुनुपर्ने ।
- अवैध नागरिकता खारेज गरिनुपर्ने ।
- दलितलाई राहत दिनुपर्ने ।
- जुनसुकै उमेरको भएपनि एकल महिलाको उचित व्यवस्था गरिनुपर्ने ।
- अपाङ्गलाई सबै प्रकारको सुविधाको ग्यारेण्टी गरिनुपर्ने ।
- दलितको अधिकार सुनिश्चित गरिनु पर्ने ।
- दलितहरूमाथि हुने गरेको छुवाछुत र शोषणको अन्त्य गर्ने संविधान निर्माण गर्नुपर्ने ।
- शिक्षाको सम्पूर्ण दायित्व राज्यको हुनुपर्ने ।
- राज्यले सबै नागरिकहरूमाथि समान व्यवहार गर्नुपर्ने ।
- चोरी बलात्कारी र ज्यानमारालाई मृत्युदण्डको व्यवस्था संविधानमा नै गरिनुपर्ने ।
- महिला प्रजनन स्वास्थ्यको अधिकार हुनुपर्ने ।
- ज्यालामा रहेको विभेद अन्त्य गरिनुपर्ने ।
- एउटै किसिमको शिक्षा प्रणाली लागू गरिनुपर्ने ।
- युवाहरूलाई योग्यता अनुसारको रोजगारीको सिर्जना हुनुपर्ने ।
- महिला तथा बालबालिका बेचविखनमा लाग्नेलाई अपराधीलाई जन्मकैद हुने कानून बनाउनु पर्ने ।
- १६ वर्ष पुगेकाले मताधिकार पाउनु पर्ने ।
- घरेलु हिंसाको अन्त्य हुनुपर्ने ।
- महिला विधवा भएकै दिनदेखि भत्ता पाउनुपर्ने ।

**टोली नं. २५**

- सम्पूर्ण मजदूरका लागि राज्यव्दारा गाँस, वास, कपास, स्वास्थ्य र रोजगारीको ग्यारेण्टी हुनुपर्ने ।
- राशन कार्ड र वेरोजगारी भत्ताको ग्यारेण्टी हुनुपर्ने ।
- जातीय, क्षेत्रीय, वर्गीय, धार्मिक र लैंगिक आधारमा विभेद हुनु नहुने ।
- बालश्रमको अन्त्य हुनुपर्ने ।
- राज्य र राजनीतिक दलका सबै तहमा समानुपातिक प्रतिनिधित्व हुनुपर्ने ।
- बहुलवाद, धर्म निरपेक्षता, विकेन्द्रीत शासन प्रणाली सामाजिक, आर्थिक र न्याय प्रणालीलाई राज्यका निर्देशक सिद्धान्त मानिनु पर्ने ।
- आमाको नामबाट पनि नागरिकता प्रदान गरिनुपर्ने ।
- वेवारिसे पाइएका बालवालिकालाई नागरिकता प्रदान गर्नु राज्यको कर्तव्य हुने ।
- अंश र वंशमा महिला र पुरुषको समान अधिकार हुनुपर्ने ।
- वैज्ञानिक भूमिसुधार लागू गरी दलित सुकुम्वासीलाई जग्गा जमीनको न्यायोचित व्यवस्था हुनुपर्ने ।

**टोली नं. २६**

- गाँस, बास, कपास, शिक्षा, रोगजार, स्वास्थ्य राज्यको जिम्मेवारी हुनुपर्ने ।
- एउटै राज्यमा सरकारी र निजी क्षेत्रबाट सञ्चालित शिक्षा प्रणाली हुनु नहुने ।
- दण्डहिनताको अन्त गरिनुपर्ने ।
- महिला हिंसा अन्त्य, गरिबी निवारण, शान्ति र सुरक्षाको व्यवस्था सुनिश्चितता हुनुपर्ने ।
- कान्तिकारी भूमिसुधार र जमिनको समान वितरण हुनुपर्ने ।
- सस्तो सुलभ बीउविजन र मलखाद हुनुपर्ने र किटनासक औषधी खाद्यान्नमा प्रयोग गर्न नपाउने ।
- यातायात तथा बाटो बन्द गर्ने कुरा सदाको लागि अन्त्य हुनुपर्ने ।
- विरोध गर्ने निश्चित स्थान बाहेक प्रत्यक्ष रुपमा जनतालाई हानि नोक्सानी र पिडा गराउने खालको विरोध गर्न नपाउने ।
- शिक्षामा समानता, दाइजो प्रथाको अन्त्य, समान ज्याला, सर्बसुलभ कृषि ऋण, मुक्त कमैया, भूमिहीन र सुकुम्बासीको पुनर्स्थापना, वादी समुदायको संरक्षण र सुपथ मूल्यको बजार व्यवस्था, एक घर एक रोजगार, सीपमूलक र व्यवहारिक शिक्षा लगायतको व्यवस्था गरिनुपर्ने ।
- बालबालिका, महिला, अपाङ्ग, वृद्धहरूको आरक्षण र भत्ताको व्यवस्था, विशेष गरी सहिदको पहिचान गरी राज्यले सम्मान गर्नुकासाथै उनीहरूको भावना र सपना समेटिएको संविधान लेखिनु पर्ने ।
- सूचना प्रविधिमा नागरिकको पहुँच हुनुपर्ने र पूर्ण प्रेस स्वतन्त्रता कुण्ठित हुनुनहुने ।
- राज्यको हरेक तह र निकायमा ५० प्रतिशत भन्दा बढी महिला सहभागिता रहनुपर्ने ।
- यौनजन्य हिंसाको अन्त्य र पैत्रृक सम्पत्तिमा समान अधिकार हुनुपर्ने ।
- महिला बेचविखन गर्नेलाई कडा कारवाही गर्नुपर्ने ।
- लैङ्गिक समानता हुनुपर्ने, आदिवासी, जनजाती, मधेशी, मुस्लिम, दलित र पिछडिएका महिलाको उत्थानका लागि विशेष अधिकार सहितको व्यवस्था गरिनुपर्ने ।
- समाजमा व्याप्त हरेक किसिमका भेदभावको अन्त्य संविधानबाटै गरिनुपर्ने ।
- दण्डहीनताको अन्त्य गरिनुपर्ने ।
- सम्पूर्ण तह र तप्काका मानिसहरूले मानवोचित रुपमा आफ्नो र भावी सन्ततीको जीवन यापन गर्नसक्ने व्यवस्था हुनुपर्ने ।

## टोली नं. २७

- गाँस, बास, कपास, शिक्षा, स्वास्थ्य, रोजगार, शान्तिसुरक्षा, विकास, सामाजिक सुरक्षाका मान्यतालाई मौलिक अधिकार र राज्यको निर्देशक सिद्धान्तभित्र समेटिनु पर्ने ।
- जनताको राज्यप्रतिको कर्तव्यको पनि व्यवस्था गरिनुपर्ने ।
- महिला र दलित समुदायका अधिकारलाई सुनिश्चित गर्नुपर्ने ।

## टोली नं. २८

- महिला विरुद्ध हिंसा र कानूनी विभेदको अन्त्य हुनुपर्ने ।
- पिछडिएका र सीमान्तकृत वर्गको उत्थानको निम्ति कटिवद्ध हुनुपर्ने ।
- राज्यको नीति परिणाममुखी हुनुपर्ने, साधनको परिचालन न्यायोचित हुनुपर्ने ।
- समानतामा जोड दिइनुपर्ने ।
- सबै जनजातिलाई समान अवसर दिइनु पर्ने
- महिला अधिकारको विशेष संरक्षण गर्नुपर्ने ।
- दलितहरूलाई संम्बोधन गरिनुपर्ने ।
- गरिब पिछडिएका, सीमान्तकृत वर्गको सम्बन्धमा विशेष व्यवस्था हुनुपर्ने ।
- विकट क्षेत्रको विकासको लागि आवश्यक व्यवस्था हुनुपर्ने ।

## टोली नं. २९

- सुकुम्बासी र भूमिहिनहरूको अधिकार संरक्षण र जग्गाको व्यवस्था गरिनु पर्ने ।
- बन्द हडताल जस्ता कुराहरू तुरुन्त बन्द गरिनुपर्ने ।
- कमैयाहरूको समस्या समाधान गरिनुपर्ने ।
- उत्पीडित जातीहरूलाई समेट्ने संविधान निर्माण हुनुपर्ने ।
- एकल महिला भएकै दिनदेखि भत्ताको व्यवस्था हुनुपर्ने ।
- राज्यको नीति निर्माण तहमा महिलाको उचित सहभागिता हुनुपर्ने ।
- संसदमा दलितको सहभागिता र राज्य व्यवस्थामा विशेषाधिकार हुनुपर्ने ।
- विभेदकारी कानूनहरूको अन्त्य गरिनुपर्ने ।
- वेपत्ता परिवारलाई राहत दिनुपर्ने ।
- सबै क्षेत्रमा समान सहभागिता हुनुपर्ने ।
- प्रत्येक किसानहरूलाई सहुलियत दरमा बीउ, विजन लगायतका अन्य सुविधा उपलव्ध गराउनुपर्ने ।
- शिक्षामा जन्मसिद्ध अधिकारको प्रवन्ध मिलाउने व्यवस्था हुनुपर्ने, शिक्षा व्यवसायिक, वैज्ञानिक हुनुपर्दछ र २ प्रकारको शिक्षा हुनु हुदैन ।
- अल्पसंख्यक र सीमान्तकृत समुदायको हक हित र संरक्षण गर्नुपर्ने ।
- व्यवसायिक र प्राविधिक शिक्षा नीति लागू गरिनुपर्ने ।
- शिक्षा गुणस्तरीय, निःशुल्क हुनुकासाथै शैक्षिक क्षेत्रलाई शान्ति क्षेत्र वनाउनुपर्ने ।
- किसानका समस्या र सबाल सम्वोधन हुनुपर्ने ।
- गरिबको अधिकार सुनिश्चित हुनुपर्ने ।
- एकल महिला हुने वित्तिकै भत्ता पाउने व्यवस्था हुनुपर्ने ।
- राज्यले सबै नागरिकलाई समान व्यवहार गर्नुपर्ने ।
- सार्वजनिक सेवामा समानुपातिक समावेशी सहभागिता हुनुपर्ने ।
- अपराधी, देशद्रोही, बलात्कारी, हत्यारा र चेलीवेटी वेचविखन गर्नेलाई फाँसीको सजाय हुनुपर्ने ।

- गाँस, बास, कपास, शिक्षा, स्वास्थ्य र रोजगारीको मौलिक अधिकार हुनुपर्ने ।
- नागरिकता नपाएकाहरूले अनिवार्य रुपमा नागरिकता पाउनुपर्ने ।
- क्रान्तिकारी भूमिसुधार लागू हुनुपर्ने ।
- मधेशीलाई विशेषाधिकार र समानुपातिक प्रतिनिधित्व गराउनु पर्ने ।
- गरिब, उत्पीडित र अपाङ्गहरूको संरक्षण हुनुपर्ने ।
- एक घर एक रोजगारको व्यवस्था हुनुपर्ने ।
- राज्यको प्रत्येक अंगमा दलितहरूको अधिकार सुनिश्चित हुनुपर्ने ।
- छुवाछुतको अन्त्य हुनुपर्ने ।
- महिलाको सामाजिक सुरक्षा, वेचिएका महिलालाई सम्मानित रुपमा समाजमा पुनस्थापित गर्ने व्यवस्था हुनुपर्ने ।
- महिलाहरूको प्रजनन अधिकार सुनिश्चित हुनुपर्ने ।
- यूवा वेरोजगारलाई आरक्षणको व्यवस्था हुनुपर्ने ।
- गाडीबाट मान्छे मार्नेलाई कडा दण्डको व्यवस्था हुनुपर्ने ।
- कमैयाको छोराछोरीको लागि निःशुल्क शिक्षा र स्वास्थ्य हुनुपर्ने ।
- चक्काजाम, हडताल जस्ता कार्य बन्द गरिनुपर्ने ।
- पुरुष सरह महिलालाई पनि पैतृक सम्पत्तिमा समान अधिकार हुनुपर्ने ।
- अपाङ्गलाई रोजगारी र भत्ता हुनुपर्ने ।
- अवैधानिक नागरिकता खारेज गरिनुपर्ने ।
- जातीय, वर्गीय र लैङ्गिग समस्या समाधान गर्नुपर्ने ।
- परराष्ट्र नीतिमा सुधार हुनुपर्ने ।
- अल्पसंख्यक जातिलाई संरक्षण गरिनुपर्ने ।
- सोनाहा जातिको सूचिकृत हुनुपर्ने ।
- आमाको नामबाट नागरिकता पाउने व्यवस्थालाई कडाइसाथ  कार्यान्वयन गर्नुपर्ने ।
- कमलरी प्रथाको अन्त्य हुनुपर्ने ।
- जाड, रक्सी खाने, जुवा तास खेल्ने र श्रीमतीलाई यातना दिनेलाई सजायको व्यवस्था हुनुपर्ने ।
- २० वर्षमा कर्मचारीहरूलाई अनिवार्य अवकाश दिइनुपर्ने ।
- वेपत्ता भएकाहरूको अवस्था सार्वजनिक गर्नुपर्ने ।
- महिला सशक्तिकरणका लागि छुट्टै कार्यक्रम ल्याईनुपर्ने ।
- दाइजो प्रथा, जारी प्रथाको अन्त्य हुनुपर्ने ।
- कब्रस्थान करवला आदि जग्गा मुस्लिम धर्म गुठीको रुपमा रहनुपर्ने ।
- ज्यान मार्ने अपराधीलाई मृत्यु दण्डको सजाय तोकिनु पर्ने ।

**टोली नं. ३०**

- नागरिकलाई योग्यता, क्षमता, रुची र सीपको आधारमा रोजगारी, खान, लाउन, बस्ने एवं स्वास्थ्य र मानव अधिकारको ग्यारेन्टी मौलिक हकमा लेखिनुपर्ने ।
- द्वैध शिक्षा प्रणालीको अन्त हुनुपर्ने ।
- स्नातक तहसम्मको शिक्षा निःशुल्क र अनिवार्य हुनुपर्ने ।
- प्राविधिक शिक्षा प्रणालीको व्यवस्था हुनुपर्ने ।
- उत्पादन श्रमसँग जोडिएको शिक्षा प्रणाली हुनुपर्ने ।
- मदरसाहरूको उचित व्यवस्थापन र केन्द्रीय मदरसा वोर्डको गठन हुनुपर्ने ।

- मुस्लिम पारिवारिक कानून (विवाह, सम्बन्ध विच्छेद र सम्पत्ती) लाई मान्यता दिनुपर्ने ।
- यौन व्यवसायलाई कडाइका साथ निरुत्साहित गरीनुपर्ने ।
- प्रजनन सम्बन्धी अधिकार महिलालाई दिनुपर्ने ।
- कर्मचारी महिलालाई सुत्केरी अघि एक र पछि दुई महिना तलब सहितको बिदा पाउने व्यवस्था हुनुपर्ने ।
- दलित, मुश्लिम, अल्पसंख्यक, असहाय, पिछडिएका र अति अल्पसंख्यक समुदायका महिलाहरूलाई उच्च शिक्षासम्म निःशुल्क हुनुका साथै रोजगारीमा विशेष अधिकार हुनुपर्ने ।
- समाजमा व्याप्त रहेको छुवाछुत प्रथालाई कडा कानूनद्धारा अन्त्य गरिनुपर्ने ।
- सम्पतीमा महिला पुरुषको समान अधिकार हुनुपर्ने ।
- विधबालाई प्रदान गरिने भत्तामा उमेरको हद हटाउनुको साथै रोजगारीको व्यवस्था हुनुपर्ने ।
- विधवा विवाहलाई प्रोत्साहन गरिनुपर्ने र दोस्रो विवाह भन्न नहुने ।
- भ्रष्टाचार निर्मूल हुनुपर्ने र भ्रष्ट्राचारीलाई देशद्रोहीका रुपमा कार्यवाही गरिनुपर्ने ।
- बन्द, हडताल र चक्काजाम जस्ता कार्यलाई निषेध गरिनुपर्ने ।
- कर्मचारी, राजनीतिककर्मी, समाजसेवी, उद्योगी व्यापारी लगायत सबै भ्रष्टाचारी अनैतिक व्यक्तिलाई कडा दण्ड जरिवाना गरिनुपर्ने ।
- २० वर्ष देखी ५० वर्षका सबै नागरिकलाई रोजगारी दिनुपर्ने ।
- बालविवाह, वहुविवाह र अनमेल विवाहको अन्त्य हुनुपर्ने र यसो गर्नेलाई कडा दण्डको व्यवस्था हुनुपर्ने ।
- बहुविवाहलाई कानूनी मान्यता नदिने व्यवस्था हुनुपर्ने ।
- अपाङ्ग समुदायलाई राज्यले विशेष अधिकारसहित शिक्षा, स्वास्थ र रोजगारीको ग्यारेन्टी गर्नुपर्ने ।
- सबै वर्ग, लिङ्ग, जात, जाति, धर्म, भाषा आदिको न्यायोचित पहिचान हुनुपर्ने ।
- बाबु आमा दुवैको नामबाट नागरिकता लिन पाउने व्यवस्था हुनुपर्ने ।
- महिलाको स्वास्थ्यको निःशुल्क उपचार हुनुपर्ने ।
- चोरको हात र डाँकाको खुट्टा काट्ने व्यवस्था हुनुपर्ने ।
- दाइजो लिने दिनेलाई कडा कारवाहीको व्यवस्था हुनुपर्ने ।
- महिलाको २० र पुरुषको २२ वर्ष विवाहको उमेर तोकिनु पर्ने ।
- कृषि क्षेत्रको विकासमा राज्यले ध्यान दिनुपर्ने ।
- बाल श्रमशोषणको अन्त्य हुनुपर्ने ।
- श्रमजीवी सर्वहाराको समस्या निवारण हुनुपर्ने ।
- छोरीलाई पनि छोरा सरह अंशमा जन्मसिद्ध अधिकार हुनुपर्ने ।
- समाजमा व्याप्त रहेको घरेलु हिंसाबाट पिडितलाई राहत र हिंसाजन्य कार्यलाई निरुत्साहित गरिनुपर्ने ।
- जात, लिङ्ग, वर्ग समुदायका आधारमा भेदभाव गरिनु नहुने ।
- अधिकार प्राप्तीकासाथै कर्तव्य निर्वाह गरिनुपर्ने ।
- चेलीवेटी वेचविखन जस्तो अपराधलाई पूर्णतः रोकिनुपर्ने ।
- भूमिको चक्लावन्दी गरिनुपर्ने ।
- मादक पदार्थ सेवन गरी परिवारलाई दुःख दिने जो सुकैलाई कडा भन्दा कडा कार्यवाही हुनुपर्ने ।
- वजार भाउको आधारमा मजदूरको ज्याला निर्धारण हुनुपर्ने ।
- गरिब र धनी बीचको अन्तर हटाइ गरिबको लागि आरक्षणको व्यवस्था हुनुपर्ने ।
- सामुदायिक रुपमा जग्गा वितरण गरिनुपर्ने ।

- निसहाय, विधवा, एकल र पछि परेका समुदाय र त्यसमा पनि महिलालाई लगाइने बोक्सी जस्तो जघन्य आरोपको कडा भन्दा कडा कानून वनाई निर्मुल गरिनुपर्ने ।
- सहकारी संस्थाहरूको विकासमा ध्यान पुऱ्याउनुका साथै सबै सहकारी संस्थामा महिलाहरूको प्रतिनिधित्व हुनुपर्ने ।
- शैक्षिक क्षेत्रलाई राजनैतिक हस्तक्षेपमुक्त गरी विशुद्ध शैक्षिक क्षेत्र कायम गरिनुपर्ने ।
- सरकार र प्रशासन नातावाद, कृपावाद तथा यथास्थितिवादबाट मुक्त हुनुपर्ने ।
- बालअधिकारका सबै प्रतिवद्धताको पालना तथा कार्यान्वयन हुनुपर्ने ।
- स्थानीयस्तरको कृषि तथा व्यवसायमा आधारित शिक्षालाई जोड दिनुपर्ने ।
- माध्यामिकस्तरसम्मका पाठ्यपुस्तक कम्तिमा ५ वर्षसम्म परिवर्तन नहुने ग्यारेन्टी गरिनुपर्ने ।
- दुर्गम क्षेत्रको विकासमा प्रतिवद्धता जनाउनु पर्ने ।
- राशन कार्डको व्यवस्था हुनुपर्ने ।
- छोरीलाई अनिवार्य शिक्षाको व्यवस्था हुनुपर्ने ।
- यातायातका साधनमा राज्यको नियन्त्रण हुनुपर्ने ।
- प्रत्येक जिल्लामा असहाय, अशक्त र वृद्धवृद्धाहरूका लागि आश्रमको व्यवस्था गरी नागरिकको सम्मान गरिनुपर्ने ।
- राज्यका सबै निकायमा पचास प्रतिशत महिला हुनुपर्ने ।
- क्रान्तिकारी भूमिसुधारको व्यवस्था हुनुपर्ने ।
- शोषणमुक्त समाजको निर्माण गरिनुपर्ने ।
- वास्तविक मानव अधिकार हुनुपर्ने ।
- उपयोगमुखी भूमि व्यवस्थापन हुनुपर्ने ।
- प्रत्येक गा.वि.स.मा भूमि कोषको व्यवस्था हुनुपर्ने ।
- सिंचाइ नीति र कृषि नीतिमा सामन्ज्यस्यता हुनुपर्ने ।
- १८ वर्ष पुगेका सबै नेपाली नागरिकलाई सैनिक तालिम अनिवार्य रुपमा दिइनु पर्ने ।
- सेनामा बिना भेदभाव सबै नागरिकको पहुँच हुनुपर्ने ।
- आरक्षण जातीय र वर्गीयताको आधारमा हुनुपर्ने ।
- एड्स पिडीत बालबालिकालाई बिना भेदभाव शिक्षा दिइनु पर्ने ।
- शिक्षा, स्वास्थ्य, रोजगारी, गास, बास र कपासको ग्यारेन्टी राज्यले लिनुपर्ने ।
- गुठी जग्गालाई रैकरमा परिणत हुने व्यवस्था हुनुपर्ने ।
- भ्रष्टाचारी, चेलीबेटी बेचविखन तथा बलात्कारीलाई मृत्युदण्ड वा आजीवन कारावासको व्यवस्था हुनुपर्ने ।
- महिलाको लागि समान ज्याला, समान सहभागिताको ग्यारेन्टी हुनुपर्ने ।
- मदिरा तथा धुम्रपान मुक्त देशको घोषणा गरि कार्यान्वयन हुनुपर्ने ।
- अपाङ्ग, असहाय, वृद्ध तथा एकल महिलाको लागि विशेष व्यवस्था हुनुपर्ने ।
- नागरिकता वंशजको आधारमा मात्र दिने व्यवस्था हुनुपर्ने ।
- विदेशमा सम्पत्ती राख्न नपाइने र सम्पत्तीको सीमा तोकीनुपर्ने ।
- शिशुस्याहार केन्द्र र वृद्धाश्रमको व्यवस्था हुनुपर्ने ।
- कृषिमा आधुनिकिकरण गरी भूगोल अनुसारको खेती प्रणाली हुनुपर्ने र कृषिको लागि मल बिउखाद सरकारी अनुदानमा व्यवस्था हुनुपर्ने ।
- प्रत्येक राज्यमा अनिवार्य कृषि विश्वविद्यालय हुनुपर्ने ।
- एक घर एक रोजगारको अनिवार्य व्यवस्था हुनुपर्ने ।

- व्यक्तित्व विकासको समान अवसरको व्यवस्था हुनुपर्ने ।
- शिक्षालाई वैज्ञानिक व्यवहारिक तथा सीपमुलक बनाइनुपर्ने ।
- सबै संचारको पहुँच राज्यका सबै क्षेत्रमा पुग्ने व्यवस्था हुनुपर्ने ।
- ६० वर्ष उमेर पुगेका नागरिकलाई वृद्ध भक्ता दिने व्यवस्था हुनुपर्ने ।
- दलितको परिभाषा सहित आरक्षण/विशेष अधिकारको व्यवस्था मिलाइनुपर्ने ।
- शहिद र शहिद परिवारलाई सम्मान गर्ने व्यवस्था मिलाइनुपर्ने ।
- भूमिहीन, सुकुम्बासीलाई राज्यको तर्फबाट जमिनको व्यवस्था गर्नुकासाथै जोताहालाई जग्गाको व्यवस्था हुनुपर्ने ।
- १६ वर्ष उमेर पुगेका नागरिकलाई मताधिकारको अधिकार हुनुपर्ने ।
- शिक्षकलाई निजामती कर्मचारी सरह सुविधा दिनुपर्ने ।
- आधा कैद भुक्तान गरेका कैदीलाई राज्यले अनिवार्य विकास निर्माणका काममा लगाउने व्यवस्था हुनुपर्ने ।
- श्रमजीवी ऐन पूर्णत कार्यान्वयनको व्यवस्था हुनुपर्ने ।
- सामाजिक, सांस्कृतिक विभेद अन्त्य गरिनु पर्ने ।
- छाउपडी प्रथाको अन्त्य हुनुपर्ने ।
- द्वन्द पिडितलाई राहतको व्यवस्था हुनुपर्ने ।
- सबै वर्ग, क्षेत्र, लिङ्ग, जातजाती, भाषालाई समान रुपमा राज्यको निर्देशक सिद्धान्तमा व्यवस्था गरिनुपर्ने ।
- प्रतिभा पलायन हुने अवस्थाको अन्त्य गरिनुपर्ने ।
- समान कामको समान ज्याला हुनुपर्ने ।
- दैलेखलाई पर्यटकीय क्षेत्र र खनिज सम्पदाको क्षेत्र घोषणा गरिनुपर्ने ।
- वास्तविक कृषक पहिचान गरी उनीहरूको लागि कृषि ऋण, मल, बीउखाद, कृषि औजारमा अनुदानको व्यवस्था हुनुपर्ने ।
- राज्यको कुल बजेटको आधा रकम स्थानीय निकायमा लगाउनु पर्ने ।
- मुस्लिम, मधेशी, थारु र पछाडी पारिएका गरिब नागरिकहरूलाई भुमि उपलब्ध गराउनुपर्ने ।

**टोली नं. ३१**

- महिला र दलितहरूको समस्याको बारेमा विशेषाधिकारको व्यवस्था हुनुपर्ने ।
- शिक्षा, स्वास्थ्य र रोजगारीलाई मौलिक अधिकारका रुपमा ग्यारेण्टी गरिनुपर्ने ।

**टोली न ३२**

- वंशज, अंगीकृत र बाबु आमा पत्ता नलागेमा पनि नेपालको नागरिकता प्रदान गरिनुपर्ने ।
- संविधानमा मौलिक अधिकार तथा कर्तव्य, राज्यको दायित्व र निर्देशक सिद्धान्तको स्पष्ट परिभाषा र व्याख्या गर्नुपर्ने ।
- राज्यको दायित्व र निर्देशक सिद्धान्तमा संविधानको पालना गर्ने गराउने, जनताको मौलिक हकको प्रत्याभूति गराउनुपर्ने ।
- गाँस, बास, कपास, शिक्षा, स्वास्थ्य र रोजगार जस्ता जनताका आधारभूत आवश्यकताहरू मौलिक अधिकार तथा राज्यको दायित्वमा समेट्नु पर्ने ।
- राज्यको स्वतन्त्रता, सार्वभौमिकता, राष्ट्रिय अखण्डता एवं राष्ट्रिय हित विरुद्धको कृयाकलापलाई वन्देज गर्ने गरी जनताको मौलिक अधिकारको प्रत्याभूति हुनुपर्ने ।
- राज्यले जनसंख्याको आधारमा सम्पूर्ण क्षेत्रमा समानुपातिक सहभागिताको नीति लिनुपर्ने ।

- सामाजिक न्याय, समावेशीकरण र विशेष संरक्षणको व्यवस्था गर्नुपर्ने ।
- आर्थिक रुपमा विपन्न वर्ग, अपांग, वृद्धवृद्धा, अनाथ बालबालिका, एकल महिला, दीर्घ रोगी, सामाजिक रुपले पिछडिएका अल्पसंख्यक जाति, समुदाय, दलित, दुर्गम तथा विकट क्षेत्रका समुदायलाई समेट्नुपर्ने ।
- लैंगिक तथा यौनिक विषय सम्बन्धी :– महिला भएकै कारण उसमाथि हुने विभेद र हिंसा (घरेलु र सामाजिक) लाई अन्त्य गर्न सम्पूर्ण विभेदकारी कानून खारेज गरी समान अधिकारको ग्यारेण्टी गर्नुपर्ने । महिलाविरुद्धको हिंसा गर्ने व्यक्ति/संस्थालाई कडा कारवाही गर्नुपर्ने ।
- महिलाले प्राकृतिक दायित्वको रुपमा गर्दै आएको प्रजनन भूमिका, घरायशी दायित्वको मूल्याँकन गरी मूल्य निर्धारण गरी उक्त कार्यबाट राष्ट्रिय उत्पादनमा योगदानको गणना गर्नुपर्ने ।

## टोली नं. ३३

- राज्यका निर्देशक सिद्धान्तमा स्थानीय स्रोत र साधनको उपयोगलाई बढावा दिने कुरा उल्लेख गर्नुपर्ने ।
- एकल महिलालाई भत्ता दिने सबालमा उमेरको कुनै सीमा तोकिनु नहुने ।
- महिला, दलित, युवा, वृद्ध, दृष्टिविहीन, अपाङ्गहरूको हक सुरक्षित हुनुपर्ने ।
- डोल्पाली लगायत कर्णालीबासीहरूले गाँस, बास, कपास, स्वास्थ्य, शिक्षा र रोजगारलाई मौलिक हकको रुपमा पाउनुपर्ने ।
- सामाजिक सुरक्षा भत्ता वृद्धि गर्नुपर्ने ।
- सञ्चार सुविधालाई मौलिक हकको रुपमा व्यवस्थित गरिनुपर्ने ।
- कामको पारिश्रमिकमा समानताको ग्यारेण्टी गर्नुपर्ने ।
- छुवाछुत अन्त्य व्यवहारमै हुनुपर्ने ।
- कर्णालीमा विश्वविद्यालय स्थापना हुनुपर्ने ।
- विकासको अधिकार सुरक्षित हुनुपर्ने ।
- जिल्लामा प्रसूतिगृहको स्थापना हुनुपर्ने ।
- खाद्यान्न तथा हवाई टिकट सुलभ रुपमा पाउनु पर्ने ।

## टोली नं. ३४

- एक घर एक रोजगार हुनुपर्ने ।
- महिला अधिकार व्यवहारमा लागू हुनुपर्ने ।
- खाद्य सम्प्रभुताको हक मौलिक हकमा हुनुपर्ने ।
- दुर्गम क्षेत्रका जनताले आफ्नै स्थान (जिल्ला) मा रोजगारी पाउनु पर्ने ।
- ग्रामीण जनताका लागि चाहिने सेवा गाँउमा नै उपलब्ध हुनुपर्ने ।
- मानवअधिकारको सम्मान हुनुपर्ने ।
- छुवाछुतको प्रथा व्यवहारमा नै हट्नुपर्ने ।
- राज्यद्वारा दलितलाई क्षतिपूर्ति सहितको हक अधिकार दिइनुपर्ने ।
- सामाजिक हिंसा, बहुविवाह, बाल विवाह, दाइजोप्रथा, जारीप्रथा रोकिनुपर्ने ।
- दलित समुदायलाई आरक्षणको व्यवस्थासहित विशेष अधिकारको व्यवस्था हुनुपर्ने ।
- शिक्षाको ग्यारेन्टी मौलिक हकमा लेखिनु पर्ने ।
- गरिब निमुखा जनताका लागि गाँस, बास, कपासको ग्यारेन्टी तथा आधारभूत शिक्षा, स्वास्थ्य, सेवाबाट बञ्चित गराउन नहुने ।
- १० वर्षे जनआन्दोलन र १९ दिने आन्दोलनको भावना अनुसार संविधान बन्नुपर्ने ।

- धर्मको आधारमा दलितमाथि हुदै आएको शोषणको अन्त्य हुनुपर्ने ।
- आ-आफ्नो धर्म, संस्कृति र परम्परा अनुसारको काम कारवाही गर्न स्वतन्त्रता दिइनु पर्ने ।
- बाल अधिकार र बालशिक्षाको सुनिश्चितता हुनुपर्ने ।
- कर्णालीमा विद्यालय तहदेखि उच्च शिक्षासम्म निःशुल्क हुनुपर्ने ।

**टोली नं. ३५**

- गाँस, बास, कपासलाई मौलिक अधिकारको रुपमा स्थापित गरिनुपर्दछ, र यसमा कर्णालीका जनतालाई विशेषाधिकार हुनुपर्ने ।
- स्वास्थ्य सुविधा हुम्लाबासीलाई निःशुल्क हुनुपर्ने र उच्चशिक्षासम्म कर्णालीबासीलाई निःशुल्क बनाइनु पर्ने ।
- हुम्लाबासीलाई रोजगारीमा अग्राधिकारको व्यवस्था हुनुपर्ने ।

**टोली नं. ३६**

- बाल अधिकारको ग्यारेन्टी हुनुपर्ने ।
- निजी र सरकारी विद्यालयमा एउटै पाठ्यक्रम हुनुपर्ने ।
- १२ कक्षासम्म अनिवार्य शिक्षा हुनुपर्ने ।
- आरक्षणको कोटा खारेज गर्दै स्वतन्त्र प्रतिस्पर्धा हुनुपर्ने ।
- बलात्कार केशमा हदम्याद राखिनु नहुने ।
- विधवा भएकै दिनदेखि विधवा भत्ता उपलब्ध हुनुपर्ने ।
- शिक्षा, स्वास्थ्य र रोजगारीको ग्यारेन्टी हुनुपर्ने ।
- खुला विश्वविद्यालयको अवधारणालाई कार्यान्वयन गराउनुपर्ने ।
- नागरिकता प्रदान गर्ने काम स्थानीय ठाउँमा केन्द्र तोकी व्यवस्था गरिनुपर्ने ।
- लैङ्गिक विभेद र दण्डहीनताको अन्त्य हुनुपर्ने ।
- ट्रेड युनियन र सामुहिक सौदावाजीको हक हुनुपर्ने ।
- वाध्यकारी श्रम विरुद्धको हक हुनुपर्ने ।
- श्रमिक वर्गबाट सबै तहमा २५ प्रतिशत सहभागिता निर्धारण हुनुपर्ने ।
- दुवै सदन, प्रदेशसभा र स्थानीय निकायमा श्रमिकको प्रतिनिधित्वको ग्यारेन्टी हुनुपर्ने ।
- विद्यालय, विश्वविद्यालयमा सबैको पहुँच हुनेगरी स्थापना गरिनुपर्ने ।
- राष्ट्रिय श्रम आयोगको व्यवस्था हुनुपर्ने ।
- वैज्ञानिक शिक्षा प्रणाली हुनुपर्ने ।
- भूमिहीनलाई जग्गा दिनुपर्ने ।
- असहाय, टुहुरा र अनाथ बालबालिकालाई राज्यको संरक्षण हुनुपर्ने ।
- विधिको शासन हुनुपर्ने ।
- महिला, बालबालिका किनबेच गर्नेलाई कडा कारवाही हुनुपर्ने ।
- कमलरी प्रथाको अन्त्य, मुक्त कमैयाको रोजगारी र स्वास्थ्य उपचार हुनुपर्ने ।
- बेरोजगार भत्ताको व्यवस्था हुनुपर्ने ।
- किसानलाई मलखाद हुनुपर्ने ।
- बालश्रम हटाउनु पर्ने ।
- विद्यालय शान्ति क्षेत्र घोषित हुनुपर्ने ।
- स्वतन्त्र रुपमा व्यापार व्यवसाय गर्न पाउने अधिकारको सुनिश्चिता हुनुपर्ने ।

- गाँस, बास र कपासका साथै शिक्षा आधारभूत आवश्यकता घोषणा हुनुपर्ने ।
- जेष्ठ नागरिकको उमेर ६० वर्ष हुनुपर्ने ।
- स्वरोजगार कार्यक्रम तयार गर्नुपर्ने ।
- मातृभाषामा शिक्षा आर्जन गर्न पाउनुपर्ने ।
- पछाडी परेका जनजाती, वर्ग, क्षेत्र र लिङ्गलाई विशेष अधिकार दिनुपर्ने ।
- ५० प्रतिशत महिला सहभागिता हुनुपर्ने र दाइजो प्रथाको अन्त्य हुनुपर्ने ।
- श्रीमानको नागरिकताको आधारमा श्रीमतीले नागरिकता पाउनुपर्ने ।
- आत्मनिर्णयको अधिकार सहितको जातीय स्वशासन हुनुपर्ने ।
- शोषणको अन्त्य हुनुपर्ने ।
- मानवअधिकारको ग्यारेन्टी हुनुपर्ने ।
- द्वन्द्व पीडितहरूको पहिचान गरी न्यायोचित क्षतिपूर्ति दिनुपर्ने ।
- शिक्षा सेवा र निजामती सेवामा विभेदको अन्त्य गर्नुपर्ने ।
- ज्यालाको उचित मूल्य निर्धारण गरिनुपर्ने ।
- प्रेस र नागरिकलाई चौथो र पांचौ अङ्ग मानिनुपर्ने ।
- स्वच्छ वातावरणको हक हुनुपर्ने ।
- तेश्रो लिङ्गी पनि नागरिक हुन भन्ने कुरा जनाउने व्यवस्था हुनुपर्ने ।

### टोली नं. ३७

- यस समितिको प्रतिवेदनमा प्रश्नावली संख्या मात्र उल्लेख भएको जनताले के राय प्रस्तुत गरे, समावेस छैन ।

### टोली नं. ३८

- गाँस, बास, कपास, शिक्षा, स्वास्थ्य, रोजगार, शान्ति सुरक्षा, विकास, सामाजिक सुरक्षाका मान्यतालाई मौलिक अधिकार र राज्यको निर्देशक सिद्धान्त भित्र समेटिनु पर्ने ।
- जनताको राज्य प्रतिको कर्तव्यको पनि व्यवस्था गरिनुपर्ने ।

### टोली नं. ३९

- गास, वास, कपास, शिक्षा, स्वास्थ्य, रोजगारी, खाद्य सुरक्षा जस्ता विषयलाई मौलिक हकका रूपमा पाउनु पर्ने ।
- आधारभूत अधिकारको लागि आवश्यक पर्ने पूर्वाधार निर्माणको दायित्व सरकारको हुनुपर्ने ।
- छुवाछुतको अन्त्य ।
- जातीय विभेद र छोरीमाथि विभेद गर्नेलाई कडा दण्डको व्यवस्था हुनुपर्ने ।
- हलिया, सुकुम्वासी, वादी समुदायको पुनर्स्थापनाको व्यवस्था हुनुपर्ने ।
- धर्म निरपेक्षता हुनुपर्ने ।
- परम्परागत सीप र व्यवसायको व्यवसायिकीकरणका लागि आवश्यक व्यवस्था हुनुपर्ने ।
- समानुपातिक सहभागिताको सुनिश्चितता हुनुपर्ने ।
- सम्पत्तिमाथिको समान अधिकार स्थापना गरिनुपर्ने ।
- चलअचल सम्पत्तीको वेचविखन र भोगचलनमा समान अधिकार हुनुपर्ने ।
- अंशवण्डा गर्दा छोरीको नाममा पनि अंशवण्डा गर्न सरकारले सम्बन्धित निकायलाई निर्देशन गर्नुपर्ने ।

- नागरिकता वितरण प्रणाली सरल र पारदर्शी हुनुपर्ने ।
- श्री ५ को सरकार लेखिएको पुरानो नागरिकतालाई गणतन्त्र नेपालको नागरिकताले प्रतिस्थापन गरिनुपर्ने ।
- नागरिकताको लागि आमा र बुवाको दुवैको नामबाट समान रूपमा नागरिकता पाउने व्यवस्था हुनुपर्ने ।
- आमाको नामबाट पनि सरल र सहज रूपमा नागरिकता दिने कामको व्यवस्थापन तत्काल सुरूवात गरिनुपर्ने ।
- महिलाको प्रजनन् स्वास्थ्यको अधिकार हुनुपर्ने ।
- सुत्केरी हुने महिलाका लागि स्वास्थ्य चौकी र स्वास्थ्यकर्मीको व्यवस्था हुनुपर्ने ।
- बालबालिका, महिला, दलित, युवा, वृद्ध, अपांगहरूको हक सुरक्षित हुनुपर्ने ।
- सामाजिक सुरक्षा भत्ता वृद्धि गर्नुपर्ने ।
- रोजगारीमा समानताको ग्यारेण्टी गर्नुपर्ने ।
- सूचना अधिकारीको व्यवस्थासहित सूचनाको हकको सुनिश्चितता गरिनुपर्ने ।
- महिला विरूद्ध हिंसाको अन्त्य हुनुपर्ने ।
- जुवा, तास र रक्सीमाथि प्रतिवन्ध लगाइनुपर्ने ।
- विधवा हुने वित्तिकै विधुवा भत्ता दिइनु पर्ने ।
- वृद्ध भत्ता पाउने उमेर सम्बन्धि जिल्ला वा क्षेत्रका जनताको औसत आयुका आधारमा तय गरिनुपर्ने ।
- गरिब र असहायको लागि विशेष व्यवस्था गरिनुपर्ने ।
- धर्म वा परम्पराको नाममा हुदै आएको देउकी, छाउपडी, चेली वेच्ने, वादी जस्ता प्रथाको समुल अन्त्य हुनुपर्ने र दण्डनीय बनाइनुपर्ने ।
- बालविवाह, बहुविवाह जस्ता कुरामाथि प्रतिवन्ध लगाइनुपर्ने र कडा दण्डको व्यवस्था हुनुपर्ने ।
- पछाडी परेको समुदायका लागि सकारात्मक विभेदको नीति अन्तर्गत निश्चित समय अवधिका निम्ति आरक्षणको व्यवस्था हुनुपर्ने । यसो गर्दा वर्गीय कुरालाई मुख्य आधार मानेर गरिबीको रेखामुनी रहेका जनतामध्ये लिङ्ग, जाति र क्षेत्रका जनतालाई प्राथमिकता दिइनुपर्ने ।
- शिक्षक तथा श्रमिकको सेवा सुविधा निजामती सरह हुनुपर्ने ।
- सबै किसिमका श्रमिकका लागि आधारभूत अधिकार (राजनीतिक अधिकारसहित सँगठित हुने, सौदावाजी गर्ने, बालश्रमको अन्त्य, दासताको अन्त्य, सेवा सुविधामा समानता आदि) सुनिश्चितता हुनुपर्ने
- सबै किसिमको श्रमजीवीलाई श्रमिक परिचयपत्रसहित सामाजिक सुरक्षा सञ्जालमा समेटिनु पर्ने ।
- रोजगारीमा समान अवसर र समान कामको समान पारिश्रमिक व्यवस्थापन गरिनुपर्ने ।

**टोली नं. ४०**

- अधिकांश जनताले बसोबास, खाद्यान्न, पानी, बिजुली, शिक्षा तथा रोजगारी र पुल पुलेसा, कुलो, स्वास्थ्यको व्यवस्था हुनुपर्ने ।
- सडक, गाडी, बाटोघाटो र सिंचाई तथा पानीको साथै दुर्गम क्षेत्रको रुपमा सबै सुविधा पाउनुपर्ने ।
- छुवाछुत र छाउपडीप्रथा हटाउनुपर्ने ।
- महिलाहरूको प्रौढ कक्षा, महिला सीपमूलक तालीम, रोजगार र पिछडिएको महिलाहरूको उत्थान र नि:शुल्क उच्च शिक्षाको व्यवस्था हुनुपर्ने ।

# अनुसूची - १३

## यस समितिमा सुझाव दिने विभिन्न संघ संस्थाको नामावली र सुझावको मूल विषय

| क्र.सं. | सुझाव दिने संघ संस्थाको नामावली | मूल रुपमा उठाइएका विषय |
|---|---|---|
| १. | राष्ट्रिय जेष्ठ नागरिक संस्था संजाल, नेपाल, काठमाडौं | जेष्ठ नागरिकलाई सम्मानपूर्वक बाँच्न पाउने हकका साथै स्वास्थ्य, आवास, सुरक्षा र विशेष हेरविचार राज्यबाट हुनुपर्ने । |
| २. | हिमालय कन्जरभेसन एण्ड डिभलोपमेन्ट एसोसिएसन, हुम्ला | कर्णालीवासी जनतालाई शिक्षा, स्वास्थ्य, रोजगारी लगायतका विषयमा विशेष सुविधा दिने व्यवस्था गरी ती हकलाई अदालतबाट समेत प्रचलन गराउन सक्ने व्यवस्था हुनुपर्ने । |
| ३. | नेपाल मदीरा पुनर्वासीय समूह | जनताको निर्वाध स्वास्थ्य सेवाको आवश्यक व्यवस्था राज्यले गर्नुपर्ने र मदिरा लगायतका पदार्थको नियन्त्रण हुनुपर्ने । |
| ४. | राष्ट्रिय भूमि अधिकार मन्च नेपाल, रसुवा शाखा | किसानको हक हित सुरक्षित गर्नुपर्ने, वैज्ञानिक भूमिसुधार लागू हुनुपर्ने, सुकुम्वासीहरूलाई जग्गा दिनुपर्ने, रसुवा जिल्लाका किसान, सुकुम्वासीको अध्ययन हुनुपर्ने । |
| ५. | गै.स.स. नेपाल, जिल्ला शाखा, नुवाकोट | महिला, मधेसी, युवा, अपाङ्ग, आदिवासी लगायतका विभिन्न आयोग हुनुपर्ने (संविधानको प्रारुप तयार गरी पेश भएको) |
| ६. | नुवाकोट उद्योग वाणिज्य संघ, नुवाकोट | उद्योग वाणिज्य तथा आर्थिक नीतिवारे स्पष्ट व्यवस्था हुनुपर्ने । |
| ७. | नेपाल पत्रकार महासंघ, नुवाकोट शाखा, नुवाकोट | सूचना एवं पत्र पत्रिका एवं छापा सम्बन्धी हक अधिकारको व्यवस्था हुनुपर्ने । |
| ८. | नेपाल अपाङ्ग सेवा संघ, नुवाकोट | अपाङ्गता भएका व्यक्तिको हक अधिकारको व्यवस्था गर्नुपर्ने । |
| ९. | जिल्ला सहकारी संघ लि. नुवाकोट | सहकारी सम्बन्धी व्यवस्थालाई व्यापक र व्यवस्थित गर्नुपर्ने । |
| १०. | नेपाल आदिवासी जनजाती महासंघ, नुवाकोट | आदिवासी, जनजातिको हक अधिकार सुरक्षित गर्नुपर्ने । |
| ११. | सामुदायिक वन उपभोक्ता महासंघ नेपाल, नुवाकोट | सामुदायिक वन जंगलको व्यवस्थापन उपयोग र सञ्चालन सम्बन्धी स्पष्ट नीतिगत व्यवस्था गर्नुपर्ने । |
| १२. | नेपाल मानवअधिकार तथा सामाजिक न्याय मञ्च नेपाल, नुवाकोट | मानवअधिकार र सामाजिक न्यायको उचित व्यवस्था हुनुपर्ने । |
| १३. | प्याब्सन, नुवाकोट | शिक्षा सम्बन्धी हकको व्यवस्था मौलिक हकमा हुनुपर्ने । |

| | | |
|---|---|---|
| १४. | नेपाल वार एसोसिएसन, नुवाकोट | कानूनी राज्यको व्यवस्था अनुरुप मौलिक हकको कार्यान्वयन हुनुपर्ने । |
| १५. | COCAS, नुवाकोट | कानूनी राज्यको व्यवस्था हुनुपर्ने । |
| १६. | FWIL, नुवाकोट | विधिको शासन कायम राख्ने व्यवस्था हुनुपर्ने । |
| १७. | WCRG, नुवाकोट | कानूनी राज्यको अवधारणालाई साकार पार्ने व्यवस्था हुनुपर्ने । |
| १८. | जिल्ला बाल कल्याण समिति, डोटी | भावि संविधानमा बालअधिकारको व्यवस्था हुनुपर्ने । |
| १९. | IUCN, धरान शाखा | स्वच्छ वातावरण सम्बन्धी अधिकार र संघीय व्यवस्थामा प्राकृतिक श्रोत साधनको उचित व्यवस्था र बाँडफाँड हुनुपर्ने । |
| २०. | गै.स.सं.महासंघ नेपाल, जिल्ला शाखा इलाम | आम जनताले उपयोग गर्न सक्ने गरी हक अधिकारको ग्यारेण्टी गर्नुपर्ने । |
| २१. | नागरिक समाजसँग आवद्ध संघ संस्थाहरू, पाँचथर (३० वटा संघ संस्था) | आर्थिक, सामाजिक, साँस्कृतिक लगायत सबै हक अधिकारको व्यवस्था हुनुपर्ने । |
| २२. | दलित गै.स.सं. महासंघ मध्यमाञ्चल क्षेत्रीय समिति | दलितहरूलाई विशेष हक अधिकारको व्यवस्था हुनुपर्ने । |
| २३. | महिला कानून र विकास मञ्च (FWLD) | भावि संविधानमा महिला अधिकारको विशेष व्यवस्था गर्नुपर्ने । |
| २४. | खिष्चीयन सुझाव समिति | राज्यले खिश्चियन धर्मलाई पनि मान्यता दिनुपर्ने । |
| २५. | मानवअधिकारका लागि जनमञ्च | पक्राउ परेको व्यक्ति/थुनुवाले मर्यादित वातावरणका साथै गोप्य रुपमा आफुले चाहेको कानून व्यवसायीसँग भेट्न पाउनु पर्ने । |
| २६. | मानववादी समाज (सोच) नेपाल | सबै धर्मको समान संरक्षण र गुठी एवं धार्मिक सम्पदाहरूको राज्यले संरक्षण गर्नुपर्ने । |
| २७. | आरोहण गुरुकुल, काठमाण्डौ | महिला हक हितको व्यवस्था विशेष रुपमा राज्यले गर्नुपर्ने । कला र संस्कृतिको संरक्षण र विकासको ग्यारेण्टी हुनुपर्ने । |
| २८. | न्याय तथा अधिकार वकालत मञ्च (अजर) नेपाल | पीडित पक्षलाई र आश्रितलाई उचित क्षतिपूर्ति र पुनर्स्थापनाको व्यवस्था हुनुपर्ने । |
| २९. | शेर्पा राष्ट्रिय मुक्ति मोर्चा | भावि संविधानको मस्यौदा प्रस्ताव सहित राज्य पुनः संरचनाको खाका पेश भएको । आदिवासी जनजातिको हक संरक्षित हुनुपर्ने । |

| | | |
|---|---|---|
| ३०. | नेपाल हिन्दी साहित्य परिषद, के.का., बीरगंज | उच्च शिक्षाका पाठ्यपुस्तक र माध्यम भाषा नेपाली भाषालाई अनिवार्य गर्नुपर्ने । हिन्दी लगायत सबै भाषालाई यथोचित स्थान दिनुपर्ने । |
| ३१. | बालबालिका शान्ति क्षेत्र राष्ट्रिय अभियान मकवानपुर समेत ९ संस्थाहरू | सम्पूर्ण बालबालिकाका लागि शिक्षा, स्वास्थ्य र सुरक्षा प्रत्याभूत हुनुपर्ने । |
| ३२. | सिविन नेपाल | बालबालिकाको हक अधिकार सुरक्षित गर्नुपर्ने । |
| ३३. | थारु कल्याणकारी सभा, कैलाली समेत ८ वटा संस्थाहरू | थारु जातिको हक अधिकार र पहिचानको संरक्षण गर्नुपर्ने । |
| ३४. | नेपाल झाँगड (उराव) कोड्रेम सुधारा कार्य गुठियाराआ, केन्द्रीय समिति, मोरङ, बिराटनगर | नेपालका उराव लगायत जनजाति आदिवासीहरूको मौलिक संस्कार संस्कृति पहिचान, हक अधिकारको व्यवस्था हुनुपर्ने । |
| ३५. | राष्ट्रिय भूमि अधिकार मञ्च, बाँके | भूमिहीनलाई भूमिको अधिकार सम्बन्धी व्यवस्था संविधानमा नै लेखिनु पर्ने । |
| ३६. | नेवाः देय् दबू | नेवारजातिको हक अधिकार एवं संस्कृतिको संरक्षण र जगर्ना गर्नुपर्ने । |
| ३७. | नेपाल उद्योग वाणिज्य महासंघ, काठमाडौं | निजी क्षेत्रका उद्योग व्यवासायीले निर्वाधरुपमा उद्योग व्यवसाय गर्न राज्यले संरक्षण र सम्बर्द्धन गर्नुपर्ने । |
| ३८. | जेष्ठ नागरिक समाज नेपाल, ललितपुर | जेष्ठ नागरिकलाई राज्यले गांस, बास, कपास, स्वास्थ्य र सुरक्षाको जिम्मेवारी लिनु पर्ने । |
| ३९. | नेपाल पुस्तकालय संघ | पुस्तकालय र सूचना सेवा प्रणाली, राज्यस्तरको सार्वजनिक पुस्तकालय प्रत्येक राज्यमा अन्तर्राष्ट्रिय स्तरको पुस्तकालयको व्यवस्था हुनुपर्ने । |
| ४०. | हिन्दू राष्ट्र नेपाल राष्ट्रवाद कञ्चनपुर | नेपाल राज्य हिन्दु राष्ट्र नै कायम रहनु पर्ने । |
| ४१. | नेपाल अपाङ्ग मानवअधिकार केन्द्र, काठमाडौं | अपाङ्गता भएका व्यक्तिहरूको मानवअधिकारको रक्षा गरी अन्य व्यक्ति सरह सम्मानपूर्वक बाँच्न पाउने व्यवस्था राज्यद्वारा गर्नुपर्ने । |
| ४२. | NGO Federation of Nepal, ललितपुर | आर्थिक, सामाजिक, साँस्कृतिक अधिकार जति निर्देशक सिद्धान्तमा नराखी मौलिक हकमा राख्नु पर्ने । |
| ४३. | एकीकृत महिला समाज, काभ्रे | महिलाप्रतिका सबै खाले भेदभाव अन्त्य गरी हत्या हिंसाबाट मुक्ति पाउने व्यवस्था हुनुपर्ने । |
| ४४. | श्रमजिवी महिला तथा बाल कल्याण परिषद काठमाडौं | महिला तथा बालबालिकाका विशेष हक अधिकार रहनुपर्ने । |

| | | |
|---|---|---|
| ४५. | ॐ जागरण समाज नेपाल, वर्दिया | हिन्दु धर्म राज्य धर्म हुनुपर्ने । |
| ४६. | अपाङ्ग जागरण अभियान, चितवन | अपाङ्गता भएका व्यक्तिका हक अधिकारको ग्यारेण्टी गर्नुपर्ने । |
| ४७. | सृजनशील बाल कल्याण क्लव, कञ्चनपुर | बालबालिकाका शिक्षा स्वास्थ्य, सुरक्षा र सृजनशीलता वृद्धिको व्यवस्था हुनुपर्ने । |
| ४८. | जीवनदीप सेवा समाज, सिराहा | भाषा र भूगोललाई विशेष ध्यान दिइनु पर्ने । |
| ४९. | राष्ट्रिय अपाङ्ग महासंघ, नेपाल | अपाङ्ग व्यक्तिहरूको हक अधिकारलाई प्राथमिकतासाथ सुरक्षित गर्नुपर्ने । |
| ५०. | वृद्धवृद्धा क्लव, मोरङ्ग | वृद्ध वृद्धाको सामाजिक संरक्षणको प्रत्याभूति गर्नुपर्ने । |
| ५१. | हिमालय ग्रामीण प्राकृतिक स्रोत व्यवस्थापन महिला समूह नेपाल | प्राकृतिक स्रोत साधनमाथि ग्रामीण महिलाको अधिकार र पहुँच हुनुपर्ने । |
| ५२. | जिफण्ट | मजदूर तथा श्रमिक वर्गको हकहित सुरक्षित गरी राष्ट्रिय श्रम आयोगको गठन गरी मजदूरको समस्या समाधान गर्नुपर्ने । |
| ५३. | नेपाल क्याथोलिक समुदाय | धर्म निरपेक्ष राष्ट्र हुनुपर्ने । जनताले चाहेको धार्मिक अभ्यास गर्न पाउनु पर्ने । |
| ५४. | दलित एकता मञ्च, अछाम | दलित हक अधिकार संरक्षण सम्बर्द्धन गर्नुपर्ने । |
| ५५. | जनआन्दोलन (०६२/०६३) का घाइते तथा शहीद परिवार सरोकार समिति, काठमाडौं | जनआन्दोलनको क्रममा घाइते तथा शहीद भएका व्यक्तिलाई उचित क्षतिपूर्ति तथा संरक्षण हुनुपर्ने । |
| ५६. | मुस्लिम संघ नेपाल, के.का., बागबजार, काठमाडौं | मुस्लिम समुदायको हक अधिकारको व्यवस्था हुनुपर्ने । |
| ५७. | मिथिला नाट्यकला परिषद | दाइजो प्रथा हटाउनुपर्ने । |
| ५८. | कर्मीजन सोसाइटी नेपाल, द. कोरिया | कर्मीजन समुदायको मुक्ति एवं उत्थानको विशेष व्यवस्था र सुरक्षाको विशेष व्यवस्था हुनुपर्ने । |
| ५९. | नेपाल कानून समाज काठमाण्डौ | संघीय राज्य प्रणाली नेपालमा अनुपयुक्त हुने भएकोले एकात्मक राज्यको व्यवस्था हुनुपर्ने । संघीयतामा जानुपर्ने भए जनमत संग्रह गरी भूगोल, प्राकृतिक, सामाजिक, साँस्कृतिक आधारमा प्रान्तको व्यवस्था हुनुपर्ने समेत । |

| | | |
|---|---|---|
| ६०. | नेपाली कांग्रेस राष्ट्रवादी | राष्ट्रिपतीय व्यवस्थामा नेपालको स्वतन्त्रता र अखण्डता गुम्ने भएकोले नेपालको राष्ट्र प्रमुख राजा नै हुनुपर्ने साथै संघीयताको प्रावधान हाम्रो जस्तो सानो मुलुकमा अनुपयुक्त भएकोले संघीयतामा जान हुदैन । |
| ६१. | लोहरूङ याख्खावा युयङ्गि हङकङ | बहुदलीय संघीय शासन प्रणाली सहितको नेपाल राज्यको संविधानको व्यवस्था गर्नुपर्ने । |
| ६२. | हेल्पिङ सोसाइटी सर्लाही | दहेज प्रथा पूर्ण रुपले अन्त्य गर्ने उपायहरू हुनुपर्ने । |
| ६३. | नेपाल पत्रकार महासंघ, धनकुटा | संचार क्षेत्र र संचारकर्मीको हक अधिकारको विशेष व्यवस्था गर्नुपर्ने । |
| ६४. | Women Environment Preservation Committee, Lalitpur | राज्यले गठन गर्ने प्राकृतिक स्रोत साधन, वातावरण संरक्षण समितिमा अनिवार्य रुपमा ५०% भन्दा बढी महिला सदस्यलाई नियुक्ति गर्नुपर्ने । प्राकृतिक स्रोतमा महिला पहुँच सुनिश्चित हुनुपर्ने |
| ६५. | नेपाल मानवअधिकार संगठन, के.का., काठमाडौं | नेपालमा अविलम्व दण्डहीनताको अन्त्य र संवैधानिक सर्वोच्चता कायम गरी मानवअधिकारको बहाली गर्नुपर्ने । |
| ६६. | राष्ट्रिय सहकारी संघ लि. काठमाडौं, नेपाल | संविधानमा आर्थिक विकासको मुख्य आधार सहकारितालाई दिनुपर्ने । |
| ६७. | सामुदायिक वन उपभोक्ता महासंघ, जाजरकोट शाखा | सबै सीमान्तकृत समुदायको हक अधिकार सुनिश्चित गर्नुपर्ने । |
| ६८. | NRN Japan, साझा संयन्त्र | नेपाली नागरिक आमाबाट विदेशमा जन्मिएका बालबालिकाहरूको लागि नागरिकता र राहदानीको व्यवस्था हुनुपर्ने । |
| ६९. | नेपाल मुस्लिम समाज, धनुषा | मुस्लिमहरूको हक अधिकारलाई विशेष व्यवस्था गर्नुपर्ने । |
| ७०. | रिलेक नेपाल जिल्ला समिति, धनकुटा | नीति निर्माण तहमा युवालाई अनिवार्य सहभागी गराउने, युवाहरूको यौन तथा स्वास्थ्यको ग्यारेण्टी हुनुपर्ने । |
| ७१. | हिले बजार व्यवस्थापन समिति, धनकुटा | चन्दा आतंक, बन्द हडताल, सडक जामलाई बन्द गरी व्यवसायिक हक हित र लगानीको सुरक्षा एवं संरक्षण गर्ने प्रत्याभूति संविधानमा गर्नुपर्ने । |
| ७२. | महिला मानवअधिकार रक्षकहरूको जिल्ला संजाल धनकुटा शाखा, तेह्रथुम शाखा, सुर्खेत शाखा | महिलाहरूको हक अधिकार सहित उनीहरूको मानवअधिकारको उच्च सम्मानका साथ रक्षा गर्नुपर्ने । |
| ७३. | राष्ट्रिय आदिवासी जनजाति महिला महासंघ, धनकुटा शाखा | आदिवासी जनजाति महिलाहरूको हक अधिकारलाई विशेष व्यवस्था गर्नुपर्ने । |

| | | |
|---|---|---|
| ७४. | नेपाल विजुली, प्लम्बर तथा मजदुर युनियन, सुनसरी, झापा र म्याग्दी (क्यूपेक) | मजदूरहरूलाई अन्य व्यक्तिलाई भन्दा थप सुविधा र हक अधिकारको व्यवस्था गर्नुपर्ने । |
| ७५. | नेपाल बसोबास वस्ती संरक्षण समाज, केन्द्रीय कार्यालय, काठमाडौं समेत ३ संस्थाहरू | आम भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित वर्गिय मुक्तिको लागि नयाँ संविधानमा अनिवार्य उल्लेख गर्नुपर्ने र उनीहरूको माग तत्काल पुरा गर्नुपर्ने । |
| ७६. | वृद्ध चौतारी नेपाल, इटहरी | जेष्ठ नागरिकहरूको हक अधिकार सुरक्षित गर्नुपर्ने । |
| ७७. | अखिल नेपाल सुकुम्बासी संघ, सुनसरी | सुकुम्बासीलाई ३ ज. (जल, जंगल र जमिन) को सुनिश्चितता गर्नुपर्ने । |
| ७८. | नेपाल राजधामी उत्थान मञ्च, सुनसरी | राजधामी छुट्टै जाति भएकोले सीमान्तकृत जातिको हक अधिकार सुरक्षित गर्नुपर्ने । |
| ७९. | विभिन्न स्वतन्त्र मजदुर संगठनहरू (९ वटा) कोशी, धरान | जोखिमपूर्ण काम गर्ने मजदुरका लागि विशेष व्यवस्था हुनुपर्ने । |
| ८०. | नगर बाल समन्वय समिति, इटहरी | बालबालिकाको हक अधिकार सुरक्षित गर्नु पर्‍यो । अपाङ्गता भएका बालबालिकाहरूको लागि थप हक अधिकारको व्यवस्था हुनुपर्ने । |
| ८१. | दलित सेवा संघ क्षेत्रीय कार्यालय, सुनसरी | दलितहरूलाई सम्मानपूर्वक बाँच्ने हक र सामाजिक पुनर्स्थापनको विशेष व्यवस्था गर्नुपर्ने । |
| ८२. | दलित नेटवर्क पाँच कन्या, सुनसरी | छुवाछुत मुक्त राष्ट्रको घोषणाको व्यवहारिक कार्यान्वयन हुनुपर्ने । |
| ८३. | Human welfare society, इटहरी | तेश्रो लिङ्गीलाई मान्यता दिनुपर्ने । संविधानमा लैङ्गिक तटस्थ शब्दहरूको प्रयोग हुनुपर्ने । |
| ८४. | सामुदायिक वन उपभोक्ता महासंघ, सुनसरी | महिलाहरू माथि हुने सबै खाले हिंसाको अन्त्य गरी उनीहरूको हक अधिकारको सुरक्षा गर्नुपर्ने । |
| ८५. | JCI नेपाल जेसिस | प्रधानमन्त्रीको व्यवस्था प्रत्यक्ष निर्वाचनबाट गर्नुपर्ने । |
| ८६. | सहारा समाज, इटहरी, सुनसरी | तेश्रो लिङ्गीलाई मान्यता दिनुपर्ने संविधानमा लैङ्गिक तटस्थ शब्दहरूको प्रयोग हुनुपर्ने । |
| ८७. | आमा समूह हाँसपोसा, सुनसरी | महिलाहरू माथि हुने सबै खाले हिंसाको अन्त्य गरी उनीहरूको हक अधिकारको सुरक्षा गर्नुपर्ने । |
| ८८. | उत्का नेपाल, इटहरी समेत ५ वटा संस्था | महिलाहरूलाई सबै खालको हक अधिकारबाट सुरक्षित गर्नुपर्ने । |

| | | |
|---|---|---|
| ८९. | जनचेतना संस्था इटहरी | मानवअधिकारको पूर्ण प्रत्याभूति र दण्डहीनताको अन्त्यको व्यवस्था हुनुपर्ने । |
| ९०. | अन्तरपार्टी महिला संजाल इटहरी | महिलाका हक अधिकार छुट्टै र विशेष रुपमा आउनु पर्ने । |
| ९१. | प्रयास नेपाल, इटहरी | मानवअधिकारको प्रत्याभूति र कानूनी शासनको ग्यारेण्टी हुनुपर्ने । |
| ९२. | दलित हित विद्यार्थी | दलित जातिको हक अधिकारलाई सुरक्षित गर्नुपर्ने । दलित विद्यार्थीको लागि विशेष सहुलियतको व्यवस्था हुनुपर्ने । |
| ९३. | महिला अधिकार मञ्च, पर्सा समेत १५ वटा संघ संस्थाहरू | घरेलु हिंसा (कसूर र सजाय) विधेयक, २०६५ लाई थप संशोधन सहित तुरुन्त कानून बनाइयोस्, साथै महिला हक अधिकारको थप व्यवस्था गरियोस । |
| ९४. | निलहीरा समाज, काठमाडौं | नयाँ बन्ने संविधानमा लैङ्गिक तटस्थ (Gender Neutral) शब्दहरू र भाषा प्रयोग तथा तेश्रो लिङ्गीका अधिकार उल्लेख गर्नुपर्ने । |
| ९५. | जातीय भेदभाव उन्मुलन विरुद्ध संविधान निर्माण सुझाव तथा कार्यान्वयन संघर्ष समिति, काठमाडौं | उत्पीडित समुदायप्रतिको जातीय भेदभावको अन्त्य गर्नुपर्ने, साथै उत्पीडित समुदाय आयोगको व्यवस्था हुनुपर्ने । |
| ९६. | नेपाल सुनचाँदी व्यवसायी संघ | सुनचाँदी लगायतका बहुमूल्य वस्तुको व्यवसायमा संलग्न व्यवसायीहरूको हक अधिकार र उनीहरूको जीउ धनको सुरक्षा, संरक्षण र सम्बर्द्धनको व्यवस्था राज्यले गर्नु पर्ने । |
| ९७. | गुरुङ राष्ट्रिय परिषद तमुछोज धिँम समेत २ | आदिवासी गुरुङ (तमु) जातीको हक अधिकारको व्यवस्था राज्यले गर्नुपर्ने । |
| ९८. | फरेष्टएक्सन नेपाल ललितपुर/सिडा | प्राकृतिक स्रोत माथिको अधिकार स्थानीय समुदायमा पुऱ्याउनु पर्ने । |
| ९९. | दलित गैरसरकारी संस्था, महासंघ क्षे.का. विराटनगर | दलितहरूको हक सम्बन्धी सुझावलाई संविधानको मौलिक हकमा व्यवस्था गर्नु पर्ने । |
| १००. | राष्ट्रिय मानवअधिकार तथा सामाजिक न्याय मञ्च, नेपाल समेत २० वटा संस्थाहरू | युवा, महिला, आदिवासी, जनजाति, मधेसी अल्पसंख्यक, अपाङ्ग व्यक्ति तथा कर्णाली क्षेत्र लगायत भौगोलिक र वर्गीय आधारमा पाखा पारिएका समूहको हक अधिकारको प्रत्याभूति राज्यले गर्नुपर्ने । |
| १०१. | राष्ट्रिय महिला सामाजिक मञ्च, नेपाल | महिलाको अधिकारलाई संवैधानिक रुपमा सुरक्षित गर्नुपर्ने । |
| १०२. | जिल्ला बाल क्लव संजाल, वाग्लुङ | बालबालिकाको शिक्षा, स्वास्थ्य, सुरक्षा र सर्वाङ्गीण विकासको व्यवस्था हुनुपर्ने । |
| १०३. | बाग्लुङ्ग बहिरा संघ, बाग्लुङ्ग | बहिराहरूको हकहित र अधिकार सुनिश्चित हुनुपर्ने । |

| | | |
|---|---|---|
| १०४. | अनेरास्ववियू, रामपुर इकाई | निःशुल्क र व्यवहारिक शिक्षाको व्यवस्था हुनुपर्ने, प्रजातान्त्रिक विकेन्द्रीकरणमा आधारित एकात्मक शासन व्यवस्था लागू हुनुपर्ने, संघीय व्यवस्था हुनु हुदैन, देश टुक्रिन्छ । |
| १०५. | मकवानपुर उद्योग वाणिज्य संघ | औद्योगिक एवं व्यवसायिक विकास र विस्तारको लागि निजी क्षेत्रलाई राज्यले संलग्न गराउने र बन्द, हडतालको अन्त्य गरी निजी सम्पत्ति र जीउ ज्यानको सुरक्षाको राज्यले ग्यारेण्टी गर्नुपर्ने । |
| १०६. | महिला सुरक्षा दवाव समूह | सरकारको हरेक तहमा र राजनीतिक दलमा एक तिहाइ महिलालाई अनिवार्य सहभागी बनाउनु पर्ने । |
| १०७. | मकवानपुर वहिरा संघ | बहिराहरू पढ्ने छुट्टै विद्यालय र क्याम्पस हुनुपर्ने, नेपाली सांकेतिक भाषाको माध्यम भाषा हुनुपर्ने र सबै अपाङ्गहरूलाई निःशुल्क रुपमा उच्च आवाशीय शिक्षाको व्यवस्था हुनुपर्ने । |
| १०८. | नेपाल आदिवासी जनजाति महासंघ, मकवानपुर | कुनै पनि हालतमा देश धर्म निरपेक्ष हुनुपर्ने, संघीय राज्यमा जानै पर्ने, यसका लागि जातीय र भाषिक आधार हुनुपर्ने र नेपालको राष्ट्रिय झण्डा परिवर्तन गर्नुपर्ने राष्ट्रिय जनावर गाई नराख्ने । |
| १०९. | सशस्त्र द्वन्द्वमा परेका बालबालिकाको संरक्षका लागि साझेदारी (पिपिसिसि) | बालबालिकालाई बाल मैत्री वातावरणमा हुर्काउने, सहयोग र शिक्षा दिने अभिभावकको कर्तव्य हुने । |
| ११०. | मुकुलेश्वर नि.मा.वि., फल्चिन, डोल्पा र मुकुतेश्वर अपाङ्ग सेवा समिति, दुनै, फुल्चिन, डोल्पा | फुल्चीन गा.वि.स.डोल्पाको मुकुतेश्वर नि.मा.वि.लाई मा.वि.मा रुपान्तर गर्नको लागि आवश्यक रकम सभासदहरूले उपलब्ध गराई दिनुपर्ने ।<br>राज्य सञ्चालनका प्रमुख अंगहरूमा समानुपातिक आधारमा अपाङ्गता भएका व्यक्तिहरूको प्रतिनिधित्व गराउनु पर्ने तथा हक अधिकारमा प्राथमिकता दिनुपर्ने । |
| १११. | डोल्पो दलित सशक्तिकरण केन्द्र | महिलाका लागि मात्र विशेष अधिकारको व्यवस्था गर्नुपर्ने र सबै खालको भेदभावको अन्त्य गर्नुपर्ने । |
| ११२. | हिमाली लोकतान्त्रिक गणतान्त्रिक नागरिक मञ्च | नेपालको नयाँ राज्य संरचनामा केन्द्र, प्रदेश र स्थानीय गरी तीन तहको सरकारहरू हुनुपर्ने । |
| ११३. | किर्डाक नेपाल, डोल्पा | पेटभरी खानदिने संविधान चाहियो । खाद्यको हक रहनु पर्ने । |
| ११४. | १६ वटा विभिन्न संस्थाको संयोजन गर्दै गैरसरकारी संस्था महासंघ नेपाल, काठमाडौं शाखा | देशको कार्यकारी अधिकार प्रधानमन्त्रीमा हुनुपर्ने । प्रधानमन्त्री प्रत्यक्ष निर्वाचित हुनुपर्ने । निजले खसेको ५०% मत प्राप्त गर्नुपर्ने । |
| ११५. | वाहिङ किराँत मुलुखिम र वृहत किराँत स्वायत्त प्राप्ती संघर्ष समिति | वृहत किराँत स्वायत्त प्रान्त संघर्ष समितिले गरेको १५ किराँत स्वायत्त प्रदेशको व्यवस्था हुनपर्ने । |

| | | |
|---|---|---|
| ११६. | अखिल नेपाल जनजाति सम्मेलन, केन्द्रीय कार्यालय, काठमाडौं | भावि संविधानमा संघीयताको व्यवस्था हुनु हुदैन । एकात्मक र एकीकृत राज्य व्यवस्था कायम हुनुपर्ने । संघीयतामा जानु भनेको नेपाललाई सिक्किम जस्तै भारतमा विलिन गराउनु हो । |
| ११७. | नेपाल सोनाहा संघ | सोनाहा जातिको हक अधिकार सुरक्षित गरी यस जातिलाई सुचीकृत गर्नुपर्ने र निःशुल्क माछा मार्न र सुन चाल्न दिनु पर्ने । |
| ११८. | राष्ट्रिय हलिया मुक्ति समाज महासंघ, के.का., डडेल्धुरा | हलियालाई मुक्त गरी यसको समस्या समाधानार्थ आयोग गठन गरी हलियालाई शिक्षा, स्वास्थ्य, रोजगारको व्यवस्था गरियोस् । |
| ११९. | नेत्रहीन सेवा संघ, वीरेन्द्रनगर, सुर्खेत | अपाङ्गका लागि शिक्षा, स्वास्थ्य, रोजगारीको व्यवस्था हुनुपर्ने । |
| १२०. | राष्ट्रिय भूमि अधिकार मञ्च, नेपाल राष्ट्रिय समिति | जीविकाको आधार भूमिको स्वामित्व र यसको निर्वाध उपभोगको हक हुनुपर्ने समेत । |
| १२१. | अपाङ्गता भएका व्यक्तिहरूका लागि स्वावलम्बन जीवन पद्दती केन्द्र, काठमाडौं | अपाङ्ग व्यक्तिहरूको हक हित सुरक्षित गर्नुपर्ने समेत । |
| १२२. | युवा संसद काठमाण्डौ | नयाँ संविधानमा युवाहरूको विशेष हक, दायित्व र अधिकार रहनु पर्ने । साथै युवा मैत्री संविधान हुनुपर्ने । |
| १२३. | धिमाल जाति विकास केन्द्र, मोरङ | देशले ६०१ जना सभासद्लाई तलव, भत्ता खुवाउन नसक्ने तर्फ विचार गर्नुपर्ने । संविधानमा जात, भाषा, क्षेत्र, धर्मको हक अधिकारको व्यवस्था हुनुपर्ने । |
| १२४. | कटुवाल रेडियो श्रोता क्लव, अर्घाखांची, कपिलवस्तु | दलित समुदाय माथि हुने भेदभाव र छुवाछुत अन्त होस् । |
| १२५. | कटुवाल रेडियो श्रोता क्लव, गोरखा | दलित समुदाय माथि हुने भेदभाव र छुवाछुत अन्त होस् । |
| १२६. | थापा परिषद, काठमाडौं | गहन एवं जटिल मुद्दाको टुंगो जनमत संग्रहको माध्यमबाट गरियोस् । |
| १२७. | नेपाल स्वतन्त्र सडक मजदूर एकता केन्द्रीय कार्यालय, काठमाडौं | मजदूरहरूको हक अधिकारलाई सुरक्षित गर्नुपर्ने । |
| १२८. | HelpAge 25 International/ NEPAN/ ADA, Kathmandu, Nepal | वृद्धवृद्धा भएको कारणले कुनै पनि जेष्ठ नागरिक अपहेलित र उत्पिडीत हुन नुहेन समेत । |
| १२९. | राष्ट्रिय दलित नेटवर्क, डडेलधुरा | संविधान निर्माण मस्यौदा समितिमा दलितलाई निर्वाचित गरियोस् । |

| | | |
|---|---|---|
| १३०. | राष्ट्रिय दलित नेटवर्क, जि.का., कैलाली | सामन्तवादी राज्य प्रणाली अन्त्य गरी संघीय लोकतान्त्रिक गणतन्त्रको व्यवस्था गरी राष्ट्रपति र सरकार प्रमुखमा दलितलाई नियुक्ति गर्नुपर्ने । |
| १३१. | The Center for Development and Population Activities Nepal. (CEDPA) | नेपालको संविधानमा महिला समानताको सुनिश्चितता हुनुपर्ने । |
| १३२. | किराँत याकथुङ चुम्लुङ, के.का., ललितपुर | आदिवासी, जनजातिलाई आत्म निर्णयको हक हुनुपर्ने । |
| १३३. | गै.स.स.महासंघ तेह्रथुम सहित विभिन्न १३ वटा संस्थाहरू | सबै जातजाति भाषा भाषीको समान संरक्षण, दलित र जनजातिलाई विशेष संरक्षण, मानवअधिकारको प्रत्याभूति हुनुपर्ने । |
| १३४. | जिल्ला बाल कल्याण समिति समेत २२ वटा संस्थाहरू, काभ्रे | बालअधिकारको उल्लेख र रक्षा गर्नुपर्ने । अनाथ बालबालिकाको राज्यबाट सुरक्षा हुनुपर्ने । |
| १३५. | आदिवासी जनजाति महासंघ, जिल्ला समन्वय परिषद, सिन्धुपाल्चोक | आदिवासी जनजातिका विशेष हक अधिकार सुनिश्चित गर्नुपर्ने । |
| १३६. | संघीय लिम्बुवान राज्य परिषद, संखुवासभा | आदिवासी जनजातिका हक अधिकार विशेष रुपमा आउनु पर्ने । |
| १३७. | सेतो गुराँस बाल विकास सेवा तथा प्रारम्भिक बाल विकास नेपाल मञ्च | बालबालिकाको सर्वाङ्गीण विकासको अधिकार सुनिश्चित गर्नुपर्ने । |
| १३८. | आदिवासी जनजाति महासंघ | ILO 169 को प्रत्याभूति गर्नुपर्ने । |
| १३९. | दलित गैरसरकारी संस्था महासंघ, ललितपुर, नेपाल | छुवाछुत प्रथाको अन्त्य गरी दलितहरूलाई राज्यले विशेष सुविधा दिनुपर्ने । |
| १४०. | नेपाल अपाङ्ग समाज, अनामनगर, काठमाडौं | नयाँ संविधानमा अपाङ्ग भएका व्यक्तिलाई विशेष सुविधाको व्यवस्था हुनुपर्ने । |
| १४१. | बाल भेला, कुश्मा, पर्वत | सम्पूर्ण दलित, जनजाति, विपन्न समुदायका बालबालिकाको सर्वोत्तम हित तथा अधिकारको लागि शिक्षामा समान पहुँच पुऱ्याउन शिक्षाको रुपान्तरण सहित अनिवार्य, गुणस्तरयि, व्यवहारिक, निःशुल्क शैक्षिक व्यवस्था गर्नुपर्ने । |
| १४२. | संयुक्त ब्रिटिश गोर्खा भूतपूर्व सैनिक संघ, नेपाल, केन्द्रीय समिति, ललितपुर | गोर्खा सैनिकको बेलायत बासीको नेपाली नागरिकता कायम राख्नु पर्ने, पेन्सन र क्षतिपूर्ति पनि गोरा समकक्षी सरह दिलाउनु पर्ने । |

| | | |
|---|---|---|
| १४३. | नेपाल प्रेस इन्सिच्युट | पत्रकार, पत्रिका र छापाखाना सम्बन्धी अहरणीय अधिकार रहनु पर्ने । |
| १४४. | Feminist Dalit Organisation (FEDO) | दलित महिलाहरूको हक अधिकारलाई संविधानमा सुनिश्चित गर्नुपर्ने । |
| १४५. | मानवअधिकार एकल महिला समूह | एकल महिलाहरूलाई राज्यद्वारा सम्मानजनक हक अधिकारको व्यवस्था गरिदिनु पर्ने । |
| १४६. | रुपान्तरणका लागि महिला एकता परिवार | महिला अधिकारको सुनिश्चितता हुनुपर्ने । |
| १४७. | गतिशील ग्रामीण उत्थान समूह, जिल्ला शक्तिकरण महिला सञ्जाल, सिन्धुपाल्चोक | गाँस, बाँस, कपास, शिक्षा, स्वास्थ्य, रोजगार र सुरक्षाका साथै बाँच्नका लागि आधारभूत आवश्यकताको पूर्तिको व्यवस्था मौलिक हक भित्र राख्नु पर्ने । |
| १४८. | राष्ट्रिय वादी अधिकार संघर्ष समिति | वादीजातिको विशेष संरक्षण र उनीहरूलाई रोजगारीको व्यवस्था गर्नुपर्ने । |
| १४९. | नेपाल मजदुर किसान पाटी, सिन्धुपाल्चोक | विश्वास अनुसारको धर्म मान्न पाउनु पर्ने र सामाजिक संघ संस्था खोल्न पाउनु पर्ने साथै जेष्ठ नागरिकको हेर विचार राज्यले गर्नुपर्ने । |
| १५०. | नेपाल लोकतान्त्रिक मगर संघ, दाङ | आदिवासी जनजातिका विशेष अधिकार उल्लेख हुनुपर्ने । |
| १५१. | नेपाल पूर्व प्रहरी संगठन, दाङ | द्वन्द्वका क्रममा वहाल टुटेका सुरक्षा कर्मीको पुनरवहालीको हकको व्यवस्था हुनुपर्ने । |
| १५२. | युवा विज्ञ समूह (AFP, IDEA, DEMO) | भावि संविधानमा युवाका दृष्टिकोणबाट महत्वपूर्ण क्षेत्रहरू शिक्षा, स्वास्थ्य तथा रोजगार इत्यादिको सुनिश्चितताको व्यवस्था हुनुपर्ने । |
| १५३. | धौलागिरी उत्साही बाल संजाल म्याग्दी | भावि संविधानमा बालअधिकार सुरक्षित हुनुपर्ने । |
| १५४. | फातिमा फाउण्डेशन, नेपाल सहित ५ वटा संस्थाहरू | मुस्लिम आयोग गठन गरी मुस्लिमहरूको हक अधिकार सुरक्षित गरी मुस्लिम समुदायमा मुस्लिम पारिवारिक कानून लागू गर्नुपर्ने । |
| १५५. | नेपाल राष्ट्रिय दलित मुक्ति मोर्चा, सुर्खेत | छुवाछुत आयोग गठन गरी दलितहरूको खोसिएको राजनैतिक अधिकारलाई संवैधानिक ग्यारेण्टीको व्यवस्था गर्नुपर्ने । |
| १५६. | नागरिक समाज एलायन्स, सुर्खेत | स्नातक तहसम्म निःशुल्क शिक्षा हुनुपर्ने, निःशुल्क स्वास्थ्य उपचारको व्यवस्था गर्नुपर्ने । संघात्मक प्रणालीमा देश जानु हुँदैन । ६० वर्ष माथिका व्यक्तिलाई निःशुल्क यातायात र वृद्ध भत्ताको व्यवस्था हुनुपर्ने । जघन्य अपराधीलाई मृत्युदण्डको व्यवस्था हुनुपर्ने । |
| १५७. | इन्सेक, सुर्खेत | सभासद्को भत्ता बढी भयो देशले धान्न सक्दैन । |

| | | |
|---|---|---|
| १५८. | मानव अधिकार तथा प्रजातान्त्रिक मञ्च (FOHRID) | दण्डहीनताको अन्त गरी मानवअधिकारको संरक्षण गर्न न्यायिक हकको व्यवस्था गर्नुपर्ने । |
| १५९. | खानेपानी तथा सरसफाई उपभोक्ता महासंघ लगायत ४ संस्था | प्रत्येक नागरिकलाई सुरक्षित एवं पर्याप्त खानेपानी र आधारभूत सरसफाइमा पहुँचको हक हुनुपर्ने र खानेपानी तथा यसका स्रोतको उपभोगमा गरिने कुनै पनि किसिमका भेदभावजन्य कार्यहरू कानूनद्वारा दण्डनीय हुनुपर्ने । |
| १६०. | ICRC नयाँबानेश्वर काठमाडौं | विश्वव्यापी रुपमा स्वीकृत आधारभूत मानव अधिकार, मानवीय कानूनको व्यवस्था हुनुपर्ने । |
| १६१. | Nepalese Americas Council (The NRNA National Coordination Councin of America) | नेपाली मूलका गैरआवासीय नेपालीहरूको नेपाली नागरिकता खारेज गर्नु हुदैन । उनीहरू जहाँ गरे बसे पनि नेपाली नागरिकहरूनै हुन् । भोट हाल्न र संवैधानिक/सार्वजनिक पदमा नियुक्ति हुन बाहेक अन्य सबै नागरिक अधिकार प्रयोग गर्न पाउनु पर्ने । |
| १६२. | जिल्ला युवा सञ्जाल, सुर्खेत समेत ४ संस्थाहरू | हरेक क्षेत्रमा समेटिने गरी युवा नीति ल्याउने साथै राष्ट्रिय युवा परिषद गठन हुनुपर्ने । |
| १६३. | एमनेष्टी इन्टरनेशनल नेपाल, काभ्रे ७२ समूह | मानव अधिकारको रक्षा एवं आधारभूत मानव अधिकारको प्रत्याभूति हुनुपर्ने । |
| १६४. | जिल्ला बाल क्लव सञ्जाल, रोल्पा | बाबु आमा हीन एवं वेवारीसे बालबालिकाको लागि उचित गाँसवास एवं संरक्षणको व्यवस्था हुनुपर्ने । |
| १६५. | गैर सरकारी संस्था महासंघ जिल्ला शाखा सिन्धुपाल्चोक समेत २७ वटा संघ संस्थाहरू | जनताको जनजीविकासँग प्रत्यक्ष रुपमा जोडिने आर्थिक, सामाजिक सवालहरू निर्देशक सिद्धान्तमा नराखी मौलिक अधिकारमा राख्नु पर्ने । |
| १६६. | ग्रामीण महिला सिर्जनशिल परिवार, सिन्धुपाल्चोक समेत ४ संस्थाहरू | ग्रामीण महिलाहरू (श्रमिक महिलाहरू) को हक अधिकारलाई राज्यले विशेष सम्बोधन गर्नुपर्ने । |
| १६७. | नेपाल आदिवासी जनजाति महासंघ, वेलायत | देश धर्म निरपेक्ष र संघीयतामा जानु पर्ने एवं जातीय जनसंख्याको आधारमा समानुपातिक पहुँचको व्यवस्था हुनुपर्ने । |
| १६८. | Him Right, पुल्चोक ललितपुर | भावि संविधानमा महिलाहरूको आधारभूत अधिकार जस्तै गाँस, बास, कपास, स्वास्थ्य, सुरक्षा, रोजगारी, मनोरन्जन, शिक्षा, आर्थिक, सामाजिक स्वतन्त्रता, कानूनी स्वतन्त्रता लगायत हक अधिकारको व्यवस्था हुनुपर्ने । |
| १६९. | खस क्षेत्री संयुक्त राष्ट्रिय मोर्चा, काठमाडौं | खस क्षेत्रीहरूले आत्मसात गर्ने अपनत्व जाहेर गर्ने र निसंकोच अनुशरण र पालना गर्ने संविधान निर्माण होस् । साथै मोर्चाले राखेका नौं बुँदे मागलाई सम्बोधन गरियोस् । |

| | | |
|---|---|---|
| १७०. | नेपाल राष्ट्रि दलित मुक्ति मोर्चा | राज्यका सबै क्षेत्र निकायहरूमा दलित समुदायको उचित प्रतिनिधित्व गर्नका लागि विशेष अधिकारको नीति स्पष्ट रुपमा तय गर्नुपर्ने । |
| १७१. | राष्ट्रिय भूमि अधिकार मञ्च नेपाल, राष्ट्रिय समिति | प्रत्येक नागरिकहरूलाई सुरक्षित घरवासको व्यवस्था र भूमिमा जोत्नेको अधिकार हुनुपर्ने । |
| १७२. | सुस्त मनस्थिति कल्याण संस्था, काठमाण्डौ, नेपाल | सुस्त मनस्थिति भएका व्यक्तिहरूलाई अन्य व्यक्तिका भन्दा बढी सुविधाको राज्यले व्यवस्था गर्नुपर्ने । |
| १७३. | नेपाल अपाङ्ग मानवअधिकार केन्द्र, काठमाडौं | अपाङ्ग/सपाङ्ग सरह सम्मानपूर्वक बाँच्न पाउनु पर्ने, गाँस, बास, कपासको व्यवस्था गर्नुपर्ने । शिक्षा, स्वास्थ्य, रोजगारको सुनिश्चितता हुनुपर्ने । |
| १७४. | राष्ट्रिय दलित आयोग, काठमाडौं | समानता, सामाजिक र मानवीय मर्यादायुक्त धर्म निरपेक्ष पूर्ण समावेशी एवं छुवाछुत रहित राष्ट्र बनाऔं । |
| १७५. | डोल्पा जिल्लाका बालबालिकाहरूको मागहरू | भावि संविधानमा प्रत्येक बालबालिकालाई निःशुल्क शिक्षा, पालन पोषण, आधारभूत स्वास्थ्य र सामाजिक सुरक्षा, बाल मजदुरीको अन्त्य गर्नुपर्ने । |
| १७६. | सुस्त मनस्थिति | अपाङ्गहरूको हक हितको संरक्षण, अनुगमन, सेवा विस्तारको लागि संविधानमा छुट्टै परिच्छेद/धाराहरू अपाङ्ग सेवा आयोगको गठन गर्ने बारेमा सुझाव गरिएको । |
| १७७. | नेपाल स्वतन्त्र सिलाई युनियन, दाङ | दलितहरूलाई राज्यको माथिल्लो निकायसम्म पुऱ्याउनु पर्ने र पेशागत सम्मानको व्यवस्था गरिदिनुपर्ने । |
| १७८. | अपाङ्गता भएका व्यक्तिहरूको अधिकार अभिवृद्धि सम्बन्धी कार्य समिति | अपाङ्ग भएका व्यक्तिहरूलाई राज्यद्वारा सुविधा, संरक्षण प्रदान गर्नुपर्ने र अपाङ्गताको आधारमा राज्यले कुनै विभेद गर्न नहुने । |
| १७९. | सुस्त मनस्थिति अभिभावक समूह, बनेपा | सुस्त मनस्थिति भएका व्यक्ति तथा बालबालिकाको विशेष सुरक्षाको व्यवस्था हुनुपर्ने । |
| १८०. | मस्तिक पक्षघात स्वावलम्बन समूह, सिन्धुपाल्चोक | अपाङ्ग बालबालिकाको हक अधिकारलाई विशेष व्यवस्था गर्नुपर्ने आदी । |
| १८१. | नयाँ संविधानको निर्माण बालअधिकारको पूर्ण सम्मान राष्ट्रिय अभियान, काभ्रेका २२ वटा संस्थाहरू | बाल अधिकार र सुरक्षाको विशेष अधिकारको प्रत्याभूति हुनुपर्ने । |
| १८२. | गुरुद्वारा श्री गुरु नानक सत्संग, नेपालगंज | शिख समुदायका व्यक्तिहरूको हक अधिकारका साथै उनीहरूको धर्म,सँस्कृतिको संरक्षण र सम्वर्द्धन गर्नुपर्ने । |
| १८३. | नेपाल मुस्लिम नागरिक समाज | तराईलाई षडयन्त्रपूर्वक केही समुदायको आडमा मधेश नामाकरण गर्नु हुँदैन । |

| | | |
|---|---|---|
| १८४. | सामुदायिक वन उपभोक्ता महासंघ, वर्दिया | कुनैपनि समुदायको व्यक्तिलाई प्राकृतिक स्रोत साधनबाट बंचित गरिनुहुँदैन । |
| १८५. | गैरसरकारी संस्था महासंघ, वर्दिया र वैतडी | राष्ट्रिय अन्तर्राष्ट्रिय गैरसरकारी संस्थालाई एकै किसिमको मापदण्डको व्यवस्था गर्ने र गै. स. स. लाई बजेटको व्यवस्था गर्ने । |
| १८६. | दलित वर्ग उत्थान समन्वय समिति, सुर्खेत | दलित समुदायका लागि विशेष अधिकार र छुवाछुत निर्मूल गर्ने व्यवस्था हुनुपर्ने र आरक्षणको व्यवस्था हुनुपर्ने । |
| १८७. | दलित हक हित सरोकार केन्द्र नेपाल, सिन्धुपाल्चोक | दलित समुदायका लागि विशेष अधिकार र छुवाछुत निर्मूल गर्ने व्यवस्था । |
| १८८. | धौलागिरी उत्पीडित उत्थान केन्द्र, म्याग्दी | उत्पीडित वर्गका लागि विशेष व्यवस्था हुनुपर्ने । छुवाछुत र जातीय भेदको अन्त्य हुनुपर्ने । |
| १८९. | जिल्ला बाल कार्यसमिति दाङ समेत ७ वटा संस्थाहरू | बालअधिकारको ग्यारेण्टी भावी संविधानमा गर्नुपर्ने । |
| १९०. | दलित सेवा संघ, काठमाडौं | दलितको हक हितको विशेष व्यवस्था गर्नुपर्ने । |
| १९१. | सीसा नेपाल, दाङ र Good Morning समेत | मुस्लीमहरूको हक र अधिकार सुरक्षित गरिदिनु पर्ने । |
| १९२. | नेपाल पत्रकार महासंघ, दाङ | संविधानको प्रस्तावनामा प्रेस स्वतन्त्रताको ग्यारेण्टी गर्नुपर्ने आदि । |
| १९३. | दृष्टि विहिन हातेमालो स्ववलम्वन समूह, दाङ | संविधानमा दृष्टिविहिन अपाङ्गहरूलाई छुट्टै हक अधिकारको सुनिश्चिता गर्नुपर्ने । |
| १९४. | पीडित बालबालिका गृह, तुल्सीपुर, दाङ | पीडित बालबालिकालाई घरपरिवारमा पुनर्मिलन गराई उनीहरूको सम्पूर्ण हक अधिकार सुरक्षित गर्नुपर्ने । |
| १९५. | जेष्ठ नागरिक सरोकार केन्द्र, दाङ | जेष्ठ नागरिकको हक अधिकार सुरक्षित गर्नुपर्ने । |
| १९६. | अपाङ्ग मानवअधिकार एवं सरोकार मञ्च नेपाल, दाङ | अपाङ्गहरूको हक अधिकारलाई राज्यले संवोधन गर्नुपर्ने । |
| १९७. | राप्ती साहित्य परिषद, दाङ | नेपालका विविध भाषा, साहित्यकला, सँस्कृतिको विकास र उन्नतिको लागि राज्यले उच्च प्राथमिकता दिनुपर्ने आदि । |
| १९८. | मधेशी दलित अभियान | मधेशी दलितहरूलाई राज्यले विशेष सुविधा दिनुपर्ने । |
| १९९. | महिला तथा बालबालिका बेचबिखन विरुद्ध सहकर्मी समुह (एटविन) | मानव बेचबिखन, ओसारपसारबाट बचावटको लागि संभावित जोखिममा पुऱ्याउने तत्वहरूलाई न्यूनीकरण गर्ने नीति तथा कार्यक्रमको व्यवस्था गर्नुपर्ने । |

| | | |
|---|---|---|
| २००. | हरियाली नेपाल पाटी, काठमाडौं | नेपाललाई संघियतामा विभाजन गर्नु हुदैन, देश टुक्रिन्छ । राष्ट्रपति देशभरिका जनप्रतिनिधिहरूमार्फत चुनिनुपर्ने र प्रधानमन्त्री देशभरका वालिग मतदाताबाट चुनिनुपर्ने । |
| २०१. | नेपाल चिकित्सक संघ, काठमाडौं | सबै नागरिकलाई आधारभूत निःशुल्क स्वास्थ्यसेवाको व्यवस्था हुनुपर्ने, चिकित्सकको व्यवसायिक अधिकार हुनुपर्ने । |
| २०२. | युवा बौद्ध संघ, पोखरा | नेपाललाई धर्मनिरपेक्ष राष्ट्र भनी स्पष्ट उल्लेख हुनुपर्ने । |
| २०३. | धर्मोदय सभा, कास्की | नेपाललाई शान्तिक्षेत्र घोषणा गर्नुपर्ने । |
| २०४. | बौद्ध अर्घौ सदन, कास्की | आप्रवासी, महिला, कामदार लगायतका हक अधिकार सुनिश्चित हुनुपर्ने । |
| २०५. | मानवअधिकारका लागि जनमञ्च, काठमाडौं | आप्रवासी महिला कामदारको हक हितलाई सुरक्षित गर्नुपर्ने । |
| २०६. | सुदुरपश्चिमाञ्चल सरोकार मञ्च नेपाल, काठमाडौं | मिश्रित प्रणालीको शासकीय स्वरुप हुनुपर्ने । समतामूलक समाजको सिर्जनाका लागि समान हक सहितको दह्रो आर्थिक अवस्था, सवल प्रदेश बनाउनु पर्ने । |
| २०७. | मानवअधिकार तथा समाज सेवा केन्द्र, बैतडी | सीमान्तकृत समुदायका नागरिकहरूको हक हितको व्यवस्था हुनुपर्ने । |
| २०८. | नेपाल राष्ट्रिय दलित समाज कल्याण संघ, बैतडी | दलित समुदायलाई विशेष किसिमको हक हितको व्यवस्था गर्नुपर्ने । |
| २०९. | नेपाल मजदुर यूनियन, पो.औं.क्षेत्र, पोखरा (हिम श्री फुड्स) | मजदूरको हक अधिकार सुनिश्चित गर्नुपर्ने । |
| २१०. | नेपाल परिवार नियोजन संघ | यौन तथा प्रजनन अधिकारको व्यवस्था हुनुपर्ने । |
| २११. | महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय | प्रत्येक महिलालाई सामाजिक सुरक्षाको प्रत्याभूति हुनुपर्ने । |
| २१२. | संयुक्त राष्ट्र संघ, महिला विकास कोष | घरेलु काममा महिलाको योगदानको आर्थिक गणना हुनुपर्ने । |
| २१३. | जनहित संरक्षण मञ्च | प्रत्येक महिलालाई सामाजिक सुरक्षाको प्रत्याभूति हुनुपर्ने । |
| २१४. | ओरेक नेपाल, समतामूलक साझेदारी तथा न्यायपूर्ण शान्तिका लागि महिला अभियान | हालसम्म पछाडी पारिएका महिलाहरूलाई निर्णायक तहमा ल्याउनु पर्ने तथा महिला महिला बीच हुने विभेद समेत अन्त्य गर्नुपर्ने । |
| २१५. | विकासमा एकल महिला सशक्तिकरणका निम्ति दक्षिण एशियाली सञ्जाल | एकल महिलाहरूले अन्य महिला र पुरुष सरहको अधिकार पाउनु पर्ने समेत । |

| | | |
|---|---|---|
| २१६. | नेपाल लोकतान्त्रिक किरात सुनुवार संघ | राज्य पुनर्संरचना गर्दा वल्लो किराँत स्वायत्त प्रदेश घोषणा गर्नुपर्ने । |
| २१७. | युवा एकता (United Youth) र नेपाल युवा संस्था संजाल (आयोन) | नयाँ नेपालको निम्ति युवाका हक अधिकार र सवालहरू सुनिश्चित गराउनु पर्ने । |
| २१८. | इन्हुरेड इन्टरनेशनल | सुरक्षा, पहिचान र सहभागिता मानवको आधारभूत अधिकारका रुपमा पहिचान गरी संविधानको मौलिक हकमा सुरक्षित गर्नुपर्ने । |
| २१९. | दलित गैरसरकारी विकास महासंघ | दलितका विशेष अधिकार उल्लेख हुनुपर्ने, नागरिकतामा थर राख्न पाउनु पर्ने । |
| २२०. | मधेशी दलित विकास महासंघ, के.का. काठमाडौं | मधेशी दलितहरूलाई मर्यादित जीवन जीउन पाउने संवैधानिक ग्यारेण्टी होस् । |
| २२१. | नेपाल उत्पीडित जातीय मुक्ति समाज, केन्द्रीय कार्यालय, काठमाडौं | दलित समुदायको हक हितमा विशेष व्यवस्था गर्नुपर्ने । |
| २२२. | प्राकृतिक स्रोत राष्ट्रिय परिसंघ, नेपाल | प्राकृतिक श्रोतमाथि आदिवासी जनजातिको विशेष हक अधिकार हुनुपर्ने । |
| २२३. | नागरिक समाज, बैतडी र दाङ | राज्य समावेशी र समानुपातिक हुनुपर्ने, नेपालको राजकीयसत्ता जनतामा हुनुपर्ने, नेपाल संघीय प्रणालीमा जानुपर्ने । १५ वर्ष बसेकालाई मात्र अंगिकृत नागरिकता प्रमाणपत्र दिने व्यवस्था हुनुपर्ने । |
| २२४. | विन्धवासिनी वचत सहकारी संस्था लि., काभ्रे, पनौती | सहकारीलाई गरिबी निवारणमा उपयोग गरी देशको अर्थतन्त्रको विकास गर्नुपर्ने । |
| २२५. | IUCN Nepal Country Office, Kathmandu & Dharan | वातावरण संरक्षण सम्वन्धी व्यवस्था गर्नुपर्ने । |
| २२६. | गैरसरकारी संस्था महासंघ, जिल्ला शाखा, बैतडी | नयाँ संविधानमा गैरसरकारी संस्था खोल्न र सञ्चालन गर्न पाउने अधिकार सुनिश्चित गर्नुपर्ने । |
| २२७. | दनुवार जागरण समिति, जनकपुरधाम | भावी संविधानमा सम्बोधन गरी दनुवार जातीको हक अधिकार सुनिश्चित गर्नुपर्ने । |
| २२८. | राष्ट्रिय दलित नेटवर्क, बैतडी | दलित अधिकारको सुनिश्चितता र छुवाछुतको अन्त्य, नागरिकतामा सहज पहुँचको व्यवस्था हुनुपर्ने । |
| २२९. | नेपाल वार एसोसिएसन | आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारहरूको सम्बन्धमा समानता, सम्पत्ति, शिक्षा, रोजगारी, स्वास्थ्य, खाद्यान्न, आवास, महिला, सामाजिक सुरक्षा, परिवार सम्बन्धी लगायतका हकको व्यवस्था हुनुपर्ने । |

| | | |
|---|---|---|
| २३०. | खस क्षेत्री संयुक्त राष्ट्रिय मोर्चा, काठमाडौं | खस क्षेत्रीलाई आदिवासी समुदायमा छुट्टै सुचिकृत गर्नुपर्ने र संघियतामा जाँदा नदीनाला, पहाड, हिमालको नाममा राज्य/प्रदेशको नामाकरण राख्नुपर्ने । |
| २३१. | अखिल नेपाल ट्रेड युनियन महासंघ (अन्टुक) | श्रमिकहरूको ज्याला, पेन्सन वा उपदानहरू माथि राज्यद्वारा कुनै प्रकारको कर लगाउनु हुदैन । |
| २३२. | गैसस महासंघ पाँचर, फिदिम | अपराध ठहर नभएसम्म निर्देष सरह व्यवहार पाउने लगायतका अधिकार हुनुपर्ने । |
| २३३. | महिला तथा बालबालिका उद्धार समुह, (WCRG) रसुवा समेत ३ संस्था | सिमान्तकृत समुदायको परम्परागत सीप, कला, पेशा, संस्कृतिको सुरक्षा गरी तिनलाई आधुनिकिरण गर्नुपर्ने । |
| २३४. | दीर्घायु टोल सुधार समाज, काठमाडौं | सचिवालयद्वारा वितरित प्रश्नावली भरी पेश गरेको । |
| २३५. | एस.ओ.एस.बालग्राम, गण्डकी | एस.ओ.एस. बालग्रामको संरक्षणमा हुर्केका बालबालिकाहरूको शिक्षा, स्वास्थ्य, रोजगारको व्यवस्था हुनुपर्ने । |
| २३६. | महिला अधिकार मञ्च, बझाङ | नेपालको अन्तरिम संविधान भाग ३ को धारा १२ देखि ३२ सम्मका सबै अधिकारहरू यस भित्र राख्नु पर्ने । |
| २३७. | दलित सेवा संघ, काठमाडौं | दलितको हक हितको विशेष व्यवस्था गर्नुपर्ने । |
| २३८. | मधेशी दलितकै सवाल सुझाव तथा हस्ताक्षर अभियान, कपिलवस्तु | स्थानीय निकायमा दलितको पहुँच हुनुपर्ने तथा दलितलाई वजेटको व्यवस्था हुनुपर्ने समेत । |
| २३९. | जिल्ला बाल कल्याण समिति, वाग्लुङ | बालबालिकाको सर्वाङ्गीण विकासका लागि संविधानको मौलिक हकमा बालअधिकारको व्यवस्था हुनुपर्ने । |
| २४०. | संयुक्त ट्रेड युनियन समन्वय केन्द्र | प्रत्येक श्रमिकलाई श्रम सम्बन्धी कानून तथा सामुहिक सौदावाजीबाट प्राप्त हक हनन भएमा कानूनी उपचार पाउने हक हुने । |
| २४१. | कम्लरी मुक्ति साझा मञ्च, दाङ | कम्लरी प्रथा अन्त्य गरी कम्लरीहरूलाई जल, जमिन, जंगलको विशेष हक अधिकारको व्यवस्था हुनुपर्ने । कम्लरी आयोग गठन गर्नुपर्ने । |
| २४२. | बालसेवा समाज नेर्पा, खोटाङ | बाल विवाह र बहु विवाह पूर्ण रुपमा अन्त्य गर्नुपर्ने । |
| २४३. | सबै श्रमिक बालबालिकाहरूको तर्फबाट | श्रमिक बालबालिकाहरूको हक अधिकार सुनिश्चित गर्नुपर्ने । बालश्रमको अन्त्य गरौं । |
| २४४. | सामाजिक समावेशीकरण अनुसन्धान कोष | बहिष्कृत समूहको मर्म बुझिदिनुको साथै सामाजिक समावेशीकरण गरिदिनुपर्ने । |

| | | |
|---|---|---|
| २४५. | बालबालिका क्षेत्रमा कार्यरत संघ संस्था, दाङ (७ संस्था) | बालबालिकाको बाँच्न पाउने हक अधिकार सुरक्षित गरी कम्लरी प्रथा लगायतको कुप्रथा अन्त्य गर्नुपर्ने । |
| २४६. | अतिसीमान्तकृत आदिवासी जनजाति राष्ट्रिय संजाल नेपाल, काठमाडौं | अतिसिमान्तकृत, अल्पसंख्यक तथा आदिवासी जनजातिको हक अधिकारको विशेष व्यवस्था गर्नुपर्ने । |
| २४७. | नेपाल गुरुङ्ग (तमु) महिला संघ, केन्द्रीय समिति, काठमाडौं | राज्यका सबै निकायका नीति निर्माण तहमा गुरुङ्ग (तमु) महिलाहरूको लागि कम्तीमा ५०% प्रतिनिधित्वको व्यवस्था गर्नुपर्ने । |
| २४८. | ताजपुरिया समाज कल्याण परिषद, झापा | महिलाले आफूले इच्छाएको पुरुषसँग विवाह गर्न पाउनु पर्ने र सम्पत्तिमा पुरुष सरह महिलाको हक अधिकार हुनुपर्ने । |
| २४९. | नेपाल झाँगड कोड्रम सुधारा काम गुठियाराआ, सुनसरी | उराव जातिहरूको हक अधिकारलाई विशेष संरक्षण गरी शिक्षा, स्वास्थ्य राज्यद्वारा ग्यारेण्टी गर्नुपर्ने । |
| २५०. | मेचे समाज सिवियारयी आफात, झापा | महिला, बालबालिका, युवा, मजदुर, किसान, मधेशी, आदिवासी, जनजाति, असहाय, अपाङ्ग, अशक्त, लोपोन्मुख समुदाय समेतको विशेष संरक्षण सहितको हक अधिकारको व्यवस्था राज्यले गर्नुपर्ने । |
| २५१. | थारु कल्याणकारी सभा | आदिवासी थारु जाति लगायतको हक अधिकारको विशेष व्यवस्था गर्नुपर्ने । |
| २५२. | नेपाल गन्गाई कल्याण परिसर, मोरङ | गन्गाई लगायतका सम्पूर्ण आदिवासीलाई आत्मनिर्णयको अधिकार हुनुपर्ने । |
| २५३. | नेपाल संथाल आदिवासी उत्थान संघ, मोरङ, झापा | संथाल जातिको धर्म, संस्कृति, भाषा, लिपि, धार्मिक ग्रन्थ, भेषभूषा लगायतको संरक्षणमा विशेष व्यवस्था गर्नुपर्ने । |
| २५४. | नेपाल तराई मूल माझी कल्याण समिति, झापा | तराईमूलका माझी जातिहरूको लागि राज्यद्वारा गाँस, बास, कपास र शिक्षा स्वास्थ्यको विशेष व्यवस्था हुनुपर्ने । |
| २५५. | मधेशी दलित हित सरोकार सञ्जाल, रुपन्देही समेत ४ जिल्ला | मर्यादित जीवन जिउन पाउने अधिकारको व्यवस्था गरी छुवाछुत अन्त्य गर्नुपर्ने । |
| २५६. | संविधान विशेषज्ञ समूह, काठमाडौं | सबै नागरिकले शोषणरहित तवरले सम्मानपूर्वक बाँच्न पाउने व्यवस्था राज्यद्वारा गर्नुपर्ने । |
| २५७. | नेपाल स्वतन्त्र मजदुर युनियन, पोखरा | मजदूरसँग सम्बन्धित हक अधिकार सुनिश्चित गर्नुपर्ने । |
| २५८. | नेपाली जनसम्पर्क समिति, मुम्बई, भारत | प्रवासी नेपालीहरूको हक, हित, अधिकार र प्रवासी मुलुकमा बस्दा अन्तर्राष्ट्रिय कानूनबाट आउने बाधाहरूलाई अन्तर्राष्ट्रिय कानूनले समाधान गर्दै जाने प्रावधान राख्नुपर्ने । |

| | | |
|---|---|---|
| २५९. | तोक्पेगोला समाज सेवा समिति, काठमाडौं | मातृ भाषामा शिक्षाको व्यवस्था हुनुपर्ने । |
| २६०. | वालुङ उत्थान समाज, काठमाडौं | निःशुल्क उच्च शिक्षाको व्यवस्था हुनुपर्ने साथै शैक्षिक बेरोजगारलाई रोजगारको व्यवस्था हुनुपर्ने । |
| २६१. | दलित सचेतना समाज, तेह्रथुम | हरेक नेपाली नागरिकले निःशुल्क स्वास्थ्य उपचार पाउनु पर्ने भन्ने समेत । |
| २६२. | आठपहरिया किरात राई समाज, धनकुटा | वैज्ञानिक क्रान्तिकारी भूमिसुधार लागू हुनुपर्ने । |
| २६३. | पिपुल एण्ड डेभलमपेण्ट, काठमाडौं, नेपाल | संविधानमा नेपाल वातावरण मैत्री (Eco Friendly) देश लेखिनु पर्ने । |
| २६४. | विदेह फाउण्डेसन, काठमाडौं | कार्यकारी राष्ट्रपतिको चुनाव जनताद्वारा प्रत्यक्ष निर्वाचनद्वारा हुनुपर्ने समेत । |
| २६५. | नेपाल समावेशी समाज, महोत्तरी | केन्द्रीय तथा प्रान्तको सबै सार्वजनिक सेवाको प्रत्येक तहमा महिला, दलित, आदिवासी जनजाति, मधेसी तथा अल्पसंख्यकलाई समावेश गर्नुपर्ने । |
| २६६. | सेवा निवृत्त कर्मचारी परिषद, जनकपुरधाम | मौलिक हकको प्रचलन राज्यको उच्च अदालतबाट हुन सक्ने प्रावधान हुनुपर्ने । |
| २६७. | नेपाल राष्ट्रिय दलित मुक्ति मोर्चा, केन्द्रीय समिति | दलितहरूको लागि राज्यले विशेष हक अधिकारको व्यवस्था गरिदिनुपर्ने । |
| २६८. | याम्फु समाज समेत, संखुवासभा | संघ विभाजन गर्दा जाति भाषा धर्मको आधारमा हुनु हुदैन, भूगोल र प्रकृतिको आधारमा नामाकरण गर्नुपर्ने । संघ विभाजनमा हिमाल पहाड र तराई समेत समावेश गर्नुपर्ने । |
| २६९. | सुनुवार सेवा समाज, केन्द्रीय समिति | आदिवासी जनजातिको पहिचान, आत्मसम्मान, आदिभूमिमाथिको स्वामित्व, प्रकृतिक सम्पदामाथिको पूर्ण अधिकार, जातीय मुक्ति अधिकार, राज्यको पुनसंरचना गर्दा सुनुवार जातिको लागि विशेष व्यवस्था । |
| २७०. | नेपाल निजामती कर्मचारी संगठन (राष्ट्रिय महिला भेला) | महिला निजामती कर्मचारीहरूको हक अधिकारको व्यवस्था हुनुपर्ने । |
| २७१. | तेह्रथुमस्थित नागरिक समाजको प्रतिनिधित्व गर्ने विभिन्न १३ संस्थाहरू | राष्ट्रपति समावेशी प्रकृतिको आधारमा हुनुपर्ने, देशका कार्यकारी अधिकार प्रधानमन्त्रीमा हुनुपर्ने, प्रधानमन्त्री प्रत्यक्ष निर्वाचनबाट चुनिनु पर्ने, छुवाछुतको अन्त्य, सबै समुदायका हक अधिकार निश्चित गर्दै समावेशीकरण गरी महिला र गरीब वर्गको उत्थान गर्ने अधिकार र नीतिको व्यवस्था हुनुपर्ने । |
| २७२. | गैरसरकारी महासंघ नेपाल, जिल्ला शाखा, अछाम (२६ वटा स्थानीय संघ संस्था समेत) | प्रत्येक नेपाली नागरिकलाई शान्तिपूर्ण रुपमा बाँच्न पाउने अधिकारको प्रत्याभूति गर्नुपर्ने । |

| | | |
|---|---|---|
| २७३. | नेपाल पत्रकार महासंघ, डोटी | छोरा छोरीमा विभेद गर्न नहुने र छाउपडी प्रथाको अन्त्य गर्नुपर्ने । |
| २७४. | नेपाल आदिवासी जनजाति महासंघ, पाँचथर | संघात्मक लोकतान्त्रिक गणतन्त्रको आधार जाति, भाषा र क्षेत्र हुनुपर्ने । |
| २७५. | जिल्ला युवा संजाल, सुर्खेत समेत ४ युवा संस्था | युवालाई सर्वसुलभ प्राविधिक शिक्षाको व्यवस्था गरी आरक्षण प्रणाली भन्दा क्षमता सुदृढीकरणलाई प्राथमिकता दिनुपर्ने । |
| २७६. | Freedom Forum | अभिव्यक्ति स्वतन्त्रताको व्यवस्था हुनुपर्ने । |
| २७७. | ललितकला बाङमय समाज नेपाल (नगेन्द्र प्रसाद पौडेल) | ललितकला, संस्कृति र साहित्य सम्बन्धी मौलिक हकको साथै छुट्टै मन्त्रालय गठन गरी विशेष व्यवस्था गर्नुपर्ने । |
| २७८. | मानव अधिकारका लागि एकल महिला समूह, दाङ शाखा | एकल महिलाको हक अधिकारलाई सुनिश्चित गर्नुपर्ने । |
| २७९. | राष्ट्रिय महिला आयोग, काठमाडौं । | महिलाहरूको हक अधिकारलाई विशेषरुपमा प्रत्याभूत गर्नुपर्ने । |
| २८०. | गैरआवासिय नेपाली संघ | मुलुकको क्षेत्रीय अखण्डता, सार्वभौमिकताको जगेर्ना र बहुदलीय प्रजातन्त्रको रक्षा लगायतका विषयमा विशेष ध्यान पुर्‍याउनु पर्ने । |
| २८१. | गैरआवासिय नेपाली संघ, मलेशिया | विदेशमा रहेका नेपाली नागरिकहरूलाई निर्वाचनमा सहभागी हुने प्रावधान हुनुपर्ने । |
| २८२. | संयुक्त नेपाली महासंघ, मुम्बई, भारत | गाँस, बाँस, कपास, शिक्षा, स्वास्थ्य, रोजगारी, शान्ति सुरक्षा लयागत आधारभूत अधिकारको प्रत्याभूति होस् । |
| २८३. | राष्ट्रिय मानवअधिकार तथा सामाजिक न्यायिक मञ्च नेपाल समेत २० संस्थाहरू | सम्बन्धित सबै वर्ग, समुदायलाई हक अधिकारको विशेष व्यवस्था गर्नुपर्ने । |
| २८४. | मानवअधिकार तथा प्रजातान्त्रिक मञ्च, काठमाडौं | आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारको विशेष व्यवस्था गरिनु पर्ने । |
| २८५. | श्री वैदिक सनातन हिन्दु धर्म सेवा समिति, केन्द्रीय कार्यालय, चितवन, नेपाल | हिन्दु राष्ट्र नेपाललाई घोषित गर्नुपर्ने र सनातन धर्मलाई विशेष मान्यता दिनुपर्ने र गाईलाई राष्ट्रिय जनावर कायम गर्नुपर्ने । |
| २८६. | राष्ट्रिय भूमि अधिकार मञ्च, बैतडी, सिन्धुपाल्चोक | सबै नेपाली नागरिकलाई संरक्षित आवाशको व्यवस्था हुनुपर्ने । |

| | | |
|---|---|---|
| २८७. | प्राकृतिक स्रोत जनसंसद नेपाल, नयाँ वानेश्वर | संविधानको मौलिक हक सम्बन्धी भागमा वातावरणीय एवं प्राकृतिक स्रोतमाथि नागरिकको सामुदायिक एवं वैयक्तिक अधिकार सुनिश्चित हुनुपर्ने समेत । |
| २८८. | महिला अधिकार सरोकार मञ्च, मोरङ्ग, कञ्चनपुर, कालिकोट, बाजुरा, बर्दिया, काठमाडौं, भक्तपुर, ललितपुर, चितवन, अछाम, कैलाली-(५६ वटा विभिन्न संघ संस्थाहरू) | महिला हकको विशेष व्यवस्था गर्नुपर्ने । महिलामाथिका सबै प्रकारका विभेद निर्मूल हुनुपर्ने । |
| २८९. | गोर्खा एफ.एम. ९३ मेगाहर्ज, काठमाडौं | सञ्चार क्षेत्रलाई अब बन्ने संविधानले राज्यको चौथो अंगको रुपमा लिपिबद्ध गरी स्थापीत गरी मर्यादित, संगठित र जिम्मेवार बनाउनु पर्ने । |
| २९०. | रुपान्तरणका लागि महिला एकता, काठमाडौं | महिलाहरूको हक अधिकार सुनिश्चित गर्न समानताको व्यवस्था हुनुपर्ने । |
| २९१. | महिला पैरवी मञ्च, सुर्खेत | दाइजो प्रथाको अन्त्य लगायत महिलाको हक अधिकारको व्यवस्था हुनुपर्ने । |
| २९२. | ग्रामीण महिला सेवा केन्द्र, हेटौडा | महिलाको मौलिक हक र कर्तव्य सम्बन्धी व्यवस्था हुनुपर्ने समेत । |
| २९३. | राष्ट्रिय आदिवासी जनजाति महिला महासंघ, काठमाडौं | आदिवासी जनजाति महिलाहरूको हक अधिकारको विशेष व्यवस्था गर्नुपर्ने । |
| २९४. | एकीकृत सामुदायिक विकास तथा अनुसन्धान केन्द्र, हुम्ला | महिलाहरूको हक अधिकारलाई विशेष रुपमा व्यवस्था गर्नुपर्ने । |
| २९५. | सेतो गुरास राष्ट्रिय बाल विकास सेवा, ललितपुर र प्रारम्भिक बाल विकास मञ्च काठमाडौं | गर्भावस्था देखि ८ वर्ष उमेरसम्मका बालबालिकाहरूको प्रारम्भिक बाल विकासको अधिकारलाई भावी संविधानमा सुनिश्चित गर्नुपर्ने । |
| २९६. | वातावरण संरक्षण सिविर, ललितपुर | हरेक जिल्लामा बाल कल्याण सन्जाल निर्माण गरी उनीहरूको हक अधिकार सुरक्षित गरी वातावरण संरक्षणमा समेत बालबालिकालाई सहभागी बनाउनु पर्ने । |
| २९७. | राष्ट्रिय महिला आयोग, राष्ट्रिय दलित आयोग समेत विभिन्न दलित महिला अधिकारकर्मी संघ संस्था एवं दलित महिला सभासद् | दलित महिला अधिकारको सुनिश्चितताका लागि थप हक, अधिकारको व्यवस्था हुनुपर्ने । |

| | | |
|---|---|---|
| २९८. | नेपाल क्याथोलिक काउन्सिल | क्याथोलिक धर्ममण्डलीमा अल्पसंख्यक जनता रहेकोले उनीहरूको हक हितलाई ख्याल गर्नुपर्ने । |
| २९९. | महिला विकास कार्यालय धनकुटा समेत | महिला हिंसा विरुद्धको उच्चस्तरीय आयोग गठन गर्नुपर्ने । |
| ३००. | महिला मुक्ति समाज, डडेल्धुरा | महिला सरोकार विषयलाई प्राथमिकता साथ समावेश गर्नुपर्ने । |
| ३०१. | सुदूरपश्चिमाञ्चल सरोकार मञ्च नेपाल, काठमाडौं | जातीय र भाषागत रुपमा संघीयतामा विभाजन नगरी विखण्डन र गृहयुद्धबाट देशलाई बचाउनु पर्ने । |
| ३०२. | रा.प्र.पा. नेपाल, पाँचथर | श्री ५ बडामहाराजधिराज पृथ्वीनारायण शाहलाई राष्ट्रिय एकताको प्रतीक मान्नु पर्ने, संवैधानिक राजतन्त्रको व्यवस्था सहितको प्रजातन्त्र र नेपालमा एक सेनाको मात्र व्यवस्था गर्नुपर्ने समेत । |
| ३०३. | मकवानपुर एच.आइ.भी.एड्स संक्रमितहरूको संघ, हेटौडा | एच.आई.भी.संक्रमितले पाउने मानव अधिकारको सुनिश्चितता सरकारले गर्नुपर्ने । |
| ३०४. | अमदापानी सामुदायिक वन उपभोक्ता समूह, डोल्पा | लोकसेवा आयोगको शाखा कार्यालय जिल्ला जिल्लामा हुनुपर्ने विकास निर्माणमा युवा नेतृत्व हुनुपर्ने । |
| ३०५. | लोकतन्त्र तथा समावेशीकरण परियोजना | दलितहरूको हक अधिकारको विशेष व्यवस्था गर्नुपर्ने । |
| ३०६. | नेपाल राष्ट्रिय दलित मुक्ति मोर्चा, डडेल्धुरा | छुवाछुतमुक्त धर्म निरपेक्षतामा आधारित राष्ट्रपति सहित संघीय गणतन्त्र नेपाल उल्लेख हुनुपर्ने । |
| ३०७. | श्री सनातन आत्म जागृति सेवा केन्द्र, बैतडी | भौतिक सुखलाई आध्यात्मिक योगशास्त्रको विधि अनुसार आचरण गरेपछि मात्र सुख प्राप्त हुन्छ । |
| ३०८. | जेष्ठ नागरिक समाज नेपाल, कलंकी | जेष्ठ नागरिकको कल्याण एवं भत्ताको व्यवस्था हुनुपर्ने । |
| ३०९. | संविधानसभा सहयोग संजाल, काठमाडौं | सीमान्तकृत वर्ग समुदायको हक अधिकारलाई विशेष संरक्षणको व्यवस्था हुनुपर्ने । |
| ३१०. | गैर सरकारी संस्था महासंघ, सुर्खेत समेत २० वटा संस्थाहरू | युवा, महिला, दलित, जनजाति, मधेशी, अपाङ्ग, अल्पसंख्यक तथा कर्णाली क्षेत्रका व्यक्तिहरूको हक अधिकार सुरक्षित गर्नुपर्ने । |
| ३११. | नेपाल मजदुर किसान पार्टी, सुर्खेत | भूगोललाई प्रान्त (राज्य) सिमांकनको आधार बनाउनु पर्ने, १४ अञ्चललाई नै प्रान्त (राज्य) बनाउनु पर्ने, राष्ट्रपति जनताको प्रत्यक्ष निर्वाचनबाट चयन हुनुपर्ने । कार्यान्वयनमा आउनु नै हक अधिकारका मापदण्ड बन्नु पर्ने । |

| | | |
|---|---|---|
| ३१२. | कुष्ठ रोग प्रभावित व्यक्तिहरूको लागि दवाव समूह | कुष्ठ रोगीहरूलाई स्वास्थ्य लगायतको विशेष हक अधिकारको व्यवस्था गर्नुपर्ने । |
| ३१३. | सिद्धकाली महिला सशक्तिकरण गाउ समिति, संखुवासभा | महिलाको हक हित एवं प्रजनन स्वास्थ्य सुरक्षाको व्यवस्था हुनुपर्ने । |
| ३१४. | विश्वासी मण्डली मकालु-७, संखुवासभा | क्रिश्चियन धर्मलाई पनि अन्य धर्म सरह राज्यले मान्यता दिनु पर्ने । |
| ३१५. | जोगी समुदाय सशक्तिकरण मञ्च नेपाल, तेह्रथुम | जोगी जातिलाई सिमान्तकृत जनजाति समुदायमा सूचीकृत गरी जोगी जातिको हक अधिकार सुनिश्चित गर्नुपर्ने आदि । |
| ३१६. | दलित गैर सरकारी संस्था महासंघ, मध्यमाञ्चल क्षेत्रीय समिति | दलितहरूको हक अधिकारलाई राज्यबाट विशेष सुरक्षित गर्नु पर्‍यो । |
| ३१७. | वादी सरोकार समाज, तुल्सीपुर, दाङ | वादी जातिको समस्याहरूलाई राज्यले अविलम्ब समाधान गर्नुपर्ने । |
| ३१८. | वृद्ध वृद्धा सेवा समिति, दाङ | वृद्ध वृद्धाको गाँस, बास, कपास, स्वास्थ्य, सुरक्षा र संरक्षणको ग्यारेण्टी गर्नुपर्ने । |
| ३१९. | नेपाल पत्रकार महासंघ, सिन्धुपाल्चोक | मौलिक हकमा प्रेसलाई राज्यको चौथो अंगको रुपमा ग्यारेण्टी गर्नुपर्ने । |
| ३२०. | नेपाल उत्पीडित जातीय समाज, सिन्धुपाल्चोक | संविधानको प्रावधानमा नै समानुपातिक समावेशीकरणको नीति अवलम्बन गर्नुपर्ने । |
| ३२१. | गैर सरकारी संस्था महासंघ, काभ्रे | राज्यले नागरिकको गाँस, बाँस, कपास लगायतको आधारभूत आवश्यकता पुरा गर्नको लागि आय र रोजगार मूलक कार्यक्रम संचालन गर्नुपर्ने । |
| ३२२. | नेपाल खिष्टियान समाज, काभ्रे | राज्य पूर्णरुपमा धर्म निरपेक्ष हुनुपर्ने । |
| ३२३. | जिल्ला बाल युवा सूचना केन्द्र, सुर्खेत | शिक्षा स्वास्थ्य रोजगारमा युवालाई प्राथमिकता, सहभागीता, चेलिवेटी बेच बिखन नियन्त्रण, दुर्व्यसनमा नियन्त्रण, अपाङ्ग मैत्री भौतिक संरचना, पैत्रिक सम्पत्तिमा छाराछोरी दुवैको हक सुनिश्चित हुनुपर्ने । |
| ३२४. | निमा अभियान, सुर्खेत | शिक्षा स्वास्थ्य रोजगारमा युवालाई प्राथमिकता, सहभागीता, चेलिवेटी बेच बिखन नियन्त्रण, दुर्व्यसनमा नियन्त्रण, अपाङ्ग मैत्री भौतिक संरचना, पैत्रिक सम्पत्तिमा छाराछोरी दुवैको हक सुनिश्चित हुनुपर्ने । |
| ३२५. | जिल्ला युवा संजाल, सुर्खेत | शिक्षा स्वास्थ्य रोजगारमा युवालाई प्राथमिकता, सहभागीता, चेलिवेटी बेच बिखन नियन्त्रण, दुर्व्यसनमा नियन्त्रण, अपाङ्ग मैत्री भौतिक संरचना, पैत्रिक सम्पत्तिमा छाराछोरी दुवैको हक सुनिश्चित हुनुपर्ने । |

| | | |
|---|---|---|
| ३२६. | युवा सशक्तिकरण मञ्च, सुर्खेत | शिक्षा स्वास्थ्य रोजगारमा युवालाई प्राथमिकता, सहभागीता, चेलिबेटी बेच बिखन नियन्त्रण, दुर्व्यसनमा नियन्त्रण, अपाङ्ग मैत्री भौतिक संरचना, पैत्रिक सम्पत्तिमा छाराछोरी दुवैको हक सुनिश्चित हुनुपर्ने । |
| ३२७. | नेपाल अपाङ्ग महिला संघ | महिला, महिला श्रमिक, बृद्ध शारीरिक तथा मानसीक अपाङ्गता, तेश्रो लिङ्गी, वेरोजगार, असहाय तथा आर्थिक स्थिति कमजोर भएका प्रत्येक नागरिकलाई सामाजिक सुरक्षाको हक हुनुपर्ने । |
| ३२८. | बालबालिका शान्ति क्षेत्र राष्ट्रिय अभियान र बाल सहभागितामा कार्यरत संस्थाहरूको साझा समूह | बाल अधिकारको सम्मान, संरक्षण र सम्बर्द्धन गर्ने ग्यारेण्टी हुनुपर्ने । |
| ३२९. | International Dalit Solidarity Network | छुवाछुत तथा जातयि भेदभावको अन्त्य हुनुपर्ने तथा नेपाल पक्ष राष्ट्र भएका अन्तर्राष्ट्रिय मानवअधिकार सन्धिहरूलाई पालनाको प्रत्याभूति संविधानमा नै हुनुपर्ने । |
| ३३०. | श्रमिक बालिका समूह | बालबालिका परिवारमा नै रहने वातावरणको ग्यारेण्टी, बाल अवसरमा बृद्धिको प्रत्याभूती, शिक्षा स्वास्थ्य र पोषणमा पूर्ण पहुँच, बालबालिका प्रतिको दुरव्यवहारको अन्त्य, बन्द, हड्तालको अन्त्य हुनुपर्ने, बालबालिकाका लागि विशेष अदालतको हक हुनुपर्ने । |
| ३३१. | अन्तर्राष्ट्रिय प्रकृति संरक्षण संघ | स्वच्छ वातारणको हक, प्राकृतिक श्रोतमा पहुँच तथा लाभ, वातावरणीय निर्णय प्रकृयामा सहभागिताको हक, प्रकृति र जीवको सुरक्षाको प्रत्याभूति संविधानबाट हुनुपर्ने । |
| ३३२. | प्राकृतिक स्रोत राष्ट्रिय परिसंघ नेपाल | वातावरण र प्रकृति स्रोतमा आदिवासी दलित लगायतको सम्बृद्धिसँग जोड्ने व्यवस्था, प्राकृतिक स्रोत व्यवस्थापनको हकको प्रावधान रहनु पर्ने । |
| ३३३. | नेपाल पर्वतारोहण संघ | पर्यटनलाई उद्योगको रुपमा विकास गर्नेपर्ने, पर्वतारोहीको सामाजिक सुरक्षा गर्नुपर्ने, Goodwill Aabassador बनाउनु पर्ने । |
| ३३४. | वातावरण बचाउ आन्दोलन समेत ३ वटा संस्था | राष्ट्रिय वातावरण संरक्षण आयोगको व्यवस्था गर्दै चालिस प्रतिशत जंगल अनिवार्य हुने व्यवस्था गर्ने, वातावरण संरक्षणको स्पष्ट व्यवस्था गर्ने । |

## अनुसूची - १४

## इमेल, हुलाक, टोलफ्रि टेलिफोन लगायतका माध्यमबाट व्यक्तिगत रुपमा प्राप्त सुझावहरू

| | |
|---|---|
| १. | महिलाको हक हनन विरुद्ध कानूनको खारेजी |
| २. | बलात्कारीलाई ज्यानमारा सरह कारावासको सजाय |
| ३. | जाँड रक्सी खानेलाई होइन बनाउनेलाई कारवाही हुनुपर्छ |
| ४. | महिलाले चुलोचौको समाल्ने कुरामा प्रतिबन्ध - पुरुषलाई समाल्न लगाउने |
| ५. | महिला - पुरुष बराबरी - ५०% महिला हरेक क्षेत्रमा सहभागिता |
| ६. | क्यासिनो र रेष्टुरेण्ट पुरै बन्द गर्नु पर्छ |
| ७. | कर्मचारी प्रशासनमा महिला बाहुल्यता हुनुपर्ने, प्रशासन प्रमुखमा महिलालाई प्राथमिकता दिनुपर्ने |
| ८. | महिला माथि हुने हिंसा गर्ने महिलालाई - पुरुषलाई भन्दा कडा सजाय |
| ९. | बहुविवाह गर्नेलाई आजिवन कारावासको सजाय |
| १०. | महिला माथि दुर्व्यवहार तथा हिंसा गर्ने पुरुषलाई - जसरी महिलालाई दुर्व्यवहार गरेको छ त्यसैगरी सजाय दिने कानून हुनुपर्छ। |
| ११. | जाँड रक्सी खाएर श्रीमति कुट्नेलाई एक हप्ताको जेल सजाय |
| १२. | पुरुषले महिला विरुद्ध मुद्दा हाल्न नपाउने कानून बनाउने |
| १३. | गर्भावस्था देखि नै बालबालिकाको शारीरिक, वौद्धिक, सामाजिक र संवेगात्मक विकासको अधिकार |
| १४. | प्रारम्भिक बाल विकासलाई राष्ट्र विकासको मुलधारमा ल्याउनुपर्ने |
| १५. | गर्भवती आमाको सुरक्षाको सुनिश्चितता |
| १६. | सिमान्तकृत - पिछडिएका वर्ग र क्षेत्रका समुदायका बालबालिकाको लागि विशेष किसिमको संरक्षणको व्यवस्था |
| १७. | छुट्टै बाल अदालतको स्थापना |
| १८. | बालबालिका मैत्री विकास योजनाहरूको तर्जुमा र कार्यान्वयन |
| १९. | उमेर अनुसारको शिक्षा प्रणालीको व्यवस्थापन |
| २०. | प्रारम्भिक कक्षा देखि नै मानवअधिकार शिक्षा |
| २१. | स्वस्थ पौष्टिक आहार प्राप्त गर्ने अधिकार |
| २२. | खाना, स्वास्थ्य, पहिरन, संरक्षण, खेलकुद र शिक्षाको अधिकार |
| २३. | मातृभाषामा शिक्षाको अधिकार / आत्मस्वतन्त्रता |
| २४. | निःशुल्क शिक्षा / बालबालिका बीच समानताको हक / समान अवसरको हक / अनिवार्य शिक्षा |
| २५. | ३ वर्ष पुगेपछि बालविकास केन्द्रमा दाखिला हुनैपर्ने अनिवार्यता |
| २६. | कर्मचारीमा ५० वर्ष उमेर र २० वर्ष सेवाको हदमा स्वतः अवकाशको व्यवस्था |
| २७. | अपाङ्ग, वालवालिकाहरूको सम्पूर्ण हक सुनिश्चित हुनुपर्ने |
| २८. | द्वन्द रहित, भयरहित, डर त्रास रहित वातावरणको सुनिश्चितता |
| २९. | बालश्रम माथिको प्रतिबन्ध |

| | |
|---|---|
| ३०. | प्रयोगात्मक ज्ञान प्राप्तिको अधिकार |
| ३१. | बालबालिका आयोगको निर्माण |
| ३२. | नैतिक चरित्र र सद्‌गुणको विकासमा जोड |
| ३३. | बालबलिकालाई शिक्षाबाट बञ्चित गर्नेलाई कडा कानूनी सजाय |
| ३४. | तर्साएर होइन फकाएर शिक्षा दिने प्रणालीको व्यवस्थापन |
| ३५. | १० वर्ष मूनिका बालिकाको जुनसुकै रोगको निःशुल्क उपचार |
| ३६. | घुस खानेसँग खाएको रकमभन्दा तिनगुना जरिवाना लिई पदमुक्त गर्नुपर्छ |
| ३७. | घुस खानेलाई आजिवन सरकारी कामको लागि अयोग्य ठहर गरी निष्कासन गर्ने |
| ३८. | घुस खानेलाई जागिरबाट बर्खास्त गरी ५ - २० वर्षसम्म जेल सजाय तोक्ने |
| ३९. | घुस खानेलाई प्रमाणित भएमा जन्मकैदको सजाय हुनुपर्ने |
| ४०. | भ्रष्टाचार सम्बन्धी जनचेतना अभियान सञ्चालन गर्ने |
| ४१. | भ्रष्टाचार मुक्त कानून बनाउने जनहितकारी प्रशासन संयन्त्र बनाउने र सुशासनको प्रभावकारीताको लागि अनुगमन समितिको व्यवस्था गर्ने |
| ४२. | भ्रष्टाचारीलाई देश निकाला गर्ने |
| ४३. | भ्रष्टाचारीको सम्पत्ति छानविन गरी राष्ट्रियकरण गर्ने |
| ४४. | भ्रष्टाचारीलाई संरक्षण गर्न खोज्ने राजनीतिक पार्टी र व्यक्तिलाई समेत मतियार भनी कारवाहीको व्यवस्था हुनुपर्ने |
| ४५. | भ्रष्टाचारीहरूलाई राज्यको हरेक सुविधाबाट बञ्चित गर्नुपर्ने व्यवस्था हुनुपर्दछ। |
| ४६. | कुटनैतिक मर्यादा विपरितको भोजभतेरमा र भेटघाटमा प्रतिबन्ध लगाउनु पर्छ। |
| ४७. | वातावरण संरक्षणको लागि फोहर व्यवस्थापन निजी क्षेत्रको दायित्व |
| ४८. | गाँस, बाँस, कपास, शिक्षा, स्वास्थ्य, रोजगारीको हक |
| ४९. | महिलाजन्य एकाधिकारमा महिलाले नै निर्णय गर्ने हक |
| ५०. | प्राकृतिक श्रोतको सही सदुपयोग |
| ५१. | प्रेस स्वतन्त्रताको अहित हुने गरी केन्द्र, क्षेत्र, स्थानीय तहमा कुनै पनि कानून बनाउन पाइने छैन भनी मौलिक हक मै लेख्ने |
| ५२. | विद्यालयलाई शान्तिक्षेत्रको हक सुनिश्चित हुनु पर्‍यो |
| ५३. | खाद्य सुरक्षा सम्बन्धी शिक्षाको अधिकार |
| ५४. | एक घर एक महिला रोजगारी हनु पर्छ |
| ५५. | नागरिकतामा नाम परिवर्तन गर्न पाइने व्यवस्था तर मिति फेर्न पाइने छैन |
| ५६. | प्रत्येक नागरिकलाई माध्यमिक तहसम्म निःशुल्क शिक्षाको अधिकार |
| ५७. | सिमान्कृत अल्पसंख्यक, पिछिडिएका क्षेत्रका जनतालाई स्नातकोत्तर सम्म निःशुल्क शिक्षा |
| ५८. | दुई पार्टी - कांग्रस/ कम्युनिष्ट, दुई जाति महिला/पुरुष |
| ५९. | कटुवाल पेशा मर्यादित, सम्मानित र संरक्षिता हुनुपर्ने |
| ६०. | जारी प्रथाको अन्त्य |
| ६१. | गाउँ गाउँ राष्ट्रियस्तरको संस्था स्थापना गरी महिलाहरूको संरक्षण गर्ने |

| | |
|---|---|
| ६२. | प्रेम विवाहलाई कानूनी मान्यता दिनु पर्छ । |
| ६३. | देशभरि रक्सी उत्पादन बन्द |
| ६४. | प्रत्येक व्यक्तिलाई नैतिकताको पाठ पठाउने |
| ६५. | महिलालाई घरको सासू ससुराले पनि सघाउनु पर्ने |
| ६६. | घरमा १ महिलाको रोजगारको ग्यारेण्टी हुनुपर्छ |
| ६७. | महिलाको अधिकार पुरुषले जान्न जरुरी छ |
| ६८. | महिला हिंसालाई फौजदारी अभियोग बनाउनु पर्छ |
| ६९. | कानूनी उपचार सर्वसुलभ र सहज बनाउनुपर्छ |
| ७०. | दाइजो लिने । दिने दुवैलाई आजिवन सजाय हुनुपर्छ |
| ७१. | दहेज लिनेलाई कालोमोसो दली गाउँ भरि डुलाउने |
| ७२. | दाइजो लिनेदिने दुवैलाई समाजको शत्रु घोषणा गर्ने |
| ७३. | विवाहमा गरेको खर्च अनुसार जरिवाना तिराउने व्यवस्थाको कानून |
| ७४. | दहेज लिनेदिनेलाई सामाजिक वहिष्कार गर्ने |
| ७५. | सबैलाई घनी बनाए मात्र दाइजोप्रथा हट्नेछ |
| ७६. | दाइजो लिनेलाई गोली हानी मृत्युदण्ड दिनुपर्छ |
| ७७. | दाइजो लिनेलाई जुत्ताको माला लगाइदिने |
| ७८. | दहेज लिनेलाई देश निकाला गर्ने |
| ७९. | दहेज लिनेलाई ५-१० वर्ष सम्म जेल सजाय गर्ने |
| ८०. | दाइजो लिनेलाई गाउँबाट निकाला गर्नुपर्छ |
| ८१. | आदर्श विवाह गर्नेलाई पुरस्कृत गर्नुपर्छ |
| ८२. | आरक्ष निकुञ्ज पीडितलाई क्षतिपूर्तिको व्यवस्था |
| ८३. | बाल विवाहको अन्त्य हुनुपर्छ |
| ८४. | दहेज लिनेलाई कालो मोसो दली जुत्ताको माला लगाई गाउँभरि डुलाउने |
| ८५. | संविधानमा लेखेकोलाई उचित कार्यान्वयन |
| ८६. | मादक पदार्थको सेवन गर्ने निश्चित एरिया तोक्नुपर्ने |
| ८७. | महिलालाई निःशुल्क शिक्षा |
| ८८. | शिक्षा र रोजगारी |
| ८९. | महिला हिंसा गर्ने माथि कडा कानून र कारवाहीको व्यवस्था र समान अधिकार |
| ९०. | लागु पदार्थ व्यवस्थित गर्नुपर्ने |
| ९१. | सुलभ शिक्षा, रोजगारी र आर्थिक अधिकारको प्रत्याभूति |
| ९२. | शैक्षिक अधिकारको प्रत्याभूति हुनुपर्छ |
| ९३. | गाउँ गाउँमा शिक्षाको विकास |
| ९४. | मानवअधिकारको सुनिश्चितता |
| ९५. | आधारभूत आवश्यकताको पूर्ति |
| ९६. | कुरीति, अन्धविश्वास, विकृति र विसङ्गती निर्मूलीकरण |

| | |
|---|---|
| ९७. | गरिबी उन्मूलनमा जोड |
| ९८. | नीति नियम समयअनुसार र नियमित तर्जुमा |
| ९९. | पुरुष र महिला दुवैलाई ५०% - ५०% हक र अधिकार |
| १००. | बलात्कारीलाई मृत्युदण्डको सजाय |
| १०१. | समान कामको बाँडफाँड |
| १०२. | हिंसा गर्ने पुरुषलाई सजाय रु ५००००।- र १५ वर्ष जेल सजाय र हिंसापिडितलाई क्षतिपूर्ति दिनुपर्ने व्यवस्था |
| १०३. | ठाउँ ठाउँको भट्टी बन्द हुनुपर्ने |
| १०४. | उमेर अनुसार कानून बन्नुपर्ने |
| १०५. | हिंसा गर्ने व्यक्तिलाई १० वर्ष जेल सजायको व्यवस्था |
| १०६. | गलत कार्य गर्नेलाई मृत्युदण्ड |
| १०७. | नेतृत्व विकासको कार्यक्रम हुनुपर्ने |
| १०८. | महिला सम्बन्धी ऐन बनाउँदा ऐन मस्यौदा समितिमा सकेसम्म महिलाहरूलाई नै राख्नुपर्छ। |
| १०९. | आर्थिक अवस्था हेरेर महिलालाई शिक्षामा छात्रवृत्ति |
| ११०. | सरकारी कार्यालयमा ५०% महिला रोजगारीको व्यवस्था |
| १११. | पुरुष सरह महिलाले पनि श्रमको समान ज्याला पाउनुपर्ने |
| ११२. | दाइजोमा बन्देज, यदि लिएमा जरिवाना र कारावासको सजाय |
| ११३. | श्रमिकका छोराछोरीलाई शिक्षा निःशुल्क हुनुपर्ने |
| ११४. | वहुविवाह गर्नेलाई १० वर्ष जेल सजाय र आधा सम्पत्ति पिडितको हकमा दिनु पर्ने |
| ११५. | हिंसा गर्नेलाई ६ महिना जेल र रु १००००।- जरिवाना |
| ११६. | छारी जन्मिदा पुरस्कारको व्यवस्था |
| ११७. | भ्रूण हत्या गर्नेलाई आजीवन कारावास |
| ११८. | बेरोजगारी भत्ता दिनुपर्ने |
| ११९. | स्वास्नी पिट्नेलाई २ वर्ष सजाय |
| १२०. | चेलीवेटी वेचविखन गर्नेलाई रु ५०००००।- जरिवाना र जन्मकैदको व्यवस्था |
| १२१. | महिलालाई आरक्षणको व्यवस्था |
| १२२. | दाइजोको नाममा महिलालाई मार्ने र यातना दिनेलाई रु २०००००।- जरिवाना र जन्मकैदको व्यवस्था |
| १२३. | आय र आर्थिकमा पहुँच बढाउनुपर्ने |
| १२४. | अनावश्यक बन्द रोक्नुपर्ने, मूल्यवृद्धि घटाउनु पर्ने, जातजातिको प्रतिनिधित्व र कानूनको उचित कार्यान्वयन हुनुपर्ने |
| १२५. | लैङ्गिक, जातीय, भाषिक आदिमा सबै वर्गको समान प्रतिनिधित्व |
| १२६. | छुवाछुत मुक्त बनाउनुपर्ने |
| १२७. | समावेशीकरण हुनुपर्ने |
| १२८. | युवालाई पहिले प्राथमिकता दिने |

| | |
|---|---|
| १२९. | भौगोलिक आधारमा सन्तुलित विकासको अवसर |
| १३०. | गरिब तथा निमुखालाई समान हक र अवसर |
| १३१. | जातले होइन योग्यता हुनुपर्छ शहीद, देशलाई योगदान दिने व्यक्तिको उचित कदर गर्नुपर्ने |
| १३२. | अशक्त, अपाङ्गलाई अवसरको व्यवस्था |
| १३३. | घुस खाने र घुस दिनेलाई कारवाही हुनुपर्ने |
| १३४. | वर्गीय भेदभाव हुनुहुँदैन |
| १३५. | बालबालिका नपढाउने अभिभावकलाई २० वर्ष सजाय र सरकारले माध्यमिक तहसम्म निःशुल्क शिक्षाको व्यवस्था |
| १३६. | घरेलु श्रमिकलाई पढाउनु पर्ने कानूनमा व्यवस्था |
| १३७. | बालश्रमिक राख्नु हुँदैन |
| १३८. | बालश्रमिक राख्नेलाई ५ वर्ष कैदको व्यवस्था |
| १३९. | सडक बालबालिकालाई शिक्षाको व्यवस्था |
| १४०. | बालश्रमिक राख्नेलाई २० वर्ष सजाय र रु १००००।- जरिवाना |
| १४१. | शहरी विकास भन्दा ग्रामीण विकासलाई पहिलो प्राथमिकता दिने |
| १४२. | श्रमशोषण गर्नेलाई सजाय दिनुपर्छ |
| १४३. | भौगोलिक भेदभाव हुनुहुँदैन |
| १४४. | आन्दोलनमा घाइते भएकाहरूलाई सरकारले उपचार गरिदिनुपर्ने |
| १४५. | अपाङ्गहरूलाई छुट्टै निकायको गठन गर्नुपर्ने |
| १४६. | गरिब, जनजाति, विपन्नलाई पानी, स्वास्थ्य, शिक्षा, रोजगारी र बिजुलीमा पहुँच |
| १४७. | समान जग्गा जमिनको वितरण (भूमिहीन र सुकुम्बासी) |
| १४८. | स्वास्थ्य सेवा निःशुल्क हुनुपर्ने |
| १४९. | मुक्त कमैयाका छोराछोरीलाई निःशुल्क शिक्षा |
| १५०. | कक्षा १२ सम्म निःशुल्क शिक्षा |
| १५१. | विधवा भत्ताको व्यवस्था |
| १५२. | महिला र पुरुषको ज्याला बराबर हुनुपर्ने |
| १५३. | बाटो र बिजुलीमा पहुँच |
| १५४. | पिडित र पिछडिएका महिलालाई सिपमूलक तालिम |
| १५५. | कृषिजन्य बस्तुको लागि उचित बजारको व्यवस्था |
| १५६. | ५० वर्षको अन्तरालमा फेरी भूमिसुधार लागु गर्ने |
| १५७. | भूमिहीनलाई भूमिको व्यवस्था |
| १५८. | दुई सन्तान भन्दा बढीमा रोक लगाउने |
| १५९. | छोराछोरीमा पक्षपात गर्न नपाइने |
| १६०. | लागु पदार्थको नियन्त्रण गर्नुपर्ने |
| १६१. | चेतनामूलक कार्यक्रम, महिलाहरूलाई अनिवार्य प्रौढ तथा महिला शिक्षाको सञ्चालन |
| १६२. | जुवा तासमा नियन्त्रण, होटल, रेष्टुरेण्ट आदिमा महिलालाई मनोरन्जनको साधनको रुपमा प्रयोग गर्न निषेध |

| | |
|---|---|
| १६३. | पैतृक सम्पत्तिमा महिलालाई समान हक |
| १६४. | गर्भवती महिलालाई गाह्रो काम गराउन नहुने भन्ने कानून मै व्यवस्था हुनुपर्ने |
| १६५. | बालअधिकारको सुनिश्चितता |
| १६६. | बालशोषणको अन्त्य |
| १६७. | १६ वर्ष मुनिका बालबालिकालाई काममा लगाउन नपाईने |
| १६८. | सडक बालबालिका र बेसहरा बालबालिकाका लागि प्रत्येक समुदायमा रिह्याविलेसन सेन्टर स्थापना गर्ने |
| १६९. | घरदैलो कार्यक्रम सञ्चालन |
| १७०. | बालबालिकाको न्यूनतम मौलिक अधिकारहरू शिक्षा, स्वास्थ्य र पौष्टीक आहार निःशुल्क रुपमा प्रदान गराउने |
| १७१. | शान्ति सुरक्षाको सुनिश्चितता |
| १७२. | बालभत्ताको व्यवस्था |
| १७३. | अशक्त बालबालिकाको भविष्यको सुनिश्चितता |
| १७४. | बाल शोषणको अन्त्य |
| १७५. | पहिलो र दोश्रो बच्चाको जन्ममा कम्तिमा ५ वर्षको फरक |
| १७६. | विद्यालयमा पौष्टिक आहारको ग्यारेण्टी |
| १७७. | घरवारविहिन बालबालिकाको संरक्षणको अधिकार |
| १७८. | ५ वर्षसम्मको बालबालिकाको हेरचाह राज्यले गर्नुपर्छ, गर्भपतन बन्द गर्नुपर्छ |
| १७९. | बालबालिकाको आत्मनिर्णयको अधिकार |
| १८०. | प्रत्येक संघीय राज्यमा बालगृह |
| १८१. | बाल अदालतको व्यवस्था |
| १८२. | मातृभाषामा शिक्षा  पाउने बालअधिकार |
| १८३. | आफ्नै संस्कृतिमा हुर्किन पाउने अधिकार |
| १८४. | दुखित पीडित बालबालिकालाई बजेटको अधिकार |
| १८५. | विद्यालयलाई हिंसारहित शन्तिक्षेत्रको घोषणा |
| १८६. | बालमजदुरको अन्त्य |
| १८७. | छात्रवृत्तिकोषको स्थापना |
| १८८. | प्रत्येक विद्यालयमा प्राविधिक शिक्षा हुनुपर्छ |
| १८९. | मदरसालाई विद्यालय सरह सुविधा दिनुपर्छ |
| १९०. | बालबालिकाको स्तनपानको अधिकार |
| १९१. | भयमुक्त वातावरण |
| १९२. | बालबालिकालाई स्वतन्त्रता |
| १९३. | बालबालिकाको सुरक्षा |
| १९४. | बाबुआमासंग बस्न पाउने अधिकार |
| १९५. | बालबिद्यालयको व्यवस्था |

| | |
|---|---|
| १९६. | गर्भमा छोराछोरी छुट्याउने एक्सरेलाई प्रतिवन्ध |
| १९७. | महिला स्वास्थ्य स्वयंसेविकाको तलबको व्यवस्था गर्ने |
| १९८. | भ्रुण परीक्षण गर्न नपाउने |
| १९९. | गर्भवतीको लागि एम्बुलेन्सको व्यवस्था |
| २००. | गर्भवतीलाई आयरन चक्की |
| २०१. | एन टि भी बाट प्रत्येक शनिवार फिल्म दिई मनोरन्जन गराउनुपर्ने |
| २०२. | बालबालिकालाई अस्थिर राजनीति, गृहयुद्ध र संक्रमणकालको प्रभावबाट मुक्त गराउने येथेष्ट प्रयास राज्यले गर्नेछ (निर्देशक सिद्धान्तमा समावेश गर्नुपर्ने) |
| २०३. | बालबालिकालाई असुरक्षित ठाउँमा काम लगाउन नपाउने |
| २०४. | बालबालिकालाई खाजाको व्यवस्था |
| २०५. | बालबालिकालाई सहयोगीको व्यवस्था |
| २०६. | जिल्ला देखि केन्द्रसम्म बालविकास केन्द्रको छुट्टै विभाग हुनुपर्ने |
| २०७. | समानस्तरको पाठ्यक्रम, समानस्तरको विद्यालय |
| २०८. | राजनैतिक दलले विद्यालयमा जोरजुलुस गर्न नपाइने |
| २०९. | अपांग गृहको व्यवस्था |
| २१०. | घरेलु कामदारको शिक्षाको अधिकार |
| २११. | शुरुदेखि नै अंग्रेजी शिक्षा |
| २१२. | बाल सुधार गृहको व्यवस्था हरेक जिल्लामा |
| २१३. | शिशु स्याहार केन्द्रको स्थापना / बाल अस्पताल हरेक जिल्लामा |
| २१४. | सीमा विवाद न्यूनीकरण गर्न संवैधानिक संयन्त्र निर्माण गर्नु पर्ने । असमान सन्धि खारेज गर्नु पर्ने । कोशी संझौता खारेज हुनु पर्ने । परराष्ट्र नीतिमा भूपरिवेष्ठित राष्ट्रको हक सुनिश्चित गरिनु पर्ने । खुला सीमा बन्द गरिनु पर्ने । नेपालको सीमाना संविधानमै स्पष्ट उल्लेख हुनु पर्ने । |
| २१५. | संविधान मौलिक प्रकृतिको हुनु पर्ने । |
| २१६. | राज्यका प्रत्येक अङ्गमा ५० प्रतिशत महिला सहभागिता अनिवार्य हुनु पर्ने । |
| २१७. | कालाबजारी र घुसखोरीको प्रभावकारी नियन्त्रण हुनु पर्ने । भ्रष्टाचारीलाई कडा कारवाही हुनु पर्ने । महंगी नियन्त्रण हुनु पर्ने । |
| २१८. | दोहोरो शिक्षा प्रणालीको अन्त्य हुनु पर्ने । शिक्षा निःशुल्क र व्यवहारिक हुनु पर्ने । प्राविधिक शिक्षामा जोड दिनु पर्ने । विद्यालयलाई शान्ति क्षेत्र घोषणा गरिनु पर्ने । शिक्षकहरूको हित रक्षा हुनु पर्ने । शिक्षक सेवा आयोगलाई संवैधानिक बनाइनु पर्ने । प्राविधिक शिक्षामा विपन्न वर्गको पहुँच सुनिश्चित गरिनु पर्ने । १ कक्षादेखि नै अंग्रेजी भाषामा शिक्षा दिनु पर्ने । शिक्षा क्षेत्रमा लगानी वृद्धि गर्नु पर्ने । ३० विद्यार्थी बराबर एक कक्षाको हिसाबले विभाजन हुनु पर्ने । शिक्षा नीतिमा अनुसन्धानमूलक, अनिवार्य सामाजिक सेवा गर्न प्रेरित गर्ने, श्रमलाई सम्मान गर्ने, सिद्धान्तविशेषको अन्धानुकरण होइन विश्लेषण गर्न सक्ने, सामाजिक सम्पदाको रक्षा गर्न सिकाउने खालको हुनुपर्ने । परिक्षामा प्रोजेक्ट पेपर अनिवार्य गरिनु पर्ने । शिक्षक विद्यार्थीहरू पार्टी संगठनहरूमा लाग्न नपाउने । शिक्षकहरू प्रतिस्पर्धाबाट नियुक्ति गर्ने । साक्षर- राष्ट्रियता- अनुशासन र कुशलता विकास गर्ने गरी तह निर्धारण गर्ने । |

| | |
|---|---|
| २१९. | पानी लगायतका प्राकृतिक सम्पदामाथि नेपालको अधिकार सुनिश्चित गरिनु पर्ने । लोडसेडिङ अन्त्य हुनु पर्ने । जलविद्युतलाई देशभरि विस्तार र सबै क्षेत्रमा आधुनिकीकरण गर्नु पर्ने । देशको औद्योगीकरण गर्नु पर्ने । आवासीय र गैरआवासीय पुँजी लगानी गरी रोजगारी सृजना गर्नु पर्ने । |
| २२०. | सामन्ती भूस्वामित्वको अन्त्य हुनु पर्ने । आधुनिक कृषि प्रणालीलाई जोड दिनु पर्ने । स्थानीय स्तरमा कृषक सहकारीको व्यवस्था गर्नु पर्ने । सहकारीतालाई जोड दिनु पर्ने । |
| २२१. | न्याय प्रणाली छरितो र सर्वसुलभ हुनु पर्ने । |
| २२२. | दलित भन्ने शव्द नै हटाउनु पर्ने । |
| २२३. | नेपालको निशाना छापमा लिम्बु पहिचान स्पष्ट हुनु पर्ने । पूर्वका ९ जिल्लालाई लिम्बुवान घोषणा गर्नु पर्छ । |
| २२४. | गर्भनिरोधमा जोड दिनु पर्ने । प्रजनन स्वास्थ्यको बारेमा उल्लेख हुनु पर्ने । महिलालाई स्नातक तहसम्म निःशुल्क शिक्षाको व्यवस्था हुनु पर्ने । । एकल महिलालाई उमेरको हद नराखी भत्ताको व्यवस्था गर्नु पर्ने । महिला स्वास्थ्यलाई ध्यानमा राखी पुरुषलाई वन्ध्याकरण गराउनु पर्ने । चेली बेटी बेचबिखन गर्ने र बहुविवाह गर्ने पुरुषलाई मृत्यु दण्ड दिनु पर्ने । विधवा महिलाले सम्पत्तिसहित अर्को विवाह गर्न पाउनु पर्ने । छोरी मात्र भएका बाबु आमालाई संरक्षणको विशेष व्यवस्था हुनु पर्ने । घरेलु हिंसाको अन्त्य हुनु पर्ने । संवैधानिक महिला आयोगको व्यवस्था हुनु पर्ने । अंश र वंशमा उनीहरूको अधिकार सुनिश्चित गरिनु पर्ने । |
| २२५. | धर्मको नाममा उत्तेजना फैलाउने या दङ्गा गर्ने प्रवृत्ति निरुत्साहित गर्नु पर्ने । धार्मिक सहिष्णुता सांस्कृतिक सद्भाव हुनु पर्ने । पशुपतिमा नेपाली पुजारी हुनु पर्ने । |
| २२६. | सबै अपाङ्गलाई राहत प्रदान गरिनु पर्ने । अपांग आयोग गठन गरिनु पर्ने । उनीहरूलाई निःशुल्क शिक्षा हुनु पर्ने र कोटा प्रणाली खारेज गरिनु पर्ने । बहिरालाई दोभाषेको व्यवस्था हुनु पर्ने । सुस्त मनस्थितिका व्यक्तिको हकमा निजका अभिभावकले पैरवी गर्न पाउने । पागलहरूको संरक्षण राज्यले गर्ने व्यवस्था हुनु पर्ने । |
| २२७. | सबै सम्पत्तिमा वैज्ञानिक कर लगाउँदै उक्त करलाई विपन्न जनताको स्तर माथि उठाउन प्रयोग गरिनु पर्ने । |
| २२८. | संघीय राज्य बनाउँदा जातीयताको आधारमा बनाउनु हुँदैन । सामाजिक एकताको आधारमा गर्नु पर्छ । एक मधेस एक प्रदेश हुनु हुँदैन । उत्तर-दक्षिण सीमा मिलाएर संघ बनाइनु पर्छ । राज्यलाई बाइसे चौबिसेमा बदल्नु भएन । |
| २२९. | नागरिक सुरक्षाको ग्यारेन्टी गरियोस् । संवेदनशील क्षेत्रमा बन्द हडताललाई निषेध गरियोस् । मालसामानको निर्वाध ओसारपसार, मानिसहरूको बिना रोकटोक आवतजावत र सम्पत्ति खरिद बिक्री एवं उपभोगको निर्वाध अधिकारको सुनिश्चितता गरियोस् । राजमार्गलाई बन्द गर्न नपाइने कानूनी व्यवस्था होस् । राजमार्ग बन्द गर्नेलाई मृत्युदण्डसम्मको सजाय दिइयोस् । |
| २३०. | जनप्रतिनिधिहरूको योग्यता र दक्षता निर्धारण गर्ने । योग्यहरू छानिने व्यवस्था गर्ने । पार्टीको संख्या घटाई सत्ता पक्ष र प्रतिपक्षमात्रै राख्ने व्यवस्था हुनु पर्ने । १५० जनाभन्दा बढी सांसद हुनु नहुने । उनीहरूको सम्पत्ति विवरण सार्वजनिक हुनु पर्ने । |
| २३१. | राष्ट्रपति कार्यकारी हुनु पर्ने, उनको प्रत्यक्ष चुनाव हुनु पर्ने र कार्यकाल पाँच वर्षको हुनु पर्ने । |
| २३२. | अतिरिक्त हुलाकका कर्मचारीको सुविधा वृद्धि हुनु पर्ने । |
| २३३. | १८ वर्ष पुगेका प्रत्येक नागरिकलाई अनिवार्य रूपमा चार वर्षे तालीम दिनु पर्ने । बेरोजगारी समस्या समाधान हुनु पर्ने । बेरोजगारहरूलाई भत्ताको व्यवस्था हुनु पर्ने । वैदेशिक रोजगारीमा न्यूनतम ज्याला निर्धारण । |

| | |
|---|---|
| २३४. | हत्यारा र गंभीर अपराधमा संलग्नलाई मृत्युदण्डको व्यवस्था गर्नु पर्ने । चोर डाँकाको हात खुट्टा भाँचिदिने कानून बनाउनु पर्ने । बलात्कारीलाई मृत्युदण्ड या कम्तीमा २० वर्ष सजायँ हुनु पर्ने । |
| २३५. | लागू औषध दुर्व्यसनीलाई सुधार गरी उत्पादनमूलक काममा लगाउने । लागू औषधको कडा नियन्त्रण गर्ने । |
| २३६. | सेनाको संख्या १ लाख हुनु पर्ने । सेना, प्रहरी, सशस्त्रलाई राजनीतिक हस्तक्षेपबाट मुक्त गर्नु पर्ने । |
| २३७. | सामाजिक कुसंस्कारको अन्त्य हुनु पर्ने । वहुविवाह गर्ने, दाइजो कम ल्याएको भनेर ज्यादति गर्ने आदिलाई २० वर्ष जेल र १ लाख जरिवाना गर्नु पर्ने । यौन दुराशय देखाउने, यौन दुर्व्यवहार गर्ने, महिला जिस्क्याउने, जिब्रो पड्काउनेलाई कार्बाही हुनु पर्‍यो । |
| २३८. | बाह्य सहयोगको अधिकतम सदुपयोग हुनु पर्ने । |
| २३९. | जनजाति आयोग गठन गरिनु पर्ने । |
| २४०. | गाउँको कर गाउँकै विकासमा लगानी गर्न पाउनु पर्ने । थोरै मात्र माथि पठाउने । |
| २४१. | विखण्डनकारी दललाई प्रतिवन्ध लगाउनु पर्ने । चन्दा आतंक बन्द गर्नु पर्ने । |
| २४२. | ठेकेदारी प्रथा खारेज गर्नुपर्ने । कर्मचारीलाई लामो समय एकै ठाउँ राखे घूस खान्छन् । |
| २४३. | यस अघि दिइएको नागरिकता छानवीन गरी विदेशीलाई दिएको भए खारेज गर्नु पर्ने । |
| २४४. | राष्ट्रिय पोशाक दौरा सुरुवाल कोट र राष्ट्रिय भाषा नेपाली हुनु पर्ने । |
| २४५. | राष्ट्रियतालाई संरक्षण गर्नु पर्‍यो । वर्गीयतालाई पनि ध्यान दिनु पर्‍यो । कोटाभित्र कोटा प्रणाली हुनु पर्‍यो । |
| २४६. | संवेदनशील विषयमा जनमत संग्रहको व्यवस्था होस् । |
| २४७. | कुर्ची तानातान हुनु भएन । संविधान निर्माणमा केन्द्रित हुनु पर्‍यो सबै । |
| २४८. | स्थानीय मठ मन्दिरको संरक्षणको लागि राज्यले लगानी गर्नु पर्‍यो । |
| २४९. | पाँच कठ्ठाभन्दा कमको जग्गा बेच्न नपाइने प्रवन्ध गरियोस् । |
| २५०. | सबै क्षेत्रमा अनुशासन चाहियो । जनता पनि छाडा हुँदै गएकोले जनचेतना फैलाउने कार्यक्रम चलाउनु पर्‍यो । |
| २५१. | यातायातमा सिण्डिकेट खारेज हुनु पर्‍यो । |
| २५२. | अन्तरजातीय विवाह अनिवार्य गर्नु पर्ने । |
| २५३. | रेड लाइट एरिया तोकिनु पर्‍यो । |
| २५४. | अनाथालयमा भएको अनियमितताको छानबीन र नियन्त्रण हुनु पर्ने । अनाथहरूको संरक्षण हुनुपर्ने । |
| २५५. | सहीद घोषणा गर्दा राष्ट्रको शिर निहुरिने स्थिति हुनु भएन । सहीद परिवारको सम्मान हुनुपर्ने, उनीहरूका बच्चालाई निःशुल्क शिक्षा, १ जनालाई रोजगारीको व्यवस्था, ऋण मिनाहाको व्यवस्था । उनीहरूको सम्मानमा कम्तीमा एक-एक विकास निर्माणका अभियान चालिनु पर्ने । |
| २५६. | ६० वर्ष पुगेका राजनीतिकर्मीहरूको स्वास्थ्य र सामाजिक सुरक्षाको ग्यारेन्टी गरिनु पर्ने । राजनीति गर्ने उमेर २५ देखि ६० वर्ष तोकिनु पर्ने । |
| २५७. | खस क्षेत्रीलाई आदिवासी जनजातिको मान्यता दिनु पर्ने । अरु जातिको राज्य छुट्टिए चुरे भावरको पनि अलग राज्य होस् । |
| २५८. | सुरक्षा निकायका व्यक्तिले अभद्र व्यवहार गर्नु भएन । व्यवहार सुधार्नु पर्‍यो । |
| २५९. | सुकुम्बासीलाई जग्गाको व्यवस्था हुनु पर्ने । |

| | |
|---|---|
| २६०. | मौलिक हकमा भ्रष्टाचार तथा घूसखोरी विरुद्धको हक, अत्यावश्यक सेवाका क्षेत्र तथा सिंगो नेपाल या प्रदेश बन्द विरुद्धको हक पनि समावेश गरिनु पर्ने । क्रूरताको विरुद्धको हक थप गरिनु पर्ने । जीवनको हक अन्तर्गत शुद्ध उपभोग्य सामग्री पाउने हक, स्वच्छ वातावरणमा बाँच्न पाउने हक, उमेरका आधारमा गरिने असमान व्यवहार विरुद्धको हक, फौजदारी न्याय सम्बन्धमा पीडितको हक, अदालतको फैसला कार्यान्वयन गराउन पाउने हक, अन्तर्राष्ट्रिय सन्धि लागू गराउन पाउने हक जस्ता हक समावेश गर्नु पर्ने । |
| २६१. | सामाजिक-सांस्कृतिक-आर्थिक अधिकार लागू हुनु पर्ने । बजेट र सरकारको वार्षिक नीति/कार्यक्रम राज्यका निर्देशक सिद्धान्त विपरीत आए संवैधानिक उपचारको हक हुनु पर्ने । |
| २६२. | ज्येष्ठ नागरिकका सम्मानित जीवन निर्वाह, आश्रय र सहुलियतको व्यवस्था, हेरचाह नगर्ने सन्तानलाई अंश दिन वाध्य नहुने, राज्यबाट उपचारको व्यवस्था, सहज ढङ्गले भोट हाल्न पाउने व्यवस्था हुनु पर्ने । |
| २६३. | जातीय प्रचलन अनुसार जाँड रक्सी बनाउन पाउनु पर्ने । |
| २६४. | सभासदहरूको सङ्ख्या र सुविधा घटाउनु पर्ने । उनीहरूले झुठा आश्वासन दिन नहुने । |
| २६५. | स्वास्थ्य चौकीको संख्या बढाउनु पर्ने । |
| २६६. | मान्छे मरेको कुरामा पार्टीले जिम्मा लिने या संरक्षण गर्ने काम गर्नु हुन्न । |
| २६७. | निजी घर बनाउने प्रवृत्तिलाई निरुत्साहित गरी राज्यको तर्फबाट सशुल्क सरकारी आवासको व्यवस्थालाई प्रोत्साहन हुनु पर्ने । |
| २६८. | युवाको विकास र परिचालनलाई विशेष कार्यक्रम ल्याइनु पर्ने । |